माध्यमिक तहको मूल्याङ्कन प्रणालीसँग सम्वन्धित पाठ्यक्रमले २१ औं शताब्दीका जीवनोपयोगी सीपहरू, सञ्चार, समालोचनात्मक सोच, रचनात्मकता, सहकार्य, डिजिटल साक्षरता र समस्या समाधानको विकासमा केन्द्रित शिक्षा प्रणालीलाई स्थापित गर्न खोजेको छ । यसले केवल पाठ्यक्रमको निर्माणमा मात्र नभई शिक्षण, शिक्षणविधि र मूल्याङ्कन प्रणालीमा समेत आमूल परिवर्तन ल्याएको छ । नयाँ मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्दा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी र स्थानीय तहका नीति निर्माताहरूबिच समन्वय र साझा दृष्टिकोण आवश्यक पर्दछ तर व्यवहारमा शिक्षकमाथि अत्यधिक कामको चाप, तालिमको अभाव, स्रोत र प्रविधिको कमी, अभिभावक र विद्यार्थीहरूका बिचमा मूल्याङ्कनबारे अस्पष्ट बुझाइजस्ता समस्याहरू देखापरेका छन् । त्यसैले, मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत स्पष्टता, स्रोत साधनको उपलब्धता, सक्षम र प्रोत्साहित शिक्षक, र मूल्याङ्कन सन्दर्भमा अभिभावक तथा समुदायको सहभागिता अपरिहार्य हुन्छ । मूल्याङ्कन अब केवल परीक्षा पास गर्ने माध्यम होइन, बरु सिकाइ सुधार गर्ने महत्त्वपूर्ण प्रक्रिया हो भन्ने बुझाइ बढाउन जरुरी छ(श्रेष्ठ र ढकाल,२०२१)। यसले पनि प्रमाणित गर्दछ कि परीक्षा त केवल मापनको अपकरण मात्र हो । वास्तविक मूल्याङ्कन भनेको त सिकाइ प्रक्रियाको निरन्तर अवलोकन र सुधार हो ।

**अध्ययनको समस्या र उद्देश्य**

अध्ययनको समस्या र उद्देश्य नेपालको माध्यमिक तहमा रहेको प्रचलित मूल्याङ्कन प्रणालीको अवस्था विश्लेषण गर्नु रहेको छ । यस अध्ययनमा शिक्षकहरूको कथात्मक अनुभवका आधारमा मूल्याङ्कन प्रणालीका प्रमुख समस्या एवं चुनौतीहरू पहिचान गरिएको छ । साथै विद्यमान साहित्य र अनुसन्धानात्मक खाडलको पहिचान गरी उपयुक्त सुधारका लागि आवश्यक नीतिगत सुझावहरू प्रदान गनु यसको उद्देश्य रहेको छ । यसका मुख्य समस्या यसप्रकार रहेका छन् ः

१. नेपालको वर्तमान माध्यमिक तहको मूल्याङ्कन प्रणालीमा कस्तो छ ?
२. मूल्याङ्कन प्रणालीमा शिक्षकले भोग्नु परेका प्राविधिक तथा व्यावहारिक चुनौतीहरू के कस्ता रहेका छन् ?
३. मूल्याङ्कन प्रणालीलाई प्रभावकारी वनाउन के कस्ता पक्षमा सुधार गर्न आवश्यक छ ?

यिनै समस्याको समाधान खोज्नु नै यस अध्ययनको उद्देश्य रहेको छ र यस अध्ययनले सरोकारवालाहरूलाई आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**पूर्वकार्यको समीक्षा**

**क) मूल्याङ्कन**

मूल्याङ्कनलाई (Black &Wiliam,1998) ले एक सुधारको प्रभावकारी उपकरणका रूपमा व्याख्या गरेका छन् । जसमा सुधारात्मक मूल्याङ्कन (formative assessment) ले विद्यार्थीलाई आफ्नो सिकाइको वास्तविक अवस्थाबारे स्पष्ट जानकारी दिनुका साथै शिक्षकलाई शिक्षण रणनीति परिमार्जन गर्नमा सहयोग गर्दछ। नेपालका सन्दर्भमा (Karki, 2020) ले विद्यार्थी मूल्याङ्कन प्रणाली अझै नीति र व्यवहारबिच असन्तुलनमा रहेको निष्कर्ष निकालेका छन् । नीतिगत रूपमा निरन्तर र बहुआयामिक मूल्याङ्कनको व्यवस्था भएता पनि कार्यान्वयनमा परीक्षाकेन्द्रित मूल्याङ्कनको संस्कृतिले यसको प्रभावकारिता घटाएको उनले देखाएका छन्। त्यसैगरी (Shrestha & Dhakal,2021) ले माध्यमिक विद्यालयका शिक्षकहरूमा सुधारात्मक मूल्याङ्कन (formative assessment) सम्बन्धी चेतना भएर पनि समय अभाव, तालिमको कमी र ठूला कक्षाका आकारका कारणले यसको नियमितमा ठूलो चुनौतीको सामना गर्नु परेको छ। मूल्याङ्कनका सन्दर्भमा (CDC, 2023) ले परियोजना कार्य, प्रयोगात्मक अभ्यास र आन्तरिक मूल्याङ्कनलाई पाठ्यक्रममा अनिवार्य गरे पनि (MOEST, 2022) ले शिक्षा क्षेत्र विकास योजनामा मूल्याङ्कन सुधारलाई अझै पनि प्राथमिकतामा राख्नुपर्ने औंल्याएको छ।

मूल्याङ्कनसँग सम्वन्धित अन्य अध्ययन तथा अनुसन्धानहरूले सक्षमतामा आधारित मूल्याङ्कन (competency-based assessment) एवं कौशलतामा आधारित मूल्याङ्कनलाई विद्यार्थीको व्यावहारिक सीप, समस्या समाधान क्षमता, समग्र सिकाइ सुधार र वास्तविकतामा केन्द्रित विश्व आवश्यकताअनुसारको दक्षता विकासमा सकारात्मक प्रभाव पार्ने देखाएका छन् (Adhikari, 2025)। तर, विकासोन्मुख देशहरूमा शिक्षक तालिममा कमी, समय अभाव, उपयुक्त मूल्याङ्कन उपकरण तथा रूब्रिक (rubrics) को अभाव, र स्रोत साधनको सिमितताले क्षमतामा आधारित मूल्याङ्कनलाई पूर्ण रूपमा लागु गर्न कठिनाइ आइपरेको छ । नेपालमा गुणात्मक अनुसन्धानले देखाएको छ कि माध्यमिक विद्यालयमा निरन्तर कक्षा-कोठामा आधारित मूल्याङ्कन (Classroom-Based Assessment) अभ्यााहरू कमजोर देखिन्छन् भने परीक्षाकेन्द्रित मूल्याङ्कन प्रणालीले नै निरन्तरता पाइरहेको देखिन्छ (Shrestha & Dhakal, 2021; OnlineKhabar, 2024)। जसले नेपालमा कौशलतामा आधारित मूल्याङ्कन कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास, गुणस्तरिय स्रोतको उपलब्धता र संस्थागत साथ र समर्थनको आवश्यकता रहेको पुष्टि गर्दछ। साथै Adhikari (2025) ले सक्षमतामा आधारित मूल्याङ्कनले विद्यार्थीको समस्या समाधान गर्ने सीप विकासमा वृद्धि गर्ने देखाए तापनि दक्षिण एशियाली मुलुकहरूमा स्रोतको साधनको अभावले यसको कार्यान्वयन पक्ष अति फितलो रहेको उल्लेख गरेका छन् । नेपालको माध्यमिक तहको वर्तमान पाठ्यक्रम संरचना राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) र (CDC, 2019) मा आधारित छ । यस प्रारूपले परम्परागत विषय केन्द्रित शिक्षाको दृष्टिकोणलाई प्रतिस्थापन गर्दै सक्षमता (केन्द्रित (Competency-Based) र एकीकृत (Integrated) शिक्षालाई संस्थागत गर्ने प्रयास गरेको छ । जसमा विद्यार्थीलाई निश्चित कक्षा वा तह पार गर्दा प्राप्त हुनुपर्ने ज्ञान, सीप, मूल्य र दृष्टिकोणको स्पष्ट व्याख्या गरिएको छ। यसले शिक्षा प्रणालीलाई व्यावहारिक, उत्तरदायी र जीवनोपयोगी बनाउन मद्दत गर्ने अपेक्षासमेत राखेको छ।

माध्यमिक तहको पाठ्यक्रम एवं विषयगत संरचना पहिले कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षाजस्ता धारमा विभाजन गरिएको थियो । उक्त पाठ्यक्रमलाई विस्थापन गरी सबै धारका विद्यार्थीलाई साझा तथा अनिवार्य विषयहरू पढाउने र विद्यार्थीको इच्छा अनुसार ऐच्छिक विषय छनोट गर्न दिने प्रणाली लागु गरिएको छ। विद्यार्थीले अनिवार्य रूपमा नेपाली, अङ्ग्रेजी, सामाजिक अध्ययन (कक्षा ११) र जीवनोपयोगी शिक्षा (कक्षा १२) अध्ययन गर्नुपर्दछ। त्यससँगै उनीहरूले तीनवटा ऐच्छिक विषयहरू अध्ययन गर्न पाउँदछन्, जसले विद्यार्थीलाई रुचि र भविष्यको शैक्षिक तथा व्यावसायिक योजनाअनुसार विषय छनोट गर्ने स्वतन्त्रता प्रदान गरेको छ। यस एकल पथ प्रणालीले सबै विद्यार्थीलाई

साझा आधारभूत ज्ञान र समान शैक्षिक अवसर प्रदान गर्ने लक्ष्य लिएको छ। विषय छनोटमा लचिलोपन दिँदा विद्यार्थीको बहुआयामिक विकास र विशिष्टीकरणको सम्भावना पनि वृद्धि हुने विश्वास गरिएको छ (MOEST, 2020)। सक्षमतामा आधारित शिक्षाको अवधारणाले केवल जानकारीको मात्र संकलन होइन, व्यावहारिक प्रयोग, समस्या समाधान क्षमता, सामाजिक उत्तरदायित्व र जीवनोपयोगी सीपहरूको विकासमा जोड दिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार, विद्यार्थीमा राष्ट्रियता, श्रमप्रतिको सम्मान, सूचना प्रविधिको उपयोग, खोज तथा अनुसन्धानको झुकाव, उद्यमशीलता, र वातावरणीय चेतनाजस्ता सक्षमताहरू विकास गरिनुपर्नेछ (CDC, 2019)। यसले शिक्षालाई केवल किताबी ज्ञान मात्र होइन, जीवनमै उपयोगी बनाउने दिशामा लाने उद्देश्य राखेको देखिन्छ।

माध्यमिक तहको विषयगत संरचनालाइ (CDC, 2020) का अनुसार कक्षा ९-१० मा अनिवार्य रूपमा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि र सामाजिक अध्ययन विषयहरू समावेश छन् । यी विषयहरूमा व्यावहारिक र प्रयोगात्मक शिक्षण प्रविधिको प्रयोग गरिएको छ। कक्षा ११-१२ मा विद्यार्थीले तीन अनिवार्य विषयहरू (नेपाली, अङ्ग्रेजी, सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा) र तीन ऐच्छिक विषयहरू अध्ययन गर्ने व्यवस्था गरिएको छ। ऐच्छिक विषय छनोटमा रुचि, क्षमता र भविष्य योजनाअनुसार मार्ग निर्देशन दिइएको छ।

मूल्याङ्कन प्रणालीको विकासका सवालमा (Karki, 2020) ले नेपालको माध्यमिक शिक्षामा मूल्याङ्कन प्रणाली समयानुकूल परिवर्तन हुँदै गएको उल्लेख गरेका छन् । प्रारम्भिक चरणमा यो प्रणाली परीक्षामुखी, पाठ्यपुस्तककेन्द्रित र अङ्कमा आधारित थियो, जसले विद्यार्थीको सैद्धान्तिक ज्ञान त मापन गर्थ्यो तर व्यावहारिक क्षमता, संप्रेषण कौशल, र जीवनोपयोगी सीपहरूको उचित मूल्याङ्कन गर्न सक्दैनथ्यो। पछिल्ला दशकहरूमा शिक्षा मन्त्रालय तथा पाठ्यक्रम विकास केन्द्रको अगुवाइमा मूल्याङ्कन प्रणालीमा सुधारका प्रयासहरू भएका छन् जसले मूल्याङ्कनलाई समग्र सिकाइको अभिन्न अङ्ग बनाएको छ।

पहिलाको मूल्याङ्कन प्रणाली विशेष गरी वार्षिक तथा अन्तिम परीक्षामा आधारित थियो। कक्षा ८ (Basic Level Examination), कक्षा १० (SEE), र कक्षा १२ (NEB Final Exam) मा लिखित परीक्षा नै प्रमुख थियो । यसले विद्यार्थीको सम्झना शक्ति र पाठ्यपुस्तकमा आधारित ज्ञान मात्र मापन गर्दथ्यो (Karki, 2020)। यस्ता मूल्याङ्कन ले विद्यार्थीलाई कण्ठस्थ गर्न बाध्य पारेको हुन्थ्यो, र शिक्षण-सिकाइ प्रक्रियामा गहिरो बुझाइको अभाव रहेको देखिन्छ ।

समय सन्दर्भ सगै विद्यालय शिक्षामा नविन मूल्याङ्कन प्रणाली (MOEST, 2021) ले नयाँ पाठ्यक्रमको ढाँचा अनुसार मूल्याङ्कन प्रणालीमा निरन्तर र समग्र मूल्याङ्कन (CCE) को अवधारणा लागु भयो। निरन्तर र व्यापक मूल्याङ्कन (CCE) एक शैक्षिक मूल्याङ्कन प्रणाली हो। जुन विद्यार्थीको समग्र विकासको मूल्याङ्कनका लागि डिजाइन गरिएको हो। शैक्षिक र सह-शैक्षिक दुवै पक्षहरूमा केन्द्रित यसले केवल आवधिक तथा अन्तिम परीक्षाहरूमा भर पर्नुको सट्टा निरन्तर मूल्याङ्कनमा जोड दिन्छ। CCE ले नियमित प्रतिक्रिया प्रदान गरेर र सुधारका क्षेत्रहरू पहिचान गरेर विद्यार्थीहरूमा तनाव कम गर्ने लक्ष्य राख्दछ। कक्षा १ देखि ८ सम्ममा आन्तरिक मूल्याङ्कनलाई ५० प्रतिशतको महत्त्व दिइएको छ,। जसमा गृहकार्य, परियोजना कार्य, मौखिक परीक्षा, प्रस्तुति, र व्यवहार पक्षको मूल्याङ्कन समावेश छन्न् । त्यसै गरी कक्षा ९देखि १२ कक्षामा समेत आन्तरिक मूल्याङ्कन मा २५ प्रतिशतको अनुपातमा Class Test, Assignment, Project Work, / Participation समावेश गरिएको छ।

माध्यमिक तहको वर्तमान मूल्याङ्कन प्रवृत्ति नतिजामा आधारित रहेको छ। यसले विद्यार्थीहरूको आत्मनिर्भरता, आलोचनात्मक सोच, समस्या समाधान क्षमता, र सहकार्य कौशल जस्ता व्यावहारिक पक्षहरूलाई मूल्याङ्कनको मूल मापदण्ड बनाएको छ। सिकाइको प्रक्रियामा Formative Assessment र सत्रान्तमा Summative Assessment को सन्तुलित प्रयोग गरिन्छ (Shrestha & Dhakal, 2021)। मूल्याङ्कनमा देखिएको यस्ता अभ्यासहरूले शिक्षणलाई निष्क्रिय परीक्षाबाट जीवनोपयोगी शिक्षा प्रणालीमा रूपान्तरण गर्न सहयोग पुऱ्याएको देखिन्छ।

**ख) मूल्याङ्कन संरचनाका प्रभावहरू**

१. विद्यार्थीको सक्रियता : परियोजना कार्य, प्रस्तुति, समूह अभ्यास आदि कार्यले विद्यार्थीहरूलाई कक्षा क्रियाकलापमा संलग्न गराएको छ ।

२. शिक्षकको भूमिकामा रूपान्तरण : मूल्याङ्कन सिकाइ प्रक्रियाकै हिस्सा भएकोले शिक्षक परम्परागत 'ज्ञान दिने' भूमिकाबाट 'सहजीकरणकर्ता' मा रूपान्तरण भएका छन् ।

३. ICT को प्रयोग : विशेष गरी COVID-19 को समयमा मूल्याङ्कन मा ICT प्रयोग उल्लेखनीय रूपमा बढेको देखिन्छ ।

४. गुणात्मक सुधार : विभिन्न अनुसन्धानहरूले देखाएका छन् कि आन्तरिक मूल्याङ्कन समावेश गरिएका विद्यालयहरूमा विद्यार्थीहरूको प्रदर्शनमा उल्लेखनीय सुधार आएको छ ।

**ग) आन्तरिक र बाह्य मूल्याङ्कन बिचको सन्तुलन**

मूल्याङ्कनलाइ प्रभावकारी तुल्याउन (CDC, 2020) अनुसार माध्यमिक तहमा आन्तरिक (Internal) र बाह्य (External) मूल्याङ्कन गरी दुई भागमा विभाजन गरिएको छ। सैद्धान्तिक विषयहरूमा पनि निश्चित प्रतिशत अङ्क आन्तरिक मूल्याङ्कनका लागि छुट्याइएको छ । माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० को अन्त्यमा विद्यालयले सञ्चालन गर्ने आन्तरिक मूल्याङ्कन र राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने बाह्य परीक्षाको संयोजनबाट नतिजा प्रकाशन गरिन्छ । त्यस्तै, कक्षा ११ र १२ मा पनि आन्तरिक मूल्याङ्कनको भारलाई बढाइएको छ । आन्तरिक मूल्याङ्कनअन्तर्गत परियोजना कार्य (project work), प्रयोगात्मक कार्य (practical work), कक्षा सहभागिता, र त्रैमासिक परीक्षाहरू पर्दछन् । यसको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ प्रक्रियाको निरन्तर अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नु र घोकन्ते प्रवृत्तिलाई निरुत्साहित गर्नु हो ।

अंकमा आधारित मूल्याङ्कन प्रणालीले विद्यार्थीहरूबीच अनावश्यक प्रतिस्पर्धा र मनोवैज्ञानिक दबाब सिर्जना गरेको निष्कर्षसहित नेपालले अक्षराङ्कन पद्धति (Letter Grading System) लागू गरेको छ। यस प्रणालीमा विद्यार्थीको उपलब्धिलाई अंकको सट्टा अक्षर (A+, A, B+, B, ...) मा वर्गीकरण गरिन्छ। यसको उद्देश्य विद्यार्थीको समग्र क्षमतालाई एकै अंकले सीमित गर्नुको सट्टा उनीहरूको सिकाइ स्तरको व्याख्यात्मक जानकारी प्रदान गर्नु हो । तर नेपालमा लागु गरिएको अक्षराङ्कन पद्धतिको कार्यन्वयनमा शिक्षकहरूबिचमा समेत थप चुनौतीहरू थपिएको छ (Kafle,2020)। यसो भनिरहदा अक्षराङ्कन पद्धतिको प्रभावकारिताका लागि शिक्षक,अभिभावक र विद्यार्थीमा स्पष्ट बुझाइ र उच्च शिक्षामा भर्नाका लागि यसको सही व्याख्या हुन आवश्यक छ ।

पाठ्यक्रम विकास केन्द्र (२०७३) अनुसार आधारभूत तहमा लागू गरिएको निरन्तर मूल्याङ्कन प्रणालीका केही महत्त्वपूर्ण पक्षहरूलाई माध्यमिक तहको आन्तरिक मूल्याङ्कनमा पनि समाहित गर्न खोजिएको छ । यसले विद्यार्थीको सिकाइको लेखाजोखा वर्षको अन्त्यमा एकपटक मात्र नगरी शैक्षिक सत्रभरि नै निरन्तर रूपमा गर्ने कुरामा जोड दिन्छ । यसअन्तर्गत, शिक्षकले विद्यार्थीको प्रगति, कमजोरी र सुधारका पक्षहरूलाई निरन्तर रूपमा रेकर्ड गरी सोहीअनुसार शिक्षण विधिमा सुधार गर्नुपर्ने अपेक्षा गरिन्छ। यसले सिकाइका लागि मूल्याङ्कनको मर्मलाई आत्मसात गर्न खोजेको छ। माध्यमिक तह कक्षा ९ देखि १२ सम्मको मूल्याङ्कन प्रणालीमा हालसालै व्यापक पुनर्संरचना गरिएको छ, जसले शिक्षण र सिकाइ प्रक्रियालाई अझ प्रभावकारी र समावेशी बनाउने लक्ष्य राखेको छ । परम्परागत परीक्षामुखी प्रणालीलाई परित्याग गर्दै नयाँ प्रणालीले निरन्तर मूल्याङ्कन (Continuous Assessment), आन्तरिक सहभागिता, व्यावहारिक सीप, र अक्षराङ्कन प्रणालीलाई जोड दिएको छ ।

नेपालको माध्यमिक विद्यालय तहको मूल्याङ्कन प्रणालीका पक्षहरूलाई विश्लेषण गर्दै देखा परेका प्रमुख कमजोरीहरूलाई उजागर गर्दै (Gyawali, 2023) ले मूल्याङ्कन सम्वन्धि अभ्यास उद्देश्य अनुकूल हुन नसकेको निष्कर्ष दिएका छन् । उनको अध्ययनले भनेको छ, विद्यमान मूल्याङ्कन प्रणाली अझै पनि परीक्षा-केन्द्रित र औपचारिक उपलब्धिमा सीमित छ । जसका कारण विद्यार्थीको व्यावहारिक सीप, सिर्जनशीलता र समग्र विकासको मापन प्रभावकारी हुन सकेको छैन । पाठ्यक्रमका लक्ष्य र कक्षाकोठाको वास्तविक अभ्यासबीच समन्वय हुन नसकेको उजागर गर्दै उनले प्रशिक्षित जनशक्ति र उपयुक्त मूल्याङ्कन उपकरणको अभावलाई चुनौतीका रूपमा पेश गरेका छन् । अतः नेपालको विद्यालय स्तरमा व्यवस्थित र सन्दर्भ-अनुकूल मूल्याङ्कन ढाँचा विकास गर्नुपर्ने आवश्यकतामा उनले विशेष जोड दिएका छन् ।

यसैगरी, (Gurung, 2022) ले विद्यालय पाठ्यक्रम र शिक्षण-सिकाइबीचको सम्बन्धबबारे सरोकारवालाहरूका धारणा विश्लेषण गर्दै पाठ्यक्रम कार्यान्वयनमा देखा परेका व्यावहारिक कठिनाइहरूलाई स्पष्ट रूपमाउल्लेख गरेका छन् । उनको अनुसन्धानमा शिक्षक, विद्यार्थी र व्यवस्थापन पक्षबीच पाठ्यक्रमको उद्देश्य र मूल्याङ्कन प्रक्रियाबारे समान बुझाइ हुन नसक्दा शिक्षण-सिकाइ प्रक्रिया प्रत्यक्ष रूपमाप्रभावित भएको उल्लेख छ । विशेषगरी, शिक्षक अभिमुखीकरणको कमी, स्रोत व्यवस्थापनमा कमजोरी र मूल्याङ्कन अभ्यासबीच समन्वय हुन नसक्दा पाठ्यक्रमको प्रभावकारितामा नै प्रश्न उब्जेको उनको ठहर छ । उनको त्यस अध्ययनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीबिच सवल सम्बन्ध स्थापित गर्नुपर्ने आवश्यकतालाइ उल्लेख गरेका छन् ।

अर्को तर्फ, (Bhetuwal, 2021) ले स्थानीय पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता अध्ययनका क्रममा उनले प्रक्रिया, स्रोत, तालिम र अनुगमनलाई प्रत्यक्ष रूपमाजोडेर उल्लेख गरेका छन् । पर्याप्त शिक्षक तालिमको अभाव, शैक्षिक सामग्रीको कमी र नियमित अनुगमन संयन्त्रको कमजोरीले गर्दा स्थानीय पाठ्यक्रमले अपेक्षित सफलता प्राप्त गर्न नसकेको उनको अध्ययनले देखाएको छ । उनले पाठ्यक्रम कार्यान्वयनसगै निरन्तर मूल्याङ्कन र उपलव्धी सुधारका लागि आवश्यक पृष्ठपोषण प्रणालीलाई विशेष जोड दिएका छन् ।

**अनुसन्धानको रिक्तता**

पूर्वअध्ययनहरूको विश्लेषण गर्दा वर्तमान अवस्थामा नेपालमा कार्यान्वयनमा रहेका पाठ्यक्रम र मूल्याङ्कनका संरचनागत पक्षमा नीतिगत विश्लेषण, सर्वेक्षण वा सामान्य मूल्याङ्कनको अभ्यास सीमित रहेको देखिन्छ तर शिक्षकहरूको वास्तविक भोगाइलाई कथात्मक विश्लेषणमार्फत अनुभवमा आधारित रहेर गहिरो गुणात्मक अध्ययन न्यून रहेको छ । मूल्याङ्कनलाई शिक्षकको पेसागत पहिचान र संस्थागत संस्कृतिसँग जोडेर अध्ययन गरिएको छैन (Gurung, 2022; Gyawali, 2023) । अतः यस अध्ययनले अनुसन्धानमा देखा परेका रिक्तताहरू पूर्ति गर्दै नेपालको माध्यमिक तहको मूल्याङ्कन प्रणालीको व्यावहारिक यथार्थतालाई उजागर गर्ने लक्ष्य राखेको छ।

**अनुसन्धान विधि**

यस अध्ययनको अनुसन्धान पद्धति गुणत्मक खालको रहेको छ। यो अनुसन्धानको क्षेत्र नेपालको वागमती र गण्डकी प्रदेशअन्तर्गतका चार जिल्लाहरू काठमाडौ, मकवानपुर, चितवन र लमजुङका सामुदायिक तथा सस्थागत माध्यमिक विद्यालयहरूलाई अध्ययन क्षेत्रका रूपमा सीमित राखिएको छ । माध्यमिक तहमा कार्यरत अनिवार्य विषयका शिक्षकहरूलाई नमुनाका रूपमा लिइएको छ। शिक्षकहरूले भोगेका व्यावहारिक समस्यालाई केन्द्रित गरी उद्देश्यपूर्ण नमुना छनौट (purposive Sampling) विधिका आधारमा नमुनाको छनौट गरिएको हो । नमुना छनौटमा परेका माध्यमिक तहका अनिवार्य विषयहरू नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूसँग अर्धसंरचित अन्तर्वार्ता लिइएको छ। प्राप्त

तथ्याङ्कलाई कथनात्मक विश्लेषण विधिवाट विश्लेषण गरिएको छ साथै, अध्ययनले विषयगत शिक्षकको दृष्टिकोणमार्फत मूल्याङ्कन प्रणालीको प्रभावकारिता तथा कमजोरीहरूको पहिचान गरेको छ।

यस अध्ययनमा प्राप्त दस्तावेजहरूको विश्लेषण, यससँग सम्वन्धित नीतिगत तथ्यहरूको अध्ययन तथा विश्लेषण, सम्वन्धित शिक्षकहरूसँगको अन्तर्वार्ता एवं अनलाइनमा आधारित अनुसन्धान विधिहरूसमेत प्रयोग गरिएको छ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र (CDC), राष्ट्रिय परीक्षा बोर्ड (NEB), र UNESCO लगायत संस्थाहरूबाट प्रकाशित शैक्षिक प्रतिवेदन, नीतिगत दस्तावेज तथा नेपालको माध्यमिक तहको वर्तमानमा कार्यन्वयनमा रहेको पाठ्यक्रम नै यस अध्ययनको मुख्य आधारशिला तथा स्रोत हुन्। साथै, शिक्षा क्षेत्रमा कार्यरत विषयविज्ञ र विषयशिक्षकहरूसँग लिइएका अन्तरवार्ताका निष्कर्षहरूले मूल्याङ्कन प्रणालीको व्यावहारिक पक्ष प्रस्ट पार्न मद्दत गरेको छ। सङ्कलित विवरणलाई वस्तुगत तवरले विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ। अध्ययनको सम्पूर्ण पद्धति गुणात्मक (qualitative), कथात्मक विश्लेषण र नीति निर्माणमुखी विश्लेषणमा आधारित छ। यस अध्ययनको निचोड देशभर समान रूपमा लागु नहुन सक्दछ तर पनि वर्तमान मूल्याङ्कन प्रणालीको प्रभावकारिता र सुधारका क्षेत्रहरूलाई किटान गरेको छ।

**परिणाम**

नेपालको माध्यमिक विद्यालयहरूमा प्रचलित मूल्याङ्कन प्रणाली अझै परम्परागत ढाँचामा आधारित रहेको पाइन्छ। मूल्याङ्कनको अभ्यासलाइ विश्लेषण गर्दा लिखित परीक्षा र अङ्क प्रदान गर्ने प्रक्रिया लाइ महत्व दिइएको पाइन्छ। जसका कारण विद्यार्थीहरूको समग्र पक्षको मूल्याङ्कन हुन सकेको छैन। यिनै समस्याको केन्द्रमा रहेर माध्यमिक तहमा अध्यापनरत शिक्षकहरूबिच मूल्याङ्कन अनुभवका आधारमा कथात्मक प्रतिक्रिया लिइएको छ। पाठ्यक्रमले दिएको आन्तरिक मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक अभ्यास र बहुआयामिक मूल्याङ्कनका पक्षहरूको वास्तविक तवरले कार्यन्वयन आउन सकेको छैन। सुधारात्मक मूल्याङ्कन (formative assessment) सैद्धान्तिक रूपमा उपयुक्त भएता पनि यो निरन्तर अभ्यास र शिक्षण प्रक्रियामा सिमित मात्र प्रयोग भइरहेको छ।

भाषा शिक्षणमा सुनाइ र बोलाइ जस्ता व्यावहारिक सीपहरूको मूल्याङ्कनको पक्ष कमजोर रहेको पाइएको छ, जसले विद्यार्थीको दैनिक जीवनमा प्रयोग हुने व्यावहारिक पक्षको भाषाका क्षेत्रको दक्षता विकासमा अवरोध पुगेको देखिन्छ। विज्ञान र गणित विषयमा शिक्षकहरूले परियोजनामा आधारित (project-based) र प्रयोगात्मक मूल्याङ्कनको प्रयोग गरेको भए पनि प्रयोगशालाको अभाव, शैक्षिक सामाग्री कमी र ठूला कक्षाका आकारले गर्दा मूल्याङ्कन औपचारिकतामा मात्र सीमित रहेको देखिन्छ।

सामाजिक अध्ययनमा पनि मूल्याङ्कनले आलोचनात्मक सोच, सामाजिक चेतना र व्यावहारिक सीप विकास गर्नुपर्ने भए पनि लिखित परीक्षा-केन्द्रित अभ्यासका कारण विद्यार्थीको समग्र पक्षको क्षमता पर्याप्त रूपमा मापन हुन सकेको छैन।

विषयगत शिक्षकहरूको कथात्मक विश्लेषण (narrative analysis) का आधारमा शिक्षकहरूले मूल्याङ्कन सुधारका लागि शिक्षक तालिमको अभाव, स्रोत साधनको कमी, ठाउँ परिवेशअनुसार सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँचमा असमानता र संस्थागत साथ समर्थनको अभाव मुख्य चुनौतीका रूपमा अनुभव गरेका छन्।

विशेष गरी ग्रामीण क्षेत्रका विद्यालहरूमा यी चुनौतीहरू अझ गम्भीर देखिएका छन्। विषयगत शिक्षकहरूको कथात्मक अनुभवले मूल्याङ्कनलाई अंकको रूपमा तुलना गर्ने र केवल प्रशासनिक दायित्वको रूपमा सीमित गर्दा विद्यार्थीहरूको समग्र सिकाइ र सिर्जनशील क्षमता विकासमा नकारात्मक असर परेको पुष्टि गरेको छ।

**वर्तमान मूल्याङ्कन प्रणालीको व्यावहारिक यथार्थः विषयगत शिक्षकहरूको कथात्मक प्रतिक्रिया**

नेपालको माध्यमिक तहको शिक्षण प्रणालीमा पाठ्यक्रम परिवर्तन, सिकाइका विधिमा विविधता र नवप्रवर्तनका प्रयासहरू हुँदै आएका छन् तापि मूल्याङ्कन प्रणाली अझै परम्परागत, परीक्षा-केन्द्रित र व्यावहारिक ज्ञानभन्दा किताबी ज्ञानमाथि केन्द्रित देखिन्छ। यस मूल्याङ्कन प्रणालीका व्यावहारिक समस्या शिक्षकहरूको अनुभवका माध्यमबाट झनै स्पष्ट रूपमा देखा पर्दछ।

नेपालको माध्यमिक तहको मूल्याङ्कन प्रणालीमा देखिएका चुनौती र सुधारका सम्वन्धमा सामुदायिक विद्यालयमा कार्यरत नेपाली विषयका एक अनुभवी शिक्षक R1 भन्दछन् "नयाँ पाठ्यक्रमले विद्यार्थीको भाषिक, भावनात्मक र सांस्कृतिक चेतना विकास गर्ने कुरा गर्छ। तर शिक्षण स्रोतको अभाव, पाठ्यपुस्तक ढिलो आउने समस्या, र विद्यार्थीमा पहुँचको असमानताले परियोजना कार्य प्रभावकारी रूपमा लागू गर्न असम्भव जस्तै छ।" यसले मूल्याङ्कनको वास्तविक कार्यान्वयन शिक्षण स्रोत, समय र पहुँचमा निर्भर रहेको देखाउँछ। मैले सिकें अनुसार समाधान भनेको शिक्षण र मूल्याङ्कन दुवैमा आमूल सुधार गर्नु हो। प्रयोगात्मक मूल्याङ्कनलाई सशक्त बनाउन शिक्षक तालिम अनिवार्य बनाइनुपर्छ,। ताकि उनीहरूले मूल्याङ्कनका क्षेत्रमा आधुनिक विधि र उपकरणहरू प्रयोग गर्न सकून्। साथै, प्रोजेक्ट कार्य, गृहकार्य, समूह कार्य, प्रस्तुति, र सहकार्यमा आधारित मूल्याङ्कनलाई प्राथमिकता दिनुपर्नेछ जसले विद्यार्थीको व्यावहारिक तथा क्रियाशील शिक्षालाई प्रोत्साहन गर्छ। आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउन शिक्षकहरूले स्पष्ट र पारदर्शी मूल्याङ्कन मापदण्ड (rubrics) प्रयोग गर्नुपर्छ, जसले विद्यार्थीलाई आफ्ना कमजोरी र सामर्थ्य पहिचान गर्न सहयोग गर्दछ।"

चितवनका अङ्ग्रेजी विषयका शिक्षक R2 को अनुभव अन्तर्राष्ट्रिय मापदण्डअनुसार चारवटा भाषा सीप (listening, speakinlg, reading, writing) मूल्याङ्कन गर्ने प्रणालीको अभावप्रति केन्द्रित छ। listening, speaking लाई भन्दा reading, writing लाई मूल्याङ्कनमा वढी प्राथमिकता दिइएको छ। जसले दिगो सिकाइलाई प्रभाव पारेको छ। उनी भन्दछन् "शिक्षकहरूलाई व्यावहारिक मूल्याङ्कन विधिमा तालिम दिइएको छैन। स्कुलमा ICT उपकरण छैनन्, भाषा प्रयोगशाला छैन। मूल्याङ्कन अझै पनि किताबी र कण्ठस्थ शैलीमा आधारित छ।" उनी प्रस्तुति, अन्तरक्रिया, प्रोजेक्ट वर्कमा आधारित मूल्याङ्कन प्रणालीको विकास र ICT पहुँचलाई नीतिगत प्राथमिकता दिनुपर्ने सुझाव दिन्छन्।

त्यसै गरी अङ्ग्रेजी विषयका अर्का शिक्षक R3 ले आफ्नो वर्तमान मूल्याङ्कन प्रणालीप्रतिको धारणा यसरी प्रस्तुत गर्दछन्। उनी भन्दछन् "नेपालको माध्यमिक तहमा अङ्ग्रेजी विषयको मूल्याङ्कन प्रणालीलाई म एक विषयशिक्षकका दृष्टिकोणबाट हेर्दा, यसको सकारात्मक पक्ष र चुनौतीहरू दुवै देख्दछु। आन्तरिक र बाह्य मूल्याङ्कन दुवै किसिमका अभ्यासले विद्यार्थीहरूको भाषासीपलाई बृहत् रूपमा समेट्ने प्रयास गरेको छ। जसमा सुनाइ, बोलाइ, पढाइ र लेखाइका विभिन्न पक्षहरूलाई समेटिएको छ। यो बहुआयामिक मूल्याङ्कन प्रणालीले विद्यार्थीलाई केवल परीक्षा-केन्द्रित होइन, समग्र भाषागत विकासतर्फ समेत जोड दिएको छ तर वास्तविक शिक्षण एवं मूल्याङ्कन प्रक्रियामा धेरै पटक शिक्षक र विद्यार्थीहरूले चुनौतिको सामना गर्नुपरेको छ। उदाहरणका लागि, आन्तरिक मूल्याङ्कनमा सहभागिता र बोल्ने परीक्षणलाई महत्त्व दिइएको भए पनि धेरैजसो विद्यालयहरूमा समय अभाव र स्रोतसाधनको कमीका कारण यी पक्षहरूमा पर्याप्त ध्यान दिइएको छैन। केही विद्यार्थीहरू आत्मविश्वासका कमीका कारण बोल्न वा सुनाइ परीक्षणमा राम्रो प्रदर्शन गर्न सक्दैनन् त्यसैले मूल्याङ्कन प्रक्रियामा विविधता र सहानुभूतिको अभावका कारण वास्तविक क्षमताको मूल्याङ्कन हुन सकेका छैन।"

यसका साथ साथै बाह्य मूल्याङ्कनमा भने मुख्य रूपमा लिखित परीक्षामा केन्द्रित हुँदा विद्यार्थीको मौखिक र व्यावहारिक भाषाकौशललाई पूर्ण रूपमा समेट्न सकिँदैन। यसले कतिपय विद्यार्थीलाई असहज महसुस गराउँछ, जसले उनको आत्मविश्वासमा असर गर्दछ साथै भाषागत व्याकरण र शब्दावलीमा बढी जोड दिनाले सिकाइलाई थोरै यान्त्रिक बनाउने खतरा वढ्दै गएको पाइन्छ। लामो समय विषयशिक्षक भएका नाताले मलाई विश्वास छ कि मूल्याङ्कन प्रणालीलाई

अझ प्रभावकारी बनाउन निरन्तर शिक्षक तालिम, स्रोतहरू उपलब्ध गराउने र मूल्याङ्कन मापदण्डहरूलाई अझ स्पष्ट र व्यवहारमैत्री बनाउन आवश्यक रहेको छ।

त्यस्तै लामो समय गणित विषय शिक्षकको भूमिका निभाउँदै आएका एक शिक्षक R4 ले गणिततलाई 'Mathematics for All' भन्ने नारासँगै सबै विद्यार्थीका लागि उपयोगी, व्यावहारिक र जीवनसँग जोडिएको विषय बनाउनुपर्ने धारणा सधैँ सुनिँदै आएको भन्दछन् । तर दैनिक अध्यापन र मूल्याङ्कनको प्रक्रियामा मैले भोगिरहेको वास्तविकता त्यो आदर्शभन्दा धेरै पर देखिन्छ। पाठ्यक्रमले २५प्रतिशत आन्तरिक मूल्याङ्कनको व्यवस्था गरेको छ, जसमा प्रयोगात्मक र परियोजना कार्यलाई जोड दिइएको छ तर यी गतिविधिहरू अझै पनि औपचारिकताको भरमा सीमित रहेको वताउँछन्। उनका अनुसार "शिक्षणभरि व्यस्त समय तालिका, तयारीको अभाव र स्रोतसाधनको सीमितताले यसको प्रभावकारिता घटाइरहेको छ।"

उनले आफ्नो मूल्याङ्कनका सन्दर्भमा formative assessment लाई महत्त्व दिन थालेको वताउँछन्। विद्यार्थीले कुन ठाउँमा गल्ती गरे, कहाँ बुझेनन् भन्ने कुरा तत्कालै पत्ता लगाएर सुधारको प्रक्रिया सुरु गर्ने। यस्तो मूल्याङ्कनले केवल नम्बरको हिसाब होइन, विद्यार्थीको सिकाइ यात्रामा तात्कालिक प्रभाव पार्न सक्दछ तर व्यवहारमा यस्तो मूल्याङ्कनलाई व्यवस्थापन गर्न सजिलो छैन। ICT को प्रयोग, जस्तै GeoGebra जस्ता सफ्टवेयर, सिकाइलाई रोचक र अन्तरक्रियात्मक बनाउन सक्ने भएतापनि विद्यालयमा प्राविधिक सुविधा र तालिमको अभावले गर्दा हामी अझै पनि परम्परागत प्रविधिमै सीमित रहेका छौँ।

'Formative assessment' प्रभावकारी भए ता पनि जटिलता छ। उनी भन्दछन् "समयको अभाव, कार्यपत्र तयार गर्न नसक्नु तथा मूल्याङ्कन विधिका वारेमा पर्याप्त ज्ञान नहुनु प्रमुख समस्या हुन। यिसले शिक्षकको मूल्याङ्कन सम्बन्धी दक्षता र समय व्यवस्थापन क्षमताको कमीका कारण मूल्याङ्कन प्रक्रियामा बाधा उत्पन्न भइरहेको देखाउँछ। साथै, विद्यालय ग्रामीण क्षेत्रमा अवस्थित भएकाले ICT प्रयोग तथा परियोजना कार्यलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न पनि चुनौती रहेका छ। सामाजिक विषय शिक्षक R5 प्रतिक्रिया अझ विस्तृत छ। उनी भन्छन् "सामाजिक अध्ययनको शीर्षक, सामग्रीको गहिराइ, शिक्षण सामग्रीको अभाव, शिक्षकको योग्यता, पूरक स्रोतको अभाव, शिक्षण कार्य कठिन भएका छन्" विद्यार्थीले सामुदायिक कार्य, क्रियाकलाप, चित्र, तथ्यांक आदि बुझ्न नसक्ने अवस्था देखिएको छ। मूल्याङ्कनभन्दा पहिला शिक्षणमै स्पष्टता र तयारीको खाँचो छ।

उनीसगै अर्का सामाजिक शिक्षक R6 को भनाइ भने यस्तो रहेको छ, "यस विषयमा मूल्याङ्कनले केवल पुस्तकीय ज्ञानलाई मात्र होइन, व्यावहारिक सोच, विश्लेषणात्मक क्षमता, र सामाजिक चेतनालाई पनि समेट्न आवश्यक हुन्छ तर मेरो अनुभवमा अहिलेको मूल्याङ्कन प्रणाली यी सबै पक्षहरूलाई प्रभावकारी रूपमा समेट्न कठिनाइहरू देखिन्छन्। आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको कक्षा उपस्थिति, सक्रिय सहभागिता, गृहकार्य, परियोजना, समूहमा काम गर्ने क्षमता, र अन्य व्यावहारिक पक्षहरूलाई ध्यानमा राखिन्छ। शिक्षकहरूले यी पक्षहरूको अभिलेख राखेर विद्यार्थीको समग्र प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ। जसवाट विद्यार्थीको दैनिकी सिकाइ र बुझाइलाई नियमित रूपमा अनुगमन गर्न मद्दत गर्दछ तर, प्रायः शिक्षकहरूलाई समय र स्रोतसाधनको अभाव एवं ज्ञान र सीपको कमीले गर्दा प्रभावकारी मूल्याङ्कन गर्ने अवसर चुकेको देखिन्छ। बाह्य मूल्याङ्कनमा भने मुख्यतः लिखित परीक्षा हुन्छ जसले विद्यार्थीहरूमा तनाव पनि निम्त्याउँछ।

उनका अनुसार, सामाजिक अध्ययनको मूल्याङ्कन प्रणालीलाई अझ प्रभावकारी बनाउन शिक्षक प्रशिक्षण, बहुआयामिक मूल्याङ्कन विधिहरूको विकास, र प्राविधिक स्रोतहरूको उपलब्धता आवश्यक छ। विद्यार्थीहरूको समूहमा काम गर्ने क्षमता, छलफलमा भाग लिन सक्ने योग्यता, र व्यावहारिक परियोजनाहरूलाई पनि मूल्याङ्कन प्रक्रियामा समावेश गर्नुपर्ने हुन्छ। यसले मात्र विद्यार्थीको समग्र सामाजिक चेतना र ज्ञान विकासमा सकारात्मक प्रभाव पार्न सक्दछ।
सस्थागत विद्यालयका सामाजिक विषयका अर्का शिक्षक R7 को भनाइले मूल्याङ्कन प्रणालीले वास्तविक जरा देखाउँदछ उनका अनुसार "घोकन्ती प्रवृत्ति, प्रयोगात्मक मूल्याङ्कनको औपचारिकता, व्यावहारिक ज्ञानको उपेक्षा, ICT को अभाव,

आन्तरिक मूल्याङ्कन को पारदर्शिता नरहने, rural-urban असमानता" यी सबै मूल्याङ्कनमा विकृति ल्याउने कारक हुन् । उनी Bloom's Taxonomy आधारित मूल्याङ्कन, moderation system र सिकाइ-केन्द्रित मूल्याङ्कन प्रणालीको आवश्यकता औंल्याउँदछन् ।

ग्रामिण क्षेत्रमा रहेको सामुदायिक विद्यालयका विज्ञान विषयका शिक्षक R8 को अनुभवले ग्रामीण क्षेत्रको वास्तविकतालाई उजागर गर्दछ। उनी भन्दछन्, “यति वेलाको आन्तरिक मूल्याङ्कन भनेको प्रकृतिको प्रयोगशालामा हराएको प्रयोगात्मक मूल्याङ्कन जस्तो भएको छ। प्रयोगात्मक मूल्याङ्कन त पाठ्यक्रमको कागजमा मात्रै सीमित छ, व्यवहारमा त त्यो शून्य बराबर हो । न प्रयोगशाला छ, न परियोजनाहरू जीवनसँग जोडिएका छन् । हामी शिक्षकहरू पनि केवल औपचारिकता पूरा गर्न मै सीमित छौं ।”

वर्तमान अवस्थामा विद्यालयमा प्रयोगात्मक कार्यको नाममा प्रायः कक्षाभित्रै चार्ट बनाउने, मौखिक प्रश्न उत्तर गर्ने जस्ता सामान्य गतिविधि गरिन्छ तर प्रकृतिलाई प्रयोगशालाका रूपमा प्रयोग गर्ने सम्भावना हुँदाहुँदै पनि त्यसको उपयोग हुन सकिरहेको  छैन । क्षेत्र भ्रमण, मोडल निर्माण, वा सामग्री संकलनजस्ता गतिविधिहरू बजेटको अभाव, अभिभावक शिक्षा, र समयको अभावका कारण क्रमशः हराउँदै गएका छन। यस्तै, विज्ञान मेला, क्विज वा प्रदर्शनी जस्ता सहक्रियात्मक कार्यक्रमहरू सञ्चालन नहुनुले विद्यार्थीमा अन्वेषण, सिर्जनशीलता र व्यावहारिक क्षमता विकास गर्ने अवसर हराउँदै गएको छ। त्यसमाथि, मूल्याङ्कन प्रक्रियामा ७५ प्रतिशत उपस्थिति अनिवार्य भनिए तापनि व्यवहारमा त्यो कार्यान्वयनमा आएको देखिँदैन। Portfolio निर्माणजस्तो कार्य शिक्षकको जिम्मामा भए पनि आवश्यक तालिम र दक्षताको अभावले गर्दा यो पनि सामान्य कागजी प्रक्रिया मात्र बनेको छ । यस्तो अवस्थामा मूल्याङ्कनलाई वास्तवमै प्रभावकारी बनाउन शिक्षकको सकृयता, अभिभावकको साथ, विद्यार्थीको सहभागिता, र विद्यालय व्यवस्थापनको प्रतिबद्धता अनिवार्य रहन्छ । नत्र भने प्रयोगात्मक मूल्याङ्कन र परियोजना कार्यजस्ता शिक्षणका जीवनोपयोगी पक्षहरू केवल दस्तावेजमा मात्र सीमित भएर रहनेछन् ।”

त्यस्तै अर्का ग्रामीण क्षेत्रमा कार्यरत शिक्षक R9 ले विज्ञान विषयको वर्तमान मूल्याङ्कन प्रणालीमा भोगेका समस्याहरूलाई वास्तविक कथाका रूपमा प्रस्तुत गरेका छन् । विज्ञान पढाउने शिक्षक भएको हुदाँ शिक्षण जीवनको २० वर्षपछिसम्म पनि एउटा समस्या बारम्बार भोगिरहेको छु "प्रयोगात्मक मूल्याङ्कनको बेवास्ता, हाम्रै विद्यालयमा प्रयोगशाला छैन, न त प्रयोगका लागि आवश्यक सामग्री नै, प्रयोगात्मक गतिविधिलाई पाठ्यक्रमले प्राथमिकता दिएको भए ता पनि, हामीसँग कुनै निश्चित समय तालिका छैन । शिक्षकका नाताले मैले प्रयास गर्छु नै, कक्षाकोठामा नै केही प्रयोगहरू गरेर देखाउछु, तर त्यो न वास्तविक अनुभव हो, न पर्याप्त अभ्यास, त्यस्तो अवस्थाले विद्यार्थीहरूलाई केवल पाठ्यपुस्तकको घेराभित्रै सीमित राखिदिएको हुदाँ प्रयोगात्मक पक्षलाई निरुत्साहित गर्दै सैद्दान्तिक पक्षलाई मात्र जोड दिएको देखिन्छ ।

त्यस्तै शहरी क्षेत्रमा रहेको एक सस्थागत विद्यालय शिक्षक R10 ले वर्तमान माध्यमिक तहको मूल्याङ्कन प्रणालीको वारेमा यस्तो धारण पेश गर्दछन् । मूल्याङ्कनको कुरा गर्दा पनि यो प्रक्रिया विश्लेषणात्मक वा अनुप्रयोग मूलक होइन, यति वेलाको मूल्याङ्कन प्रणाली केवल स्मरणात्मक ज्ञान जाँच्नमै सीमित छ । तीन घण्टाको परीक्षा, त्यसमा पनि बहुवैकल्पिक र छोटा प्रश्नहरूले “न त विद्यार्थीको सोच परीक्षण हुन्छ, न त समस्या समाधान गर्ने क्षमता”। केही क्षमतावान विद्यार्थीहरू रहेका छन्, जो बुझ्न र जान्न खोज्दछन् तर शिक्षण विधि र मूल्याङ्कनको ढाँचाले उनीहरूलाई पनि निरुत्साहित बनाइदिन्छ। परीक्षा प्रणालीमा memorization होइन, बुझेको कुरा लेख्न, प्रयोग गर्न र विश्लेषण गर्न सक्ने बनाउने खालका प्रश्नहरू ल्याउनुपर्दछ।

त्यस्तै अर्का ग्रामीण क्षेत्रमा कार्यरत जीवनोपयोगी शिक्षाका एक अनुभवी शिक्षक R11 र R12 ले मूल्याङ्कनले सोच, व्यवहार र जीवन कौशलको परीक्षण नगरेकोमा चिन्ता व्यक्त गर्छन् । “जुन विषय नै व्यवहार, नैतिकता र निर्णय क्षमतामा आधारित छ, त्यसको मूल्याङ्कन  कागजी उत्तरमा सीमित छ भने यसको प्रभाव कस्तो होला ?” उनी सिकाइलाई व्यावहारिक

जीवनसँग जोड्ने दृष्टिकोण अपनाउन र शिक्षकलाई संवेदनशील विषय पढाउने तालिम दिनुपर्नेमा आफ्नो प्रस्ताव पेश गर्दै उनी भन्दछन् विद्यालयमा सानो स्तरका प्रयोगशाला स्थापना गर्नका लागि राज्यले बजेट विनियोजन गर्नुपर्दछ ।

**छलफल**

यस अध्ययनले नेपालका माध्यमिक विद्यालयमा लागु भइरहेको मूल्याङ्कन प्रणाली नीति, पाठ्क्रम र व्यवहारबिच उल्लेखनीय अन्तर रहेको स्पष्ट रूपमा देखाएको छ । पाठ्यक्रकले आन्तरिक मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक अभ्यास तथा वहुआयामिक मूल्याङ्कनलाई प्राथमिकता दिएको भए तापनि शिक्षकहरूको कथात्मक अनुभवअनुसार व्यवहारमा मूल्याङ्कन अझै परम्परागत, लिखित परीक्षा र अंकमुखी अभ्यासमा केन्द्रित रहेको पाइन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) अनुसार लागु गरिएको नयाँ पाठ्यक्रम र मूल्याङ्कन प्रणाली नीतिगत दृष्टिकोणबाट उत्कृष्ट भए तापनि शिक्षकहरूको कथात्मक अनुभव आधारमा कार्यान्वयन स्तरमा विभिन्न चुनौतीहरू देखा परेका छन् । यी चुनौतीहरूले मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनमा गम्भीर प्रभाव पुगेको देखिन्छ। जसले विद्यार्थीहरूको सिकाइ र शैक्षिक गुणस्तरमा नकरात्मक असर पुर्याउँदछ। समयसापेक्ष रूपमा समग्र शिक्षकहरूले परिणामस्वरूप नियमित र अर्थपूर्ण प्रतिक्रिया प्रदान गर्न नसक्दा मूल्याङ्कन सिकाइ सुधारको प्रभावकारी माध्यम भन्दा पनि प्रशासनिक प्रकृयामा सिमित हुदा केही समस्याहरू सामना गर्नु परेको छ।

**मूल्याङ्कनमा देखा परेका चुनौतीहरू**

क) संस्थागत र भौतिक पूर्वाधारको अभावः- मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक भौतिक स्रोत र पूर्वाधारको व्यवस्थापन महत्त्वपूर्ण चुनौती हो । विशेषगरी, सामुदायिक र ग्रामीण विद्यालयहरूमा प्रयोगात्मक कार्य, परियोजना आधारित सिकाइ र सूचना प्रविधिको प्रयोगका लागि कम्प्युटर, इन्टरनेट र विज्ञान प्रयोगशालाको अभाव छ । यसले प्रायः प्राविधिक र व्यावहारिक मूल्याङ्कन विधिहरूलाई कागजमा मात्र सीमित बनाउँछ र सिकाइ प्रक्रियालाई कम प्रभावकारी बनाउँछ ।

ख) शिक्षकको तयारी र पेसागत विकासको अभावः- नयाँ मूल्याङ्कन प्रणालीले शिक्षकहरूको भूमिका परिवर्तन गर्ने अपेक्षामा छ, जसमा उनीहरूलाई सहजकर्ता, उत्प्रेरक र अनुसन्धानकर्ताका रूपमा प्रस्तुत गरिएको छ तर अधिकांश शिक्षकहरू परम्परागत शिक्षण विधिमा अभ्यस्त छन् र नयाँ पाठ्यक्रमका लागि आवश्यक पर्ने परियोजना कार्य, प्रयोगात्मक सीप, र आन्तरिक मूल्याङ्कनका लागि आवश्यक तालिमको अभाव छ । यस्ता तालिमहरूको अभावले शिक्षकहरूलाई नयाँ मूल्याङ्कन पद्धतिहरूमा आत्मविश्वास र दक्षता हासिल गर्नबाट रोक्छ, जसका कारण नयाँ प्रणालीको प्रभावकारी कार्यान्वयनमा असमर्थता उत्पन्न हुन्छ ।

ग) आन्तरिक मूल्याङ्कनको विश्वसनीयता र पारदर्शितामा समस्याः- आन्तरिक मूल्याङ्कनको उद्देश्य भनेको विद्यार्थीको वास्तविक सिकाइ मापन गर्नु हो, तर यसको विश्वसनीयता र पारदर्शितामाथि गम्भीर प्रश्न उठेका छन् । धेरै विद्यालयहरूमा आन्तरिक मूल्याङ्कनलाई अन्तिम परीक्षाको अंक वृद्धि गर्ने एक साधनका रूपमा मात्र प्रयोग गर्न थालिएको छ । यसका कारण आन्तरिक मूल्याङ्कन प्रणालीमा निष्पक्षता र वस्तुनिष्ठता कमी भइरहेको छ । शिक्षकहरूको मूल्याङ्कन क्षमता र मापदण्डको स्पष्टता नहुनुले यस प्रणालीको प्रभावकारिता कमजोर बनाएको छ ।

घ) विद्यार्थी र अभिभावकको मानसिकताः- नेपालको शिक्षामा परीक्षा केन्द्रित मानसिकता गहिरो रूपमा समाहित छ । विद्यार्थी, अभिभावक र विद्यालयहरूले अन्तिम परीक्षाको अंकलाई मात्रै सफलता मापदण्डको रूपमा लिन्छन् । यसले मूल्याङ्कनका नयाँ रूपहरू, जस्तै परियोजना आधारित मूल्याङ्कन र निरन्तर मूल्याङ्कनको महत्त्वलाई बुझ्नमा चुनौती सिर्जना गरेको छ । यस सामाजिक दबावले विद्यार्थीहरूलाई रचनात्मक सोच र सीपहरूको विकासमा बढी ध्यान दिनुको सट्टा परीक्षा केन्द्रित तयारीमा बल पुर्याउँछ, जसले पाठ्यक्रमका उद्देश्यलाई अवरुद्ध पार्न सक्दछ ।

ङ) डिजिटल विभेद र स्रोतसाधनको असमान वितरणः- सहर र गाउँ, धनी र गरिबका विद्यालयहरूबीच प्रविधिको पहुँचमा ठूलो भेदभाव देखिन्छ। ग्रामीण र सामुदायिक विद्यालयहरूमा आवश्यक ICT उपकरण, कम्प्युटर, इन्टरनेट र विज्ञान प्रयोगशालाहरूको अभाव रहेको छ, जसले विद्यार्थीहरूलाई प्रविधि आधारित सिकाइको अनुभव दिन कठिन बनाउँछ। यसले डिजिटल विभेद र शैक्षिक असमानता थप गहिरो बनाउँछ र मूल्याङ्कन प्रणालीको समान अवसर र पहुँचको सुनिश्चितता गर्न थप चुनौती थप्दछ (Dulal, 2019)।

च) कार्यान्वयनमा नीति र अभ्यास बीचको खाडलः- शैक्षिक नीति र यसको कार्यान्वयनमा एक ठूलो खाडल छ। नीति भनेको सिद्धान्तमा सही र उत्कृष्ट भएको देखिन्छ, तर यसको वास्तविक कार्यान्वयनमा व्यावहारिकता र संसाधनको कमीले ठूलो समस्या उत्पन्न गरेको छ। शिक्षकहरूको तालिम, स्रोतसाधनको उपलब्धता र मूल्याङ्कन विधिहरूमा स्पष्टता र निगरानीको अभावले कार्यान्वयनको प्रभावकारितामा बाधा पुऱ्याउँछ।

**सुधारका लागि सुझावहरू** (Recommendations)

क) शिक्षकको निरन्तर व्यावसायिक विकास सुनिश्चित गर्नुः- शिक्षकहरूलाई मूल्याङ्कन प्रणालीसम्बन्धी सैद्धान्तिक समझ, व्यावहारिक प्रयोग, ICT उपकरण प्रयोग, र आन्तरिक मूल्याङ्कन विधिका विविध पक्षमा दक्ष बनाउने तालिम अनिवार्य रूपमा निरन्तर सञ्चालन गर्नुपर्छ। यो तालिम कक्षाकोठा केन्द्रित, विषयगत, र सन्दर्भ-अनुकूल हुनुपर्छ (CDC, 2023; MOEST, 2022).

ख) स्पष्ट मूल्याङ्कन मापदण्ड (Rubrics) र मार्गदर्शिका विकास :- मूल्याङ्कनको पारदर्शिता, वस्तुनिष्ठता र समानताका लागि सबै विद्यालयमा सहज भाषामा लेखिएका मूल्याङ्कन मापदण्डसहितको स्पष्ट मार्गदर्शिका वितरण गर्न आवश्यक छ। यसमा विषयअनुसार आन्तरिक मूल्याङ्कनका घटक, अंक विभाजन, फिडब्याक संरचना, र परियोजना मूल्याङ्कनका उदाहरणहरू समावेश गरिनुपर्छ।

ग) ICT पहुँच, सामग्री र प्रयोगशाला पूर्वाधार सुदृढीकरण :- सामुदायिक तथा ग्रामीण विद्यालयहरूमा ICT उपकरण, इन्टरनेट पहुँच, डिजिटल सामग्री, पुस्तकालय र प्रयोगशालाको न्यूनतम मापदण्डअनुसार पूर्वाधारको समान पहुँच सुनिश्चित गर्न राज्यको लगानी आवश्यक छ।

घ) आन्तरिक मूल्याङ्कनको सुदृढ प्रणाली निर्माण :- राष्ट्रिय परीक्षा बोर्ड (NEB) र पाठ्यक्रम विकास केन्द्र (CDC) ले आन्तरिक मूल्याङ्कनमा प्रयोग हुने परियोजना कार्य, मौखिक प्रस्तुति, व्यावहारिक कार्य, तथा सहभागिताका नमुना ढाँचाहरू सार्वजनिक गरी विद्यालयमा अनिवार्य रूपमा प्रयोग गर्न निर्देशन दिनुपर्छ।

ङ) एकीकृत मूल्याङ्कन प्रणालीको निर्माण :- SEE र कक्षा ९-१२ को मूल्याङ्कनमा बाह्य ७५ प्रतिशत र आन्तरिक २५प्रतिशत घटकबीच स्पष्ट सम्बन्ध, समन्वय र समान मान्यता सुनिश्चित गर्न मूल्याङ्कन नीति एकीकृत ढाँचामा ल्याइनु आवश्यक छ। यसले सिकाइ केन्द्रित मूल्याङ्कन संस्कृतिको विकासमा टेवा पुऱ्याउँदछ।

च) विद्यार्थी-केन्द्रित शिक्षण विधिको प्रवर्द्धन :- परियोजना कार्य, समूह छलफल, बहस, क्रियाशील अभ्यास, सामाजिक कार्य र अनुभवजन्य शिक्षण जस्ता विद्यार्थी-केन्द्रित विधिहरू प्रयोग गर्दै मूल्याङ्कन गर्नुपर्ने अभ्यासलाई पाठ्यक्रमकै हिस्साका रूपमा विकास गर्नुपर्नेछ।

छ) जनचेतना अभिवृद्धि र स्थानीय सरकारसँग सहकार्य :- मूल्याङ्कन प्रणालीको उद्देश्य, प्रक्रिया र असरबारे अभिभावक, विद्यार्थी र स्थानीय तहका जनप्रतिनिधिहरूमा व्यापक जनचेतना फैलाउन जरुरी छ। यसका लागि स्थानीय सरकारसँग सहकार्य गरेर विद्यालय-समुदाय संवाद कार्यक्रम सञ्चालन गर्नुपर्छ।

ज) अनुगमन तथा मूल्याङ्कन संयन्त्र मजबुत बनाउने :- विद्यालयस्तरमा मूल्याङ्कनको सही कार्यान्वयन सुनिश्चित गर्न शैक्षिक निरीक्षक तथा स्थानीय तहबीचको समन्वयमा प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्नुपर्छ।

झ) स्थानीय सन्दर्भअनुसार पाठ्यक्रम तथा मूल्याङ्कन अनुकूलन :- स्थानीय आवश्यकता, भाषा, सांस्कृतिक र सामाजिक

पृष्ठभूमिका आधारमा पाठ्यक्रम र मूल्याङ्कन समायोजन गरी लचिलोपन दिनुपर्छ। यसका लागि शिक्षक, प्राविधिक विज्ञ र समुदाय प्रतिनिधिको समावेशी कार्यशाला आवश्यक छ।

## निष्कर्ष

अनुसन्धानले नेपालको वर्तमान माध्यमिक शिक्षा मूल्याङ्कन प्रणाली नीतिगत रूपमा सुधारोन्मुख देखिए पनि कार्यान्वयनको पक्षमा भने अझै विभिन्न समस्या विद्‌यमान रहेको देखाउँछ। पछिल्लो समयमा मूल्याङ्कन सुधारका लागि नीति तथा कार्यान्वयनका क्षेत्रमा विभिन्न प्रयासहरू गरिएका भए पनि नीतिगत व्यवस्था र व्यवहारिक कार्यन्वयनबिचमा खाडल रहेको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले मूल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गका रूपमा स्वीकार गर्दै आन्तरिक र वाह्य मूल्याङ्कनबिच सन्तुलन कायम गर्न जोड दिएको छ। तथापि यो मूल्याङ्कन प्रणली अझै परीक्षा केन्द्रित स्मृति परीक्षणमा आधारित र अङ्क प्राप्तिमा नै सीमित रहेको पाइन्छ। जसका कारण विद्यार्थीको सिर्जनशीलता, समालोचनात्मक सोच र जीवनोपयोगी सीपजस्ता बहुआयामिक दक्षताको समुचित मूल्याङ्कन हुन सकेको छैन।

यस अध्ययनले देखाए अनुसार शिक्षक, विद्यार्थी र अभिभावकजस्ता सरोकारवालाबिच आधुनिक मूल्याङ्कन पद्धतिप्रति समान बुझाइ र पर्याप्त सन्तुष्टि नभएको प्रमाणीत गर्दछ। विभिन्न अध्ययनको समीक्षा र यस अध्ययनका आधारमा विद्यालयहरूमा भौतिक पूर्वाधार, सूचना प्रविधिको पहुँच र प्रयोगशालाजस्ता स्रोतहरूको कमीका कारण प्रयोगात्मक र परियोजनामा आधारित मूल्याङ्कन व्यवहारमा प्रभावकारी तवरले कार्यन्वयन हुन नसकी कागजी प्रक्रियामा सीमित रहेको अवस्था छ। त्यसैगरी शिक्षकहरूमा समयको अभाव एवं तयारीको कमी तथा Rubrics, Portfolio जस्ता आधुनिक मूल्याङ्कनका उपकरणको निर्माण सम्बन्धी दक्षताको कमीले गर्दा 'सिकाइका लागि मूल्याङ्कन (Assessment for Learning) को अवधारणा सफल हुन नसकेको अवस्था रहेको छ।

अतः नेपालको माध्यमिक शिक्षालाई गुणस्तरीय, समावेशी र व्यावहारिक बनाउन नीतिगत तथा व्यावहारिक तहमा सुधार आवश्यक देखिन्छ। पहिलो, मूल्याङ्कन प्रणालीलाई शैक्षिक लक्ष्यसँग समायोजन गर्न शिक्षकहरूलाई निरन्तर तालिम दिई उनीहरूको पेशागत विकास, स्रोत साधनको न्यायोचित वितरण, नीति तथा अभ्यासबिचको रिक्ततालाई पूरा गर्ने गरी प्रविधिमैत्री एकीकृत मूल्याङ्कन ढाँचाको विकास गर्नुपर्ने देखिन्छ। दोस्रो, मूल्याङ्कनमा विविध विधिहरूको प्रयोग जस्तै परियोजना कार्य, प्रस्तुति, बहस, पोर्टफोलियो मूल्याङ्कन आदि बढाउनुपर्दछ, जसले विद्यार्थीहरूका फरक क्षमता उजागर गर्नमा सहयोग पुग्दछ। तेस्रो, विद्यालयस्तरमै विश्वसनीय आन्तरिक मूल्याङ्कनको विकास गर्न र यसको अनुगमनलाई प्रभावकारी बनाउन जरुरी छ। मूल्याङ्कन नीतिको स्पष्ट कार्यान्वयन निर्देशिका, स्रोत व्यवस्थापन र प्राविधिक सहयोग पनि अनिवार्य छ। यसरी मूल्याङ्कन प्रणालीको व्यापक सुधारमार्फत नेपालको माध्यमिक शिक्षालाई गुणस्तरीय, समावेशी र व्यावहारिक बनाउने दिशामा सार्थक पाइला चाल्न सकिन्छ र नेपालको माध्यमिक शिक्षाको गुणस्तर कायम राख्न सक्नेमा पूर्ण विश्वास गर्न सकिन्छ।

## सन्दर्भसूची


Adhikari, Y. R. (2025). Enhancing students' learning through classroom-based assessment in secondary school science and technology education. *Education Review Journal*, *10*(1), 45–58. https://www.nepjol.info/index.php/erj/article/view/86478

Bhetuwal, K. P. (2021). Effectiveness of local curriculum implementation in Nepal. *Molung Educational Journal, 2*(1). https://doi.org/10.3126/mj.v2i1.39965

Black, P., & Wiliam, D. (1998). Assessment and classroom learning. *Assessment in Education: Principles, Policy & Practice*, *5*(1), 7–74. https://doi.org/10.1080/096145298100022

Curriculum Development Centre (CDC). (2019). *National curriculum framework for school education in Nepal (Grades 1–12) [Rastriya pathyakram darpan]*. Ministry of Education, Science and Technology. https://moecdc.gov.np

Curriculum Development Centre (CDC). (2023). *National curriculum framework for school education (Grades 1–12)*. Ministry of Education, Science and Technology, Government of Nepal. https://moecdc.gov.np

Dulal, D. (2019). *Competency of teachers and application of ICT in the instructional processes: A case of community schools of Nepal. International Journal of Educational Researchers, 10*(3), 37–48.

Government of Nepal, Ministry of Education, Science and Technology (MOEST). (2019). *National education policy 2019 (Rastriya shiksha niti, २०७६)*. https://moest.gov.np

Gurung, G. B. (2022). Perceptions of key stakeholders about the school curriculum and its relationship to teaching and learning in Nepal. *Journal of Education and Governance, 7*(1). https://doi.org/10.3126/jg.v7i1.86644

Gyawali, Y. P. (2023). Evaluation system at school level in Nepal: Major pitfalls and considerations. *Journal of Development and Learning, 1*(1). https://doi.org/10.3126/jdl.v1i1.57104

Kafle, B. (2020). Teachers' perception of letter grading system and its challenges: A qualitative study in Vyas Municipality of Tanahun. *American Journal of Educational Research, 8*(9), 622–632. https://doi.org/10.12691/education-8-9-3

Karki, B. (2020). Reforming student evaluation system in Nepal: Policies and practices. *Tribhuvan University Journal of Education, 37*(1), 25–38. https://doi.org/10.3126/tujed.v37i1.XXXXX

Ministry of Education, Science and Technology. (2076 B.S./2019 A.D.). *National Curriculum Framework 2076*. Education Library, Government of Nepal. https://lib.moecdc.gov.np/elibrary/pages/view.php¿k=&ref=2451

Ministry of Education, Science and Technology (MOEST). (2022). *School sector development plan (SSDP) 2016/17–2022/23: Final consolidated report*. Government of Nepal. https://moest.gov.np

National Examination Board (NEB). (2020). *Annual report 2020*. National Examination Board, Government of Nepal. https://www.neb.gov.np

OnlineKhabar. (2024, May 15). *Measuring what matters: Inclusive and competency-based assessments for Nepal*. https://english.onlinekhabar.com/measuring-what-matters-inclusive-and-competency-based-assessments-for-nepal.html

Shrestha, S., & Dhakal, R. (2021). Assessment practices and challenges in secondary schools of Nepal. *Journal of Education and Research, 11*(2), 45–60. https://doi.org/10.3126/jer.v11i2.XXXXX

UNESCO. (2021). *Value-based assessment: A guide to holistic learning evaluation*. United Nations Educational, Scientific and Cultural Organization. https://unesdoc.unesco.org/ark:/48223/pf0000378385

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# दरौँदीक्षेत्रको गण्डकी सभ्यतागत महत्त्व

**हिरालाल कर्ण**
*सू.स.मो.या.ब. क्याम्पस, सिरहा*

***Article History :*** *Received : 19th, Feb. 2026; Reviewed : 17th May, 2026; Accepted : 3rd June 2026*
***Corresponding Author :*** *Hiralal Karna* ***E-mail :*** *hiralalkarn2@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95898*

**सारसङ्क्षेप**

*नेपालको इतिहासमा छुट्टै महत्त्व बोकेको गण्डकी सभ्यताको दरौँदीक्षेत्रतर्फ इतिहासकारहरूले ध्यान नदिँदा ओझेलमा पर्न गएको छ । महाभारत पुराणहरूमा दरद देशको वर्णन गरिनुका साथै पूर्वमध्यकालका मुद्रा र ताम्रपत्रहरूसमेत पाइएका यस दरौँदीगण्डकी देशको इतिहास ओझेलमा पर्न जाँदा यस क्षेत्रका बासिन्दाहरूमाझ पहिचानको समस्या सृजना हुन गएको देखिन्छ । खासगरी यस भेगका दुरा जातिको वास्तविक इतिहास ओझेलमा पर्न गएको छ । पुराणहरूमा प्राचीन पर्वतीय लडाकु जातिका रूपमा वर्णन गरिएका प्राचीन दरद (हालको दुरा) जाति लोपोन्मुख अवस्थामा पुग्न गएको छ । यस अध्ययनमा ईशाको नवौं शताब्दीका अन्तदेखि एघारौं शताब्दीका प्रारम्भसम्म अस्तित्वमा रहेका दरदगण्डकी देशको इतिहासमाथि प्रकाश पारिएको छ । चम्पारणको बगहाबाट पाइएको ताम्रपत्र र लखनउ संग्रहालयमा रहेको ताम्रपत्रको आधारमा यस दरौंदीगण्डकी देशमा ८७० ई. देखि १०२६ ई. सम्म सूर्यवंशी राजा मलयकेतुका वंशजहरूको शासन रहेको थियो । यस वंशका अन्तिम राजा सूर्यादित्यपछि सावर्णी वंशका भुवनपालदेवले आफ्नो अधिकार कायम गरेपछि क्रमशः उनका छोरा विक्रमपाल र कीर्तिपालदेवले राज्य गरेका थिए । राजा कीर्तिपालको समयमा गोविन्दचन्द्रले कीर्तिपाललाई पराजित गरेपछि यस देशको स्वतन्त्रता समाप्त हुन गएको थियो । यस अध्ययनका लागि पौराणिक ग्रन्थहरूका साथै पुरातात्विक अभिलेखहरूको अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ । समयसमयमा विभिन्न विद्वानहरूले प्रकाशित गरेका शोधपुर्ण लेखरचनाहरू र सम्बन्धित ऐतिहासिक ग्रन्थहरूसित तथ्य र घटनाहरूको तुलना गरी वर्णनात्मक विधिद्वारा तथ्याङ्क विश्लेषण गरिएको छ । यस अध्ययनले दरौँदीगण्डकी सभ्यताको इतिहासलाई प्रकाशमा ल्याई नेपालको इतिहासमा दरद (दुरा) जाति, दरद (दरौँदी) नदी र दरद देशको वास्तविक पहिचान कायम गर्नमा सहयोग गर्नेछ ।*

**शब्दकुञ्जीः** *दरदगण्डकी, दरदजाति, सूर्यादित्य, कीर्तिपाल, गण्डकीसभ्यता ।*

**विषयप्रवेश**

एघारौँ शताब्दीका दुईवटा अभिलेखहरू चम्पारणबाट पाइएका छन् । उक्त अभिलेखबाट त्यसबेलाको शासन प्रणालीमाथि केहि प्रकाश पर्दछ । गोरखपुरदेखि चम्पारणसम्मको क्षेत्रलाई दरदगण्डकी देश भनिन्थ्यो र प्रशासनिक इकाइको हिसाबले दरदगण्डकी मण्डल । त्यस देश अन्तर्गत बयालिसी विषय (बयालिस वटा गाउँहरू) थिए । यस अभिलेखबाट यो स्पष्ट हुन्छ की बिषयलाई मण्डलको एक सानो अंग मानिएको छ । चम्पारणबाट पाइएका यी दुवै अभिलेखहरू कर्णाटवंशको शासनभन्दा पहिलेका हुन् । प्रतिहारहरूको सत्ता कमजोर भएपछि सम्भवतः यिनीहरूले यस क्षेत्रमा आफ्नो सत्ता स्थापित गरेका हुनसक्छन् (चौधरी, सन् २०१०, पृ. १६३) । चौधरीले उल्लेख गरेका यी दुईवटै अभिलेखहरूको खोजी गर्दा भारतीय

*Copyright 2026© the Author(s)*

पुरातत्व विभागबाट प्रकाशित एपिग्राफिका इण्डिकाको सन् १९०२-०३ को सातौँ अङ्कमा त्यस देशका अन्तिम राजा कीर्तिपालको सन् ११११ को ताम्रपत्र एफ. कीलहार्नले प्रकाशित गरेको पाइयो । त्यसैगरी सोही एपिग्राफिका इण्डिकाको सन् १९६३-६४ को पैँतिसौँ अङ्कमा डी.सी. सरकारले दरदगण्डकी देशका राजा सूर्यादित्यको सन् १०२० र १०२६ को दुईवटा ताम्रपत्रहरू प्रकाशित गरेको देखियो ।

यसप्रकार कीलहा'र्न, डी.सी. सरकार र चौधरीले उल्लेख गरेका दरद (दरौँदी) गण्डकी देशको खोजी गर्दा यो नाम दरद (दरौँदी) नदी र गण्डकी नदीको प्रस्रवण क्षेत्रभित्र रहेको कुरा प्रस्ट हुन्छ। जस्तो की चौधरीले उल्लेख गरेका चम्पारण र गोरखपुर दुईवटै ठाउँहरूको भौगोलिक अवस्थिति हेर्दा यी दुवै स्थलहरू गण्डकी नदीको पुर्व र पश्चिम किनारमा अवस्थित रहेको देखिन्छ। यो त गण्डकी नामबाट प्रस्ट हुन्छ। तर दरद शब्दको खोजी गर्दा बगहा ताम्रपत्रको नाउँले विकिपिडियामा राखिएको सो ताम्रपत्र प्राप्तिस्थानको भौगोलिक विवरणमा यसप्रकारको परिचय दिइएको छ। यस ताम्रपत्र अभिलेखबाट ज्ञात हुन्छ की दशौँ शताब्दीमा यो क्षेत्र दर्द-गण्डकी मण्डल अन्तर्गत थियो । 'दर्द' शब्दको संस्कृत अर्थ 'पर्वत' हुन्छ । वर्तमान समयमा बगहाको यो क्षेत्र हिमालयको तराई भूभागमा गण्डकी नदीको किनारमा रहेको छ। अतः दशौँ शताब्दीमा यस क्षेत्रलाई दर्द-गण्डकी मण्डल नाउँले चिनिन्थ्यो (www.wikipedia. com) । तर हिमालयको तलहट्टीमा हुनासाथ दरद शब्दलाई पर्वतको रूपमा अर्थ्याउनु उपयुक्त देखिँदैन। फेरी यहाँ विकिपिडियामा लेखिएको जस्तो दर्द-गण्डकी मण्डल नभई ताम्रपत्रमा स्पष्ट रूपमा देवनागरी लिपिमा विक्रम सम्वतको प्रयोग गरी दरदगण्डकी देश लेखिएको छ। अतः यस दरद शब्दको खोजी गर्दा संस्कृत भाषाको यो नाम शब्द मगर भाषाको दरौँदी नदीको संस्कृत नाम दरद रहेको देखिन्छ। जस्तो की इतिहासविद महेशराज पन्तले आफ्नो "कालीगण्डकीले हजारौँ वर्षदेखि सभ्यता बचाएको छ" शीर्षकको लेखमा लेख्नुहुन्छ, "मगर भाषामा खोलाको पछाडी 'दी' अक्षर आउँछ। जस्तैः तादी, मादी, आदि नदीका नामहरू भएकाले 'गन्दी' नामबाट संस्कृतमा गण्डकी बनेको अर्थ लगाउन सकिन्छ" (अनलाइन खबर, सन् २०२१, जुलाई ०६) । यसप्रकार उनले संस्कृत नाम शब्द गण्डकीको मगर रूप खोज्ने क्रममा मगर भाषामा खोलाको पछाडी 'दी' अक्षर जोडीने कुरा प्रस्ट पार्नु भएको छ। यसरी संस्कृत भाषाको नाम शब्द 'दरद' को मगर रूप 'दरौँदी' रहेको कुरा प्रस्ट हुन्छ। दरौँदी गण्डकीको यस प्रस्रवण क्षेत्रमा मगरहरूको मूल बसोबास स्थल देखिएकोले दशौँ शताब्दीमा दरद नामले प्रसिद्ध यस नदीको पछिल्लो प्रचलित नाम दरौँदी हो। यस दरौँदी वा दरद नदी र गण्डकी नदीको नामबाट यस देशको नाम दरदगण्डकी देश रहन गएको कुरा प्रमाणित हुन्छ। यो दरौँदी नदी गण्डकी नदीको एक सहायक नदीको रूपमा नेपालबाट उत्पत्ति भएर नेपाल भित्रै गण्डकी नदीमा मिसिएर सप्तगण्डकी वा नारायणी नदीको रूपमा नेपालभित्र र गण्डक नदीको नामले भारतभित्र बग्दै बिहारको सोनपुर हरिहर क्षेत्रमा गंगा नदीमा मिसिन्छ । भारतमा चम्पारणदेखि गोरखपुरसम्म ४२ वटा विषयहरू रहेको यस दरदगण्डकी देशको ताम्रपत्र अभिलेखहरूका साथै मुद्रा लगायतका अन्य सामग्रीहरू समेत पाइएका छन् । तर जुन दरद वा दरौँदी नदीको नामबाट यस देशको नाम रहन गएको हो। त्यहाँ कुनै पनि ऐतिहासिक सामग्री उपलब्ध नहुनु एक आश्चर्यको विषय भएको छ। वास्तवमा हेर्ने हो भने वागमती सभ्यताको इतिहासले कौशिक, गण्डक र कर्णाली सभ्यताको इतिहासलाई ओफेलमा पारेको छ। यस दरदगण्डकी देशका अभिलेखहरू नेपालमा नपाइएका होइनन्, केहि मात्रामा अवश्य पाइएका छन् । तर नेपाली लगायतका देशीविदेशी इतिहासकारहरूले यसलाई केन्द्रको नेपाल उपत्यकाका आन्तरिक गृहकलहमा अल्फेका राजाहरूका अधीनमा रहेको भनी देखाउन खोजेका छन् । जस्तैः मंग्वरविषय, धवलस्रोतपुर विषय, गण्डीगुल्मविषय, पञ्चावतदेशविषय आदि ४२ वटा विषयहरू रहेको यस देशको विभिन्न विषयका तत्कालीन विषयाधिपति सामन्तहरूका ताम्रपत्रहरू नेपालमा पनि पाइएका छन् । कुनैमा राजाको नाम लेखिएको छ त कुनैमा मात्र सामन्तको नाम लेखिएको पाइन्छ।

अतः यो दरौँदीगण्डकी देश दशौँ शताब्दीदेखि बारहौँ शताब्दीको पुर्वार्द्धसम्म अस्तित्वमा रहेको, गण्डकी नदीको प्रस्रवण क्षेत्रमा कायम भएको, यस देशका राजाहरूको वंशावली डी.सी. सरकार र कीलहा'र्न दुवै जनाले प्रकाशित गरेका

छन् । हालको पोखरा शहर बसेको स्थललाई कीर्तिपालको अभिलेखमा सौम्यसिन्धु उत्तरसमुद्र भनी उल्लेख गरिएको कुरा कीलहा'र्नको यस भनाइबाट पनि पुष्टि हुन्छ, "I have not found hitherto any reference to the king or chiefs of Uttarsamudra and unable to locate their principality. Apparently it must have been somewhere between the Gogra and Gandak and Nepal". (F.Kielhorn, 1981, p.93-94).

माथिको कीलहा'र्नको भनाइबाट स्पष्ट हुन्छ कि उनले उत्तरसमुद्रको भारतमा खोजी गर्दा फेला पार्न सकेका थिएनन् । त्यसैले उनले यो उत्तरसमुद्र वा सौम्यसिन्धु नेपालमा हुनसक्ने शंका व्यक्त गरेका छन् । यस दरौँदीगण्डकी देशको इतिहास पल्टाउँदा वागमती सभ्यताको नेपालको इतिहासभन्दा यस देशको इतिहास कम गौरवपुर्ण छैन । पुराणहरूमा उल्लेखित जरासन्ध र कृष्णबिचको युद्धमा यस दरद देशका राजा जरासन्धको पक्षमा लडेर युद्धमा शहादत प्राप्त गरेको विवरण महाभारतको द्रोणपर्वको अध्याय ७० श्लोक ११ मा उल्लेख गरिएको छ । त्यसैगरी महाभारतको उद्योग पर्वको अध्याय ४ को पन्ध्रौँ श्लोकमा पाण्डवहरूले दरदहरूलाई युद्धमा आफ्नो पक्षमा भाग लिन आमन्त्रित गरेको प्रसंग पाइन्छ । तर दरद देशका योद्धाहरू दुर्योधनको सेनामा रहेको प्रसंग भीष्म पर्वको एकाउन्नौँ अध्यायको सोरहौँ श्लोकमा रहेको छ । यस दरद राज्यको भौगोलिक अवस्थिति सम्बन्धमा भारतीय इतिहासकार रघुनाथ सिंहका अनुसार परस्पर विरोधि मतहरूको उल्लेख भएको पाइन्छ । तर एउटा कुरामा सबै एकमत छन् । उनीहरू पर्वतीय जाति थिए । उनको निवासस्थान भारतको उत्तर-पश्चिम सीमान्तमा थियो (सिंह, सन् १९६९, पृ. १२५) । तर सिंह आफैं सोही पुस्तकको पृष्ठ १२४ मा यस भनाइको खण्डन गर्दै लेखेका छन् । यस देशको जुन भौगोलिक अवस्थिति महाभारतमा दिइएको छ । त्यो आज पनि पाइन्छ । यसलाई पुर्वोत्तर दिशाको देश भनिएको छ (ऐजन १२४) ।

यस दरद देश, दर्दुर पर्वत र दरद जातिको खोजी गर्दा हस्तिनापुरको पुर्वोत्तरमा अवस्थित नेपालको लमजुङ जिल्लामा रहेका दरद वा दरौँदी नदी प्रस्रवण क्षेत्रको पश्चिमी भूभागमा अवस्थित दुरा डाँडामा बसोबास गर्ने पर्वतीय दुरा जातिका मानिसहरू आफ्नो अस्तित्वका लागि संघर्षरत देखिन्छ । यसरी विष्णु पुराणमा वर्णित दर्दुर पर्वतकै अपभ्रंश रूप दुरा डाँडा र दरद जातिको परिवर्तित रूप दुरा जातिको रूपमा रहेको देखिन्छ । यसप्रकार माथि उल्लेखित दरदगण्डकी देश र दरद जाति वर्तमान नेपालको भौगोलिक क्षेत्रबाट महाभारत युद्धमा कोशी क्षेत्रका किराँतहरू, वागमती क्षेत्रका आभीरहरू, दरौँदीगण्डकी क्षेत्रका दरददेशका राजा र कर्णाली क्षेत्रका खाशीर वा खस राजाहरू दुर्योधनको पक्षमा युद्धमा भाग लिएको प्रसंग पाइन्छ । अतः गण्डकी सभ्यताको गौरवमय इतिहास पौराणिककालदेखि बारहौँ शताब्दीसम्म उज्ज्वल रहेको देखिन्छ । प्राचीन हिन्दु धर्मग्रन्थहरू महाभारत, पुराणहरूमा वर्णन गरिएका यस दरद देशका विभिन्न ताम्रपत्र अभिलेख, मुद्राहरू लखनउ, गोरखपुर र पटना संग्रहालयहरूमा सुरक्षित रहे पनि त्यस देशको इतिहास अलपत्र रहेको छ । प्राचीन दरद जातिदेखि मंगोलियन मूलका थारु, मगर, गुरुङ, तामाङ, आदिका साथै कर्णाली सभ्यताका खसहरू, वागमती सभ्यताका नेवारहरू र मधेसी मूलका मानिसहरूको मिश्रित बस्तीले प्राचीन गण्डकी सभ्यताको स्थानमा मंगोलियन, खस र नेवारहरूको मिश्रणबाट संयुक्त रूपमा गोर्खाली र नेपाली पहिचान कायम गरी वर्तमान विश्व सामु प्राचीन पर्वतीय लडाकुको रूपमा परिचित दरद जातिहरूले नयाँ गोर्खाली वीरताको पहिचान बोकेको छ । गण्डकी सभ्यताको पुर्वमध्यकालीन उत्तराधिकारीको रूपमा दशौँ शताब्दीदेखि बारहौँ शताब्दीसम्म अस्तित्वमा रहेका यस दरौँदीगण्डकी देशको इतिहासतर्फ नेपाली र भारतीय इतिहासकारहरूले खासै चासो नदेखाएकाले गण्डकी सभ्यताको इतिहास ओझेलमा पर्न गएको छ । अतः यस अध्ययनले गण्डकी सभ्यताको प्राचीन इतिहासहरूको खोजी गर्दै पूर्वमध्यकालमा अस्तित्वमा आएका दरौँदीगण्डकी क्षेत्रको इतिहासमाथि प्रकाश पार्नेछ । हाल नेपालीको पर्याय बनेको गोर्खाली शब्द यसै गण्डकी सभ्यताको उपज गोर्खा राज्यको देन हो । तर मध्यकालमा गोर्खाराज्य अस्तित्वमा आउनुअघि पूर्वमध्यकालमा यस क्षेत्रमा अस्तित्वमा आएका दरदगण्डकी देश हाल नेपाल र भारतमा विभाजित भई यस देशका त्यसबेलाका ४२ वटा विषयहरूमध्ये केही नेपालमा त केही भारतको अधिनमा रहन गएकाले यो क्षेत्र उपेक्षित

हुन गएको हो । यद्यपि यस गण्डकीसभ्यताका भूमिपुत्र गौतम बुद्धको जन्मस्थलका लागि दुवै देशबिच तँछाडमछाड भइरहेको कुरा सहजै देख्न सकिन्छ ।

यस अध्ययनको मूल उद्देश्य दरदगण्डकी देशको पौराणिक पहिचानको खोजी गर्दै पूर्वमध्यकालमा अस्तित्वमा आएका दरद (दरौँदी) गण्डकी देशको इतिहासमाथि प्रकाश पार्नु हो । यस अध्ययनमा मूलतः प्राचीन दरद देश, दरद जातिको खोजी गर्दै पूर्वमध्यकालका दरौँदीगण्डकी देश र प्राचीन दरद देश बिचको सम्बन्ध केलाउने प्रयास गरिएको छ ।

## अध्ययन विधि

यो नेपालको पूर्वमध्यकालको इतिहाससित सम्बन्धित एक ऐतिहासिक अनुसन्धान भएकोले यसका लागि ऐतिहासिक अनुसन्धानका विधिहरू प्रयोग गरिएको छ । यस अनुसन्धानात्मक कार्यमा प्राथमिक स्रोतको रूपमा लखनउ र पटना संग्रहालयहरूमा रहेका दरदगण्डकी देशका ताम्रपत्र अभिलेखहरू, महाभारत र पुराण लगायतका धार्मिक ग्रन्थहरूमा उल्लेखित विवरणहरूलाई प्रयोग गरिएको छ । त्यसैगरी सहायक स्रोतको रूपमा नेपाली तथा भारतीय विद्वानहरूले प्रकाशित गरेका यस दरद र दरदगण्डकी देशसित सम्बन्धित सामग्रीहरूलाई प्रयोग गरिएको छ । यसका लागि गुणात्मक अनुसन्धानका पुस्तकालयीय विधि, आधुनिक सूचना र सञ्चार प्रविधि, ईन्टरनेटको प्रयोग गरी विभिन्न वेवसाइटहरूमा राखिएका सम्बन्धित सामग्रीहरूको अध्ययन गरी तथ्य र तथ्याङ्कहरू संकलन गरिएको छ ।

## अध्ययनको विश्लेषण

यो एक ऐतिहासिक अनुसन्धान भएकोले यसमा गण्डकी सभ्यता र दरौँदीगण्डकी देशसित सम्बन्धित तथ्य र तथ्याङ्कहरूलाई समय, ऐतिहासिक पात्र, घटना र त्यसको ऐतिहासिक प्रभावहरूको आधारमा वर्णनात्मक विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । महाभारत, पुराणहरू र ऐतिहासिक अभिलेखहरूमा उल्लेखित दरद जाति, दरद देश र दरदगण्डकी देश तथा वर्तमान नेपालको दरौंदी र गण्डकी नदी प्रस्रवण क्षेत्रबाट पाइएका ताम्रपत्रहरू, त्यहाँका दुरा जाति, दुरा डाँडा एवम् ताम्रपत्रमा उल्लेखित सौम्यसिन्धु (उत्तरसमुद्र) सित पोखरा उपत्यकाको धरातलीय स्वरूपको वर्णनात्मक विधिद्वारा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## प्राचीन दरद देश र दरद जाति

प्राचीन पौराणिक धार्मिक ग्रन्थहरूका साथै पूर्वमध्यकालीन ऐतिहासिक ग्रन्थहरू कल्हणको राजतरंगीणी, अलबेरुनीको भारत आदि ऐतिहासिक स्रोतहरूमा पहाडी लडाकु जातिका रूपमा दरद जाति र पहाडी मूलुकका रूपमा दरद देशलाई उल्लेख गरिएका विवरणहरू पाइन्छन् । महाभारतको सभापर्व, भीष्मपर्व, द्रोणपर्व, हरिवंश पुराणको कृष्ण-जरासन्ध युद्धको प्रसंगका साथै मत्स्यपुराण, बाराह पुराणहरूमा खस, किराँत, कम्बोजहरूका साथै दरद देश र दरद जातिका प्रसङ्गहरू उल्लेख गरिएका छन् । बामन पुराणको तेरहौँ अध्यायको पन्ध्रौँदेखि अठारौँ श्लोकसम्म भारतवर्षको पर्वतहरूको वर्णन गर्ने क्रममा दर्दुराचल पर्वतको यसप्रकार उल्लेख गरिएको पाइन्छ ।

"तथान्ये शतसहस्रा भूधरा मध्यवासिनः ।<br>
विस्तारोच्छायिणो रम्या विपुलाः शुभसानवः ॥१५॥<br>
कोलाहलः स वैभ्राजोमन्दरो दर्दुराचलः ।<br>
वातंधामो वैद्युतश्च मैनाकः सरसस्तथा ॥१६॥<br>
तुङ्गप्रस्थो नागगिरिस्तथा गोवर्धनाचलः

उज्जायनः पुष्पगिरिरर्वुदो रैवतस्तथा ॥१७॥
ऋष्यमूकः सगोमन्तश्चित्रकूटः कृतस्मरः ।
श्रीपर्वतः कोङ्कणाश्च शतशोऽन्येऽपि पर्वताः ॥१८॥"

(पोद्दार, सन् २०१६, पृ. ६७)

श्लोकमा बताइए अनुसार यसको मध्यमा अन्य लाखौं पर्वतहरू छन्, जुन अत्यन्त विस्तृत उतुङ्ग (अग्लो), रम्य (रमाइलो) एवम् सुन्दर शिखरहरूले सुशोभित छन् । यहाँ कोलाहल, वैभ्राज, मन्दरगिरि, दर्दुराचल, वातंधम, वैद्युत, मैनाक, सरस, तुङ्गप्रस्थ, नागगिरि, गोवर्धन, उज्जायन, पुष्पगिरि, अर्बुद, रैवत, ऋष्यमूक, गोमन्त, चित्रकुट, कृतस्मर, श्रीपर्वत, कोङ्कण तथा अन्य सयौँ पर्वतहरू विराजमान छन् ।

त्यसैगरी महाभारतको सभापर्वको दशौँ अध्यायको तीसौँ एकतीसौँ श्लोकमा पनि दर्दुर पर्वतको उल्लेख गरिएको छ।

"हिमवान परियात्रश्च विन्ध्यकेलासमन्दराः ।
मलयो दर्दुरश्चैव महेन्द्रो गन्धमादनः ॥३०॥
इन्द्रकील सुनाभश्च तथा दिव्यो च पर्वतौ ।
एते चान्ये च बहवः स मेरूपुरोगमा ः ॥३१॥"

(शर्मा, सन् १९१७, पृ. ५६)

श्लोकमा बताइए अनुसार हिमालय, परियात्र, विन्ध्य, कैलाश, मन्दर, मलय, दर्दुर, महेन्द्र, गंधमादन, इन्द्रकील र सुनाभ, दुई दिव्य पर्वतहरू तथा मेरु आदि अरु अनेकौँ पर्वतहरू मूर्तिमान भएर धनपति महात्मा कुबेरको उपासना गर्दछन् ।

यसप्रकार वामन पुराण र महाभारतको सभापर्वमा दर्दुराचल पर्वतको वर्णन गरिएको पाइन्छ । यस सम्बन्धमा भारतीय इतिहासकार रघुनाथ सिंह आफ्नो विचार यसरी व्यक्त गरेका छन् । दरदहरू दरद अथवा दर्दुर पर्वतमालामा बस्दथे । त्यसकारण उनीहरूको नाम दरद रहन गयो । यी स्थानहरू दरदहरूका बासस्थान भएकोले पर्वतमालाहरूका नाम दरद हुन सक्छन् (सिंह, सन् १९६९, पृ. १२५) । यसरी महाभारत र पुराणहरूमा उल्लेख गरिएका दर्दुर पर्वतका बासिन्दाका रूपमा रहेका दरद जातिका मानिसहरूको दरददेश हस्तिनापुरभन्दा पूर्वोत्तरमा र मगधको उत्तरी भागमा रहेको कुरा पद्मपुराण, बामन पुराण, हरिवंश पुराण र महाभारतको भीष्मपर्वमा उल्लेख गरिएको पाइन्छ । पद्मपुराणको स्वर्गखण्डको छैठौँ अध्यायको ६२ औँ श्लोकदेखि ६५ औँ श्लोकसम्म स्पष्ट रूपमा भारतको पूर्वोत्तर पहाडी भूभागका बासिन्दा र देशहरूको वर्णन यसप्रकार गरिएको छ ।

"क्षत्रियोपनिवेशाश्चवैश्य शूद्रकुलानिच ।
शूराभिराश्चदरदाः काश्मीराः पशुभिः सह ॥६२॥
खाण्डिकाश्चतुषाराश्च पद्मगागिरिगव्हराः ।
आद्रेयाः सभिरादाजास्तथैवस्तनपोषकाः ॥६३॥
द्रोषकाश्चकलिगाश्चकिराँतानांचजातयः ।
तोमराहन्यमानाश्चतथैवकरभञ्जकाः ॥६४॥
एतेचान्ये जनपदाः प्राच्योदीच्यास्तथैव च ।
उद्देश्यमात्रेणमयादेशाः संकीर्तिताद्विजाः ॥
यथागुणबलंचापित्रिवर्गस्यमहाफलम ॥६५॥"

(पद्मपुराण, पेज १२९०ः संस्कृतपुस्तकालय डटकम)

“यसका अतिरिक्त क्षत्रियहरूका पनि थुप्रै उपनिवेशहरू छन् । वैश्य र शूद्रहरूका पनि स्थानहरू रहेका छन् । शूरवीर आभीर, दरद तथा काश्मीर जातिका मानिसहरू आफ्ना पशुहरूका साथ बस्दछन् । खाण्डिक, तुषार, पद्माव, गिरिगव्हर, आत्रेय, भारद्वाज, स्तनपोषक, द्रोषक र कलिङ्ग यिनीहरू किराँतका जातिहरू हुन् । यिनीहरूका नामले छुट्टाछुट्टै जनपदहरू रहेका छन् । तोमर, हन्यमान र करभञ्जक आदि अन्य थुप्रै जनपदहरू छन् । यी पूर्वोउत्तरका जनपदहरू भए । ब्राह्मणहरू । यसप्रकार संक्षेपमा मैले सबै देशहरूका परिचय दिएँ । यस अध्यायको पाठ र श्रवण त्रिवर्ग (धर्म, अर्थ र काम) रूप महान फल प्रदान गर्नेवाला छन्” (गोयन्दका, सन २००२, पृ. ३३४) । यसैगरी भारतको उत्तरी भागको पहाडी क्षेत्रमा बसोबास गर्ने मानिसहरूको वर्णन गरिएको वामन पुराणको तेरहौँ अध्यायको ३९ औँ श्लोकदेखि ४३ औँ श्लोकसम्मको विभिन्न जातजातिहरूको वर्णन गर्ने क्रममा दरद जातिको पनि उल्लेख गरिएको पाइन्छ

“क्षत्रियाः प्रातिवैश्याश्च वैश्यशूद्रकुलानि च ॥३९॥
काम्बोजा दरदाश्चैव बर्वरा ह्याङ्गलौकिकाः ।
चीनाश्चैव तुषाराश्च बहुधा बाह्यतोदराः ॥४०॥
आत्रेयाः सभरद्वाजाः प्रस्थलाश्च दशेरकाः ।
लम्पकास्तावका रामाः शूलिकास्तङ्गणैः सह ॥४१॥
औरसाश्चालिभद्राश्च किराँतानां च जातयः ।
तामसाः ऋसमासाश्च सुपार्श्वाः पुण्ड्रकास्तथा ॥४२॥
कुलूताः कुहुका ऊर्णास्तूणीपादाः सकुक्कुटाः ।
माण्डव्या मालवीयाश्च उत्तरापथवासिनः ॥
(पोद्दार, सन् २०१६, पृ. ६७)

“क्षत्रिय, प्रातिवैश्य तथा वैश्य एवम् शूद्रहरूको कुल कम्बोज, दरद, बर्वर, अङ्गलौकिक, चीन, तुषार, बहुधा, बाह्यतोदर, आत्रेय, भरद्वाज, प्रस्थल, दशेरक, लम्पक, ताक्क, राम, शूलिक, तङ्गण, औरस, अलिभद्र, किराँतहरूका जाति, तामस, ऋसमास, सुपार्श्व, पुण्ड्रक, कुलूत, कुहुक, ऊर्ण, तूणीपाद, कुक्कुट, माण्डव्य एवम् मालवीय यी जातिहरू उत्तर भारतमा बसोबास गर्दछन्” । यसप्रकार पद्मपुराणमा पुर्वोत्तर दिशाका देशहरू अन्तर्गत वर्णन गरिएका दरद देशलाई बामन पुराणमा भारतको उत्तरतर्फको देश भनिएको छ । यसरी भारतको उत्तरतर्फको पहाडी भूभागमा अवस्थित दरद जाति र दरद देशसँग सम्बन्धित दर्दुर पर्वत भारतको पश्चिमोत्तर सीमान्त प्रान्तको हालको पाकिस्तानको दरदिस्तान नभई लमजुङको दुराडाँडा रहेको देखिन्छ । यसको पुष्टि माथि उल्लेखित महाभारतको भीष्मपर्वका साथै हरिवंश पुराणको कृष्ण-जरासन्ध युद्धको प्रसंगबाट पनि हुन्छ । हरिवंश पुराणको विष्णुपर्वको ४२ औँ अध्यायको सैंतीसौँ श्लोकमा जरासन्धको पक्षबाट पूर्व, पश्चिम र उत्तरतर्फबाट आक्रमण गर्ने राजाहरूको वर्णन पश्चात मगधका छिमेकी देशहरू पश्चिमका चेदीराज दमघोष र उत्तरका दरदराजको वर्णन यसप्रकार गरिएको छ ।

“अहं च दरदश्चैव चेदीराजश्च वीर्यवान ।
दक्षिणं शैलनिचयं दारयिष्याम दंशिताः ॥३७॥”
(पोद्दार, सन् २०१६, पृ. ४७५)

“म, दरदराज तथा पराक्रमी चेदीराज दमघोष कवच आदिबाट सुसज्जित भएर यस पर्वतको दक्षिणी भूभागमा आक्रमण गर्नेछु” । यसैगरी कृष्ण र जरासन्ध बिच भएको सो युद्धमा दरदराजको शहादतलाई उक्त पुराणको सोहीपर्वको ४३ औँ अध्यायको ५५ औँ श्लोकदेखि ६० औँ श्लोकसम्म यसप्रकार वर्णन गरिएको छ ।

"एवमुक्ते तु नृपतिर्दरदो नाम वीर्यवान ।
रामं हलाग्रोग्रभुजं प्रत्यात् सैन्यमध्यगम् ।।५५।।
बभाषे स तु ताम्राक्षमुक्षाणमिव सेवनी ।
एह्येहि राम युद्धस्व मया सार्द्धमरिंदम ।।५६।।
तद् युद्धमभवत् ताभ्यां रामस्य दरदस्य च ।
मृधे लोकवरिष्ठाभ्यां कुञ्जराभ्यामिवौजसा ।।५७।।
योजित्वा ततः स्कन्धे रामो दरदमाहवे ।
हलेन बलिनां श्रेष्ठो मुसलेनावपोथयत् ।।५८।।
स्वकायगतमूर्धा वै मूसलेनावपोथितः ।
पपात दरदो भूमौ दारिताद्धं इवाचलः ।।५९।।
रामेण निहते तस्मिन् दरदे राजसत्तमे ।
जरासन्धस्य राज्ञस्तु रामेणासीत् समागमः ।।६०।।
(पोद्दार, सन् २०१६, पृ. ४७५)

"श्रीकृष्णको भनाइपछि पराक्रमी राजा दरद सेनाको बिचमा उभिएर हलोको अग्रभाग झैं उग्र भुजा भएको बलरामको सामुन्ने आए । किसानहरूले गोरुसित कुरा गरे झैं रातो आँखा पारेका बलरामसित यसप्रकार भने, "शत्रुदमन राम ! आउ, आउ मसित युद्ध गर" । बलराम र दरद दुवैजना यस संसारका श्रेष्ठ वीरहरू थिए । युद्धस्थलमा दुवैजनाको बलपुर्वक सङ्ग्राम हुन थाल्यो, मानौँ दुई हाथीहरू आपसमा लडिरहेका छन् । त्यसपछि बलवानहरूमा श्रेष्ठ बलरामले युद्धस्थलमा दरदको काँधमा हलो फँसाएर त्यसलाई मुङरोले हानेर मारे । मुङरोले हानेपछि दरदको टाउको शरीरभित्रै पसे । विदीर्ण भएको पर्वत झैँ उनी पृथ्वीमाथि ढले । राजाहरूमा श्रेष्ठ दरद बलरामद्वारा मारिएपछि राजा जरासन्धसित उनको अत्यन्तै भयंकर रोमाञ्चकारी युद्ध हुन थाल्यो" ।

माथि उल्लेखित विवरणहरूबाट प्रस्ट हुन्छ कि दरद देश र दरद जातिका मानिसहरूको बसोबास हस्तिनापुरको पूर्वोत्तरमा रहेको र मगधको उत्तरमा रहेको थियो । तर भारतीय इतिहासकारहरू लगायत युरोपियन इतिहासकारहरूले पनि नेपालको दरद (दरौँदी) नदी, दर्दुर पर्वत (दुरा डाँडा) र दरद (दुरा) जाति तर्फ ध्यान नदिई पाकिस्तानको सिन्धु नदीको उपत्यकामा दरद देश खोज्ने प्रयास गरेको देखिन्छ । यहाँसम्म कि काश्मीर जस्तै पहाडी भूभाग रहेको यो दरद देशको उल्लेख कल्हणको राजतरंगीणीमा पनि यसलाई काश्मीरभन्दा पश्चिमको दर्दिस्तानमा देखाउने प्रयास गरेका छन् । तर कल्हणकै समयका यस दरद देशका तीनवटा ताम्रपत्रहरू पाइएका छन् । जसमा प्रस्ट रूपमा गण्डकी नदीसित जोडिएर दरदगण्डकी देश (मण्डल) भनी उल्लेख गरिएको पाइन्छ । तर पाकिस्तानमा हुनसक्ने दर्दिस्तान पर्वततर्फ दरद देशको उल्लेख भएको हालसम्म कुनै पनि ऐतिहासिक सामग्री रहेको कुरा मलाई थाहा छैन् । अतः दरद (दरौँदी) नदीको सभ्यताका बासिन्दाहरूलाई दरद (दुरा) जाति र दरदहरूको बसोबास भएको ठाउँलाई दर्दुर पर्वत (दुरा डाँडा) भनिएको देखिन्छ । जसको प्रत्यक्ष प्रमाणको रूपमा यस गण्डकी क्षेत्रमा रहेको मुस्ताङको प्राचीन मानव बसोबासको अवशेषहरूलाई लिन सकिन्छ । जहाँसम्म सिन्धु उपत्यकाको प्रश्न छ त सन् ११११ को दरदगण्डकी देशका राजा कीर्तिपालले हालको पोखरा शहर बसेको ठाउँ त्यसबेला पानी जमेको ठूलो दहको रूपमा रहेकोले त्यस ठाउँलाई आफ्नो अभिलेखमा सौम्युसिन्धु (उत्तरसमुद्र) भनी लेखेका छन् । अतः सिन्धु नदीको उपत्यका नभई दरौँदी नदीको नजिकको सौम्यसिन्धु उपत्यका (पोखरा) शहर रहेको प्रस्ट हुन्छ । कीर्तिपालको ताम्रपत्रमा सौम्यसिन्धुको उल्लेख यसप्रकार गरिएको छ ।

"निज भुजार्जित सौम्यसिन्धु राजाधिपत्य इह विक्रमपाल नामाय" (सन् ११११ को लखनउ सङ्ग्रहालयको ताम्रपत्र) ।

उक्त ताम्रपत्रको छैठौँ पङ्क्तिमा सौम्यसिन्धु भनी उल्लेख गरेका ठाउँलाई सोही ताम्रपत्रको बीसौँ पंक्तिमा उत्तरसमुद्र भनी उल्लेख गरका छन् ।

“उत्तरसमुद्राधिपत्य श्रीमद् विक्रमपालदेव चरणानुध्यात परमभट्टारक महाराजाधिराज परमेश्वर परममाहेश्वर क्रमागत उत्तरसमुद्राधिपत्य श्रीमद् कीर्तिपाल ददौ” (एपिग्राफिका इण्डिका, कीलहार्न, सन् १९८१, पृ. ९३-९४) । उक्त ताम्रपत्र अभिलेखमा उल्लेखित सौम्यसिन्धु (उत्तरसमुद्र) नेपालमा हुनसक्ने सम्भावना कीलहा‘र्नले पनि व्यक्त गरेका छन् ।

नेपाली भाषाको पोखरीलाई मैथिली भाषामा पोखैर र भोजपुरी भाषामा पोखरा भनिन्छ । यो पोखरा नाम भोजपुरी भाषाको पोखराबाट पनि बनेको हुनसक्छ । जति-जति दहको पानी सुक्दै गए । त्यति-त्यति बस्ती विस्तार हुँदै गएर हालसम्म पनि त्यहाँ पानी जमेको थुप्रै तालहरू देख्न सकिन्छ । त्यहाँ रहेका फेवा, रूपा, वेगनास आदि तालहरूले यसैतर्फ सङ्केत गर्नुका साथै काठमाडौँ वा मुस्ताङ जस्तै कुनै प्राचीन पुरातात्विक वस्तु फेला नपर्नुले पनि ईशाको बारहौँ शताब्दीसम्म यो सौम्यसिन्धु वा उत्तरसमुद्रको रूपमा रहेको कुराको पुष्टि गर्दछ । अतः सिन्धु उपत्यकाको दरद देश नभएर सौम्यसिन्धु उपत्यकाको दरदगण्डकी देशको उल्लेख कल्हणले राजतरंगीणीमा गरेका छन् । कल्हणले राजतरंगिणीको प्रथम तरंगमा राजा सुरेन्द्रको वर्णन गर्ने क्रममा यसप्रकार लेखेका छन् ।

दरददेश शान्तिके कृत्वा सोरकाख्यं स पत्तनम् ।
श्रीमान्विहारं विदधे नरेन्द्रभवनाभिधम् ।।९३ ।।

(शास्त्री, सन् १९६०, ०७)

“उनले दरद देश नजिक सोरकाख्य (सम्भवतः सुर्खेत) नाउँको पत्तन (शहर) बसालेर उक्त राजाले श्रीमानविहार नामको भवन बनाए” । हुनसक्छ सोरकाख्य (सुर्खेत) को काँक्रेबिहार एघारौँ शताब्दीका कल्हणभन्दा पहिलेका सुरेन्द्रले नै बनाएका हुन् कि ? किनभने सुर्खेत दरौँदी नदी र काश्मीरको बिचमा पर्छ ।

**नेपालको दरद (दरौँदी) क्षेत्रका दुरा डाँडा र दुरा जाति**

“दुराडाँडा वरपरका सिन्दुरे, चन्द्रेश्वर, नेटा, दुराडाँडा, पुरानकोट र धुसेनी सबैलाई दुराडाँडा भनिन्छ । दुराहरूको बसोबास भएको थलो भएकाले सबै गाउँलाई दुराडाँडा भन्ने गरिए पनि अहिले दुराडाँडाभित्र अनेकौं नामका गाउँहरू भएका छन्” (मसाल, के.बि., सन् २०२४ जुलाई ३१, अन्तरङ्ग न्यूज डटकम) । “दुराजातिको उद्गम वा मूल थलो नै लमजुङ हो भन्ने कुरामा बिमति नै छैन । यहाँको पनि दुराडाँडा क्षेत्रलाई दुराहरूको मूल थलो मानिन्छ । जिल्लाको खजेगाउँ, तुर्लुङकोट, भाँगु, मकैस्वाँरा, ठूलोस्वाँरा, कानेस्वाँरा, बाँसपानी, पाउँदीखोला (मिलनटोल), कोईराला फाँट, नेटा, कुन्छा, तान्द्राङटक्सार, वर्धने, हाँडीखोला, नास्के, लाङ्दी, सिस्ठानी, सम्ले, सानीस्वाँरा, भदौरे जस्ता प्रचीन बस्तीहरूमा दुराहरू बसोबास गर्दै आएका छन्” (किसान संगीत, सन् २०२५ नोभेम्बर ०४, ढोरपाटन न्यूज डटकम) । यसरी माथिका पत्रकारहरूले उल्लेख गरे अनुसार लमजुङ जिल्लाको दुराडाँडा क्षेत्रमा रहेका विभिन्न प्रचीन गाउँबस्तीहरूमा दुराजातिको पुरानो थातथलो रहेको देखिन्छ । प्राचीन हिन्दु धर्मग्रन्थहरूमा पनि दर्दुर पर्वतमा दरद जातिहरूको बस्ती भएको कुराको उल्लेख भएको हुँदा प्राचीन दर्दुरबाट अपभ्रंश भएर दुर हुँदै दुरा पर्वतबाट दुराडाँडा भएको देखिन्छ भने यस क्षेत्रका मूल बासिन्दाहरूलाई धार्मिकग्रन्थहरूमा दरद जाति भनिए झैँ दुराडाँडाका बासिन्दाहरूलाई दुरा जाति भनिएको पाइन्छ ।

नेपाल प्रज्ञाप्रतिष्ठानको वेबसाइटमा राखिएको प्रज्ञा नेपाली बृहत शब्दकोषमा दुराजातिलाई यसरी परिभाषित गरिएको छ । “लमजुङ जिल्लाको दुराडाँडामा बसोबास गर्ने, आफ्नै भाषासंस्कृति भएको नेपालको अल्पसङ्ख्यक एक जाति” (प्रज्ञा नेपाली बृहत शब्दकोष) । यस शब्दकोष अनुसार पनि दुराहरूका थातथलो दुराडाँडा नै रहेका देखिन्छन् । “दुरा जाति न होचा, न अग्ला, मोटो घाटो शरीर भएका, करीब मङ्गोल वर्ण भएका, सज्जन आनीबानी भएका, मिलनसार

समाजको एक जाति हो । यो जातिमा प्रायः रीस र आन्तरिक प्रतिशोधको भावना हुँदैन । यिनीहरूको जमात भोलेभाले हुन्छ। शारीरिक बनोट गुरुङ जातिको जस्तो हुन्छ। बोलिको लवजमा गुरुङ जातिकोसँग केही अंश मात्र मिलेर उनको आफ्नै पाराको वैशिष्ट्य झल्किन्छ। परम्परागत यो समाजको आफ्नै भाषा छ। तर आजकाल उक्त भाषा लोप हुँदै गइरहेको छ" (घिमिरे, सन् १९८५ जुलाई, प्राचीन नेपाल अङ्क ८६-८८, पृ. २५) । त्यसैगरी यामबहादुर दुरा लेख्दछन्, "गोलो अनुहार, थेप्चो नाक, तुलनात्मक रूपमा चिम्सो आँखा र होचो शरीर । दुरा जातिको शारीरिक रूपरेखा सामान्यतया यही हो । दुरा समुदाय नेपालका अल्पसङ्ख्यक जनजातिमध्ये एक पर्छन्" (दुरा, सन् २०१४ अप्रिल ९, दुराका कुरा ब्लगपोस्ट डटकम) । उनले पनि दुराजातिको मुख्य बस्ती लमजुङ हो भनी लेखेका छन् ।

यसप्रकार हिन्दु धार्मिकग्रन्थहरूमा उल्लेखित दर्दुर पर्वत दुराडाँडा र प्राचीन दरद जाति हालको दुरा जाति रहेको देखिन्छ ।

**दरद (दरौँदी) गण्डकीदेश (मण्डल) को परिचय**

माथि उल्लेखित पौराणिक दरद देश आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न सकेन । कहिले पूर्वको वागमती सभ्यताको नेपाल त कहिले कर्णाली सभ्यताको खस राज्य अन्तर्गत रहँदै प्राचीन दरद जातिका मानिसहरू हालको तामाङ, गुरुङ, थामी, मगर, थारु, जिरेल, सुरेलहरूसित मिसिएर आफ्नो अस्तित्व र पहिचानका लागि संघर्ष गर्दै लमजुङ जिल्लामा मात्र सीमित हुन पुगेका छन् । जस्तो कि यामबहादुर दुरा लेख्दछन्, "विगतमा गाउँका गाउँ दुराहरूले आफ्नो परिचय बदलेर अन्य जातिमा परिणत भएको प्रसङ्ग बुढापाकाहरूको मुखबाट प्रशस्त सुन्न पाइन्छ। विगतमा पाँच मोहर (दुई रूपैयाँ पचास पैसा) तिरेर दुराबाट गुरुङ बन्न पाउने प्रचलन रहेको थियो । यसरी परिचय बदल्ने दुराहरू आज पनि 'पाँच मोहरे गुरुङ' भनेर चिनिन्छन्" (ऐजन दुरा) । श्रीकृष्णको विरुद्ध जरासन्धको पक्षमा र पाण्डव विरुद्ध कौरवको पक्षमा लडने यी दरदहरू नेपालको प्राचीन जनजातिहरू रहेको प्रस्ट हुन्छ । नेपाल उपत्यकाको लिच्छवि राजा मानदेवले पाँचौ शताब्दीमा गण्डकी पारीका तराईतर्फका मल्लपुरीका सामन्तहरूलाई दबाएर पहाडतर्फ पनि आफ्नो प्रभाव विस्तार गर्न खोजेपछि यस दरदक्षेत्रमा लिच्छविहरूको प्रभाव बढन थाल्यो । तर लिच्छवि शासनको उत्तरार्द्धतिर पूर्वमध्यकालमा राजा शिवदेवको उदय हुनुपुर्व नेपाल दरबार आन्तरिक गृहकलहमा फँसेर द्वैधशासन पद्धति, संयुक्त शासन पद्धतिमा रुमल्लिएको देखिन्छ। यस कुराको पुष्टि ज्ञानमणि नेपालको यस भनाइबाट पनि हुन्छ। "वि.सं. ११३९-४० (सन् १०८३-८४) तिर शङ्करदेव परलोक भए। शङ्करदेव परलोक हुँदा यिनका छोरा नातिहरू भइसकेका थिए। छोरा शिवदेव २५/२६ वर्षका भइसकेका थिए तर उत्तराधिकारीका रूपमा शिवदेव गद्दीमा बसेनन् । अर्कै वंशका अर्थात पहिलेका राजा यशोदेवका छोरा वामदेव राजाको रूपमा गद्दीमा बसे । यसको १५/१६ वर्षपछि ८७ वर्षको उमेरमा एक शक्तिशाली भारदार परलोक भए। उनी पाटन यथोबहालका एक अत्यन्त शक्तिशाली नेपालका प्रख्यात महाप्रभु उभय राजकुल उद्धारण र धारण गर्न समर्थ थिए। यता शङ्करदेवपछि उनका छोरा राजा नभएर यशोदेवका छोरा गद्दीमा बस्नु, उता वरपाल भारोको विशेषणमा उभय राजकुललाई धारण गर्न समर्थ भन्नु आदि कुराले पनि त्यस मौकामा पनि उभय राजकुलको अस्तित्व सम्भवतः द्वैराज्यको व्यवस्था भएको भान कताकता हुन आउँछ" (नेपाल, सन् १९९८, पृ. ५९) । यसप्रकार सिमरौनगढमा सन् १०९७ मा राजा नान्यदेवको नृपतिको रूपमा गृहवास्तु भएको दुई वर्षपछि ने.सं. २१९ (सन् १०९९) मा शङ्करदेवका छोरा शिवदेव राजा हुनुभन्दा पूर्व नेपालको राजनीति आन्तरिक गृहकलहमा फँसेको देखिन्छ ।

त्यसबेला दक्षिणी छिमेकी काशिको कन्नौज राज्य र बङ्गालको पालवंशको शक्ति क्षीण भएपछि यस दरदगण्डकी मण्डलमा स्थानीय सामन्त शासकहरूका थुप्रै स-साना विषयहरू कायम भएका देखिन्छन् । यी विषयहरूका सम्बन्धमा नेपाल र भारतका तत्कालीन ऐतिहासिक स्रोतहरूका अध्ययन गर्दा दुवै देशभित्र यस्ता विषयहरू सम्बन्धि ऐतिहासिक पुरातात्विक

सामग्रीहरू पाइएका देखिन्छन् । तर इतिहासकारहरूले यस तर्फ खासै चासो देखाएको पाईंदैन । फाट्टफुट्ट रूपमा केहि इतिहासकारहरू धनबज्र बज्राचार्य, ज्ञानमणि नेपाल, सूर्य जि.सि., बमबहादुरहरूले नेपालतर्फबाट र डी.सी. सरकार, कीलहार्न, राधाकृष्ण चौधरी, जस्ता व्यक्तित्वहरूले भारततर्फबाट केहि कार्य गरेका देखिन्छन् । तर हालसम्म पनि यस दरदगण्डकी देशको इतिहास प्रकाशमा आएको छैन् । यस दरौँदीगण्डकी देशका राजाहरू जयादित्य द्वितीय, सुर्यादित्य र कीर्तिपालले जारी गरेका ताम्रपत्रहरूमा स्पष्ट रूपमा 'दरदगण्डकी मण्डले, बियालिसी विषये, द्विचत्वारी विषये' भनी उल्लेख गरिनुका साथै त्यस देशका प्रशासनिक अधिकारीहरू पनि उल्लेख गरिएका पाइन्छन् । ती विषयहरूका सम्बन्धमा धनबज्र बज्राचार्य लेख्नुहुन्छ, "मध्यकालको नेपालको इतिहास खुलस्त रूपमा जान्नका लागि माथि उल्लेखित गण्डीगुल्म, जिग्लोद्‌गम, पन्नग, मंग्वर, धवलस्रोतपुर, पञ्चावतदेश, उदयपुर, आदि प्रदेशहरूको खोजी गर्नु आवश्यक छ भन्ने स्पष्ट थाहा पाइन्छ" (बज्राचार्य, सन् २०१०, पृ. २०-२१) । त्यसैगरी इतिहासकार बमबहादुर अधिकारी लेख्नुहुन्छ, "त्यतिबेला काठमाडौं उपत्यका राजधानी र त्यस अन्तर्गतका क्षेत्रहरूलाई विषय भनिन्थ्यो । ती सबै समावेश भएका नेपाल मण्डल अन्तर्गत हालसम्म प्राप्त भएका १३ वटा विषयहरूको जानकारी पाइएको छ" (अधिकारी, सन् २०१३, पृ. ७१) । इतिहासकार ज्ञानमणि नेपालको शब्दमा "नेपालमण्डलभित्र पूर्व-पश्चिमका धेरै विषय (जिल्ला) हरू सम्मिलित थिए । तिनमा विषयपति र राणक सामन्त राजाहरू शासन गर्दथे । केन्द्रको मूल गद्दीलाई मानेर यिनीहरूले स्वायत्त शासन चलाउँथे । लिच्छविकालमा धेरै सामन्त शासकको नाम हामीले देखेका छौं । चर्चित समयमा ती सामन्त शासकहरू नेपालमण्डलभित्र पर्ने पूर्व, पश्चिम, दक्षिणका विषयहरूमा पुस्तैनी शासक भएर रहेका थिए । काठमाडौं दून सोभै केन्द्रबाट शासित थियो" (नेपाल, सन् १९९८, पृ. २९) ।

यसप्रकार नेपाली इतिहासकारहरूले दरौँदीगण्डकी मण्डल अन्तर्गत रहेका विषयहरूका उल्लेख गरेपनि यस दरद वा दरौँदी र गण्डकी नदीको नामबाट बनेको दरदगण्डकी मण्डलको कहिँकत्तै कुनै उल्लेख गरेका छैनन् । बरु त्यसलाई नेपाल मण्डल अन्तर्गतको विषयको रूपमा देखाउन खोजेका छन् । जबकी दरौँदी नदी नेपालबाटै उत्पत्ति भएर नेपालभित्रै सप्तगण्डकी नदीमा मिसिन्छ, भने गण्डकी नदी पनि नेपालभित्रै आफ्ना सातवटा सहायक नदीहरूलाई आफुभित्र समाहित गरी सप्तगण्डकीको नयाँ रूप लिन्छन् । यसरी प्रस्ट रूपमा नेपालभित्रै नवौँ शताब्दीको उत्तरार्द्धदेखि बारहौँ शताब्दीको पूर्वार्द्धसम्म अस्तित्वमा रहेको, नेपालका दरौँदीगण्डकी प्रस्रवण क्षेत्रका साथै भारतको बिहार र उत्तर प्रदेशको गण्डकी किनारका क्षेत्रहरूमा आफ्नो अधिकार कायम गरी शासन चलाएका दरौँदीगण्डकी देशको अस्तित्वलाई कुनै पनि नेपाली इतिहासकारहरूले स्वीकार गरेको देखिँदैन । भारतीय इतिहासकारहरूले पनि यसलाई कन्नौजको वर्मनवंश र गुर्जर प्रतिहारवंश अन्तर्गतको सामन्त राज्यको रूपमा देखाउन खोजेका छन् । तर पञ्चावत (हालको चितवन जिल्लाको पञ्चा नदी किनारको वाल्मीकि आश्रम रहेको ठाउँ) लाई देशविषय (देशको राजधानी) बनाएर बसेका दरौँदी गण्डकी देशको इतिहास ओभेलमा पर्न गएकोले नेपालको यस कालखण्डको गण्डकी सभ्यताको इतिहास नै अन्धकारमा डुब्न गएको छ ।

**दरौँदी गण्डकी देश र राजा सुर्यादित्य**

यस दरौँदी गण्डकी देशबाट जारी गरिएका तीनवटा ताम्रपत्रहरू भारतीय पुरातत्व विभागको जरनल एपिग्राफिका इण्डिकाको अङ्क ७ र अङ्क ३५ मा प्रकाशित गरिएका छन् । यी तीनै ताम्रपत्रहरूमध्ये सन् १०२० र १०२६ का दुईवटा ताम्रपत्रहरू राजा सूर्यादित्यबाट जारी गरिएका छन् भने सन् ११११ को एउटा ताम्रपत्र राजा कीर्तिपालद्वारा जारी गरिएका छन् । राजा जयादित्य द्वितीयद्वारा जारी गरिएका सन् ८७० को ताम्रपत्र भारतको गोरखपुर जिल्लाको गुरमह नामक स्थानबाट पाइएको छ । यसका साथै दरौँदी गण्डकी देशका अन्य ताम्रपत्रहरूका आधारमा पुरातत्वविद डी.सी. सरकारले राजा सूर्यादित्यको सात पुस्ताको वंशावली एपिग्राफिका एण्डिकाको अङ्क ३५ मा प्रकाशित गरेका छन् । राजा सूर्यादित्यका सन् १०२० र १०२६ का दुवै ताम्रपत्रहरू बिहारको पटना डिविजनका तत्कालीन कमिशनर मि. एस. भी. सोहनीबाट

डी.सी. सरकारले सन् १९६० को अगस्तमा प्राप्त गरी कपि गरेका थिए। मि. सोहनीले सो ताम्रपत्र उत्तर बिहारको चम्पारण जिल्लाको बगहा पुलिस स्टेशनबाट नियन्त्रणमा लिएका थिए। यस दरौँदी गण्डकी देशको तेस्रो ताम्रपत्र सन् ११११ को राजा कीर्तिपालको रहेको छ। यस ताम्रपत्र सम्बन्धमा कीलहार्नले आफ्नो विचार यसरी लेखेका छन्। यो ताम्रपत्र संयुक्त प्रान्तको गोरखपुर जिल्लाको भाटपारको मेलामा बेच्न ल्याइएका थिए र एक सोनार कहाँ बेचिएका थिए। Dr. W. ज्यभथ ले यो कुरा थाहा पाएर ताम्रपत्र खोज्दै गएर अर्को जिल्लाबाट प्राप्त गरेर सन् १८९८ को सेप्टेम्बरमा लखनउको प्रादेशिक सङ्ग्रहालयमा जम्मा गरे। Late Mr. E. W. Smith द्वारा Dr. Hultzsch लाई पठाइएको यो ताम्रपत्र मैले सम्पादन गरी प्रकाशित गरेको छु (Kielhorn, 1902/03, Epigraphica Indica Vol-7 page 93)।

यसरी सन् १०२० र १०२६ का दुवै ताम्रपत्रहरू राजा सूर्यादित्यका हुन् भने सन् ११११ को एउटा ताम्रपत्र राजा कीर्तिपालको रहेको छ। लगभग १०० वर्षको अन्तरालमा पाइएका ताम्रपत्रहरू दुई फरक राजवंशहरूका रहेका देखिन्छन्। यी ताम्रपत्रहरूले राजा सूर्यादित्यपछि कीर्तिपालका पूर्वज विक्रमपालदेवले सूर्यवंशी मलयकेतुका वंशजहरूलाई पराजित गरी सावर्णी राजवंशको शासन स्थापना गरेको देखिन्छ। यस दरौँदी गण्डकी देशका सूर्यवंशी राजा सूर्यादित्यको वंश परिचय सन् ८७० को जयादित्य द्वितीयको गुरमह ताम्रपत्र र सूर्यादित्यको बगहा ताम्रपत्रको आधारमा डी.सी. सरकारले यसप्रकार दिएका छन्। दुवै ताम्रपत्रहरू राजा सूर्यादित्यद्वारा जारी गरिएका छन्। जसमा उनले आफुलाई 'परमभट्टारक महाराजधिराज परमेश्वर' भनेका छन्। राजा सूर्यादित्य सूर्यवंशी राजा मलयकेतुद्वारा स्थापित राजवंशमा जन्मिएका हेलबाराहका नाति र हंसराजका छोरा थिए। दुवै दानपत्रहरू मध्ये पहिलो सन् १०२० र दोस्रो सन् १०२६ को रहेको छ। उनले अगाडि यस वंशको वंशवृक्ष पनि दिएका छन्।

मलयकेतु
।
जयादित्य प्रथम(राजा) + योग(रानी)
।
धर्मादित्य(राजा) + चन्द्र(रानी)
।
जयादित्य द्वितीय (विजयपुरबाट जारी गरिएको सन् ८७० को एउटा दानपत्र प्राप्त भएको छ)
।
हेलबाराह
।
हंसराज
।
सूर्यादित्य (दानपत्र सन् १०२० र १०२६ को प्राप्त भएको छ)।
(डी.सी. सरकार, एपिग्राफिका इण्डिका, भोल्युम ३५, सन् १९६६ : पेज १३० र १३१)।

यसप्रकार दरौँदी गण्डकी देशका सूर्यवंशी राजा मलयकेतुदेखि राजा सूर्यादित्यसम्मका सात पुस्ताका वंशावली डी.सी. सरकारले दिएका छन्। राजा सुर्यादित्यपछि कुनै समयमा सावर्णी वंशका राजा विक्रमपालदेवले उत्तरसमुद्रमा सूर्यवंशी राजालाई पराजित गरी आफ्नो आधिपत्य कायम गरेको कुरा सन् ११११ को ताम्रपत्रबाट प्रस्ट हुन्छ।

### दरौँदी गण्डकी देश र राजा कीर्तिपाल

सन् १०२६ को ताम्रपत्रपछि एकैपल्ट सन् ११११ को यस देशका राजा कीर्तिपालको ताम्रपत्र पाइएको छ । यस ताम्रपत्रमा दिइएको विवरण अनुसार पृथ्वीका गहना समान सावर्णी वंशका राजा भुवनपालका छोरा विक्रमपालदेवले आफ्नो बाहुबलले सौम्यसिन्धु (उत्तरसमुद्र) माथि अधिकार गरे । त्यस उत्तरसमुद्रको उत्तराधिकारी विक्रमपालदेवका छोरा कीर्तिपाल भए । राजा कीर्तिपालदेवले भगवान नारायण (विष्णु) को पुजाको अवसरमा दरद (दरौंदी) गण्डकी देश अन्तर्गतका बियालिसी विषयहरूमध्ये ससोर (सेनकालीन तनहुँको राजधानी सुर) विषय अन्तर्गतका दम्बौली (हालको दमौली) गाउँ र शोथा विषय अन्तर्गतका विकर गाउँ श्रावस्ती विषय अन्तर्गतका दविरामकुल गाउँ अन्तर्गतको भट्ट गाउँका निवासी पण्डित केशवका नाति पण्डित विश्वरूपका छोरा गौतम गोत्रका ब्राह्मण ठक्कुर प्रहसित श्रमणलाई दान दिएको विवरण उल्लेख गरिएको छ। त्यसपछि सन् ११४६ को गोविन्दचन्द्र गाहडवालको गोरखपुर जिल्लाको लार गाउँबाट प्राप्त ताम्रपत्र अनुसार गोविन्दचन्द्रले यस दरदगण्डकी देशको राजाको राजधानीमाथि अधिकार गरी यसलाई कन्नौजमा एकीकृत गरेका थिए । यस सन्दर्भमा विशुद्धानन्द पाठक लेख्दछन्, "सन् ११११ को गोरखपुर जिल्लाबाट प्राप्त ताम्रपत्रमा कीर्तिपाल नाउँको एक अन्य व्यक्तिलाई दरदगण्डकी देशको  राजा भनिएको छ। उनका केहि  सिक्काहरू समेत प्राप्त पाइएका छन् । तर त्यसबाट न त उनको वंशको विषयमा कुनै जानकारी पाइन्छ न त कुनै अभिलेख नै पाइएको छ। सम्भवतः गोविन्दचन्द्रले सन् ११११ देखि १११४ को बिचमा कुनै बेला उनलाई पराजित गरेका थिए" (पाठक, सन् १९७७, पृ. ३५४) । यसैगरी राव एण्ड राव लेख्दछन्, "यहाँ हाम्रो ध्यान सन ११११ को गोरखपुर जिल्लाबाट प्राप्त कीर्तिपाल नामको शासकको अभिलेखतर्फ आकृष्ट हुन्छ, जसलाई दरदगण्डकी देशको राजा बताइएको छ। कीर्तिपालका केहि सिक्काहरू पनि पाइएका छन् । तर त्यसबाट न त उनको वंशकै बारेमा जानकारी पाइन्छ न त उनको अन्य कुनै अभिलेख नै प्राप्त भएका छन् । अनुमान व्यक्त गरिन्छ कि सन् ११११ देखि १११४ को बिचमा कुनैबेला गोविन्दचन्द्रले कीर्तिपाललाई पराजित गरी आफ्नो राज्यको सीमा गण्डकी नदीसम्म विस्तार गरेका थिए"  (राव एण्ड राव, सन् २००३, पृ. ३५७) ।

यसप्रकार दरौँदी गण्डकी देशका सूर्यवंशी राजा सूर्यादित्यबाट सावर्णी वंशका भुवनपालले सत्ता प्रप्त गरेपछि उनका उनका छोरा विक्रमपालले त्यसदेशको पहाडी भूभाग उत्तरसमुद्र (हालको पोखरा) शहरमाथि अधिकार गरी पहाडी क्षेत्रमा आफ्नो प्रभाव विस्तार गरेका थिए। तर उनका छोरा कीर्तिपालको समयमा गोविन्दचन्द्रले त्यस देशको राजधानी शहर पञ्चा नदी किनारको पञ्चावत देश विषयलाई जितेपछि यिनीहरू पहाडतर्फ लागेर प्राचीन दरद जातिहरूसित मिसिएर नयाँ मिश्रित पहाडी जातिहरूमा रूपान्तरित भएको पाइन्छ।

### निष्कर्ष

महाभारत लगायतका पौराणिक ग्रन्थहरूमा वर्णित प्राचीन दरद जाति र दरद देशलाई भारतको पशिमोत्तर भागमा देखाउन खोजिएपनि महाभारत लगायतका पुराणहरुमा दिइएको यसको भौगोलिक अवस्थिति अनुसार हस्तिनापुरदेखि पुर्वोत्तर भागमा पर्ने नेपालको दरद (मगर भाषा अनुसार हालको दरौँदी) नदीको क्षेत्रमा विकसित दरद सभ्यताको दरद देश रहेको देखिन्छ। जसको प्राचीन अवशेष मुस्ताङ क्षेत्रमा पाइन्छ। प्राचीनकालको विकसित दरद देश कालान्तरमा वागमती सभ्यता र खस सभ्यताको चपेटामा पर्न गई आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न सकेन् । तर प्राचीन पर्वतीय लडाकु जातिको रूपमा परिचित यी दरदहरूलाई नवौँ दशौँ शताब्दीतिर यस भेगमा अस्तित्वमा आएका क्रमशः सूर्यवंशी र सावर्णीवंशी राजाहरूले उपेक्षा गर्न सकेन । त्यसैले राजा मलयकेतुद्वारा स्थापित यस देशको नाम दरदगण्डकी देश राखियो । यस वंशका राजा जयादित्य द्वितीयको सन् ८७० को ताम्रपत्र गोरखपुरको गुरमहबाट पाइएका छन् भने राजा सूर्यादित्यको दुईवटा ताम्रपत्रहरू चम्पारणको बगहाबाट पाइएका छन् । यस देशका अन्तिम राजा सावर्णी वंशका कीर्तिपालको ताम्रपत्र लखनउ सङ्ग्रहालयमा

रहेको छ। राजा सूर्यादित्य र राजा कीर्तिपालको अभिलेख अनुसार यस देशमा गोरखपुरदेखि चम्पारणसम्म र सौम्यसिन्धु (उत्तरसमुद्र) देखि गंगागण्डकीको संगमसम्म ४२ वटा विषयहरू रहेका थिए। यी विषयहरूका विषयाधिपतिहरूलाई सामन्त भनी उल्लेख गरिएका अभिलेखहरू मंग्वर विषय, गण्डिगुल्म विषय, धवलस्रोतपुर विषय आदि विषयहरूबाट पनि जारी गरिएका पाइन्छन् । यस्तै राजा अरिमल्लदेवको समयको  पञ्चावत देशविषयका विषयाधिपति श्रीधरसिंहलाई राणक भनिएको छ। "श्रीअरिमल्लदेवस्य विजयराज्ये श्रीपञ्चावतदेशीयविषयाधिपतिराणक श्रीश्रीधरसिंहवर्तमाने" (बज्राचार्य, सन् २०१०, पृ. ६५) । पञ्चानदीको किनारमा रहेको यस विषयलाई देशीय विषय भनिएको र त्यहाँका विषयाधिपतिलाई राजा अरिमल्लको समयमा पनि राणक भनिएको साथै त्यहाँका भौतिक संरचनाहरूका अवशेषहरूलाई हेर्दा वर्तमानको पञ्चा नदीको किनारमा रहेको वाल्मीकि आश्रम त्यसबेला यस दरौंदी गण्डकी देशको राजधानी शहर रहेको हुनसक्ने प्रबल सम्भावना देखिन्छ। त्यसैले अन्य सबै विषयका विषयाधिपतिहरूलाई सामन्त पद दिइएपनि यस राजधानी विषयका विषयाधिपतिलाई राणक पद दिइएको देखिन्छ। जुन परम्परा नेपालका अरिमल्लदेवले पनि अपनाएको पाइन्छ। यसप्रकार पञ्चा नदी किनारको पञ्चावत (हालको वाल्मीकि आश्रम) लाई राजधानी कायम गरी राज्य गरिरहेका दरौँदीगण्डकी देशका राजाहरूका भौगोलिक क्षेत्रमाथि पश्चिमबाट कन्नौजका गाहडवालवंशको र पूर्वको सिमरौनगढबाट कर्णाटवंशको आक्रमण हुन थालेपछि यिनीहरूको अवस्था दिनानुदिन कमजोर हुँदै गयो र अन्तमा सन् ११११ देखि १११४ को बिचमा गोविन्दचन्द्र गाहडवालले यसको राजधानीमाथि आफ्नो आधिपत्य कायम गरेपछि यिनीहरू पहाडतर्फ पलायन गरे। बङ्गालका सेनहरू र सिमरौनगढका कर्णाटहरूको पतन भएपछि यस क्षेत्रमा सेनवंशको आधिपत्य कायम भएको थियो।

यसप्रकार प्राचीनकालदेखि यस दरदगण्डकी सभ्यताका पर्वतीय लडाकु जातिका रूपमा परिचित दरद (दुरा) जातिहरूले आफ्नो गौरवमय इतिहास कायम गर्दै आएकोमा पूर्वमध्यकालमा स्थापित दरौँदीगण्डकी देशले यसको गरिमा बढाउने केहि प्रयास गरेको देखिन्छ। तर पूर्व, पश्चिम र दक्षिणबाट नेपाल प्रवेश गरेका विभिन्न जातजातिहरूसित मिसिएर प्राचीन दरदहरू हालको अल्पसंख्यक दुरा जातिको रूपमा लमजुङको दुरा डाँडामा आफ्नो पहिचानका लागि संघर्षरत देखिन्छन्। ऐतिहासिक स्रोतहरूमा दरद भाषालाई पैशाची भाषा भनी अनार्य भाषाको रूपमा उल्लेख गरिएपनि हाल नेपालमा दरद (दुरा) हरूको दरद (दुरा) भाषा लोपान्मुख अवस्थामा रहेको छ। अतः नेपाल सरकारले यस दरद (दरौँदी) गण्डकी सभ्यताको इतिहासलाई उजागर गरेमा यस गण्डकी भेगमा बसोबास गर्ने मंगोलियन मूलका मानिसहरू र खसहरू बिचको मूलबासीको विवादलाई समाधान गर्न ठूलो टेवा पुग्ने देखिन्छ।

## सन्दर्भसूची

चौधरी, राधाकृष्ण(सन२०१०), *मिथिलाक इतिहास,* श्रुति प्रकाशन।

राव, राजवन्त र राव, प्रदीपकुमार (२००३), *गुप्तोत्तरयुगीन भारतका इतिहास (५५०ई.-१२००ई.),* मोतिलाल बनारसीदास।

नेपाल, ज्ञानमणि (१९९८ ई.), *नेपालको पुर्व-मध्यकालको इतिहास,* नेपाल र एशियाली अनुसन्धान केन्द्र।

बज्राचार्य, धनबज्र (२०१०), *गोपालराज वंशावलीको ऐतिहासिक विवेचना,* नेपाल र एशियाली अनुसन्धान केन्द्र।

पन्त, महेशराज (सन् २०२१ जुलाई ०६), *"कालीगण्डकीले हजारौं वर्षदेखि सभ्यता बचाएको छ"* अनलाइन खबर डटकम।

सरकार, डी.सी.(१९६६), *एपिग्राफिका इण्डिका,* भोल्युम ३५, भारत सरकार।

कीलहा'र्न (१९८१), *एपिग्रफिका इण्डिका,* भोल्युम ७, भारत सरकार।

सिंह, रघुनाथ (१९६९), *कल्हणकृत राजतरंगिणी,* हिन्दी प्रचारक संस्थान।

शर्मा, रामचन्द्र (१९१७), *महर्षि-कृष्णद्वैपायन-वेदव्यासरचित महाभारत,* सनातन धर्म प्रेस।

पाठक, विशुद्धानन्द (१९७७), *उत्तर भारतका राजनीतिक इतिहास,* उत्तर प्रदेश शासन लखनउ।

अधिकारी, बमबहादुर (२०१३), *“नेपालको इतिहासमा लमजुङ राज्य”, हिसान जर्नल,* भोल्युम १ पेज ७१-७६ ।
गोयन्दका, जयदयाल (२००२), *पद्मपुराण,* गीताप्रेस ।
वेदव्यास, *पद्मपुराणः* संस्कृत पुस्तकालय डटकम ।
पोद्दार, हनुमानप्रसाद (२०१८), *बामनपुराण,* गीताप्रेस ।
पोद्दार, हनुमानप्रसाद (२०१८), *हरिवंश पुराण,* गीताप्रेस ।
*बगहा ताम्रपत्र* : विकिपिडिया डटकम ।
घिमिरे, मुक्तिनाथ (१९८५), *“दुरा जातिको चिनारी” प्राचीन नेपाल,* अंक ८६-८८, श्री ५ को सरकार पुरातत्व विभाग ।
दुरा यामबहादुर (सन् २०१४ अप्रिल ९), *“दुरा जातिको संक्षिप्त परिचय”*, दुराका कुरा ब्लगपोस्ट डटकम ।
मसाल, के.बि. (सन् २०२४ जुलाई ३१), *“दुराडाँडा, पर्यटन, हलोक्रान्ति र तुर्लुङकोट”,* अन्तरङ्ग न्यूज डटकम ।
संगीत, किसान (सन् २०२५ नोभेम्बर ०४), “दुराहरूले बिर्सिंदै गएको एउटा मौलिक र रोचक परम्परा सियो र जिम्ती”, ढोरपाटन न्यूज डटकम ।
*प्रज्ञा नेपाली बृहत शब्दकोष* : नेपाल प्रज्ञाप्रतिष्ठान शब्दकोष एप ।
शास्त्री, रामतेज (१९६०), *श्री कल्हण महाकविविरचिता राजतरंगिणी,* पण्डित पुस्तकालय काशी ।

**परिशिष्ट क**




**साभारः– एपिग्रपिफका इण्डिका भोल्युम ३५**

डी.स. सरकारले पढेर रोमन लिपिमा प्रकाशित गरेका अभिलेखको केही अंश देवनागरीमा लेख्ने प्रयास गरेको छु। “सिद्धम ओम स्वस्ति। सुर्यान्वये प्रकट-विक्रम-भूमिरासित भूपाल मौलिर इह भूपतिरादिभूतः लिलालयो मलयकेतुर अतुल्य धर्म सर्वयाद्भुतैकवासातिरज्जागाति प्रसिद्धः तदवंशानुजाः कर्म परम्पराया प्रतापि भूपो बभुवभि दान जलप्रवाह हेलबाराह इह सहस बस भूमिर्यात कीर्त्तयस त्रिभुवनानि पवित्रयन्ति धैर्यम् कार्य विधासु यस्य विलासिता सौन्दर्यम निदृश्यम् गाम्भीर्यम् नयवर्तम गुप्तिसु गीरमौदर्यम् आर्योचितम् त्यागो यस्य च मार्गानेशु विनयो विद्वास्तु कीर्तिरिद्धिसम यस्याम् चरितार्थतम् उपागतः सर्वो गणाणः हेला निर्ज्जिता वैरी कुञ्जरा घटाः सौतिर्याब्दधाराह सद्गुणयोदधि बुद्धिमामताना भवः श्री रत्न लब्धोदयः क्रिडानिर्भरा भव्या वरा रमणी लिलाविलासालयोभुपः किञ्चः रिबिचन्तय यस्य चरितम राज्येपि लज्जान्तयामी भुतो भूमि भुजम् विभूषणमणिः पुत्रो धारित्रिपतिः तस्योद्दानन्दाभुजाप्रतापातारारिः श्रीहंसराजाः क्षितौ ।। धमना येन धृतम् सदोदितम् इह स्फरम् पुनरममण्डलम यस्यलोकाविधिश्चक्रा सुजनमभोजे विकासाश्रीयम् ।। नित्नन्दक्रितोत्सवः प्रतिदिनम् प्रौढाप्रतापोदितः सद्वैदगद्यवधौपतिर्भबद्धा जनाः प्रारब्धा गोष्ठिरतः काव्यंभोजरसोपलम्भमधुपो गम्भिरिम अम्भोनिधिःर यस्ययमविमिरातः कालानुकारणे क्षिणोपासाक्तिर जनाः ।। तिष्ठान्तस्मि निवृतस्य सर्वजगतो दोषा स्पृशा शंकाया पिण्डिभुया सदैव विस्मया भूवस्त्रानयास्मिन गुणः ।। यस्यासितपरमन्तौ दुषण कणः सर्वस्य निष्कर्मणम् सर्वस्य स्वम् अजिहरत किला यसो दिग्गजोस्थितम् वर्लभम् ।। सौधनि निष्ठुरातय कुमुदनी गन्धद दुग्धम् रसेण मधुरा ध्वनिभिश्च हंसाज्ञातः कथमचिद् इह

यस्य यस्य समुद्र सम्प्लाविते जगति सितारुचिर मृगांकित ॥ सुनुः तस्य नरेन्द्र एषः विजयीचन्द्राणणो भूतले धर्मः सम्प्रति यस्य कीर्त्तिलक्षिता ब्रह्माण्डम आरोहति ॥ येन अखण्डामखण्ड धैर्य गुरुणा लब्धाभिषेका क्रियामस्त्रेणैव च विक्रमेण विजिता युद्धाङ्गणे  वैरिणाः ॥ त्यागेण अस्य न वर्णना विजयते कारणस्य रूपाश्रीयन अनङ्गस्य न श्रृङ्गारेषुजयिणाः । सौर्येणः सिंघिपतेः गम्भिर्येण न सागरस्य विदुषम गोष्ठिषु वाचस्पतेः । लिलाभिर्णा पुरन्दरस्य नृपतेः को नयः प्रकार्शाकर्माः युद्धे कुञ्जरावर्षा एष किं इति श्रुत्यैव नामा द्विषो मग्नाः केचण पद पंकजा तला च्छयः क्षणात निशानः न ऐत चित्रम् इदम तु यस्य चरितम् निस्त्रिमनसाधाराजलेयन मज्जन्ति कियात्यपि क्षितिपतेरमत्ताद्विपणम् घटाः ॥

सः परमभट्टारक माहाराजाधिराज परमेश्वर श्रीमत सौर्यादित्यदेवः कुशली दरदगण्डकी मण्डले बियालिसि विषय अन्तस्पति वनपल्लि ग्रामे समुपगतान अशेष राजपुरुषान माहाराजनी राणक ठक्कुर अमात्य पुरोहित महामहत्तक महासन्धिविग्रहिक महाप्रतिहार महाअक्षपटलिक माहासाधनिक माहापिलुपति माहासेनापति माहाकटकाध्यक्ष दुष्टसाध्यसाधनिक दाण्डिक दण्डपाशिक शौल्किक गौल्मिक गामागामिक दुतसम्प्रेषणिक तलवर्गिक अङ्गरक्षक चाट भाट प्रभृतिन यथास्थान नियुक्तेन राजपदोपजिवी"................ ...पच्चिसौं पंक्तिमा यसरी मिति लेखिएको छ। सम्वत १०७७ चैत्र शुदी १४ शुक्र दिने।

परिशिष्ट ख




**साभारः– एपिग्रफिका इण्डिका भोल्युम ३५**

डी.सी. सरकारले पढेको र रोमन लिपिमा प्रकाशित गरेको यस अभिलेखको सोरहौं पंक्तिमा श्रीमत सौर्यादित्य कुशली। दरदचण्डिका मण्डल प्रस्तिबद्ध द्विचत्वारिमस्तिका विषये भनी लेखिएको छ। ..........तेइसौं चौबिसौ.पंक्तिमा मिति यसरी लेखिएको छ । सम्वत १०८३ चैत्र १३ शशौ

**परिशिष्ट ग (यस परिशिष्टका अभिलेख एपिग्राफिकाइण्डिका भोल्युम ७ सातबाट साभार गरिएका छन्**

एपिग्रफिका इण्डिकाको अंक सातमा प्रकाशित यस अभिलेखलाई किलहा'र्नले पढेर रोमन लिपिमा प्रकाशित गरेको पाइन्छ। मैले देवनागरीमा केही अंश लेख्ने प्रयास गरेको छु।

१. "श्री ॥ श्रीमत कीर्तिपालदेवस्य स्वहस्तोयम् ॥
२. ओम ओम स्वस्ति ॥ जयति सकलाब्दग्रामा निर्मापाकल्पालयः प्रनत जन निकाय ध्व
३. स्तसंसारसल्याह। पाशुपतिरानुरुद्ध अशेष देवाापालयः प्रियतमाहिमाधिक्तुदमालि
४. कमोद मालयः ॥ आसित समस्त भुवनप्रतिपालनाब्ध समाजना सक्रोपमो भुवनपाल
५. नृपः प्रसिद्धः। यस तिव्रभानु समभप्तश्रीरयस्ति सावर्णीवंश वसुधेश्वरशेखर
६. श्री ॥ तस्य आत्मजो निजभुजार्जित सौम्यसिन्धव राजाधिपत्य विक्रमपाल नामा। य-
७. द विक्रमेण परिपालिता भूमिचक्रमाः न्याक्कबोधितम इव प्रतिभुश्तासासित यस च आगमोक्त-
८. विभुद्धरक्षण विप्र वृन्दसन्तार्पणा अभ्युदया वृद्धि परम्परा वनिर्ज्जित्या सर्वालब्ध रिपु मण्ड-
९. लाणी लेभे सुखम परमाम इन्द्र निभा सभायाम तस्मादाजनिसत्पुत्रः कीर्त्तिपालः प्रतापावन।
१०. सुर्यादिवा मनुर्द्धान्वि मूर्त्तिसृजितामन्मथाः येनोद्दानन्द विडम्वनोद्याता बृहत्कोदानन्दनीर्यााच्छारा-
११. व्रतोद्दानन्दम अखण्डी मण्डलालाम चण्डद्धिशम खण्डासाः भुभृण मण्डल मण्डणेन वलिना तक्व-
१२. लाडानन्दासृजा दोरद्दानन्दा द्वाया विक्रम प्रतिभुव प्राप्तम् च राज्यम् निजम् ॥
१३. रामकुल ग्रामे भट्टग्रामाउत्पन्न्या गौतम गोत्राया पण्डिता श्री केशवानप्रा पण्डिता श्रीविश्व-
१४. रूपा पुत्राया ठक्कुरा श्रीप्रहसितासा शर्मणाब्राह्मणाया प्रक्षालिता पदसंयोग आरच्छिता मूर्त्तये सम्पू-
१५. जिता श्रीमद् भगवान नारायणाग्रे फाल्गुणे मासि शुक्लपक्षा द्वितियायां बृहस्पति संक्रान्तौ
१६. सौरी दिने साप्ताशाशत्याधिके एकादशा संवत्सरे श्री दरदगण्डकी देशे सशोरविश प्रतिब-
१७. द्ध दम्बौली ग्रामा शोथाविस प्रतिबद्ध विकर ग्रामा सालकौ स जलौ स स्थलौ स आम्र मधुकौ
१८. स स्वसिसंयुक्तौ स शासनिकृत्या परमभट्टारका महाराजाधिराजा परमेश्वरा पर-
१९. परममाहेश्वरा निजभुजोपार्जित उत्तरसमुद्र आधिपत्य श्रीमद् विक्रमपालदेव चरणनौ-
२०. ध्याता परमभट्टारक माहाराजाधिराज परमेश्वर परममाहेश्वर त्रमाप्त उत्तरस-
२१. मुद्र आधिपत्य श्रीमत कीर्त्तिपालदेवो ददौ। त्वम् धारे सर्व्वभुतम् अतः शान्तिम् प्रायाच्छा मे ॥

**यस अभिलेखको अन्तमा चालिसौं पंक्तिमा मिति लेखिएको छ। सम्वत ११६७ फाल्गुण शुदी २ शशौ।**

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# Ecosophy in *Bhagavad Gita* : Natural Harmony and Interdependence

**Keshav Raj Chalise, PhD**
*Department of English, Nepal Sanskrit University*

***Article History :*** *Received : 15th, Feb. 2026; Reviewed : 17th May, 2026; Accepted : 4th June 2026*
***Corresponding Author :*** *Keshav Raj Chalise* ***E-mail :*** *keshav.chalise@nsu.edu.np*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95899*

**Abstract**

*This paper examines how the notion of ecosophy, a notion developed from the Western philosophy of the deep ecology, is inherent in the Eastern philosophy of Bhagavad Gita. Bhagavad Gita, a book on the philosophy of life, provides different notions of ecosophy such as harmony and interdependence. Harmony is the essence of life and existence. Western natural philosophy has talked much about natural harmony in the last three decades, especially with the deep ecological movement and the publication of Ecology, Community, and Lifestyle (1989), and The Dream of the Earth (1988). Western societies have realized that a change has to be taken in the way we treat nature for better harmony. As a result, the theory of ecosophy has been developed to redefine the human and nature relationship. But in the East, the idea of natural harmony can be traced back to ancient philosophical and religious traditions that emphasize the interconnectedness and balance of the natural world. The concept of harmony with nature has long been a central tenet in the texts like Vedas and Upanishads, however, the real principle of environmental awareness is a quite new issue to both the East and the West. This paper aims to unearth how Bhagavad Gita has focused on the essence of natural harmony. As a philosophical and spiritual dialogue set within the larger epic, the Mahabharata, Bhagavad Gita establishes a discussion on selflessness, devotion, self-discipline, meditation, and the nature of the soul, but this paper uses lately practiced Western theory of ecosophy as a tool to explore the idea of the state of balance, interconnectedness, coexistence and synchronicity in natural creation as enunciated in the dialogue between Krishna and Arjuna in Bhagavad Gita.*

***Keywords:*** Ahimsa, ecosophy, interdependence, natural harmony, niskama karma.

## Introduction

The term ‘ecosophy’ was first used by Norwegian philosopher Arne Naess in the 1970s. Being involved in the movement of deep ecology, he has conjoined two ideas ‘ecology’ and ‘philosophy’ to examine the ecological issues developed in Western philosophy. Ecosophy is ecological philosophy, but more particularly it has to do with “one's own personal code of values and a view of the world which guides one's own decisions (insofar as one does full heartedly feel and think they are the right decisions)” (Naess, 1989, p. 36), but not just as the subject of study or a discipline.

*Copyright 2026© the Author(s)*

The area of study could be eco-philosophy, but since this study is more concerned with huankind, it is ecosophy. 'Eco' refers to ecology and 'sophy' refers to insight, and therefore ecosophy is the insight about ecology. And therefore, ecosophy is ecological philosophy, a philosophical perspective that focuses on the relationship between human and non-human beings or human and natural environment. It focuses on understanding and addressing environmental issues and the harmonious relationship between humans and nature. Ecosophy, as a discipline of deep ecology, talks about the radical shift in human values and behavior towards the natural world, and emphasizes the intrinsic value of all living things and the interconnectedness of all ecological systems.

The exertion of connecting the late 20th-century theory of deep ecology with *Bhagavad Gita,* the text supposed to have been composed during 400 BCE to 400 CE, is a convoluted research journey. The epic based on the philosophy of *Upanishads* and the principle of the war between justice and injustice as articulated in *Mahabharata*, *Bhagavad Gita* is also known as *Bhagavad Gita* or simply *Gita* in a common and familiar term. The *Gita* embodies the profound teachings of Lord Krishna, the manifestation or *Avatara* of the Supreme Being. These teachings are conveyed through a personal and profound dialogue with his disciple Arjuna. Gita, "a source of wisdom and salvation" (Nelson, Reading the *Bhagavadgita* from an Ecological Perspective, 2000, p. 130). It is written in the form of a conversation between Prince Arjuna and Lord Krishna, who serves as a spiritual guide in the long war of *Dharmakshetra* and short (18 days) war of *Kurushetra*. Therefore, it is structured in 18 chapters. It provides the message of humanity, the philosophy of life and death, principles of *Prakriti* and *Purusa* or nature and desire. Supposing *Gita* as a significant text in Hindu philosophy or Hindu religion is one mode of generating faith in the power of the supreme being. In the mode of generating spiritual understanding, it addresses profound existential questions and explores various paths to spiritual realization, and touches upon topics such as selflessness, devotion, self-discipline, meditation, and the nature of the soul. Doing this just limits the knowledge of *the Gita* within a certain religious or cultural group or identity or one aspect of life that is spiritual, however, the central aspect of life it is. But the *Gita* is significant for its teachings on ethics, duty, and the nature of reality, which serves the whole arena of human and non-human beings. This paper sets a limit, here, with a departure in that it aims to see the *Bhagavad Gita* not as a religious scripture, but as a text with the message of ecological philosophy, which exactly is the life philosophy for Hindus and non-Hindus, Indians, and non-Indians, and all human beings yonder any geographical, religious and other zones.

## Objectives of the Study

*Bhagavad Gita* is an ancient scripture and ecosophy is a later 20th-century

philosophy related to ecology. The objective of the study is to analyze *Bhagavad-Gita* and search the elements of ecosophy in it. To accomplish this general objective, this study follows specific objectives as below:

- observe the major principles of ecosophy;
- uncover the principles of ecosophy in *Bhagavad Gita*;
- connect the Eastern lifestyle proposed by Gita philosophy with the recently touched requirement of ecological harmony.

**Research Questions**

This research aims to address the following research questions:

- What issues of ecosophy does *Bhagavad Gita* incorporate?
- How does *Bhagavad Gita* integrate the message of natural harmony, interdependence, and wholeness?

**Ecosophy: The Ecological Philosophy**

Ecosophy combines two terms, 'ecology' and 'philosophy'. Ecology is "the study of relationships among organisms and between them and their environment" (Gosling, 2001, p. 04). Philosophy is the love of wisdom. As a branch of philosophy, ecology explores the relationship between humans, nature, and the environment. It seeks to develop a holistic understanding of ecological issues, human existence, and ethical considerations related to human interaction with the natural world. This concept was first introduced by Arne Naess during the 1970s when he was particularly proposing the concept of deep ecology, "The term 'Deep Ecology' was coined by Norwegian philosopher Arne Naess, who outlined the broad principles of the Deep Ecology movement in a brief paper in 1973" (Mathews, 1991, p. 84). Deep ecology is a broader philosophical framework and ecosophy comes within it which emphasizes the interconnectedness and interdependence of all living beings and ecosystems. It encourages a shift in human consciousness to recognize the intrinsic value of non-human life forms and the importance of biodiversity.

Philosophy refers to the discipline which focuses on the study or wisdom, an activity instigated to understand fundamental truths about the world in which we live, and our relationships to the world and each other, "philosophy is not a simple art of forming, inventing, or fabricating concepts" (Deleuze & Guattari, 1994, p. 5), but it "is the discipline that involves concepts" (Deleuze & Guattari, 1994, p. 5). Philosophy, therefore, is a mode of theorizing the concept through constant inquiry, "what philosophy is not: it is not contemplation, reflection, or communication" (Deleuze & Guattari, 1994, p. 6). It provides insight into the understanding of the things around us. As the combined form, ecosophy signifies ecological philosophy. Gauttari defines ecosophy

as "an ethico-political articulation - which I call ecosophy between the three ecological registers (the environment, social relations, and human subjectivity)" (Gauttari, 2000, p. 28): social ecology, mental ecology, and environmental ecology.

Social ecology, the first type in Gauttari's views, negates our traditional image of the natural world and its creation with the view, "Nature is always with us as a conscience of the transgressions we have visited on the planet- and the terrifying revenge that awaits us for our violation of the ecological integrity of the planet" (Bookchin, 2022, p. 65). It places the human mind within a natural context and tries to explore it with its natural history so that the traditional binary of thought and nature or social and natural would disappear. It raises the issue of the present human trend of supposing nature as a marketplace. It looks into the alarming state of social relations as Gauttari has realized, "assets and environments are destined to enter into a phase of decline. The demands of singularity are rising up almost everywhere" (Gauttari, 2000, p. 30). Supposing nature as a marketplace certainly leads human understanding to the rationale that nature is outside us. It negates the idea that we are within nature, and therefore this notion causes the continuous deterioration in the human-nature relation. With this reference, the social ecosophy consists "in developing specific practices that will modify and reinvent the ways in which we live as couples or in the family, in an urban context or at work, etc" (Gauttari, 2000, p. 34). Modern context has created an even more complex narrative that "the powerful individual rejects the perspective of the Natural community for that of personal scope of control: *This plot of land belongs to me. I own it. I may do whatever I want to do it!*" (Boylan, 2022, p. 16). This is the mantra in the material understanding of nature as a marketplace, where humans do not infer nature as a community.

The second ecology, as Gauttari analyses, is mental, further extended as mental ecosophy joined with philosophy, which has to do with human subjectivity. It is the time "to re-examine the relation between concepts of the individual and subjectivity" (Gauttari, 2000, p. 36). An individual is not just an individual; rather he/she is accompanied by subjectivity or the psyche. One's behavior toward others, human or non-human is necessarily determined by the psyche. The philosophy which concerns ecology and human subjectivity then is mental ecosophy. It observes the relationship between the human psyche and nature, "The increasing deterioration of human relations with the socius, the psyche and 'nature' (Gauttari, 2000, p. 41). The declining relationship between psyche and nature could partly be the result of environmental and objective pollution, but more essentially, due to the ethical shift because "members of a community (human and non-human) have responsibility to be active members. Ethically one cannot completely shift this responsibility to others" (Boylan, 2022, p. 17). And, humans have the psyche of easily shifting the responsibility to others and acting individually, or more accurately subjectively.

The third type is environmental ecology focuses on the interaction among organisms and their environment. Interaction is an essential activity to maintain harmony and balance. The philosophy that deals with the social, psychic, and interactive relationship between the organisms, both humans and non-humans, and their environment is ecosophy.

कर्तृवेदनायाम्, नमोवरिवश्चित्रङः क्यच्, पुच्छभाण्डचिवराण्णिङ्, मुण्डमिश्रश्लक्ष्णलवणव्रतवस्त्रहलकलकृततूस्तेभ्यो णिच् र धातोरेकाचो हलादेः क्रियासमभिहारे यङ् १५ वटा सूत्रमा, चौधौँ सूत्रको उत्तरवर्ती जककस्तम्भुम्रुचुम्लुचुग्रुग्लुग्लुञ्चुश्विभ्यश्च एउटा सूत्रमा, पन्ध्रौँ सूत्रको उत्तरवर्ती यसोऽनुपसर्गात् र संयसश्च दुइटा सूत्रमा, सत्रौँ सूत्रको उत्तरवर्ती क्वसुश्च, भाषायां सदवसश्रुवः र उपेयिवाननाश्वाननूचानश्च तीनवटा सूत्रमा, उन्नाइसौँ सूत्रको उत्तरवर्ती यमः समुपनिविषु च, नौ गदनदपठस्वनः र क्वणो वीणायां च तीनवटा सूत्रमा, बीसौँ सूत्रको उत्तरवर्ती आशंसायां भूतवच्च एउटा सूत्रमा, छब्बीसौँ सूत्रको उत्तरवर्ती इतश्च लोपः परस्मैपदेषु र स उत्तमस्य दुइटा सूत्रमा, सत्ताइसौँ सूत्रको उत्तरवर्ती वर्णादनुदात्तात्तोपधात्तो नः एउटा सूत्रमा, अठ्ठाइसौँ सूत्रको उत्तरवर्ती बाह्वादिभ्यश्च एउटा सूत्रमा, उन्तीसौँ सूत्रको उत्तरवर्ती स्वाङ्गाच्चोपसर्जनादसंयोगोपधात् र नासिकोदरौष्ठजङ्घादन्तकर्णशृङ्गाच्च दुइटा सूत्रमा, बयालिसौँ सूत्रको उत्तरवर्ती लुप् च एउटा सूत्रमा, सत्चालिसौँ सूत्रको उत्तरवर्ती रात्र्यहःसंवत्सराच्च र वर्षाल्लुक् च दुइटा सूत्रमा, चौहत्तरौँ सूत्रको उत्तरवर्ती फणां च सप्तानाम् एउटा सूत्रमा, छहत्तरौँ सूत्रको उत्तरवर्ती आच्छीनद्योर्नुम् एउटा सूत्रमा, अठहत्तरौँ सूत्रको उत्तरवर्ती रुष्यमत्वरसंघुषास्वनाम् र हृषेर्लोमसु दुइटा सूत्रमा, असीऔँ सूत्रको उत्तरवर्ती लिङ्सिचोरात्मनेपदेषु र ऋतश्च संयोगादेः दुइटा सूत्रमा, एकासीऔँ सूत्रको उत्तरवर्ती रधादिभ्यश्च, निरः कुषः, इण्निष्ठायाम्, तीषसहलुभरुषरिषः, सनीवन्तर्धभ्रस्जदम्भुश्रिस्वृयूर्णुभरज्ञपिसनाम्, क्लिशः क्त्वानिष्ठयोः र पूङश्च सातवटा सूत्रमा, बयासीऔँ सूत्रको उत्तरवर्ती सेऽसिचि कृतचृतच्छृदतृदनृतः एउटा सूत्रमा, त्रियासीऔँ सूत्रको उत्तरवर्ती नातः परस्य, प्रवाहणस्य ढे, तत्प्रत्ययस्य च र नञः शुचीश्वरक्षेत्रज्ञकुशलनिपुणानाम् चारवटा सूत्रमा, छयासीऔँ सूत्रको उत्तरवर्ती तुरुस्तुशम्यमः सार्वधातुके एउटा सूत्रमा, सतासीऔँ सूत्रको उत्तरवर्ती उर्ऋत् एउटा सूत्रमा, चौरानब्बेऔँ सूत्रको उत्तरवर्ती दश्च एउटा सूत्रमा, छयानब्बेऔँ सूत्रको उत्तरवर्ती नपरे नः, ङ्णोः कुक् टुक् शरि, डः सि धुट्, शि तुक् र ङमो ह्रस्वादचि ङमुण् नित्यम् पाँचवटा सूत्रमा, १०१औँ सूत्रको उत्तरवर्ती अनुविपर्यभिनिभ्यः स्यन्दतेरप्राणिषु, वेः स्कन्देरनिष्ठायाम् र परेश्च तीन सूत्रमा, १०४औँ सूत्रको प्रातिपदिकान्तनुम्विभक्तिषु च एउटा सूत्रमा र १०८औँ सूत्रको उत्तरवर्ती अणोऽप्रगृह्यस्यानुनासिकः एउटा सूत्रमा गरी जम्मा ७० वटा सूत्रमा 'वा' शब्दको अनुवर्तन भएको देखिन्छ। त्यसैगरी उपर्युक्त तीसौँ सूत्रको उत्तरवर्ती प्राग्दीव्यतोऽण् सूत्रदेखि न प्राच्यभर्गादियौधेयादिभ्यः सूत्रसम्म तथा तेन रक्तं रागात् सूत्रदेखि राज्ञः क च सूत्रसम्मका २३० वटा सूत्रमा 'वा' शब्दको अधिकार रहेको पाइन्छ। यसप्रकार पाणिनीय व्याकरणमा १०९ वटा सूत्रमा 'वा' शब्दकै उल्लेख गरेर तथा ७० वटा सूत्रमा पूर्ववर्ती सूत्रमा प्रयुक्त 'वा' शब्दको अनुवर्तन भएर जम्मा १७९ वटा सूत्रमा 'वा' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको देखिन्छ।

व्याकरणमहाभाष्यमा कात्यायनले 'वा' शब्दको प्रयोग अनेकौँ वार्तिकहरूमा गरेका भए पनि वैयाकरणसिद्धान्तकौमुदीले मूल आधारस्रोत बनाएका निम्नलिखित ४८ वटा वार्तिकहरूमा 'वा' शब्दको उल्लेख गरेर वैकल्पिक मतको व्यवस्था गरेको पाइन्छ : १. वाप्रकरणे तीयस्य ङित्सूपसंख्यानम्, २. वा नामधेयस्य, ३. वा नामधेयस्य, ४. वा लिप्सायाम्, ५. उपसर्गादस्यत्यूह्योर्वावचनम्, ६. प्रादिभ्यो धातुजस्य वा, ७. वा प्रियस्य, ८. द्विषः शतुर्वा वचनम्, ९. वाबन्तः, १०. सलोपो वा, ११. आचारेऽवगल्भक्लीबहोडेभ्यः क्विब्वा, १२. सर्वप्रातिपदिकेभ्य आचारे क्विब्वा वक्तव्यः, अश्वतिगर्दभतीत्येवमर्थम्, १३. स्पृशमृशकृषतृपदृपां सिज्वा, १४. चारौ वा, १५. हनो वा वध च, १६. इङश्चेत्यपादाने स्त्रियामुपसंख्यानं तदन्ताच्च वा ङीष्, १७. जागर्तेरकारो वा, १८. परेर्वा, १९. अनो बहुव्रीहिप्रतिषेधे वोपधालोपिनो वा वचनम्, २०. वा संज्ञायाम्, २१. उपाध्यामातुलाभ्यां वा, २२. अर्यक्षत्रियाभ्यां वा, २३. जातिपूर्वाद्वा, २४. आपत्यो वा गोत्रम्, २५. सर्वाण्णस्य वावचनम्, २६. कार्षापणाद्वा प्रतिश्च, २७. अनुपत्तावुत्तरपदस्य वावचनम्, २८. लोहिताल्लिङ्गबाधनं वा, २९. कण्ड्वादीनां वा, ३०. वा नामधातुनाम्, ३१. वा केशेषु, ३२. ओत्वोष्ठयोः समासे वा, ३३. सवर्णदीर्घत्वे ऋति ॠ वा वचनम्, ३४. लृति ल्लृ वा, ३५. दिक्छब्देभ्यस्तीरस्य तारभावो वा, ३६. धासु वा, ३७. अद्यतन्यां वा, ३८. सावौत्वप्रतिषेधः साकच्काद्वा सादुत्वं, ३९. वा सूतकापुत्रकावृन्दारकाणामुपसंख्यानम्, ४०. जसादिषु छन्दसि वावचनं प्राङ्णौ चङ्युपधायाः, ४१. काण्यादीनां वा,

४२. वा नपुंसकानाम्, ४३. भो राजन्यविशां वा, ४४. यवलपरे यवला वा, ४५. वा शर्प्रकरणे खर्परे लोपः, ४६. वाप्रकरणे गिरिनद्यादीनामुपसंख्यानम्, ४७. अनाम्नवतिनगरीणां वेति वक्तव्यम् र ४८. वा हतजग्धपरे च ।

पाणिनीय व्याकरणका उपर्युक्त ४८ वटा वार्तिकमध्ये छैटौँ वार्तिकमा प्रयुक्त 'वा' शब्दको उत्तरवर्ती वार्तिक नञोऽस्त्यर्थानां च-मा अनुवर्तन भएको देखिन्छ । यसरी पाणिनीय सूत्रमा भैँ कात्यायनीय पूर्ववर्ती वार्तिकमा प्रयुक्त शब्दको उत्तरवर्ती वार्तिकमा अनुवर्तन भएको यो वार्तिक बाहेक अन्य वार्तिकमा प्रयुक्त शब्दको उत्तरवर्ती वार्तिकमा अनुवर्तन भएको भेट्न सकिएको छैन । कात्यायनका उपर्युक्त ४९ वटा वार्तिकका साथै पतञ्जलिका निम्नलिखित चारवटा भाष्येष्टिमा पनि 'वा' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था गरिएको पाइन्छ : १ अनो नलोपश्च वा च स्त्रियां भाष्यत इति वक्तव्यम्, २. वा गोमयेष्विति वक्तव्यम्, ३. प्रायस्य चित्तिचित्तयोः सुडस्कारो वा र ४. मपूर्वात् प्रतिषेधे वा हितनाम्न इति वक्तव्यम् । कात्यायनका वार्तिक र पतञ्जलिका भाष्येष्टिका अतिरिक्त दृष्टे सामनि जाते चाप्यण् डिद् द्विर्वा विधीयते एउटा श्लोकवार्तिकमा तथा वामनजयादित्यको काशिकालाई मूल आधार बनाएर वैयाकरणसिद्धान्तकौमुदीमा प्रयुक्त निम्नलिखित चारवटा वार्तिकमा पनि 'वा' शब्दका माध्यमले वैकल्पिक मतको स्थापना गरिएको छ : १. शंशिदुहिगुहिभ्यो वेति वक्तव्यम्, २. त्यदादीनां वा फिञ् वक्तव्यः, ३. तीयादीकक् स्वार्थे वा वक्तव्यः र ४. छन्दसि वेति वक्तव्यम् । काशिकामूलका उपर्युक्त वार्तिकहरूमध्ये दोस्रो वार्तिक चान्द्रव्याकरणको त्यदादिभ्यो वा सूत्रलाई आधार बनाएर पाणिनीय व्याकरणमा ग्रहण गरिएको देखिन्छ ।

### 'विभाषा' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था

'विभाषा' शब्दले विकल्पलाई बुझाउँछ । पाणिनीय व्याकरणमा 'विभाषा'लाई प्राप्त विभाषा, अप्राप्त विभाषा र प्राप्ताप्राप्त विभाषा गरी तीन प्रकारका वर्गीकरण गरिएको पाइन्छ । पाणिनिले निम्नलिखित ११० सूत्रहरूमा 'विभाषा' शब्दको उल्लेख गरी वैकल्पिक नियमको व्यवस्था गरेका छन् : १. विभाषा दिक्समासे बहुव्रीहौ, २. विभाषा जसि, ३. न वेति विभाषा, ४. विभाषोर्णोः, ५. विभाषोपयमने, ६. विभाषा छन्दसि, ७. विभाषा विप्रलापे, ८. विभाषोपपदेन प्रतीयमाने, ९. विभाषाऽकर्मकात्, १०. विभाषा कृञि, ११. विभाषा कृञि, १२. विभाषा, १३. मन्यकर्मण्यनादरे विभाषाऽप्राणिषु, १४. विभाषा गुणेऽस्त्रियाम्, १५. विभाषोपसर्गे, १६. विभाषा वृक्षमृगतृणधान्यव्यञ्जनपशुशकुन्यश्ववडवपूर्वापराधरोत्तराणाम्, १७. विभाषा समीपे, १८. विभाषा सेनासुराच्छायाशालानिशानाम्, १९. विभाषा लुङ्लृङोः, २०. विभाषा घ्राधेट्शाच्छासः, २१. विभाषा धेट्श्व्योः, २२. मृजेर्विभाषा, २३. विभाषा कृवृषोः, २४. ददातिदधात्योर्विभाषा, २५. विभाषा ग्रहः, २६. विभाषा साकाङ्क्षे, २७. नन्वोर्विभाषा, २८. विभाषा कदाकर्ह्योः, २९. विभाषाऽऽङि रूपलुवः, ३०. विभाषाख्यानपरिप्रश्नयोरिञ्च, ३१. परस्मिन्विभाषा, ३२. विभाषा कथमि लिङ् च, ३३. विभाषा धातौ सम्भावनवचनेऽयदि, ३४. इच्छार्थेभ्यो विभाषा वर्तमाने, ३५. विभाषाऽग्रेप्रथमपूर्वेषु, ३६. विभाषा सपूर्वस्य, ३७. विभाषा फाल्गुनीश्रवणाकार्तिकीचैत्रीभ्यः, ३८. विभाषोशीनरेषु, ३९. विभाषा कुरुयुगन्धराभ्याम्, ४०. विभाषाऽमनुष्ये, ४१. विभाषा रोगातपयोः, ४२. विभाषा पूर्वाह्णापराह्णाभ्याम्, ४३. विभाषा विवधात्, ४४. स्रोतसो विभाषा ड्यड्ड्यौ, ४५. विभाषा हविरपूपादिभ्यः, ४६. विभाषा कार्षापणसहस्राभ्याम्, ४७. विभाषा तिलमाषोमाभङ्गाणुभ्यः, ४८. विभाषा परावराभ्याम्, ४९. विभाषाऽवरस्य, ५०. विभाषा सुपो बहुच्पुरस्तात्तु, ५१. विभाषाञ्चेरदिक्स्त्रियाम्, ५२. स्थानान्ताद्विभाषा सस्थानेनेति चेत्, ५३. विभाषा बहोर्धाऽविप्रकृष्टकाले, ५४. विभाषा साति कार्त्स्न्ये, ५५. पथो विभाषा, ५६. उर्ध्वाद्विभाषा, ५७. विभाषा श्यावारोकाभ्याम्, ५८. पूर्णाद्विभाषा, ५९. शेषाद्विभाषा, ६०. विभाषाऽभ्यवपूर्वस्य, ६१. विभाषा श्वेः, ६२. विभाषा परेः, ६३. विभाषा लीयतेः, ६४. सर्वत्र विभाषा गोः, ६५. विभाषा भाषायाम्, ६६. रिक्ते विभाषा, ६७. विभाषा वेण्विन्धानयोः, ६८. विभाषाध्यक्षे, ६९. विभाषा तृन्नन्नतीक्ष्णशुचिषु, ७०. विभाषा छन्दसि, ७१. विभाषोत्पुच्छे, ७२. बन्धे विभाषा, ७३. विभाषा वर्षक्षरशरवरात्, ७४. विभाषा स्वसृपत्योः, ७५. विभाषा चत्वारिंशत्प्रभृतौ सर्वेषाम्, ७६. रात्रेः कृति विभाषा, ७७. विभाषोदरे, ७८. अर्थे विभाषा, ७९. विभाषा पुरुषे, ८०.

तनोतेर्विभाषा, ८१. जान्तनशां विभाषा, ८२. ये विभाषा, ८३. क्यस्य विभाषा, ८४.विभाषाऽऽपः, ८५. विभाषा ङिश्योः, ८६. विभाषोर्जोश्छन्दसि, ८७. वेत्तेर्विभाषा, ८८. विभाषा चिण्णमुलोः, ८९. विभाषा तृतीयादिष्वचि, ९०. ऊर्णोतेर्विभाषा, ९१. यस्य विभाषा, ९२. विभाषा भावादिकर्मणोः, ९३. विभाषा सृजिदृशोः, ९४. विभाषा गमहनविदविशाम्, ९५. विभाषा चेः, ९६. ऊर्णोतेर्विभाषा, ९७. विभाषा द्वितीयातृतीयाभ्याम्, ९८. विभाषा छन्दसि, ९९. विभाषा वेष्टिचेष्टयोः, १००. सपूर्वायाः प्रथमाया विभाषा, १०१. शेषे विभाषा, १०२. लोपे विभाषा, १०३. शेषे विभाषा, १०४. चादिलोपे विभाषा, १०५. अचि विभाषा, १०६. विभाषा पृष्टप्रतिवचने हेः, १०७. विभाषेटः, १०८. विभाषौषधिवनस्पतिभ्यः, १०९. शेषे विभाषाऽकखादावषान्त उपदेशे र ११०. णेर्विभाषा ।

उपर्युक्त ११० सूत्रहरूमध्ये दोस्रो सूत्रको उत्तरवर्ती प्रथमचरमतयाल्पार्धकतिपयनेमाश्च, पूर्वपरावरदक्षिणोत्तरापराधराणि व्यवस्थायामसंज्ञायाम्, स्वमज्ञातिधनाख्यायाम् र अन्तरं बहिर्योगोपसंव्यानयोः चार सूत्रमा, दशौँ सूत्रको उत्तरवर्ती उपाजेऽन्वाजे, साक्षात्प्रभृतीनि च, अनत्याधान उरसिमनसी र मध्ये पदे निवचने च चार सूत्रमा, बाह्रौँ सूत्रको उत्तरवर्ती अपपरिबहिरञ्चवः पञ्चम्याः सूत्रदेखि मयूरव्यंसकादयश्च सूत्रसम्म तथा पूर्वपराधरोत्तरमेकेदेशिनैकाधिकरणे सूत्रदेखि चार्थे द्वन्द्व सूत्रसम्मका ९० वटा सूत्रमा, सोह्रौँ सूत्रको उत्तरवर्ती विप्रतिषिद्धं चानधिकरणवाचि एउटा सूत्रमा, उन्नाइसौँ सूत्रको उत्तरवर्ती णौ च सँश्चङोः एउटा सूत्रमा, बीसौँ सूत्रको उत्तरवर्ती तनादिभ्यस्तथासोः एउटा सूत्रमा, एक्काइसौँ सूत्रको उत्तरवर्ती गुपेश्छन्दसि एउटा सूत्रमा, चौबीसौँ सूत्रको उत्तरवर्ती ज्वलतिकसन्तेभ्यो णः एउटा सूत्रमा, सत्ताइसौँ सूत्रको उत्तरवर्ती पुरि लुङ् चास्मे एउटा सूत्रमा, अठ्ठाइसौँ सूत्रको उत्तरवर्ती किंवृत्ते लिप्सायाम्, लिप्स्यमानसिद्धौ च, लोडर्थलक्षणे च र लिङ् चोर्ध्वमौहूर्तिके चार सूत्रमा, उन्तीसौँ सूत्रको उत्तरवर्ती अवे ग्रहो वर्षप्रतिबन्धे, प्रे वणिजाम्, रश्मौ च, वृणोतेराच्छादने र परौ भुवोऽवज्ञाने पाँच सूत्रमा, तेत्तीसौँ सूत्रको उत्तरवर्ती हेतुहेतुमतोर्लिङ् एउटा सूत्रमा, एकचालिसौँ सूत्रको उत्तरवर्ती निशाप्रदोषाभ्यां च र श्वसस्तुट् च दुइटा सूत्रमा, छ्यालिसौँ सूत्रको उत्तरवर्ती द्वित्रिपूर्वान्निष्क्रात् र विस्ताच्च दुई सूत्रमा, चौवन्नौँ सूत्रको उत्तरवर्ती अभिविधौ सम्पदा च एउटा सूत्रमा, सन्ताउन्नौँ सूत्रको उत्तरवर्ती अग्रन्तशुद्धशुभ्रवृषवराहेभ्यश्च एउटा सूत्रमा, साठीऔँ सूत्रको उत्तरवर्ती शृतं पाके र प्यायः पी दुई सूत्रमा, एकसठ्ठीऔँ सूत्रको उत्तरवर्ती णौ च संश्चङोः एउटा सूत्रमा, त्रिसठ्ठीऔँ सूत्रको उत्तरवर्ती खिदेश्छन्दसि, अपगुरो णमुलि, चिस्फुरोर्णौ र प्रजने वीयतेः चार सूत्रमा, सतसठ्ठीऔँ सूत्रको उत्तरवर्ती त्यागरागहासकुहश्वठक्रथानाम् एउटा सूत्रमा, अठसठ्ठीऔँ सूत्रको उत्तरवर्ती पापं च शिल्पिनि एउटा सूत्रमा, एकहत्तरौँ सूत्रको उत्तरवर्ती द्वित्रिभ्यां पाद्दन्मूर्धसु बहुव्रीहौ र सक्थं चाक्रान्तात् दुई सूत्रमा, त्रिहत्तरौँ सूत्रको उत्तरवर्ती घकालतनेषु कालनाम्नः र शयवासवासिष्वकालात् दुई सूत्रमा, उनानसीऔँ सूत्रको उत्तरवर्ती कवं चोष्णे र पथि च च्छन्दसि दुई सूत्रमा, असीऔँ सूत्रको उत्तरवर्ती क्रमश्च क्त्वि एउटा सूत्रमा, एकासीऔँ सूत्रको उत्तरवर्ती भञ्जेश्च चिणि एउटा सूत्रमा, बयासीऔँ सूत्रको उत्तरवर्ती तनोतेर्यकि एउटा सूत्रमा, नब्बेऔँ सूत्रको उत्तरवर्ती अतो हलादेर्लघोः एउटा सूत्रमा, छ्यानब्बेऔँ सूत्रको उत्तरवर्ती गुणोऽपृक्ते एउटा सूत्रमा, १०१औँ सूत्रको उत्तरवर्ती परा च परीप्सायाम् एउटा सूत्रमा, १०४औँ सूत्रको उत्तरवर्ती वैवावेति च च्छन्दसि र ऐकान्याभ्यां समर्थाभ्याम् दुई सूत्रमा, १०५औँ सूत्रको उत्तरवर्ती परेश्च घाङ्कयोः एउटा सूत्रमा, १०६औँ सूत्रको उत्तरवर्ती निगृह्यानुयोगे च एउटा सूत्रमा र ११०औँ सूत्रको उत्तरवर्ती हलश्चेजुपधात् एउटा सूत्रमा 'विभाषा' शब्दको अनुवर्तन भएको पाइन्छ । यसप्रकार पाणिनीय व्याकरणमा ११० वटा सूत्रमा 'विभाषा' शब्दकै उल्लेख गरेर तथा १४६ वटा सूत्रमा पूर्ववर्ती सूत्रमा प्रयुक्त 'विभाषा' शब्दको अनुवर्तन भएर जम्मा २५६ वटा सूत्रमा 'विभाषा' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको देखिन्छ ।

व्याकरणमहाभाष्यमा कात्यायनले शेषे विभाषा, असिद्धे शस्य यवचनं विभाषा र नासिकादीनां विभाषायां पुच्छाच्च तीनवटा वार्तिकमा 'विभाषा' शब्दको प्रयोग गरेर वैकल्पिक नियमको व्यवस्था गरिएको छ भने मातृज्मातृकमातृषु ष्यङ् प्रसार्यो विभाषया एउटा श्लोकवार्तिक र सर्व एव वान्नावादयोऽनन्वादेशे विभाषा वक्तव्याः एउटा अपरवार्तिकमा समेत 'विभाषा' शब्दको प्रयोग गरी वैकल्पिक नियमलाई व्यवस्थित गरिएको छ

**'विभाषित' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

'विभाषित' शब्द 'विभाषा' शब्दको समानार्थी मानिन्छ (जिनेन्द्रबुद्धि, न्यास, पा.,अ. ८।१।५३) । पाणिनिले जङ्गलधेनुवलजन्तस्य विभाषितमुत्तरम्, विभाषितं सोपसर्गमनुत्तमम् र विभाषितं विशेषवचने तीन सूत्रमा 'विभाषित' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था गरेका छन् । यीमध्ये प्राप्त विभाषाका रूपमा निषेधमूलक दोस्रो सूत्रमा प्रयुक्त 'विभाषित' शब्दको अनुवर्तन उत्तरवर्ती हन्त च सूत्रमा समेत भएको पाइन्छ । जसका कारण क्रमशः यी चारवटै सूत्रअन्तर्गतका कौरुजाङ्गलम् / कौरुजङ्गलम्, आगच्छ देवदत्त ग्रामं प्रविश, हन्त प्रविश प्रविश, देवाः शरण्याः / देवाः शरण्याः आदि उदाहरणहरूमा विकल्पको विधान र विकल्पको निषेध भएको देखिन्छ । यसैगरी व्याकरणमहाभाष्यमा कात्यायनले विभाषितं चापि बह्वर्थम् एउटा वार्तिकमा 'विभाषित' शब्दको प्रयोग गरेर वैकल्पिक व्यवस्था गरेको पाइन्छ ।

**'अन्यतरस्याम्' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

पाणिनिले निम्नलिखित ९३ सूत्रमा 'अन्यतरस्याम्' शब्दको उल्लेख गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् : १. उदुपधाद्भावादिकर्मणोरन्यतरस्याम्, २. जात्याख्यायामेकस्मिनबहुवचनमन्यतरस्याम्, ३. नपुंसकमनपुंसकेनैकवच्चास्यान्यतरस्याम्, ४. परिक्रयणे सम्प्रदानमन्यतरस्याम्, ५. हृक्रोरन्यतरस्याम्, ६. द्वितीयतृतीयचतुर्थतुर्याण्यन्यतरस्याम्, ७. तृतीयाप्रभृतीन्यतरस्याम्, ८. संज्ञोऽन्यतरस्यां कर्मणि, ९. पृथग्विनानाभिस्तृतीयाऽन्यतरस्याम्, १०. दूरान्तिकार्थैः षष्ठ्यन्यतरस्याम्, ११. तुल्यार्थैरतुलोपमाभ्यां तृतीयाऽन्यतरस्याम्, १२. लिट्यन्यतरस्याम्, १३. आत्मनेपदेष्वन्यतरस्याम्, १४. उपकादिभ्योऽन्यतरस्यामद्वन्द्वे, १५. उषविदजागृभ्योऽन्यतरस्याम्, १६. विदाङ्कुर्वन्त्वित्यन्यरस्याम्, १७. आत्मनेपदेष्वन्यतरस्याम्, १८. दीपजनबुधपूरितायिप्यायायिभ्योऽन्यतरस्याम्, १९. अक्षोऽन्यतरस्याम्, २०. अमावस्यादन्यतरस्याम्, २१. समुच्चयेऽन्यतरस्याम्, २२. वर्षप्रमाण ऊलोपश्चास्यान्यतरस्याम्, २३. पादोऽन्यतरस्याम्, २४. डाबुभाभ्यामन्यतरस्याम्, २५. पुरुषात्प्रमाणेऽन्यतरस्याम्, २६. अन उपधालोपिनोऽन्यतरस्याम्, २७. दैवयज्ञिशौचिवृक्षिसात्यमुग्रिकाण्ठेविद्धिभ्योऽन्यतरस्याम्, २८. फक्फिञोऽन्यतरस्याम्, २९. द्रोणपर्वतजीवन्तादन्यतरस्याम्, ३०. अपूर्वपदादन्यतरस्यां यड्ढकञौ, ३१. पुत्रान्तादन्यतरस्याम्, ३२. उदश्वितोऽन्यतरस्याम्, ३३. केशाश्वाभ्यां यञ्छावन्यतरस्याम्, ३४. ऐषमोह्यःश्वसोऽन्यतरस्याम्, ३५. युष्मदस्मदोरन्यतरस्यां खञ् च, ३६. ग्रीष्मवसन्तादन्यतरस्याम्, ३७. अशब्दे यत्खावन्यतरस्याम्, ३८. हेतुमनुष्येभ्योऽन्यतरस्यां रूप्यः, ३९. शलालुनोऽन्यतरस्याम्, ४०. मड्डुकझर्झरादणन्यतरस्याम्, ४१. भक्तादणन्यतरस्याम्, ४२. शूर्पादञन्यतरस्याम्, ४३. आढकाचितपात्रात् खोऽन्यतरस्याम्, ४४. विंशत्यादिभ्यस्तमडन्यतरस्याम्, ४५. प्राणिस्थादातो लजन्यतरस्याम्, ४६. केशाद्वोऽन्यतरस्याम्, ४७. बलादिभ्यो मतुबन्यतरस्याम्, ४८. सर्वस्य सोऽन्यतरस्यां दि, ४९. अनद्यतने र्हिलन्यतरस्याम्, ५०. एनबन्यतरस्यामदूरेऽपञ्चम्याः, ५१. एकाद्वो ध्यमुञन्यतरस्याम्, ५२. युवाल्पयोः कनन्यतरस्याम्, ५३. एकशालायाष्ठजन्यतरस्याम्, ५४. बह्वल्पार्थाच्छस् कारकादन्यतरस्याम्, ५५. कुमहद्भ्यामन्यतरस्याम्, ५६. नपुंसकादन्यतरस्याम्, ५७. नञ्दुःसुभ्यो हलिसक्थ्योरन्यतरस्याम्, ५८. वश्चान्यतरस्यां किति, ५९. अनुदात्तस्य चर्दुपधस्यान्यतरस्याम्, ६०. अन्तोदात्तादुत्तरपदादन्यतरस्यामनित्यसमासे, ६१. नामन्यतरस्याम्, ६२. नृ चान्यतरस्याम्, ६३. आदिः सिचोऽन्यतरस्याम्, ६४. आदिर्णमुल्यन्यतरस्याम्, ६५. चडन्यतरस्याम्, ६६. पूगेष्वन्यतरस्याम्, ६७. बह्वन्यतरस्याम्, ६८. ईषदन्यतरस्याम्, ६९. निष्ठोपसर्गपूर्वमन्यतरस्याम्, ७०. निष्ठोपमानादन्यतरस्याम्, ७१. पुत्रेऽन्यतरस्याम्, ७२. नद्याः शेषस्यान्यतरस्याम्, ७३. एकहलादौ पूरयितव्येऽन्यतरस्याम्, ७४. नगोऽप्राणिष्वन्यतरस्याम्, ७५. सनः क्तिचि लोपश्चास्यान्यतरस्याम्, ७६. भ्रस्जो रोपधयो रमन्यतरस्याम्, ७७. मयतेरिदन्यतरस्याम्, ७८. चिण्णमुलोदीर्घोऽन्यतरस्याम्, ७९. लोपश्चास्यान्यतरस्यां म्वोः, ८०. भियोऽन्यतरस्याम्, ८१. तुह्योस्तातङ्ङाशिष्यन्यतरस्याम्, ८२. जराया जरसन्यतरस्याम्, ८३. पदान्तस्यान्यतरस्याम्, ८४. रुहः पोऽन्यतरस्याम्, ८५. भ्राजभासभाषदीपजीवमीलपीडामन्यतरस्याम्,

८६. आपोऽन्यतरस्याम्, ८७. शाच्छोरन्यतरस्याम्, ८८. अकृच्छ्रे प्रियसुखयोरन्यतरस्याम्, ८९. प्रस्त्योऽन्यतरस्याम्, ९०. नुदविदोन्दत्राघ्राह्रीभ्योऽन्यतरस्याम्, ९१. तिरसोऽन्यतरस्याम्, ९२. मातुःपितुर्भ्यामन्यतरस्याम् र ९३ झयो होऽन्यतरस्याम् ।

उपर्युक्त ९३ सूत्रहरूमध्ये दोस्रो सूत्रको उत्तरवर्ती अस्मदो द्वयोश्च, फल्गुनीप्रोष्ठपदानां च नक्षत्रे, छन्दसि पुनर्वस्वोरेकवचनम् र विशाखयोश्च चार सूत्रमा, तेस्रो सूत्रको उत्तरवर्ती पिता मात्रा र श्वशुरः श्वश्र्वा दुई सूत्रमा, समासविधायक छैटौँ सूत्रको उत्तरवर्ती १३ सूत्रमा, नवौँ सूत्रको उत्तरवर्ती करणे च स्तोकाल्पकृच्छ्रकतिपयस्यासत्त्ववचनस्य एउटा सूत्रमा, बाह्रौँ सूत्रको उत्तरवर्ती वेञो वयि एउटा सूत्रमा, पन्ध्रौँ सूत्रको उत्तरवर्ती भीह्रीभृहुवां श्लुवच्च एउटा सूत्रमा, सोह्रौँ सूत्रको उत्तरवर्ती अभ्युत्सादयांप्रजनयांचिकयांरमयामकः पावयाङ्क्रियाद्विदामक्रन्निति च्छन्दसि एउटा सूत्रमा, अठारौँ सूत्रको उत्तरवर्ती अचः कर्मकर्तरि र दुहश्च दुई सूत्रमा, उन्नाइसौँ सूत्रको उत्तरवर्ती तनूकरणे तक्षः एउटा सूत्रमा, तीसौँ सूत्रको उत्तरवर्ती महाकुलादञ्खञौ र दुष्कुलादञ्खञौ दुई सूत्रमा, पैतालिसौँ सूत्रको उत्तरवर्ती सिध्मादिभ्यश्च, वत्सांसाभ्यां कामबले र फेनादिलच्च तीन सूत्रमा, एकाउन्नौँ सूत्रको उत्तरवर्ती द्वित्र्योश्च धमुञ् र एधाच्च दुई सूत्रमा, चौवन्नौँ सूत्रको उत्तरवर्ती सङ्ख्यैकवचनाच्च वीप्सायाम्, प्रतियोगे, पञ्चम्यास्तसिः, अपादाने चाहीयरुहोः, अतिग्रहाव्यथनक्षेपेष्वकर्तरि तृतीयायाः, हीयमानपापयोगाच्च, षष्ठ्या व्याश्रये र रोगाच्चापनयने सात सूत्रमा, छपन्नौँ सूत्रको उत्तरवर्ती नदीपौर्णमास्याग्रहायणीभ्यः र झयः दुई सूत्रमा, त्रिसठ्ठीऔँ सूत्रको उत्तरवर्ती स्वपादिहिंसामच्यनिटि एउटा सूत्रमा, चौसठ्ठीऔँ सूत्रको उत्तरवर्ती अचः कर्तृयकि एउटा सूत्रमा, सत्सठ्ठीऔँ सूत्रको उत्तरवर्ती दिष्टिवितस्त्योश्च एउटा सूत्रमा, अठसठ्ठीऔँ सूत्रको उत्तरवर्ती हिरण्यपरिमाणं धने, प्रथमोऽचिरोपसम्पत्तौ, कतरकतमौ कर्मधारये, आर्यो ब्राह्मणकुमारयोः, राजा च, षष्ठी प्रत्येनसि, क्ते नित्यार्थे, ग्रामः शिल्पिनि र राजा च प्रशंसायाम् नौवटा सूत्रमा, बहत्तरौँ सूत्रको उत्तरवर्ती उगितश्च एउटा सूत्रमा, त्रिहत्तरौँ सूत्रको उत्तरवर्ती मन्थौदनसक्तुविन्दुवज्रभारहारवीवधगाहेषु च एउटा सूत्रमा, असीऔँ सूत्रको उत्तरवर्ती जहातेश्च र आ च हौ दुई सूत्रमा, एकासीऔँ सूत्रको उत्तरवर्ती विदेः शतर्वसुः र समासेऽनञ्पूर्वे क्त्वो ल्यप् दुई सूत्रमा, एकानब्बेऔँ सूत्रको उत्तरवर्ती द्विस्त्रिश्चतुरिति कृत्वोऽर्थे र इसुसोः सामर्थ्ये दुई सूत्रमा, बयानब्बेऔँ सूत्रको उत्तरवर्ती अभिनिसःस्तनः शब्दसंज्ञायाम् एउटा सूत्रमा तथा त्रियानब्बेऔँ सूत्रको शश्छोऽटि, हलो यमां यमि लोपः र झरो झरि सवर्णे तीन सूत्रमा गरी ६५ वटा सूत्रमा 'अन्यतरस्याम्' शब्दको अनुवर्तन भएको देखिन्छ । यसप्रकार पाणिनीय व्याकरणमा ९३ वटा सूत्रमा 'अन्यतरस्याम्' शब्दकै उल्लेख गरेर तथा ६५ वटा सूत्रमा पूर्ववर्ती सूत्रमा प्रयुक्त 'अन्यतरस्याम्' शब्दको अनुवर्तन भएर जम्मा १५८ वटा सूत्रमा 'अन्यतरस्याम्' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको पाइन्छ ।

**'उदीचाम्' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

पाणिनिले आरगुदीचाम् सूत्रमा पूजार्थ वा सम्मानका लागि आचार्यद्योतक 'उदीचाम्' शब्दको ग्रहण गरेका छन् (काशिकावृत्ति ४।१।१३०) भने निम्नलिखित ५ सूत्रमा 'उदीचाम्' शब्दको प्रयोग गरी वैकल्पिक नियमको व्यवस्था गरेका छन् : १. उदीचां माङो व्यतीहारे, २. उदीचामिञ्, ३. उदीचां वृद्धादगोत्रात्, ४. मातरपितरावुदीचाम् र ५. उदीचामातः स्थाने यकपूर्वायाः । उपर्युक्त तेस्रो सूत्रमा प्रयुक्त 'उदीचाम्' शब्दको उत्तरवर्ती वाकिनादीनां कुक्च र पुत्रान्तादन्यतरस्याम् दुई सूत्रमा अनुवर्तन भएको छ भने पाँचौँ सूत्रमा प्रयुक्त 'उदीचाम्' शब्दको उत्तरवर्ती भस्त्रैषाजाज्ञाद्वास्वानञ्पूर्वाणामपि र अभाषितपुंस्काच्च दुई सूत्रमा अनुवर्तन भएको देखिन्छ । जसका कारण उपर्युक्त ९ वटै सूत्रअन्तर्गतका अपमित्य/अपमाय याचते, आम्रगुप्तायनिः/आम्रगुप्तिः, वाकिनकायनिः/वाकिनिः, गार्गीपुत्रकायणिः/गार्गीपुत्रायणिः/गार्गीपुत्रिः, मातरपितरौ/मातापितरौ, आर्यिका/आर्यका, भस्त्रिका/भस्त्रका, गङ्गिका/गङ्गका आदि उदाहरणहरूमा विकल्पको विधान भएको पाइन्छ । त्यसैगरी उदीचामिञ्विधौ तक्षणोऽण्वचनम् एउटा वार्तिकमा 'उदीचाम्' शब्दको प्रयोगका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको छ ।

**'प्राचाम्' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

पाणिनिले प्राचामवृद्धात् फिन् बहुलम् र एकाच्च प्राचाम् दुईवटा सूत्रमा पूजा वा सम्मानका लागि 'प्राचाम्' शब्दको प्रयोग गरेका छन् भने निम्नलिखित ५ सूत्रमा 'प्राचाम्' शब्दको उल्लेख गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् : १. कुषिरजोः प्राचां श्यन्परस्मैपदं च, २. अलंखल्वोः प्रतिषेधयोः प्राचां क्त्वा, ३. प्राचां ष्फ तद्धितः, ४. शोणात् प्राचाम् र ५. खार्याः प्राचाम् । जसका कारण दोस्रो सूत्रबाहेकका उपर्युक्त ४ सूत्रअन्तर्गतका कुप्यति/कुप्यते पादः स्वयमेव, गार्ग्यायणी/गार्गी, शोणी/शोणा, द्विखारम्/द्विखारी आदि उदाहरणहरूमा विकल्पको व्यवस्था भएको देखिन्छ। उपर्युक्त दोस्रो सूत्रका सन्दर्भमा काशिकावृत्तिकारले 'अलं रोदनेन' इत्यादि सिद्धिका लागि 'प्राचाम्' ग्रहण गर्नु विकल्पका लागि हो भने वासरूपविधिको अनुवर्तन मान्दा 'प्राचाम्' ग्रहण गर्नु पूजाका लागि हो भन्ने दोहोरो विचार प्रस्तुत गरेका छन् (काशिकावृत्ति ३।४।१८) । परन्तु सिद्धान्तकौमुदीकारले यस सूत्रमा 'प्राचाम्' ग्रहण गर्नु पूजाका लागि हो भन्ने दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ। दुवैको दृष्टिकोणमा मतभेद रहेको भए पनि उत्तरवर्ती विचार भएकाले सिद्धान्तकौमुदीकारको मतलाई नै उपयुक्त ठान्न सकिन्छ। त्यस्तै वर्तका शकुनौ प्राचामुपसंख्यानम् एउटा वार्तिकमा प्रयुक्त 'प्राचाम्' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको छ।

**'एकेषाम्' र 'एके' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

पाणिनिले यजुष्येकेषाम् एउटा सूत्रमा अप्राप्त विभाषाका रूपमा 'एकेषाम्' शब्दको उल्लेख गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् । उक्त सूत्रानुसार यजुर्वेदका विषयमा केही आचार्यका मतमा सकारको षत्व हुने र अन्य आचार्यका मतमा षत्व नहुने भएकाले 'एकेषाम्' शब्दद्वारा विकल्प सिद्ध हुन्छ । उक्त सूत्रमा प्रयुक्त 'एकेषाम्' शब्दको अनुवृत्ति उत्तरवर्ती स्तुतस्तोमयोर्छन्दसि र पूर्वपदात् दुई सूत्रमा भएको देखिन्छ । जसका कारण क्रमशः यी तीनवटै सूत्रअन्तर्गतका अर्चिभिष्ट्वम्/अर्चिभिस्त्वम्, नृभिष्टुतस्य/नृभिस्तुतस्य, दिविष्ठः/दिविस्थः आदि प्रयोगहरूमा विकल्पले षत्व भएको पाइन्छ। त्यसैगरी कात्यायनले छन्दसि क्नमेके र अन्त्यात् पूर्वो नुममेके दुइटा वार्तिकमा 'एके' शब्दको प्रयोग गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् ।

**'बहुलम्' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

धेरै अर्थलाई ग्रहण गर्ने सन्दर्भमा पाणिनीय व्याकरणमा 'बहुलम्' शब्दको प्रयोग गरिएको छ । कहीँ नित्य रूपमा प्रवृत्ति हुनु, कहीँ अप्रवृत्ति वा अभाव हुनु, कहीँ विभाषा वा विकल्प हुनु र कहीँ अर्कै हुनु गरी 'बहुलम्' शब्दलाई चार प्रकारमा अर्थ्याइएको पाइन्छ (जिनेन्द्रबुद्धि, न्यासटीका ३।३।१) । 'अर्धमात्रालाघवेन पुत्रोत्सवं मन्यन्ते वैयाकरणाः'को मान्यतालाई दृष्टिगत गरी वा शब्दको प्रयोगद्वारा नै विकल्प पनि सिद्ध हुँदाहुँदै 'बहुलम्' शब्दको ग्रहण गर्नाले कहीँ नित्य रूपमा प्रवृत्ति भएर कृष्णसर्पः जस्ता शब्द सिद्ध हुन्छन् भने कहीँ अप्रवृत्ति भएका कारण रामो जामदग्न्यः जस्ता उदाहरणमा सूत्रनिर्दिष्ट कार्य हुँदैन। त्यसैले 'बहुलम्' शब्दको प्रयोग गरिएका केकति पाणिनीय सूत्रहरूमा विकल्पको व्यवस्था भएको छ भनेर यकिन गर्न निकै गाह्रो छ तापनि पाणिनिले निम्नलिखित ३४ सूत्रहरूमा 'बहुलम्' शब्दको प्रयोग गरेर वैकल्पिक नियमको व्यवस्था गरेको देख्न सकिन्छ : १. कर्तृकरणे कृता बहुलम्, २. विशेषणं विशेष्येण बहुलम्, ३. चतुर्थ्यर्थे बहुलं छन्दसि, ४. बहुलं छन्दसि, ५. बहुलं छन्दसि, ६. बहुलं छन्दसि, ७. तृतीयासप्तम्योर्बहुलम्, ८. सिब्बहुलं लेटि, ९. व्यत्ययो बहुलम्, १०. बहुलं छन्दसि, ११. उणादयो बहुलम्, १२. रोगाख्यायां ण्वुल् बहुलम्, १३. कृत्यल्युटो बहुलम्, १४. वृद्धाट्ठक् सौवीरेषु बहुलम्, १५. प्राचामवृद्धात् फिन् बहुलम्, १६. नक्षत्रेभ्यो बहुलम्, १७. गोत्रक्षत्रियाख्येभ्यो बहुलं वुञ्, १८. बहुलं छन्दसि, १९. देवमनुष्यपुरुषपुरुमर्त्येभ्यो द्वितीयासप्तम्योर्बहुलम्, २०. बहुलं छन्दसि, २१. स्यश्छन्दसि बहुलम्, २२. ङ्याश्छन्दसि बहुलम्, २३. परादिश्छन्दसि बहुलम्, २४. तत्पुरुषे कृति बहुलम्, २५. ङ्यापोः संज्ञाछन्दसोर्बहुलम्, २६. उपसर्गस्य घञ्यमनुष्ये

बहुलम्, २७. बहुलं छन्दस्यमाङ्योगेऽपि, २८. मघवा बहुलम्, २९. बहुलं छन्दसि, ३०. बहुलं छन्दसि, ३१. बहुलं छन्दसि, ३२. बहुलं छन्दसि, ३३. पातौ च बहुलम् र ३४. उपसर्गाद् बहुलम् ।

उपर्युक्त ३४ सूत्रमध्ये तेस्रो सूत्रको उत्तरवर्ती यजेश्च करणे एउटा सूत्रमा, चौधौँ सूत्रको उत्तरवर्ती फेश्छ च र फाण्टाहृतिमिमताभ्यां णफिञौ दुई सूत्रमा, बीसौँ सूत्रको उत्तरवर्ती चायः की एउटा सूत्रमा, पच्चीसौँ सूत्रको उत्तरवर्ती त्वे च एउटा सूत्रमा, सत्ताइसौँ सूत्रको उत्तरवर्ती इरयो रे एउटा सूत्रमा, 'बहुलम्' शब्दको अनुवर्तन भएको देखिन्छ । यीमध्ये कहीँ (पा.,अ. २।१।३२ आदि) सर्वोपाधि व्यभिचार अर्थात् अव्याप्ति र अतिव्याप्तिको परिहारका लागि बहुल ग्रहण गरिएको छ भने कहीँ (पा.,अ. २।३।५७ आदि) नित्य, अप्रवृत्ति र विकल्पको व्यवस्थाका लागि 'बहुलम्' शब्दको प्रयोग गरिएको छ। यसप्रकार पाणिनीय व्याकरणमा ३४ वटा सूत्रमा 'बहुलम्' शब्दकै उल्लेख गरेर तथा ६ वटा सूत्रमा पूर्ववर्ती सूत्रमा प्रयुक्त 'बहुलम्' शब्दको अनुवर्तन भएर जम्मा ४० वटा सूत्रमा 'बहुलम्' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको भेटिन्छ ।

व्याकरणमहाभाष्यमा कात्यायनले निम्नलिखित ६ वटा वार्तिकमा 'बहुलम्' शब्दको प्रयोग गरेर वैकल्पिक नियमलाई व्यवस्थित गरेका छन् : १.सिब् बहुलं छन्दसि णित्, २. समश्च बहुलम्, ३.पुष्पमूलेषु बहुलम्, ४.वत्वन्तात् स्वार्थे द्वयजस्मात्रचौ बहुलम्, ५.रयेर्मतौ बहुलम् र ६.बहुलं छन्दस्यानुषस्जुजोषदिति दर्शनात् । त्यसैगरी व्याकरणमहाभाष्यमा नै पतञ्जलिले परादिश्च परान्तश्च पूर्वान्तश्चापि दृश्यते, पूर्वादयश्च दृश्यन्ते व्यत्ययो बहुलं ततः एउटा श्लोकवार्तिकसदृश भाष्येष्टिमा तथा छन्दसि स्त्रियां बहुलम् एउटा भाष्येष्टिको व्याख्यानमूलक नियममा 'बहुलम्' शब्दको उल्लेख गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् ।

### 'विकल्प' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था

व्याकरणमहाभाष्यको प्रदीप टीकामा प्रयुक्त वलादावार्धधातुके विकल्पः सिध्यति (प्रदीपटीका २।४।५६।१) एउटा व्याख्यानमूलक वार्तिकमा 'विकल्प' शब्दको प्रयोग गरी वैकल्पिक नियमको व्यवस्था गरिएको पाइन्छ ।

### आपिशलि आदि ऋषिबोधक शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था

पाणिनिले निम्नलिखित १८ वटा सूत्रमा आपिशलि, काश्यप, गार्ग्य, गालव, चाक्रवर्मण, भारद्वाज, शाकटायन, शाकल्य, सेनक र स्फोटायन १० वटा ऋषिबोधक शब्दको प्रयोग गरेका छन् : १. वा सुप्यापिशलेः एउटा सूत्रमा आपिशलिको, २. तृषिमृषिकृषेः काश्यपस्य र ३. नोदात्तस्वरितोदयमगार्ग्यकाश्यपगालवानाम् दुइटा सूत्रमा काश्यपको, ४. अड् गार्ग्यगालवयोः, ५. ओतो गार्ग्यस्य र नोदात्तस्वरितोदयमगार्ग्यकाश्यपगालवानाम् तीनवटा सूत्रमा गार्ग्यको, ६. इको ह्रस्वोऽङ्यो गालवस्य, ७. तृतीयादिषु भाषितपुंस्कं पुंवद्गालवस्य, अड् गार्ग्यगालवयोः र नोदात्तस्वरितोदयमगार्ग्यकाश्यपगालवानाम् चार सूत्रमा गालवको, ८. ई चाक्रवर्मणस्य एउटा सूत्रमा चाक्रवर्मणको, ९. ऋतो भारद्वाजस्य एउटा सूत्रमा भारद्वाजको, १०. लङः शाकटायनस्यैव, ११. व्योर्लघुप्रयत्नतरः शाकटायनस्य र १२. त्रिप्रभृतिषु शाकटायनस्य तीन सूत्रमा शाकटायनको, १३. सम्बुद्धौ शाकल्यस्येतावनार्षे, १४. इको सवर्णे शाकल्यस्य ह्रस्वश्च, १५. लोपः शाकल्यस्य र १६. सर्वत्र शाकल्यस्य चार सूत्रमा शाकल्यको, १७. गिरेश्च सेनकस्य एउटा सूत्रमा सेनकको तथा १८. अवङ् स्फोटायनस्य एउटा सूत्रमा स्फोटायनको । उपर्युक्त सूत्रहरूमध्ये एउटा सूत्रमा गार्ग्य, गालव र काश्यप तीन ऋषिको तथा एउटा सूत्रमा गार्ग्य र गालव दुइटा ऋषिको समान मत रहेको पाइन्छ। त्यस्तै पहिलो सूत्रमा आपिशलि ग्रहण गर्नु, पाँचौँ सूत्रमा गार्ग्य ग्रहण गर्नु, बाह्रौँ सूत्रमा शाकटायन ग्रहण गर्नु र सोह्रौँ सूत्रमा शाकल्य ग्रहण गर्नु पूजाका लागि हो भने ऋषिबोधक शब्दसँग अन्य १४ वटा सूत्रअन्तर्गतका तृषित्वा/तर्षित्वा, प्रय आरुः (अस्वरित/स्वरित), अरोदत्/अरोदीत्, ग्रामणिपुत्रः/ग्रामणीपुत्रः, अनादये/अनादिने, चिनुहीति/चिनुहि ३ इति, विवयिथ/विवेथ, अयुः/अयान्, भो अच्युतः/ भोयच्युतः, इन्द्रः/इन्द्रः, विष्णविति/विष्ण इति, चक्रि अत्रचर्क्यत्र, विष्ण

इह/विष्णविह, उपगिरम्/उपगिरि, गवाग्रम्/गोऽग्रम् आदि प्रयोगहरूमा विकल्पको व्यवस्था भएको देखिन्छ। यसका साथै पाणिनिले दीर्घादाचार्याणाम् र आदाचार्याणाम् दुई सूत्र सामान्यीकृत ऋषिबोधक शब्दका रूपमा आचार्य शब्दको प्रयोग गरेका छन्। पहिलो सूत्रमा आरम्भ गर्नुको सामर्थ्यद्वारा नै सिद्ध हुँदाहुँदै सूत्रमा आचार्य शब्दको ग्रहण गर्नु पूजाका लागि हो (जिनेन्द्रबुद्धि, न्यासटीका) भने दोस्रो सूत्रमा आचार्य ग्रहण गर्नु नित्यका लागि (जिनेन्द्रबुद्धि, न्यासटीका) हो। त्यसैले उपर्युक्त दुवै सूत्रमा प्रयुक्त आचार्य शब्दले विकल्पको बोध नगराई नित्यको बोध गराएको पाइन्छ। त्यसैगरी व्याकरणमहाभाष्यमा कात्यायनले चयो द्वितीयाः शरि पौष्करसादेः एउटा वार्तिकमा ऋषिबोधक पौष्करसादि शब्दको प्रयोग गरेर वैकल्पिक मतको व्यवस्था गरेका छन्।

**निष्कर्ष**

पाणिनीय व्याकरणमा वैकल्पिक मतको व्यवस्थाका लागि वा, विभाषा, विभाषित, अन्यतरस्याम्, उदीचाम्, प्राचाम्, एकेषाम्, एके, बहुलम्, विकल्प र आपिशलि आदि ऋषिबोधक शब्दको प्रयोग गरिएको छ। तीमध्ये १७९ सूत्र, ५४ वार्तिक र ४ भाष्येष्टिसहित २३७ नियममा 'वा' शब्दको, २५६ सूत्र र ५ वार्तिकसहित २६१ नियममा 'विभाषा' शब्दको, ४ सूत्र र एउटा वार्तिकसहित ५ नियममा 'विभाषित' शब्दको, १५८ सूत्रमा 'अन्यतरस्याम्' शब्दको, ९ सूत्र र एउटा वार्तिकसहित १० नियममा 'उदीचाम्' शब्दको, ४ सूत्र र एउटा वार्तिकसहित ५ नियममा 'प्राचाम्' शब्दको, ३ सूत्रमा 'एकेषाम्' शब्दको, २ वार्तिकमा 'एके' शब्दको, ४० सूत्र, ७ वार्तिक र एउटा भाष्येष्टिसहित ४८ नियममा 'बहुलम्' शब्दको, एउटा वार्तिकमा 'विकल्प' शब्दको तथा १८ सूत्र र एउटा वार्तिकसहित १९ नियममा 'आपिशलि' आदि ११ वटा ऋषिबोधक शब्दको प्रयोग गरिएको छ। ६७१ सूत्र, ७३ वार्तिक र ५ भाष्येष्टि गरी जम्मा ७४९ वटा नियमका माध्यमबाट पाणिनि, कात्यायन र पतञ्जलिले पाणिनीय व्याकरणमा वैकल्पिक मतको व्यवस्थापन गरेर आफ्ना पूर्ववर्ती र समकालिक संस्कृत व्याकरणका मान्यतालाई सम्मान गर्दै पाणिनीय व्याकरणका नियम र प्रयोगहरूलाई उदार बनाएको पाइन्छ।

**सन्दर्भग्रन्थसूची**

गौतम, कुलचन्द्र (२०६९), *संस्कृत नेपाली शब्दकोश,* विद्यार्थी पुस्तक भण्डार।

ढकाल, मतिप्रसाद (२०८१), *पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा (भाग ३),* आस्था ढकाल।

चन्द्रगोमि (१९५३ सन्), *चान्द्रव्याकरणम्,* सम्पा. क्षितीशचन्द्र चटर्जी, डेक्कन कलेज।

पतञ्जलि (१९९१ सन्), *व्याकरणमहाभाष्यम्,* चतुर्थं खण्डम्, सम्पा. भार्गव शास्त्री जोशी, चौखम्बा संस्कृत प्रतिष्ठान।

पतञ्जलि (१९९१ सन्), *व्याकरणमहाभाष्यम्,* पञ्चमं खण्डम्, सम्पा. भार्गव शास्त्री जोशी, चौखम्बा संस्कृत प्रतिष्ठान।

पतञ्जलि (२००० सन्), *व्याकरणमहाभाष्यम्,* तृतीयं खण्डम्, सम्पा. शिवदत्त शर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान।

पतञ्जलि (२००० सन्), *व्याकरणमहाभाष्यम्,* षष्ठं खण्डम्, सम्पा. दधिराम शर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान।

पतञ्जलि (२००४ सन्), *व्याकरणमहाभाष्यम्,* प्रथमं खण्डम्, सम्पा. भार्गव शास्त्री जोशी, चौखम्बा संस्कृत प्रतिष्ठान।

पतञ्जलि (२००७ सन्), *व्याकरणमहाभाष्यम्,* द्वितीयं खण्डम्, सम्पा. शिवदत्त शर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान।

पाणिनि (१९७७ सन्), *अष्टाध्यायीसूत्रपाठ,* व्या. नारायण मिश्र, चौखम्बा ओरियन्टालिया।

वामन-जयादित्य (२०४१), *काशिका,* चतुर्थभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी र सुधाकर मालवीय, तारा बुक एजेन्सी।

वामन-जयादित्य (२०४५), *काशिका,* पञ्चमभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी र सुधाकर मालवीय, तारा बुक एजेन्सी।

वामन-जयादित्य (२०४६), *काशिका,* तृतीयभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी र सुधाकर मालवीय, तारा बुक एजेन्सी।

वामन-जयादित्य (२०५१), *काशिका,* नवमभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी, तारा बुक एजेन्सी।

वामन-जयादित्य (२०५७), *काशिका,* दशमभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी, तारा बुक एजेन्सी।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# सामाजिक तथा आर्थिक अवस्थाका कारण दलित महिलाको प्रजनन स्वास्थ्यमा प्रभाव

**मिना रिमाल**
*स्वतन्त्र अध्येता, त्रिभुवन विश्वविद्यालय*

***Article History :*** *Received : 25th, Feb. 2026; Reviewed : 28th May, 2026; Accepted : 14th June 2026*
***Corresponding Author :*** *Mina Rimal* ***E-mail :*** *rimalmina12@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95909*

## सारसङ्क्षेप

*यस अध्ययनमा दलित समुदायका महिलाहरूको प्रजनन स्वास्थ्यको अवस्था र त्यसमा प्रभाव पार्ने सामाजिक, आर्थिक, शैक्षिक र सांस्कृतिक पक्षहरूको विश्लेषण गरिएको छ। प्रजनन स्वास्थ्यलाई केवल रोग वा कमजोरीको रूपमा नलिई शारीरिक, मानसिक र सामाजिक स्वास्थ्यसँग जोडेर हेर्ने गरिन्छ। प्रजनन स्वास्थ्यमा सुरक्षित मातृत्व, परिवार नियोजन, किशोरीको प्रजनन अधिकार, यौन शिक्षा र यौनजन्य रोग नियन्त्रण समावेश गरिन्छ। कालिका नगरपालिका, चितवनमा १५-४९ वर्ष उमेर समूहका ५० जना दलित महिलाहरूको नमूना लिएर गुणात्मक तथा संख्यात्मक विधि प्रयोग गरी उक्त अध्ययन कार्य सम्पन्न गरिएको हो। यो परिणामले देखाउँछ कि प्रायः उत्तरदाताहरू कृषि पेशामा निर्भर छन्। उनीहरूको आय र खर्च न्यूनदेखि मध्यम स्तरमा रहेको छ र अधिकांश निरक्षर वा प्रारम्भिक शिक्षा हासिल गरेका छन्। सामाजिक संरचना अनुसार ७० प्रतिशत महिलाहरू संयुक्त परिवारमा बस्छन् र मुख्य रूपमा हिन्दू धर्मावलम्बी छन्।। स्वास्थ्य चौकीको पहुच नहुनु, सामाजिक, सांस्कृतिक कारण, लाज मान्ने, जनचेतनाको कमि र स्वस्थ उपचारमा पारिवारको अनुमति नपाउनु गर्भावस्थामा स्वास्थ्य परीक्षण नगर्ने मुख्य कारण रहेका छन्। प्रजनन स्वास्थ्य सम्बन्धी समस्या जस्तैः ढाड दूख्नु, तल्लो पेट दूख्नु, अत्याधिक रक्तस्राव हुनु र संक्रमण जस्ता समस्याहरू सहभागी महिलाहरूले देखाएका छन्। आर्थिक, सामाजिक र शैक्षिक अभावले स्वास्थ्य सेवा पहुँच, परिवार नियोजन अभ्यास, सुरक्षित मातृत्व र प्रजनन अधिकारमा बाधा पुऱ्याइरहेको छ।दलित महिलाहरूको प्रजनन स्वास्थ्य सुधार गर्नका लागि बहुआयामिक कार्यक्रमहरू आवश्यक पर्दछन्। जस्तैः आर्थिक सशक्तिकरण, शिक्षामा पहुँच, सामाजिक चेतनामा अभिवृद्धि, स्वास्थ्य सेवा सुविधाको विस्तार र समुदायस्तरीय स्वास्थ्य शिक्षाको प्रभावकारी कार्यान्वयन अपरिहार्य छन्। यसले मात्र मातृ-शिशु स्वास्थ्यमा सुधार, प्रजनन अधिकारको सुनिश्चितता र सामाजिक न्यायका लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउँछ।*

**शब्दकुञ्जीः** दलित, प्रजनन स्वास्थ्य, महिला, चितवन।

## विषयपरिचय

विश्व स्वास्थ्य संगठन (२००६) का अनुसार "प्रजनन स्वास्थ्य भन्नाले प्रजनन प्रणाली, त्यसका कार्य र प्रक्रियासँग सम्बन्धित सम्पूर्ण शारीरिक, मानसिक र सामाजिक सुस्वास्थ्यको अवस्था हो, मात्र रोग वा अशक्तताको अभाव होइन"। यस परिभाषाले प्रजनन स्वास्थ्यलाई केवल जैविक पक्षमा सीमित नगरी मानसिक र सामाजिक सन्तुलनसँग पनि जोडेको छ, जसले सम्पूर्ण मानब जीवन गुणस्त रमा प्रभाव पार्छ। संयुक्त राष्ट्रसंघको जनसङ्ख्या कोष (२०१४) अनुसार "प्रजनन स्वास्थ्यको अर्थ यस्तो अवस्था हो, जहाँ मानिसहरू सुरक्षित, जिम्मेवार र सन्तोष जनक यौन जीवन बिताउन सक्षम हुन्छन्

*Copyright 2026© the Author(s)*

र आफ्ना सन्तान जन्माउने निर्णय स्वतन्त्र रूपमा गर्न सक्छन्" (पृ.४) यस परिभाषाले प्रजनन स्वास्थ्यलाई अधिकार र स्वतन्त्रतासँग जोड्दै, परिवार नियोजन र यौन-जीवनका निर्णयमा व्यक्तिको स्वतन्त्रताको महत्व दर्शाउँछ। नेपाल सरकारको स्वास्थ्य तथा जनस॥या मन्त्रालयका अनुसार "प्रजनन स्वास्थ्य महिलाको मात्र नभई पुरुष र जोडी दुवैको समग्र स्वास्थ्यसँग सम्बन्धित विषय हो, जसमा मातृत्व, नवजात शिशु, किशोरी, परिवार नियोजन र यौनजन्य रोग नियन्त्रणका पक्षहरू समावेश हुन्छन्।" स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०१८) का अनुसार प्रजनन स्वास्थ्य भन्नाले परिवार र समाजसँग सम्बन्धित सामुहिक सम्बन्ध भन्ने बुझिन्छ, जसमा दुवै लिङ्गको भूमिकालाई समान रूपमा महत्त्व दिइएको छ।

नेपालको दलित समुदाय अझै पनि सामाजिक, आर्थिक र शैक्षिक रूपमा पछाडि परेको वर्गको रूपमा परिचित छ। जनचेतनाको कमीका कारण यो समुदायमा लागू पदार्थ, जाँड-रक्सीको सेवन र अस्वस्थ जीवनशैलीको समस्या गहिरो रूपमा विद्यमान छ। यस्तो अवस्था समुदायको समग्र स्वास्थ्य, विशेष गरी महिलाको प्रजनन स्वास्थ्यमा प्रतिकूल असर पार्दै आएको छ। बालबालिकाको शिक्षामा पहुँचको अभाव, गरिबी र चेतनाको कमीले महिलाहरूलाई सुरक्षित मातृत्व र परिवार नियोजनका अभ्यासहरू अपनाउन कठिन बनाएको छ। दलित समुदायको सामाजिक, आर्थिक र शैक्षिक स्थिति परस्पर सम्बन्धित भएकाले प्रजनन स्वास्थ्यमा देखिने समस्या बहुआयामिक छन्। आर्थिक कमजोर अवस्थाले स्वास्थ्य सेवा प्राप्त गर्न अवरोध पुऱ्याउँछ भने शिक्षाको कमीले महिलाहरूमा प्रजनन अधिकार र स्वास्थ्य सचेतनाको स्तर घटाउँछ। परिणाम स्वरूप, बाल विवाह, असुरक्षित गर्भ र मातृ तथा शिशु मृत्यु दर जस्ता समस्याहरू बढिरहेका छन्। त्यसैले यस अध्ययनले दलित समुदायमा आर्थिक र शैक्षिक अवस्थाले प्रजनन स्वास्थ्यमा पार्ने प्रभाव, सुरक्षित मातृत्वको अवस्था र विवाहको उमेरजस्ता विषयमा अनुसन्धान गरी तिनबीचको सम्बन्धको गहिरो विश्लेषण गर्ने उद्देश्य राख्दछ।

**सैद्धान्तिक साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा**

अम्वेडकर सन १९९९ ले दलितहरूलाई शिक्षित बनौं, संगठित हौं र संघर्ष गरौं भनि आह्वान गरेका थिए। दलितको जीवनमा शिक्षाले कति महत्व राख्दछ भन्ने कुरा बुझ्न उनको कथा नै पऱ्याप्त हुन्छ। सामाजिक न्यायमा आधारित समाजको एउटा आधार शिक्षा हो। समाजको पिँधभन्दा टाढाको विषय भई शिक्षाका ढोका दलितका लागि लामो समयसम्म बन्द थियो। २००७ सालअघि दलितलाई शिक्षामा पहुँच नदिइएकाले उनीहरू धेरै पुस्तासम्म निरक्षर भए जसको प्रभाव आजसम्म परेको देखिन्छ। (शाह, सन २००७)।

वि.सं. २००७ मा प्रजातन्त्र आएपछि शिक्षाको ढोका केही खुकुलिएको थियो। मुलुकी ऐन, २०२० ले जातीय आधारमा सबैलाई बराबरीको कानुन लागू गर्न खोजेपछि शिक्षामा दलितहरूको पहुँच बढेको हो। उक्त घोषणापछि शिक्षा क्षेत्रमा हुने जातीय भेदभाव केही हदसम्म कमी आएकाले शिक्षामा दलितहरूको उपस्थिति बढ्दै गएको छ। तर पनि अधिकांश दलितको शैक्षिक उपलब्धि न्यून नै छ। अन्य वर्ण र जातिको तुलनामा सबैभन्दा तल छ। (खनाल,२०७०)।

दलित महिलाको स्वास्थ्य अवस्था नेपालमा अझै पनि चिन्ताजनक अवस्थामा रहेको छ। सामाजिक, आर्थिक, शैक्षिक र सांस्कृतिक कारणले उनीहरू स्वास्थ्यका आधारभूत सेवाबाट वञ्चित भइरहेका छन्। परम्परागत मान्यता, गरिबी, छुवाछुत र असमान पहुँचका कारण दलित महिलाहरूले सुरक्षित मातृत्व, पोषण र प्रजनन स्वास्थ्यका सेवा समयमै प्राप्त गर्न सक्दैनन्। दलित महिलाहरूमा रक्तअल्पता, कुपोषण र प्रसूति सम्बन्धी जटिलता उच्च दरमा पाइन्छ (विश्वकर्मा, २०६८)।

त्यसैगरी, स्वास्थ्य संस्थामा उपचारका क्रममा पनि भेदभावको अनुभव हुने गरेको छ, जसले उनीहरूलाई उपचारबाट टाढा राख्ने प्रवृत्ति बढाएको छ। शैक्षिक स्तर कमजोर भएकाले प्रजनन अधिकार, परिवार नियोजन र स्वच्छता सम्बन्धी ज्ञान न्यून छ। यसका कारण किशोरावस्थामै विवाह, अनिच्छित गर्भ र मातृ मृत्यु दर उच्च देखिन्छ (निरौला, सन २०१५)।

पूर्वका अध्ययनहरूले पनि दलित महिलाको स्वास्थ्य अवस्था सुधार गर्नका लागि आर्थिक सशक्तिकरण, शिक्षाको

पहुँच र सामाजिक सचेतनामा सुधार आवश्यक रहेको निष्कर्ष दिएका छन् । त्यसैले, सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले दलित महिलाको स्वास्थ्य अवस्था सुधार गर्न बहुआयामिक नीतिगत र व्यवहारिक पहल अपरिहार्य देखिन्छ। (निरौला, सन २०१५) ।

काल मार्क्सका अनुसारका सामाजिक विभेदीकरणको प्रमुख पक्ष नै आर्थिक कारण हो । सामाजिक उत्पादन र वितरणमा रहेको असमानताले विभेदिकरणलाई उच्च स्थानमा पुऱ्याउँछ । समाजका सम्पूर्ण पक्षहरूमा वर्ग संघर्ष नै सिङ्गो सामाजिक व्यवस्थाको स्वरूपमा परिवर्तन ल्याउने प्रमुख आधार हो । वर्ग संघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । समाजमा परस्पर विरोधि वर्गहरूको बीचमा आ- आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ। यस अन्तर्गत शोषित वर्गहरू विच उत्पादन प्रक्रिया, उत्पादनको वितरण वा उत्पादनको सम्बन्धमा र उत्पादनको साधनको स्थायित्वको सम्बन्धमा वर्गीय आधार नै सामाजिक द्वन्द्व हुने गर्दछ (शर्मा, २०५८) ।

अवस्थी, प्रधान र साथिहरू (२०१८) दलित महिलाहरूको आयस्तर न्यून हुँदा प्रजनन सम्बन्धी antenatal care सेवाको उपयोग कम छ। अध्ययनमा सहभागी महिलाहरू मध्ये, लगभग धेरैले कुनै antenatal care सेवा लिएका थिएनन्। आर्थिक अभाव, न्यून शिक्षा र स्वास्थ्य सेवामा जानकारीको कमी यसको मुख्य कारण रहेको देखिएको छ।

दलित समुदायहरूलाई शैक्षिक मूल प्रवाहमा सामेल गर्न सरकारले प्राथमिक तहमा अध्ययनरत दलित विद्यार्थीको लागि २०५२- २०५३ देखि व्यवस्था गर्दै आएको बार्षिक रु २ करोड ९० लाखको छात्रवृत्ति २०६०- ६१ मा रू ८ करोड हुदैं २०६२- ६३ मा रु १३ करोड ९९ लाख १७ हजार पुगेको छ। यसबाट प्रा.वि तहमा प्रत्येक दलित विद्यार्थीले बार्षिक रु २५० मात्र पाउँछन् । त्यस्तै नि.मा.वि तहमा अध्ययन गर्ने १ लाख दलित विद्यार्थीका लागि रु ५ करोड छुट्याइएको छ। जसबाट प्रत्येकले बार्षिक रु ५०० प्राप्त गर्दछन् । शिक्षा मन्त्रालयले २०५८- ५९ देखि दलित विद्यार्थीको लागि १० प्रतिशत कोटा छुट्याएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिसरले पनि आफु मातहतका प्राविधिक शिक्षालयहरूमा १० प्रतिशत कोटा आरक्षित गरेको छ। (नेपाली,२०६१)

नेपालका सन्दर्भमा लिच्छवीकाल (इ सं २००- ८७९) को सुरुमै चार वर्ण अठार जातको स्थिति कायम भयो भने ६०० सम्ममा यहाँको वर्णाश्रम समाजमा छुवाछुत भित्रिएको थियो । वागमती उपत्यकामा जयस्थिति मल्ल (३६०- १३९९) ले छुवाछुत प्रथाको थालनी गरेको पाइन्छ। उनले ४ वर्ण ६४ जातको स्थिति बसाल्दै जातीय छुवाछुतलाई कडाइका साथ लागु गरे भने गोरखाका राजा पृथ्वीनारायण शाहले 'नेपाल चारवर्ण छतीस जातको साझा फूलबारी हो भनी व्याख्या गरका छन्। (उपाध्याय,२०५५) ।

नेपालको दलित र तिनको शिक्षा एक अध्ययनले दलितको उत्थान गर्न विभिन्न कार्यक्रम संचालन भएतापनि तिनीहरूको जीवनस्तरमा खासै परिवर्तन आउन नसकेको र सो समुदायमा शिक्षा तथा चेतनाको अभाव भएको हुँदा सरकारले उक्त समुदायमा विभिन्न चेतना मूलक कार्यक्रम अगाडि बढाउन पर्ने कुरामा जोड दिइएको छ। ( कोइराला,२०५८) ।

हिन्दु वर्णाश्राम जति व्यवस्था वि.स. १९९० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जातीय भेदभाव एव समाजमा अछुत मानिसका र समाजिक, आर्थिक, राजनैतिक,शैक्षिक तथा धार्मिक रूपमा राष्ट्रिय मूल प्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित भनि परिभाषित गरिएको छ (विश्वकर्मा, २०६०) ।

कोइराला, पौडेल र श्रेष्ठ (२०२१) को अध्ययनले यी आर्थिक र सामाजिक अवस्थाहरू एकअर्कासँग अन्तर सम्बन्धित छन् । उदाहरणका लागि शिक्षा र आयका कमीले महिलाहरूलाई जानकारी मुलक स्वास्थ्य सेवा र सुरक्षित मातृत्व कार्यक्रमहरूको पहुँचबाट वञ्चित गराउँछ। आर्थिक अवस्थाले पोषण, ठीक समयमा स्वास्थ्य परीक्षण गर्ने क्षमता, औषधि र आइरन-ट्याब्लेट जस्ता पूरकहरू प्रयोग गर्ने अवसरलाई सीमित बनाउँछ। सामाजिक भेदभाव र जातीय विभेदले चिकित्सा सेवा प्रदायकहरू वा समुदायमा स्वास्थ्यकर्मीहरूले तयार गर्ने वातावरणमा असर गर्छ, जसले महिला स्वायत्तता अनि निर्णय

गर्ने क्षमता घटाउँछ।

नेपालमा सामाजिक, आर्थिक र शैक्षिक अवस्थाले परिवार नियोजनको साधन प्रयोग र जनसङ्ख्या वृद्धिमा महत्वपूर्ण प्रभाव पार्ने गरेको छ। जब्दी गाउँपालिका सर्लाहिमा गरिएको अनुसन्धानले देखाएको छ कि दलित समुदायका परिवारहरूले सामाजिक र आर्थिक सीमितताका कारण परिवार नियोजन सेवाको प्रयोगमा कम भाग लिन्छन् । गरीब, अशिक्षित र सामाजिक रूपमा पछाडि परेका परिवारमा जन्म नियन्त्रण, गर्भनिरोधक साधन प्रयोग तथा स्वास्थ्य सेवा पहुँचमा ठूलो अन्तर देखिन्छ (कटुवाल, २०६४) ।

यो असमानताको पृष्ठभूमि नेपालको ऐतिहासिक र सामाजिक संरचनासँग पनि जोडिएको छ। राजा रामशाह (इ.स. १६०५-१६३५०) ले समाजलाई वर्ण, जात, उपजात र थरमा विभाजन गरेर छुवाछुत प्रथालाई वैधता दिएको थियो। त्यसपछि जंगबहादुर राणासम्म आइपुग्दा चालु जातपात र छुवाछुत प्रथालाई मुलकी ऐनमार्फत कानुनी मान्यता प्रदान गरिएको थियो, जसले दलितहरूको सामाजिक स्थिति अझ कमजोर बनायो  (विश्वकर्मा, २०६५) ।

परिवार नियोजन र जनसङ्ख्याको दरमा यी सामाजिक असमानताहरू स्पष्ट रूपमा देखिन्छन् । नेपालको औसत प्रजनन दर ४ रहेको अवस्थामा दलित समुदायमा ४.०७ रहेको देखिन्छ। यसैगरी तराई क्षेत्रमा जातीय स्तर घट्दै गए अनुसार बालबालिकाको कुपोषणको दर पनि बढ्दो छ। ब्राह्मणबाट मध्यम जात र दलितसम्म पुग्दा पोषणको स्तर घट्दै गएको पाइन्छ (सिहं र अन्य, २००९) ।

स्वास्थ्य सेवा पहुँचमा पनि जातीय विभेद स्पष्ट देखिन्छ। नेपाल मानव विकास प्रतिवेदन, २०११ अनुसार, प्रत्येक १ हजार शिशु जन्मिँदा दलित समुदायमा ११६ र ब्राह्मण समुदायमा मात्र ५० जना बालमृत्यु हुन्छ । पाँच वर्ष मुनिका बालबालिकाको मृत्यु दरमा पनि फरक देखिन्छ राष्ट्रिय औसत १०४ प्रति १ हजार भए पनि दलित समुदायमा १७१.२ प्रति १ हजार रहेको छ (थापा, २००९) ।

### अध्ययन विधि

यस अध्ययनलाई पूरा गर्न गुणात्मक विधि अन्तर्गतको व्याख्यात्मक विधि र संख्यात्मक विधि अन्तर्गतको विवरणात्मक विधिको प्रयोग गरिएको छ । संख्यामा आएका सूचनाहरूलाई सङ्ख्यात्मक विधिको प्रयोग गरी विश्लेषण गरिएको छ भने शब्दमा आएका सूचनाहरूलाई व्याख्यात्मक विधिअन्तर्गत रहेर व्यवस्थित ढंगले प्रस्तुत गरिएको छ । कालिका नगरपालिका वार्ड नम्बर ८ मा बसोबास गर्ने दलितहरूलाई यस अध्ययनको जनसङ्ख्या मानिएको छ। कालिका नगरपालिकाको २०८१ को विवरण अनुसार अध्ययन क्षेत्रमा बसोबास गर्ने कूल १०० दलित घरधुरी रहोको देखिन्छ। उक्त संख्य बाट एक घर विराएर आधा पचास प्रतिसतलाई नमुनाको रूपमा लिइएको छ। यसरी नमुना छनोट गर्दा उद्देश्य मूलक नमुना छनोट विधि प्रयोग गरिएको छ। प्रत्येक छनोट गरिएका घरबाट एक जना महिलालाई उत्तरदाताको रूपमा लिएको छ। छनोटमा परेका उत्तरदाताहरूलाई उनीहरूको प्रजनन स्वास्थ्य र प्रजनन स्वास्थ्यलाई प्रभाव पार्ने विविध आर्थिक सामाजिक पक्षको बारेमा प्रश्नहरू सोधिएको थियो । यसरी सोधिएका प्रश्नहरूको उत्तरका रूपमा नमुना छनोटमा परेका महिलाहरूले दिएका सूचनाहरूलाई अध्ययनको उद्देश्य विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

### अध्ययन क्षेत्र

कालिका नगरपालिकाको क्षेत्रफल १४९.०८ ब कि.मी. रहेको छ। यस नगरपालिकाको भू-उपयोगको अवस्था विश्लेषण गर्दा आवादी वा खेति गरिएको जमिन २३.२ प्रतिशत, जंगलले ओगटेको भुभाग ७१.१ प्रतिशत, घाँसे मैदान ०.२ प्रतिशत, झाडी तथा बुट्यान २.४ प्रतिशत, वलौटे भूभाग १.९ प्रतिशत बाँझो जमिन रहेको ०.९ प्रतिशत र पानीको भूभाग

०.३ प्रतिशत देखिन्छ। (कलिका नगरपालिका पाशबिचत्र , २०७८) जनसङ्ख्या तथा धर्मालम्बीहरूको हिसाबले कालिका नगरपालिकालाई एक बहु भाषिक बहुजाति बहुधार्मिक नगरपालिकाको रूपमा लिन सकिन्छ यस नगरपालिकामा ब्राह्मण, क्षेत्री, तामाङ, चेपाङ, मगर, गुरुङ, दलित लगायतका जातजातिहरूको बसोबास रहेको देखिन्छ। कालिका नगरपालिकामा दलितको जम्मा जनसङ्ख्या ५.८५ रहेको छ। वार्ड नं ११ बाहेक सबै वडामा दलित जातिको उपस्थिति रहेको देखिन्छ।

**अध्ययन क्षेत्रको नक्सा**




स्रोतः कालिका नगरपालिका, वि.सं २०८२

**दलित महिलाहरूको प्रजनन स्वास्थ्यको अवस्था**

यस अध्ययनमा ५० जना १५ देखि ४९ वर्ष उमेरसम्मका दलित महिलाहरू सहभागी भएका छन् । अध्ययनमा सहभागी उत्तरदाता हरू विभिन्न सामाजिक तथा आर्थिक पृष्ठभूमिबाट आएका छन्। उनीहरूको आर्थिक तथा सामाजिक अवस्था यस प्रकार रहेको छ।

**उत्तरदाताको आर्थिक अवस्था**

यस अध्ययनमा विभिन्न आर्थिक अवस्थाका उत्तरदाताहरू सहभागी भएका छन् तलको तालिकामा उनीहरूको पारिवारिक पेशा वार्षिक आम्दानी तथा खर्चको विवरण प्रस्तुत गरिएको छ।

**तालिका : १ उतरदाताको पारिवारिक पेशा, वार्षिक आम्दानी तथा खर्चको विवरण**

**पारिवारिक पेशा वार्षिक आम्दानी –लाखमा)**

| पेशा | संख्या | प्रतिशत | वार्षिक आम्दानी -लाखमा | संख्या | प्रतिशत | खर्च | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| कृषि | ३० | ६० | २ लाख सम्म | २५ | ५० | २ लाख सम्म | ३५ | ७० |
| ब्यापार | ५ | १० | २ देखि ३ लाख | १५ | ३० | २ देखि ३ लाख | १० | २० |
| सेवा | १० | २० | ३ देखि ४ लाख | ६ | १२ | ३ देखि ४ लाख | ३ | ६ |
| अन्य | ५ | १० | ४ लाख भन्दा बढी | ४ | ८ | ४ लाख भन्दा बढी | २ | ४ |
| जम्मा | ५० | १०० | जम्मा | ५० | १०० | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०८२

माथिको तालिकामा उत्तरदाताको आर्थिक अवस्थाको बारेमा उल्लेख गरिएको छ । सर्वाधिक ३० जनाको उत्तरदताहरूको परिवार पेशा कृषिमा आधारित रहेको छ। ५ जनाको परिवार  व्यापारमा संलग्न छन् भने १० जनाको परिवार सेवा क्षेत्रमा संलग्न भएका छन् । ५ जनाको परिवार भने अन्य पेशा जस्तै निर्माण, दैनिक ज्याला, स्वरोजगार आदि मा संलग्न छन् । यस अध्ययन मा संलग्न अधिकांश परिवार परम्परागत कृषि पेशामा निर्भर छन् र आधुनिक पेशा वा व्यवसायमा संलग्नता सीमित छ। यसै गरि उत्तरदताको वर्षिक आयको विष्लेषण गर्दा २५ जनाको परिवारको वार्षिक आम्दानी २ लाख रूपैयाँसम्म रहेको छ । यस्तै १५ जनाको परिवारको आम्दानी ३ देखि ४ लाख रहेको छ भने ४ जना परिवारको वार्षिक आय ४ लाख भन्दा बढी रहेको छ। यसले देखाउँछ कि अधिकांश परिवारको वार्षिक आम्दानी न्यूनदेखि मध्यम स्तरको छ, जसले पारिवारिक खर्च, शिक्षा र स्वास्थ्य सेवा पहुँचमा सिमित मात्र पहुच रहेको देखिन्छ। यस्तै वार्षिक खर्चको कुरा गर्दा ३५जना उत्तरदातको वार्षिक खर्च २ लाख रूपैयाँसम्म रहेकोछ। १० जनाको परिवार बार्षिक खर्च समूहमा पर्छ।३ जनाको परिवार खर्च यो समूहमा पर्छ । २ जनाको परिवार उच्च खर्च गर्ने समूहमा पर्दछ। यो तथ्यले देखाउँछ कि परिवारको खर्च प्रायः आम्दानीको स्तरसँग मेल खान्छ र अधिकांश परिवार न्यून खर्चमा जीविकोपार्जन गरिरहेका छन् । अधिकांश परिवार कृषि पेशामा निर्भर छन् । आम्दानी र खर्च दुवै प्रायः न्यूनदेखि मध्यम स्तरमा रहेको छ, जसले जीवनस्तर, शिक्षा, स्वास्थ्य सेवा पहुँच र जीवनको सामान्य अवस्था सीमित बनाउँछ। केही परिवार उच्च आम्दानी र खर्च गर्ने भए पनि संख्या निकै सानो मात्र छ। यसबाट निस्कन्छ कि सामाजिक र आर्थिक अवस्थाले परिवारको जीवनशैली, स्वास्थ्य र शिक्षा पहुँचमा प्रत्यक्ष प्रभाव पार्छ, जसले गर्दा नीति निर्माण र लक्षित विकास कार्यक्रमहरूमा ध्यान दिन आवश्यक हुन्छ।

**उतरदाताको शैक्षिक अवस्था, धार्मिक अवस्था, परिवारको संख्या, परिवारको किसिम**

उतरदताको शैक्षिक, धार्मिक अवस्थाले पनि उनीहरूको प्रजनन स्वास्थ्यमा असर पुऱ्याएको हुन्छ । तलको तालिकामा उतरदाताको शैक्षिक अवस्था, धार्मिक अवस्था, परिवारको संख्या, परिवारको किसिम उल्लेख गरिएको छ।

**तालिकाः २ उतरदाताको शैक्षिक र धार्मिक अवस्था**

| शैक्षिक अवस्था | संख्या | प्रतिशत | धार्मिक  अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| निरक्षर | १५ | ३० | हिन्दु | २८ | ५६ |
| साक्षर( प्रथामिक) | २० | ४० | बौद्ध | १ | २ |
| एसइइ | १० | २० | इसाइ | २० | ४० |
| कक्षा १२ वा भन्दा बढी | ५ | १० | अन्य | १ | २ |
| जम्मा | ५० | १०० | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन  , २०८२

माथिको तालिकामा उत्तरदाताको शैक्षिक अवस्था धार्मिक अवस्था परिवार सङ्ख्या र पारिवारिक संरचनाको बारेमा उल्लेख गरिएको छ। १५ जना उत्तरदाताहरू निरक्षर छन्। २० जनाले प्रारम्भिक शिक्षा हासिल गरेका छन् भने १० जना माध्यमिक स्तरसम्म पढेका छन्। मात्र ५ जना उच्च माध्यमिक वा बढी शिक्षा प्राप्त गरेका छन्। सर्वेक्षणले देखाउँछ कि उत्तरदाताको ठूलो हिस्सा प्राथमिक वा निरक्षर तहमा रहेको छ। उच्च शिक्षा प्राप्त गर्नेको प्रतिशत न्यून छ, जसले पेशागत अवसर र जनचेतनामा सीमितता जनाउँछ। तलको तालिकामा उतरदाताको परिवारको संख्या र परिवारको किसिम देखाइएको छ।

**तालिकाः ३ उतरदाताको परिवारको संख्या र परिवारको किसिम**

| परिवारको संख्या | संख्या | प्रतिशत | परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| ४ जना सम्म | १४ | २८ | संयुक्त | ३५ | ७० |
| ४ देखि ६ | १५ | ३० | एकल | १५ | ३० |
| ६ देखि ८ | १० | २० | जम्मा | ५० | - |
| ८ भन्दा बढी | ११ | २२ | - | | - |
| जम्मा | ५० | १०० | - | - | - |

स्रोत : स्थलगत अध्ययन, २०८२

अध्ययनमा संलग्न उत्तरदाताहरूमध्ये ५६ प्रतिशतले हिन्दू धर्म अँगालेको पाइन्छ। दुई प्रतिशत बौद्ध धर्मलम्बीहरू छन् भने ४० प्रतिशतले इसाई धर्म अनुसरण गरेका छन्। यस्तै दुई प्रतिशतले अन्य धर्म अनुसरण गरेका छन्। अधिकांश उत्तरदाताहरू हिन्दु धर्मावलम्बी छन्। इसाई धर्मावलम्बीको संख्या अपेक्षाकृत उच्च छ र बौद्ध र अन्य धर्मका मानिस कम छन्। अध्ययनमा संलग्न उत्तरदाताहरूको परिवारको संरचना र परिवार सङ्ख्या लाई हेर्दा ठूलो आकारको परिवार ७० प्रतिशत संयुक्त परिवारमा बसोबास गर्दछन् भने ३० प्रतिशत मात्र एकल परिवारमा बसोबास गर्दछन्। गरिबीको कारण पर्याप्त जग्गा नभएकोले गर्दा अधिकांश दलित परिवारहरू संयुक्त परिवारमा बस्न बाध्य छन्। अधिकांश परिवार मध्यम आकारका (४-६ जना) छन्। ठूलो परिवार (८ जना भन्दा बढी) पनि २२ प्रतिशत रहेको छ जसले जनसंख्या नियन्त्रण र परिवार नियोजनको आवश्यकतालाई देखाउँछ। उत्तरदाताको शिक्षा स्तर धेरैजसो प्राथमिक वा निरक्षर छ जसले जनचेतना, स्वास्थ्य सेवामा पहुँच र परिवार नियोजनको व्यवहारमा असर गर्न सक्छ। धार्मिक अवस्था मुख्य रूपमा हिन्दु र इसाई धर्ममा केन्द्रित छ। परिवारको आकार मध्यमदेखि ठूलो रहेको छ, जसले परिवार नियोजन र स्रोत व्यवस्थापनमा चुनौती प्रस्तुत गर्छ। अधिकांश परिवार संयुक्त संरचनामा छन् जसले निर्णय प्रक्रियामा परिवारका सदस्यहरूको सहभागितालाई प्रभाव पार्ने देखाउँछ।

**प्रजनन स्वास्थ्यको अवस्था**

रोग र दुर्वलताबाट मुक्ति हुनु मात्र नभई प्रजनन प्रणाली तथा यसका कार्य र प्रक्रियाहरूमा समेत शारीरिक, मानसिक, सामाजिक रूपमा पूर्ण स्वास्थ्यको अवस्थालाई प्रजनन स्वास्थ्य भनिन्छ, (विश्व स्वस्थ्य संगठन, सन २००६। नेपालको सन्दर्भमा हेर्दा अधिकाशं ग्रामीण महिलाहरूमा प्रजनन सम्बन्धी समस्याहरू देखापरेका छन्। ती समस्याका कारणले वर्षेनी अकालमै ज्यान गुमाउने महिलाहरूको संख्या धेरै छ। ग्रामीणस्तरमा यो शिक्षासम्बन्धी चेतनाको स्तर न्यून हुनुका साथै प्रजनन उमेर समूहका  महिलाहरूमा विभिन्न खालका संक्रमणका कारण बाझोपन भएको पाइन्छ। ती समस्या एकातिर छन् भने अर्कोतिर आर्थिक समस्याले गर्दा उपचार हुन नसकी अकालमा मृत्यु हुने महिलाको संख्या पनि बढी नै छ। यस्ता समस्याले प्रजनन स्वास्थ्यमा कस्तो प्रभाव पारेको छ सोको बारेमा उत्तरदाताहरूको भनाइलाई समेटिएको छ।

**गर्भवती अवस्थामा स्वास्थ्य परीक्षण गराउने कारण र स्थिति सम्बन्धी विवरणः**

गर्भवती अवस्था एक जटिल अवस्था हो । उक्त अवस्था भरिमा कम्तिमा ४ पटक गर्भ परीक्षण गराउनु पर्ने हुन्छ । यदि गर्भ परीक्षण नगराउँदा गर्भवती अवस्थामा आउने विभिन्न उत्तरचढावहरूहले गर्दा महिलालाई मनोवैज्ञानिक असर समेत पर्न जान्छ । अझ यस अध्ययनमा दलित महिलाहरूमा हुने गर्भवती अवस्थाको वारेमा अनुसन्धान गर्दा विभिन्न कारणले गर्भवती अवस्थामा स्वास्थ्य परीक्षण नगराएको पाइयो । उक्त अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ । किन गर्भवति अवस्थामा स्वास्थ्य परीक्षण नगराउनु भएको भनेर सोधिएको प्रश्नमा त्यहाँका महिलाहरूले दिएको जवाफलाई तल दिएको छ ।

**तालिका ४ः गर्भवती अवस्थामा स्वास्थ्य परीक्षण गराउने कारण र स्थिति सम्बन्धी विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी टाढा भएर | १५ | ३० |
| २ | लाज लागेर | २० | ४० |
| ३ | थाहा नभएर | १० | २० |
| ४ | अनुमति नपाएर | ५ | १० |
| ५ | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययान अध्ययन , २०८२

***Corresponding Author :*** *Prabha Marahattha Koirala* ***E-mail :*** *koiralaprabha@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95915*

**सारसङ्क्षेप**

*प्रस्तुत लेखमा रेवतीरमण खनालको रावणायन उपन्यासमा अभिव्यक्त सांस्कृतिक व्यवहार र शक्तिसत्ताको चलखेल के कस्तो रहेको छ भन्ने प्राज्ञिक समस्या समाधानार्थ सोही कृति अध्ययन र विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित छ । यसका लागि आवश्यक सामग्री सङ्कलनमा पुस्तकालय प्रयोग गरिएको छ । रावणायन उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । आख्यानमा प्रतिबिम्बित संस्कृति अध्ययनका निम्ति सांस्कृतिक अध्ययनका सिद्धान्तसँग सम्बन्धित अवधारणाहरू रहेका लेख, रचना, पुस्तकका साथै रावणायन उपन्यासमा आधारित समालोचना, लेख आदिलाई द्वितीय सामग्रीका रूपमा सङ्कलन गरिएको छ । प्रस्तुत सामग्री अध्ययन गरी आवश्यक सामग्री छानेर पाठ विश्लेषणमा उपयोग गरिएको छ । साहित्यिक पाठ अध्ययन र विश्लेषणमा आधारित प्रस्तुत लेख गुणात्मक प्रकृतिको रहेको छ । चयन गरिएको कृतिमा अभिव्यक्त सांस्कृतिक व्यवहार, शक्तिसत्तासँग यसको सम्बन्ध अध्ययनका निम्ति सांस्कृतिक अध्ययनका मुख्य अवधारणहरू उपयोग गरिएको छ । विश्लेषणमा आवश्यकताअनुसार निगमनात्मक तथा आगमनात्मक पद्धतिको उपयोग गरी निष्कर्ष निकालिएको छ । सांस्कृतिक अध्ययनले सांस्कृतिक व्यवहार र सत्ताशक्तिसँग त्यसको सम्बद्धतालाई हेर्ने काम गर्दछ । यसको मुख्य लक्ष्य समाजमा रहेका शक्तिसम्बन्धहरूलाई उदाङ्गो पार्नु, त्यसले सांस्कृतिक व्यवहारलाई कसरी आकार प्रदान गरेको छ भन्ने यथार्थ अध्ययन गर्नु हो । सांस्कृतिक अध्ययनभित्र मानवसमाजका आर्थिक, सामाजिक, राजनैतिक, जातीय, लैङ्गिक तथा वर्गीय रीतिरिवाज, परम्परा, रहनसहन, विभेद, दमन, शोषणजस्ता सबै गतिविधि पर्दछन् । समाजका परम्परागत संस्कृतिबाट साहित्य प्रभावित हुन्छ र ती संस्कृतिहरू साहित्यमा प्रतिबिम्बित हुन्छन् । रावणायन उपन्यासमा पनि रावण र रामका चरित्रमाफर्त आदिम संस्कृति, शक्ति र सत्ताको चलखेलको प्रतिबिम्बन भएको छ । यस उपन्यासमा मानिसले नै सत्ताधारी वा शक्तिशालीलाई देवत्वकरण गर्ने र शक्तिहीन तथा विद्रोहीलाई राक्षसीकरण गर्ने सांस्कृतिक पृष्ठमूमि निर्माण गरेका रहस्य उद्घाटन गरिएको छ । रावणायन उपन्यासमा व्यक्त ऋषिका कथित कुलीन संस्कृति र त्यसका विरुद्धमा आएको रक्षसंस्कृतिका सांस्कृतिक व्यवहार, अन्तर्सङ्घर्ष र विद्रोह अध्ययन गर्दा ती सत्य, न्यायका पक्षमा नभई शक्ति, सत्ता प्राप्तिका निम्ति सङ्घर्षरत रहेको निष्कर्ष यस लेखमा निकालिएको छ । उपन्यासमा आर्य संस्कृतिले शक्ति र सत्ताकै चलखेलमा मान्छेलाई देवता, मानव, दानव वा राक्षसका रूपमा विभाजन गर्ने कुसंस्कार बसालेको र त्यसलाई भत्काउन रावणले वैकल्पिक शक्तिका रूपमा रक्षसंस्कृति निर्माण गरेको छ । तर दुवै संस्कृति मान्नेले आ-आफ्ना संस्कृतिका उद्देश्य, नियम, अनुशासन पालना नगरी एकअर्काका पहिचान, अस्तित्व तहसनहस बनाउन उद्धत हुँदा धेरै जिउधनको सर्वनाश भएको निष्कर्ष यस लेखमा निकालिएको छ ।*

**शब्दकुञ्जी**: आर्यसंस्कृति, प्रतिरोध, रक्षसंस्कृति, सत्ता–शक्ति, सङ्घर्ष ।

## विषयपरिचय

मानिसका समग्र जीवन भोगाइ, संस्कार, अनुभव, परम्परा आदि तिनका रचना वा कलासाहित्यमा प्रतिबिाम्बत हुन्छन् । यस्ता कलाकृतिमा सिर्जनात्मक खोज, अनुसन्धान गरे वा आलोचनात्मक समीक्षा गरे पुराना संस्कृतिका सबल र

*Copyright 2026© the Author(s)*

कमजोर पक्ष पत्ता लगाउन सकिन्छ। यो मानवीय स्वभाव हो। यही स्वभावले सत्य र यथार्थ पहिचान गर्न सहयोग गर्छ। यसर्थ मानिसलाई सांस्कृतिक, सामाजिक यथार्थबाट सधैँ टाढा राख्न सकिँदैन। यसले संस्कृतिभित्रका विकृति जातीय, वर्गीय, लैङ्गिकजस्ता विविध विभेद अधययन गर्न पनि यसले सहयोग गर्छ। विभेदकारी वर्गीय समाजको सांस्कृतिक परम्परा पनि विभेदी र वर्गीय नै हुन्छ। जीवन र जगत्‌लाई नजिकैबाट चित्रण गर्ने, चिनाउने उपन्यास विधामा पनि सांस्कृतिक यथार्थ आएको हुन्छ। यसर्थ उपन्यासमा समाजका समग्र सांस्कृतिक यथार्थ समाजमा घटिरहेका र घट्न सक्ने यथार्थ घटना, परिवेश, पात्रका भूमिकासँग जोडिएर आएका हुन्छन्। यसरी सांकृतिक यथार्थ आएका आख्यान यथार्थवादी आख्यान हुन्। समाज जस्तो छ त्यस्तै चित्रण गर्नु नै यथार्थवादको मूल प्रवृत्ति हो।

नेपाली उपन्यास परम्परामा यथार्थवादी उपन्यासहरूले आफ्नै समयका सामाजिक, आथिक, राजनीतिक तथा सांस्कृतिक यथार्थलाई प्रतिबिम्बन गरेका छन्। नेपाली आख्यानका क्षेत्रमा २०४७ सालपछि सशक्त यथार्थवादी आख्यानहरू रचना भएका देखिन्छन्। यस्ता आख्यानहरूमा नेपाली समाजका संस्कारलगायत आर्थिक, सामाजिक,राजनीतिक विकृति, बेथिति, निम्नवर्गीय समस्या र उनीहरूमाथि थोपरिएका अत्याचारसमेत समावेश भएका छन्। वर्तमानमा नेपाली समाजका विविध क्षेत्रका विकृति, बेथितिको विरोध गरी सांस्कृतिक जागरणको पक्षपोषण गरिएका थुप्रै उपन्यासहरू पनि आएका छन्। सामाजिक तथा सांस्कृतिक रूपान्तरणको पक्षपोषण गरेर समाजवादी यथार्थवादी आख्यानहरू पनि प्रकाशित भइरहेका छन्। नेपाली समाजका वर्गीय, लैङ्गिक, जातीय विभेद, असमानताका विरुद्धसमेत यथार्थवादी आख्यानहरूले आवाज उठाएको देखिन्छ। नेपाली समाज वर्गीय छ। वर्गीय समाजका रीतिरिवाज वा संस्कृति पनि वर्गीय नै हुन्छन्। सुख, दुःख, सङ्घर्षहरू पनि वर्गीय हुन्छन्। वर्गीय, लैङ्गिक, जातीय विभेद विरुद्ध हरेक वर्ग, लिङ्ग, जातिलाई वाचाल बनाउने संस्कृतिको पक्षपोषण गरिएका आख्यानमा प्रगतिवादी मार्क्सवादी विचार आत्मसात् गरिएको देखिन्छ। यसर्थ यस लेखमा यस्तै पौराणिक वर्गीय, जातीय विभेदयुक्त समाजिक परिवेश, प्रतिरोध र सङ्घर्ष चित्रण गरिएको खनाल रेवतीरमणको *रावणायन* उपन्यासमा सांस्कृतिक यथार्थ के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा समाधान गर्नु नै मुख्य उद्देश्य रहेको छ। नेपाली साहित्यका कविता, काव्य, गजल, मुक्तकमा समेत कलम चलाएका खनाल रेवतीरमणको २०७८ सालमा प्रकाशित *रावणायन* उपन्यास पूर्वीय पुराकथामा आधारित पहिलो आख्यान कृति हो। *रावणायन* उपन्यासमा रावणलाई नै नायक बनाई उसका जन्मदेखि मृत्युसम्मका मुख्यमुख्य चरित्र र घटनाहरू समावेश गरिएको छ। यही आधारमा उपन्यासको मूल शीर्षक *रावणायन* राखिए तापनि यसभित्र कथानक, पात्र, परिवेश सिलसिलाबद्ध हुनेगरी उपशीर्षकहरू दिएको छ। 'परिशिष्ट' भागसमेत समावेश गरी राम, रावणका चरित्र, प्रवृत्तिमाथि थप स्पष्टीकरण दिइएको छ। यसले उपन्यासमा व्यक्त घटना, चरित्र, संस्कृति बुझ्न सजिलो बनाएको छ। रावणले जन्मेदेखि नमर्दासम्म गरेका राम्रा, नराम्रा कार्यहरू, उसका चरित्रहरू वर्णन गर्ने क्रममा उपन्यासमा अन्य पात्रहरू र परिवेश आवश्यकताअनुसार संयोजन गरिएको छ। यसर्थ कतिपय पात्रहरू बिचमा नै उपस्थित भएर बिचमा नै हराएका छन्। उपन्यासमा सुरुदेखि अन्त्यसम्म सशक्त, गतिशील रहेको पात्र रावण नै हो। उपन्यासमा राम, सीता, लक्ष्मण, बलि, बाली, सुग्रीव, हनुमान, बानरसेनाहरू, पुलस्त्य, विश्रवा, अगस्त्य, वशिष्ठ, शुक्राचार्य, विश्वामित्रजस्ता थुप्रै ऋषिहरू, देवता भनिएका ब्रह्मा, विष्णु, शिव, इन्द्र, इन्द्राणी आदि तारा, मन्दोदरी, जनक, सुमाली, माली, माल्यवान, प्रहस्त, रावणकी आमा कैकसी, भाइ कुम्भकर्ण, विभीषण, बहिनी शूपर्णखा, यक्षपुत्री ताडका, ताडकाका बाआमा, लाग्ने, छोराहरू सुबाहु, मारिच आदि बहुल पौराणिक पात्रहरू प्रयोग भएका छन्। यिनकै माध्यमबाट ऋषिकालीन आर्य संस्कृतिका नियम, अनुशासन, अन्तर्विरोध प्रस्तुत गरिएको छ भने त्यही संस्कृतिमा रहेका विकृति र विसङ्गतिको विरोध गर्दै प्रतिसंस्कृतिका रूपमा जन्मिएको रक्ष संस्कृतिका नियम, अनुशासन, प्रतिरोध, सङ्घर्ष आदि उपन्यासमा समेटिएका छन्। आर्य संस्कृति र रावण निर्मित रक्ष संस्कृतिका राम्रा, नराम्रा पक्षलगायत राम र रावणका चरित्रगत प्रवृति वर्णन गरी पुराना र स्थापित कृतिभित्रका भ्रम चिरेर यथार्थको नजिक पुराउने प्रयास उपन्यासमा गरिएको छ।

प्रस्तुत उपन्यासलाई विभिन्न समीक्षकले आआफ्ना दृष्टिकोणले समीक्षा गरेका छन् । जीवन जीवन्त ( २०७९) ले यस उपन्यासलाई मिथकीय विषयको पुनर्लेखनका रूपमा चर्चा गरेका छन् । हरिबोल काफ्ले (२०८०) ले विभिन्न लोकोक्ति रहेको सन्दर्भमा *रावणायन* उपन्यासको समीक्षा गरेका छन् । कर्ण बानिया (सन् २०२४) ले *रावणायन* उपन्यासमा भोगवादी संस्कृतिका विरुद्ध रक्ष संस्कृतिको पक्ष वकालत गरिएको तर्क गरेर समीक्षा गरेका छन् । जीवन श्रेष्ठ (सन् २०२५) ले यस उपन्यासमा व्यक्त युगचेतना अध्ययन गरेका छन् । यसरी विभिन्न लेख, समीक्षामा यस उपन्यासको विविध पक्षको विश्लेषण गरिए तापनि सांस्कृतिक अध्ययनका दृष्टिले यस कृतिको विश्लेषण नभएको हुँदा प्रस्तुत उपन्यासमा केन्द्रित भई यसमा प्रतिबिम्बित आर्य तथा रक्ष संस्कृतिका शक्ति, सत्तासम्बन्ध तथा मोहमा देखिएका अन्तर्विरोध, प्रतिरोध तथा द्वन्द्व सांस्कृतिक अध्ययनका मार्क्सवादी दृष्टिकोणअनुसार अध्ययन र विश्लेषण गरिएको छ ।

**अध्ययनविधि**

प्रस्तुत लेखमा कृति अध्ययन, विशेषणका लागि आवश्यक प्राथमिक तथा द्वितीय सामग्री सङ्कलन गर्दा पुस्तकालयलाई मुख्य आधार बनाइएको छ । *रावणायन* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । आख्यानमा प्रतिबिम्बित सत्तासङ्घर्षका संस्कृति अध्ययनका निम्ति सांस्कृतिक अध्ययनका मार्क्सवादी दृष्टिकोणका अवधारणाहरू रहेका लेख, रचना, पुस्तकका साथै *रावणायन* उपन्यासमा आधारित समालोचना, लेख आदिलाई द्वितीय सामग्रीका रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको गहन अध्ययन गरी उपन्यास अध्ययन, विशेषण प्रक्रियामा उपयोगी सामग्री छनोट गरिएको छ । उपन्यास अध्ययन, विश्लेषण प्रक्रिया गुणात्मक प्रकृतिको हुनेहुँदा निगमनात्मक तथा आगमनात्मक पद्धतिको उपयोग गरेर समस्या समाधानका उपायहरूको खोजी गरी निष्कर्ष निकालिएको छ । सांस्कृतिक अध्ययनका मार्क्सवादी दृष्टिकोणका अवधारणाहरूलाई उपन्यास विश्लेषणको मुख्य विधिका रूपमा उपयोग गरिएको छ ।

**सांस्कृतिक अध्ययनको सैद्धान्तिक अवधारणा**

समाजमा प्रचलनमा रहेका रीतिरिवाज, धर्म, संस्कार वा चाडपर्व, नियम, अनुशासन, बोल्ने र विचार गर्ने तरिका, आहारविहार, श्रम गर्ने तरिका सबै हाम्रा संस्कृति हुन् । कला-साहित्य लेखन, पठन संस्कृति पनि हाम्रा सांस्कृतिक परम्परा हुन् । कुनै पनि वस्तुलाई परिमार्जन गरेर वा सुसंस्कृत रूप दिएर चम्किलो उज्यालो, निकुट बनाउने काम, संस्कार, परिष्कार गर्ने कामलाई संस्कृति भनिन्छ (प्रभात, २०७४, पृ. ४६१) । मानव सभ्यताको विकाससँगै विभिन्न संस्कृति पनि विकसित भएको देखिन्छ । सबै प्रकारका वर्ग, समुदायका संस्कृति, सांस्कृतिक आस्था, स्थान, मूल्य, मान्यता, सङ्घर्ष, प्रतिरोध, सभ्यताजस्ता सबै पक्षको अध्ययन गरिने सांस्कृतिक अध्ययन बहुलवादी अवधारणामा आधरित देखिन्छ । कला र साहित्यमा समेटिएका सामाजिक परिवेश, धर्म, लिङ्ग, वर्ग आदिका सोच, विचार, भूमिका र व्यवहारबाट समाजमा प्रचलनमा रहेका फरकफरक संस्कृतिहरू पहिचान र अध्ययन गर्न सकिन्छ भन्ने मूल मान्यता सांस्कृतिक अध्ययनको रहेको छ । यसमा हिजोका दिनमा समाजमा कस्तो संस्कृति प्रचलमा थियो र आजका दिनमा कस्तो संस्कृति प्रचलनमा रहेको छ भन्ने कुराको अध्ययन गर्न सकिन्छ (गैरे, सन् २०२४, पृ. १४१) । यसर्थ कला, संस्कृति मानवसमाजमा नै जन्मन्छन्, हुर्कन्छन् र स्थायी स्वरूप प्राप्त गर्दछन् । सबै संस्कृति मानव व्यवहारबाट निर्मित र आर्जित सम्पत्ति हुन् । संस्कृतिले धेरै क्षेत्रलाई आफूभित्र समाहित गरेको हुनाले सांस्कृतिक अध्ययन भौतिक विज्ञानको जस्तो मूर्त, सीमाबद्ध सिद्धान्त र दर्शन नभई यसले आवश्यकताअनुसार जुनसुकै सिद्धान्त वा मान्यतालाई उपयोग गरेको देखिन्छ (सापकोटा, २०८०, पृ. ३७) । लेखकले चाहेर वा नचाहे पनि साहित्यमा संस्कृति जोडिएको हुन्छ ।

राम्रा संस्कृतिहरू अनुसरण गर्नु र समानता, न्याय, सद्भाव, एकता भड्काउने अहितकारी संस्कृतिहरू परित्याग गर्दै जानु नै मानवीय सभ्यता हो । समाजका प्रचलनमा रहेका कतिपय संस्कृतिहरू विभेदकारी छन् । तिनले वर्गीय समाज

निर्माण गर्छन् । यसर्थ वर्गीय समाजको संस्कृति पनि वर्गीय नै हुन्छ । एक वर्गका लागि हित हुने संस्कृति अर्को वर्गका लागि अहितकारी हुन्छ भने यस्ता कुरा संस्कृति नभएर विकृतिभित्र पर्दछन् । यस्ता सांस्कृतिक पहिचानका विषयवस्तु समेटिएका आख्यानहरू जटिल प्रकृतिका हुन्छन् । यसर्थ सांस्कृतिक अध्ययनले लेखन, पठनका कृतिलाई राजनीतिक, आर्थिक, सामाजिक, ऐतिहासिक सन्दर्भसँग जोडेर विश्लेषण गर्नुपर्छ भन्ने मान्यता राख्दछ (उप्रेती, २०६८, पृ. २८) । यस्तो अध्ययनबाट आख्यानमा आएका सामन्ती संस्कृति र त्यसले निर्माण गरेका विकृति उद्घाटन गर्न सकिन्छ । शोषक, सामन्तीहरूका शोषण, दमन, अत्याचार गर्ने प्रवृत्ति तथा कुसंस्कारका रहस्य पनि स्पष्ट हुन्छ । नेपालका सन्दर्भमा पुँजीवादी संस्कृतिको विकास हुँदै गए तापनि आधारभूत तहमा सामन्ती संस्कृतिकै वर्चस्व हुँदा सांस्कृतिक प्रदूषणको स्थिति जटिल र असमान किसिमको छ (बराल, २०६७, पृ. २०५) । सामाजिक, आर्थिक, राजनीतिक उथलपुथल, उद्योगधन्धा, कलकारखाना, व्यापारव्यवसायसँग सम्बन्धित नियम, अनुशासन, व्यवहार परिवर्तनका कारण निर्मित नयाँ संस्कृतिहरू पनि साहित्यिक कृतिभित्र समेटिएका हुन्छन् । सांस्कृतिक अध्ययनले त्यसको पनि विश्लेषण गर्नुपर्ने मान्यता राख्दछ ।

मार्क्सवादी चिन्तनअनुसार संस्कृति र समाजव्यवस्था एक अर्कामा आश्रित हुन्छन् । तिनका बिचमा आधार र अधिरचनाको सम्बन्ध हुन्छ । यसर्थ सामन्तवादी साम्राज्यवादी संस्कृतिको विरोध गर्न वा त्यसलाई बदल्न औपनिवेशिक समाजव्यवस्थाको विरोध गर्नु अपरिहार्य हुन्छ (चापागाईं, २०७३, पृ. २९९) । नवनिर्मित संस्कृतिहरूले पुराना संस्कृतिहरूलाई भत्काउँदै गएका हुन्छन् र नयाँ मूल्य, मान्यताहरू स्थापित गर्दै गएका हुन्छन् । कला साहित्यमा समेटिएका संस्कृतिहरूको अध्ययन र विश्लेषण गर्ने समालोचनालाई सांस्कृतिक समालोचना भनिन्छ । नेपालजस्तो अर्धसामन्ती तथा अर्धपुँजीपति समाजमा विकसित संस्कृतिहरू शोषक, शासकका हितअनुकूल छन् । गरिब, निमुखा निम्नवर्गीय जनतामाथि अन्याय गर्ने प्रकृतिका छन् । फुकोका अनुसार जहाँ शोषण, दमनमा संस्कृति र शक्तिको प्रयोग हुन्छ त्यहाँ शक्तिको प्रतिरोध पनि स्वतःस्फुर्त रूपमा उब्जन्छ (उप्रेती, २०६८, पृ. ३३) । सत्तामा रहेका जात वा वर्गकै संस्कारले सांस्कृतिक व्यवहारमा प्रभाव पारिरहेका हुन्छन् । यसर्थ सांस्कृतिक अध्ययन सामाजिक, राजनीतिक सन्दर्भबाट पनि प्रभावित हुन्छ । सामाजिक, राजनीतिक सन्दर्भले नै सांस्कृतिक व्यवहारलाई जन्म दिने हुँदा कुनैबेलाको सामाजिक, राजनीतिक सन्दर्भ कस्तो थियो भन्ने कुरा विश्लेषण गर्न सांस्कृतिक अध्ययनले सहयोग गर्दछ । यसर्थ संरचनावादले भाषिक संरचनाको निश्चित र निर्धारित सूत्रका आधारमा कला, संस्कृतिको निश्चित र निर्धारित अर्थबद्ध व्याख्या गर्न सकिन्छ भन्ने मान्यता राख्दछ (पाण्डेय, २०६८, पृ. २०) । कला, साहित्य लेखन तथा त्यसको विश्लेषण पनि सांस्कृतिक सापेक्षतामा हुन्छ भन्ने मान्यता यसले राख्दछ ।

सांस्कृतिक अध्ययनअनुसार सांस्कृतिक व्यवहार आफैँमा विश्लेष्य वस्तु हो । अध्ययनका दृष्टिले संस्कृतिको अर्थ परम्परागत अवधारणा मात्र सीमित छैन बरु विस्तृत र विवादास्पद पनि छ (पाण्डेय, २०७३, पृ. ४५) । यसर्थ सांस्कृतिक अध्ययन समाज वा ठाउँको अध्ययन पनि हो, जुन ठाउँमा उभिएर सामाजिक, आर्थिक, राजनीतिक गतिविधिहरू अध्ययन गरिन्छ । सत्ता र शक्तिसम्बन्ध तिनीहरूका बिचमा हुने सङ्घर्ष, शोषण, दमन, अत्याचार, प्रतिरोधका शृङ्खलाहरू सामाजिक, राजनीतिक संरचना आदि सबै सांस्कृतिक अध्ययनभित्र पर्दछन् । यसर्थ नवमार्क्सवादीले वर्गसँगै लिङ्ग, जातिगत विभेदलाई पनि सांस्कृतिक अध्ययनभित्र राखेका छन् । समकालीन आमसञ्चार, दैनिक जीवन, संस्कृति, साक्षरता, शिक्षण कलालाई पनि सांस्कृतिक अध्ययनभित्र समेटिएको छ (भट्टराई, २०७७, पृ. ५२) । यसले आधुनिक समाज, राजनीतिक क्रियाकलापका नैतिक मूल्याङ्कन निष्पक्ष, कठोर र सापेक्षित बनेर गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । सांस्कृतिक अध्ययन अन्तर्विषयक तथा राजनीतिक आलोचना पनि हो । यसर्थ नवमार्क्सवादीहरूले लोकप्रिय संस्कृतिलाई सांस्कृतिक तथा राजनीतिक अध्ययनको क्षेत्र बनाएका छन् (भट्टराई, २०७७, पृ. ५३) । सामाजिक अन्तर्विरोध, द्वन्द्व, सङ्घर्ष, प्रतिरोधका शृङ्खला र यसबाट निर्मित नवीन मान्यता, रूपान्तरण अध्ययन गर्ने तथा हरेक ठाउँका प्रभुत्वशाली वर्ग, संरचना र प्रभुत्वहीन वर्ग, संरचनाको सांस्कृतिक यथार्थ अध्ययन गर्नु पनि यसको मुख्य उद्देश्य हो ।

संस्कृतिमा दमनकारी विचारधारा र मूल्यको अवस्था पनि रहने हुँदा सांस्कृतिक अध्ययनले संस्कृतिले व्यक्त गर्ने

यी विचारधारा पनि अध्ययन गरी त्यसको अध्ययन पद्धति पनि निर्माण गर्छ (भट्टराई, २०७७, पृ. ५७) । यसर्थ सांस्कृतिक अध्ययनअन्तर्गत जातीय, लैङ्गिक, वर्गीय सङ्घर्ष, विभेद, दमन, शोषण, प्रतिरोधका शृङ्खलाहरू सबै पर्दछन् । संस्कृतिहरू साहित्यिक विषय नभए तापनि साहित्यमा सामाजिक जनजीवनसँग जोडिएर आएका हुन्छन् । मानवजातिको भौतिक, मानसिक श्रमबाट सिर्जना भएका सम्पूर्ण मूल्यवान् वस्तुहरू संस्कृतिभित्र पर्दछन् (उपाध्याय, सन् २०२२, पृ. १८५) । संस्कृतिको अर्थ लगाउने जिम्मा पनि पठन संस्कृतिमा बाँचेको समाजको नै हुन्छ । सांस्कृतिक अध्ययनले जनतालाई संस्कृति र शक्तिका विभिन्न रूप बिचको अन्तरसम्बन्धलाई बुझ्ने, सशक्त बनाउने र अस्तित्व कायम राख्नका लागि रणनीति विकास गर्न सहयोग गर्दछ (पाण्डेय, २०७३, पृ. ५१) । कृतिभित्र प्रतिबिम्बित आर्थिक, सामाजिक, राजनीतिक गतिविधिमा आधारित सांस्कृतिक रक्षाका आधारहरू, सङ्क्रमित संस्कृति आदिको वस्तुपरक अध्ययन र विश्लेषण गर्ने काम सांस्कृतिक अध्ययनले गर्छ । कृति वा पाठका सांस्कृतिक पक्षको उद्घाटन गर्न सांस्कृति अध्ययनका दृष्टिकोणबाट कृतिलाई हेर्नुपर्छ भन्ने मान्यता यसले राख्छ । कृतिमा अन्तरसांस्कृतिक प्रभावको अवलोकन, सांस्कृतिक रूपान्तरणको सन्दर्भ, संस्कृतिबोध आदिलाई इतिहासबोधका सापेक्षतामा हेर्ने प्रवृत्ति आदि विशेषताहरू कृति विश्लेषणका सांस्कृतिक पर्याधार हुन् (गौतम, २०७१, पृ. ३४६) । यसर्थ साहित्यमा हाम्रा सांस्कृतिक परम्पराहरू प्रतिविम्बन भएका हुन्छन् । हाम्रा विचार, कला, दिनचर्याका सबै गतिविधिहरू साहित्यमा प्रतिबिम्बित संस्कृतिले प्रतिनिधित्व गरेका हुन्छन् । संस्कृतिको निर्माण जीवनको अन्तरद्वन्द्वबाट पनि हुन्छ । सत्ता संस्कृतिले असमान संस्कृतिलाई सत्तावर्गीय संस्कृतितिर अग्रसर गराउने प्रयास गरिरहेको हुन्छ र राष्ट्रिय संस्कृतिबाट अन्तर्राष्ट्रिय संस्कृतितर्फ डोऱ्याउँछ (उपाध्याय, सन् २०२२, पृ. १८५) । वर्चस्वमा रहेका शक्तिशाली सांस्कृतिक व्यवहारले किनारीकृत वर्गका संस्कृतिलाई प्रभावित बनाउँछन् । यसले गरेका हस्तक्षेप, दमन, शोषणसमेत सांस्कृतिक अध्ययनभित्र पर्दछन् । सांस्कृतिक अध्ययनका यिनै प्रगतिशील मान्यताहरूका आधारमा यस लेखमा खनाल रेवतीरमणको *रावणायन* उपन्यासमा प्रतिबिम्बित संस्कृति र सत्ताशक्तिसँगको सम्बन्ध अध्ययन र विश्लेषण गरिएको छ । कृतिलाई सांस्कृतिक अध्ययनको मार्क्सवादी दृष्टिकोणबाट मात्र अध्ययन गर्नु नै यसको सीमा रहेको छ ।

**विमर्श र परिणाम**

*रावणायन* उपन्यासमा पौराणिक पुराकथाहरूमा लुकेर बसेका सांस्कृतिक यथार्थ र सत्तालिप्साको चलखेल उत्खनन गरी सत्यतथ्यको नजिक पुग्ने गरी वर्णन गरिएको छ । उपन्यासमा तत्कालीन आर्य संस्कृति र रक्ष संस्कृतिका नाममा भएका शक्तिसत्तामा आधारित रहस्यमय परिवेश र घटनासन्दर्भहरू खोतलेर प्रस्तुत गरी शक्तिसत्तामा रहिरहनका निम्ति सत्ताधारी वर्गले अन्य जातजाति, समुदायलाई दलन, शोषण र उत्पीडिनमा पार्ने गरेका यथार्थ उद्घाटन गरिएको छ । यसर्थ मार्क्सवादी प्रगतिशील चिन्तनबाट प्रभावित उपन्यासकार खनाल रेवतीरमणको यस उपन्यास वर्गीय, जातीय, लैङ्गिकलगायत समग्र विभेद र उत्पीडनका विरुद्धमा सङ्घर्ष र प्रतिरोध गर्नुपर्ने सचेतना मुखरित भएको देखिन्छ । यस लेखमा प्रस्तुत उपन्यासमा अभिव्यक्त संस्कृति र सत्ताशक्ति सम्बन्ध विश्लेषण तल गरिएको छ ।

**'रावणायन' उपन्यासमा प्रतिबिम्बित आर्यसंस्कृति र सत्तासम्बन्ध**

*रावणायन* उपन्यासमा समेटिएका घटना, परिवेश तथा चरित्रमा आधारित संस्कारले मानवसभ्यता विकासको आदिम इतिहास नजिक पुऱ्याएको अनुभूति गर्न सकिन्छ । उपन्यासमा पूर्वीय पुराकथामा वर्णित राम, रावणका चरित्रचित्रण गर्ने क्रममा ती पुराकथामा वर्णित विश्वामित्र, दशरथ, कश्यप, पुलस्त्य, विश्रवाजस्ता ऋषिहरूलगायत लक्ष्मण, शूर्पणखा, कैकसी, सुमाली, विभीषण, बाली, सुग्रीव, तारा, मन्दोदरी, राजा जनकजस्ता थुप्रै पात्रहरूसमेत समेटिएका छन् । ती पुराकथामा रहस्यमय बनेका पात्रहरूका राम्रा, नराम्रा चरित्रहरू खोतलेर उद्घाटन गरिएको छ । संस्कृत भाषामा लेखिएका *पद्मपुराण, श्रीमद्भागवत, कुर्मपुराण, रामायण, महाभारत, आनन्द रामायण, दशाअवतार चरित्र*लगायतका ग्रन्थका पात्र राम र रावणका

भूमिका गहिरो अध्ययन गरी शासक वर्गको शक्तिसत्ताको चलखेललाई उद्घाटन गरिएको छ । त्यसैका आधारमा मानव समाजमा विकसित संस्कृतिक इतिहास र सत्ताशक्तिको चलखेलमा निर्मित कुसंस्कृतिबाट हुने अन्तर्द्वन्द्वसँग अन्तर्सम्बन्धित कथानकलाई यथार्थको नजिक पुऱ्याउने प्रयास गरिएको छ । शासक वर्गले आफ्नो प्रभुत्व यथावत राख्नका लागि संस्कृति र साहित्यलाई साधनका रूपमा उपयोग गर्दछ तर साहित्य शोषक समाज व्यवस्थाका विरुद्ध मुक्तिकामी वर्गको वैचारिक सङ्घर्षको एक शक्तिशाली माध्यम र हतियार पनि हुन्छ (पाण्डेय, २०६७, पृ. १४८) । पौराणिक पुराकथा अध्ययन गर्दा तत्कालीन धार्मिक ग्रन्थलगायत संस्कृति, सत्तालिप्सामा आधारित रहेको रहस्य यस उपन्यासले उद्घाटन गरेको छ ।

आर्य हुनुको अर्थ ज्ञानी, ध्यानी, सभ्य, शिष्ट हुनु र अरूलाई पनि आफूजस्तै बनाउनु हो । आर्य संस्कृतिले यस्तै गुणको संरक्षण गर्नुपर्ने हो तर *रावणायन* उपन्यासले आर्यहरू शक्तिसत्ताका चलखेलमा लागेका कारण यस्ता गुण कुनै आर्यमा नरहेको रहस्य उद्घाटन गरेको छ । *रावणायन*मा आर्य राम नायक र आर्य नै भए पनि रावणलाई खलनायक बनाएजस्तै *रावणायन*मा रावणलाई नायक र रामलाई खलनायक बनाइएको छ । यसमा अभिजात वर्गीय, विजित पात्रका प्रतिनिधिका रूपमा राम उभिएको छ भने दलित, उत्पीडित वर्गीय पराजितहरूको प्रतिनिधि तथा विद्रोही पात्रका रूपमा रावण उभिएको छ । यसर्थ यसमा रावणलाई विभेद विरुद्ध लड्ने नायक पात्रका रूपमा पुर्लेखन गरिएको छ (श्रेष्ठ, सन् २०२५, पृ. १८१) । *रावणायन* उपन्यासमा प्रतिविम्बित आर्यसंस्कृति उपभोगवादी रहेको छ । युद्धमा इन्द्रलाई पराजित गरी रावणले बन्दी बनाएपछि बसेको देव, ऋषिहरूको कचहरीमा एकअर्काका पोल खोलाखोल चलेको छ । यही क्रममा देवगुरु पत्नी तारालगायत अहित्यामाथि दुराचार गर्ने इन्द्र, च्यवन ऋषिकी पत्नी सुकन्यामाथि वक्रदृष्टि राखी मर्यादाहीन प्रस्ताव राख्ने अश्विनीकुमार, वृन्दामाथि दुराचार गर्ने विष्णु आदिजस्ता भोगवादी संस्कारमा हुर्केका र शक्तिसत्ताका आडमा जस्तोसुकै दमन, शोषण हर्कत गर्न पनि पछि नपर्ने (पृ. १०७) भनी गरिएको व्यङ्ग्यले यसको पुष्टि गरेको छ । उपन्यासमा पुलस्त्य पुत्र विश्रवालाई कैकसीले पतिका रूपमा आफैँ अपनाओस् भन्ने बाबु सुमाली र दाजु प्रहस्तको विचारलाई शिरोधार्य गर्दै कैकसीले वृद्ध विश्रवा ऋषिलाई पतिका रूपमा प्राप्त गर्न अपनाएका अनेक उपाय, ताराको विलाप, मन्दोदरी र धन्यमालिनीको विलाप र विद्रोह, सीताको अग्नि परीक्षा, अहिल्या र ताडकामाथि गरिएका अत्याचारमार्फत पनि सत्ताधारी वर्गले शक्तिसत्ताको दाउपेचमा नारीहरूमाथि अत्याचार गरेका तथा उपयोग भएका रहस्य उद्घाटन भएका छन् । नारीलाई पशुतुल्य ठान्ने, पशुतुल्य निर्मम व्यवहार गर्न सक्ने पितृसत्तात्मक उपभोगवादी संस्कार यी दृष्टान्तले स्पष्ट पारेका छन् । उपन्यासमा ब्राह्मण, ऋषि र तिनैबाट निर्मित मूल्य, मान्यता, आस्थाहरूलाई देवत्वकरण गर्ने, गरिब, निमुखा, महिलालगायत अनार्य सबैलाई असभ्य, अज्ञानीका भाष्य निर्माण गरी राक्षस बनाउने आर्य संस्कृतिले नै समकालीन प्रतिसंस्कृति जन्माएको देखिन्छ । रावणको रक्षसंस्कृति त्यसैको प्रतिफल हो । आफ्नै समाजमा आफूमाथि गरिएका अन्यायको विरोध गर्दा रावणलाई कुलबाट निकालिएका कारण उसले शक्ति र सत्ता आर्जन गरेर अत्याचार हटाउने विद्रोहमा लाग्ने सङ्कल्प गरेको देखिन्छ । विश्रवा ऋषिका सन्तान रहे तापनि रावणलगायत उसका भाइबहिनीहरूमाथि अन्य ऋषिका सन्तानले गर्ने दुर्व्यवहार उपन्यासमा यसरी प्रतिबिम्बन गरिएको छ ः

> ... शुक्र पुत्रले रावणका भाइ, बैनीलाई मन्दिर प्रवेशमा रोक लगायो । उनीहरूलाई अन्टसन्ट तथानाम भन्यो । विभीषण अलि धीर र शान्त स्वभावको थियो । त्यसैले उसले कुनै प्रतिवाद नगरी चुप्पी साधिरहेको थियो । कुम्भकर्ण अलि क्रोधी र विद्रोही स्वभावको हुँदा शुक्र पुत्र र उसका बीच केही भनाभन भयो । द्वन्द्व चर्कँदै जान थालेपछि बैनी शूर्पणखाले दौडिँदै गएर आफ्ना दाजु रावणलाई यो सब कुरा बताई । शुक्र पुत्रले आफ्ना भाइ, बैनीप्रति गरेको दुर्व्यवहारले रावणको स्वाभिमानमा समेत ठेस पुग्यो । यस्ता कतिपय घटनाहरू उसले अनसुना र अनदेखा गर्दै पनि नआएको हैन । तर यो घटनाले भने उसलाई बढी नै दुःखी तुल्याएकाले सहन गर्न सकेन । अतः उसले शस्त्र उठाउने निर्णय गऱ्यो । उता देवपुत्रहरूले पनि शस्त्र उठाउन उद्धत भएको कुरा कसैले गएर ऋषि विश्रवाको कानमा पुऱ्याएछ । ऋषि विश्रवाको संयमका कारण यसपटकको सङ्घर्ष टऱ्यो । (पृ. २८-२९)

उपन्यासमा आएको प्रस्तुत घटनाले आर्यसंस्कृति जातीय, वर्गीय विभेदमा आधारित रहेको कुरा प्रस्ट पारेको छ। मानिस जन्मँदै कोही पनि देवता वा राक्षस हुँदैन। आदिम ऋषिहरूले संस्कृतिका नाममा ऋषि, ब्राह्मण, राजा, महाराजाका भाषा, संस्कार, सन्तानलाई देवत्वकरण गरेका तथा हिन्दु धर्म नमान्ने अनार्यलगायत हिन्दु धर्मको आलोचना गर्ने, वैज्ञानिक खोज अनुसन्धानका विषयवस्तु अध्ययन गरी प्रश्न गर्ने, धर्मका नाममा हुने शोषण, दमनको विरोध गर्ने, श्रमजीवी, स्वतन्त्रता प्रेमी, स्वाभिमानी जीवन जिउन चाहने सबैलाई राक्षसीकरण गरेका यथार्थ उपन्यासमा प्रतिबिम्बित भएको छ। जातीय, लैङ्गिक, वर्गीय विभेद, दमन, शोषणलाई स्थायित्व प्रदान गर्नका निम्ति आर्य संस्कृतिका ब्राह्मण, ऋषिहरूले विभिन्न धार्मिक ग्रन्थ पुराण, उपनिषद्, आचारसंहिता निर्माण गरेर प्रचार गरेका रहस्य यसले उद्घाटन गरेको छ। उपन्यासमा महिला, गरिब, निमुखालगायत अनार्य सबैलाई असभ्य, अशिक्षित, अकुलीन हुँदा पशुतुल्य व्यवहार गर्नुपर्ने परम्परा बनाई त्यसैलाई संस्कृतिका रूपमा स्थापित गर्न खोजेका कारण सांस्कृतिक विद्रोह तथा द्वन्द्व भएको देखिन्छ। यस्ता आचारसंहिताले आर्य सत्ताधारीलाई सत्तामा रहिरहन सहयोग गरेको देखिन्छ साथै पितृसत्तात्मक समाज र सत्ताको संरक्षण गरी महिलालगायत अन्य जातजातिलाई दमन, शोषण गर्ने परिपाटी निर्माण गरेको देखिन्छ। यसर्थ यस्ता धर्मको पक्षपोषण गर्ने कलाकृतिले सामन्तवाद, पुँजीवादको सेवा गर्छ र नयाँ खोज निषेध गर्नुका साथै पुरानै मिथकलाई महत्त्व दिन्छ (पाण्डेय, २०६७, पृ. १५१)। यसर्थमा यस उपन्यासमा धार्मिक ग्रन्थ भनिएका सबै पौराणिक कृतिमाथि प्रश्न गरी शङ्काको विजारोपण गरेको छ। विद्रोह गरी रावणले आर्य संस्कृतिमा पटकपटक उपेक्षा, घृणा सहनुपरेका कारण शिवको तपस्या गरेर शक्ति आर्जन गरेको छ। दण्डधारित आशीर्वाद र शक्ति आर्जनपछि रावणले लङ्कामाथि धावा बोल्दा युद्ध नै नगरी बाउ विश्रवाको सल्लाहमा दाजु कुवेरले सत्ता त्यागेपछि लङ्केशराज बनेको छ। उसका यस्ता विद्रोही गतिविधिलाई सहयोग गर्नेमा उसकै मामा प्रहस्तलगायत राक्षसहरूको पनि सहयोग रहेको देखिन्छ। यसर्थ अनार्य शासन सत्तामाथि आर्यहरूले हमला गरी विजय हुँदा आर्यसंस्कृति स्थापित गरेका तथा आर्य शासनसत्ता, संस्कृतिमाथि अनार्य विजय हुँदा रक्षसंस्कृति स्थापित गरेका हुँदा तत्कालीन युद्ध तथा द्वन्द्व शक्ति, सत्तासंस्कृतिसँग सम्बन्धित रहेको रहस्य उपन्यासमा स्पष्ट आएको छ। संस्कृतिका नाममा जन्माएएका विभेद, कुसंस्कार विकृतिको विरोध गरिएको छ। ऋषि, ब्राह्मणहरूका गलत आचरणको विरोध गरिएको छ। आर्यबाहेक सबैलाई असभ्य, अज्ञानी, पशुतुल्य दमन गर्न योग्य भन्ने भाष्य निर्माण गर्ने हिन्दु धार्मिक ग्रन्थहरू, आचारसंहिता, उपनिषद् आदिको विरोध गरी वेदमा त्यस्ता विभेद केही नभएको तथा मानवतावादी चेतना रहेको हुँदा वेदका आधारमा रावणले रक्ष् संस्कृति निर्माण गरेको दाबी गरिएको छ। यसर्थ संस्कृति मावीय सभ्यता विकासका लागि हुन्छ तथा यो समाजिक शक्ति सम्बन्धसँग जोडिँदा विकृति भित्रिन्छ। यस्ता सम्बन्धमा केही प्रभुत्वशाली हैसियतमा र केही अधीनस्थ वा सीमान्तकृत अवस्थामा रहने यथार्थ उद्घाटन गर्ने सांस्कृतिक अध्ययनले प्रतनिधित्व र पहिचानको निर्माणमा घटित हुने विकेन्द्रको अवस्था, नयाँ पहिचान निर्माणको अवस्थासमेत अध्ययन गर्दछ (पाण्डेय, २०७३, पृ. ७५)। प्रस्तुत उपन्यासमा पनि आर्यसंस्कृतिका नाममा गरिएका अत्याचारका विरुद्धमा उभिएको रावणका भावना ब्रह्माजीसँग वरदान माग्ने क्रममा यसरी व्यक्त गरिएको छ :

> "मैले परिकल्पना गरेको व्यवस्था 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया, सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत्' हो। सबै सुखी रहून्। सबै निरोगी रहून्। सबैको मङ्गलै मङ्गल होस्। कसैले दुःखको भागी बन्नु नपरोस्। यो हो 'रक्ष संस्कृति' को परिकल्पना। अतः विग्रह नहोला ब्रह्मदेव। यदि भै नै हालेछ भने पनि रीति वा नीतिको अवलम्बन गरी प्रतिकूलतालाई अनुकूल बनाउने मेरो प्रयास रहने छ। आवश्यक परे दण्डको सहारा पनि लिन सकिनेछ" - रावणले भन्यो।
>
> "दण्ड व्यवस्थाले समाज भयभीत हुन सक्छ" - ब्रह्माले भने।
>
> "वयं रक्षाम रक्ष संस्कृतिको मूल आधार हो। जब मैले विश्व रक्षाको व्रत लिएको छु भने भयको प्रश्न फेरि कहाँबाट? शङ्का-उपशङ्का गरिरहनुपर्ने कुनै अवस्था नै रहेन" - रावणले स्पष्ट पार्दै आफ्नो मन्तव्य राख्यो।

> ब्रह्माले भने, “म पूर्ण रूपमा सन्तुष्ट भएँ । मैले तँलाई दण्ड धारणको अधिकारी बनाएँ । अधिकारको प्रयोग गर्दा सीमामा रहेर गर्नु ।” (पृ. ३५)

उपन्यासमा यसरी रावणले सुरुवात गर्न लागेको रक्षसंस्कृतिमाथि ब्रह्माले विश्वास गरेको देखिन्छ । आम जनतालाई शान्ति, सुरक्षाको प्रत्याभूति गराएर न्यायपूर्ण, समतामूलक शासन व्यवस्था चलाउन ब्रह्माले रावणलाई आशीर्वाद दिएको देखिन्छ । उपन्यासमा सुमाली पुत्री कैकसीबाट रावणजस्तो छोरा नै जन्मनु र उसको उपयोग गरेर आफ्नो गुमेको राज्य फिर्ताको आशा राख्नुमा पनि शक्ति र सत्तासम्बन्धकै रणनीतिमा आधारित चलखेल देखिन्छ । यस्ता संस्कृतिले शक्ति र सत्तामा रहनेको पूजा गर्ने र शक्ति, सत्ताका निम्ति जस्तोसुकै अधर्मी कार्य गर्न पनि तयार हुने खराब संस्कृतिको विकास गरेको देखिन्छ । उपन्यासमा आर्यसंस्कृतिले कथित देवताहरूले ऋषि, ब्राह्मणहरूको संरक्षण गर्ने तथा अन्य जात, जाति, गरिब, निमुखा नारीहरूमाथि दमन, शोषण गर्ने गरेका भाष्य निर्माण गरेको रहस्य स्पष्ट आएको छ । स्वाभाविक रूपमा कथित देवताहरूलाई जसले देवत्वकरण गरेको छ ती त्यसैको पक्षपाती रहने यथार्थ पनि यसले उद्घाटन गरेको छ । विष्णु, इन्द्र, ब्रह्मालगायत भोगीविलासी रहेका आर्य ऋषि, ब्राह्मणहरूले तिनै भोगीविलासी, दुराचारीलाई सहयोग गर्नु, धर्म संस्कारका नाममा आर्यहरूले इन्द्रजस्ता दुराचारी राजालाई अमरत्व प्राप्त भनी प्रचार गर्नु, त्यस्तैगरी इन्द्रले ऋषि, ब्राह्मणहरूको संरक्षण गरी महिलालगायत अन्य जातजाति, गरिब, निमुखामाथि शोषण, दमन थप्नु, उनीहरूलाई धर्म, संस्कृति, सत्ताबाट हटाउन अनेक उपायहरू अपनाउनु र हटाउन एकजुट हुनुजस्ता कुकर्महरूले उपन्यासमा आर्य संस्कृतिका दुष्ट, भ्रष्ट प्रवृत्तिहरू उद्घाटन गरेका छन् । उपन्यासमा आर्य संस्कृतिका रक्षक अगस्त्य ऋषिले बालक मारिचका “चञ्चल स्वभावका कारण उसलाई राक्षस हुने श्राप दिए र उसका बाउ सुन्दलाई क्रोधित भएर श्राप दिई भष्म गरे (पृ. ८६) ।” यही कारण अन्यायमा पारिएकी मारिचकी आमा ताडकाले कतैबाट न्याय नपाएपछि एक्लै त्यो संस्कारको विरोध गर्दा उसलाई मार्नका निम्ति विश्वामित्र ऋषिले रामको उपयोग गरेका छन् । ताडकाका विद्रोहका कारण नबुझी रामले उसको हत्या गर्नु उपयुक्त थियो त ? यसले ऋषिहरूका धर्म, संस्कृति कस्तो हो भन्ने आशङ्का सिर्जना गरेछ । बालक मारिचका कारण उसका बाआमालाई नै मार्नुपर्ने कस्तो धर्म, संस्कृति भन्ने आक्रोश सिर्जना हुन्छ । धर्मग्रन्थ उनीहरू राक्षस थिए भनेर उम्कन खोज्छ तर राक्षस को हो त ? फेरि मारिचको बालाई भस्म गर्न सक्ने ऋषिले आमालाई भष्म गर्न किन सकेनन् ? यस्ता ऋषिहरू कसरी धर्मात्मा भए ? तिनका श्राप लाग्छ र मान्छे भष्म हुन्छ भन्ने कुरामा कसरी विश्वास गर्न सकिन्छ ? अर्कातर्फ राम र रावणबिचको युद्धमा सुरुमा नै रावणलाई भष्म गरेका भए युद्धमा क्षति कम हुन्थ्यो, किन त्यसो गर्न सकेनन् ? जस्ता धेरै प्रश्न यसले उब्जाएको छ । तिनै रामले उपन्यासमा अगस्त्य ऋषिको प्रशंसा यसरी गरेका छन् :

> ... महर्षी अगस्त्य यस्ता ऋषि हुन्, जसको प्रभावले मारकाट गर्न उद्धत जन्मजात शत्रु पनि हतियार बिसाउँछन् । मैले सुनेको छु कि महर्षि अगस्त्यबाट प्रभावित भएर कैयौँ राक्षसहरूले आफ्नो तामसी वृत्ति त्यागेर उनको अनन्य भक्त बने रे । उनका समीपमा चोर, डाकु तथा दुराचारी व्यक्ति आउने साहस नै गर्न सक्दैनन् । मानवीय धर्मका प्रतिमूर्ति उनको सङ्गतले जस्तोसुकै दुर्गुणी तथा दुराचारी व्यक्ति पनि सद्गुणी र सदाचारी बन्दछ । (पृ. १४३)

उपन्यासमा आएको प्रस्तुत दृष्टांशले रामले अगस्त्य ऋषिको प्रशंसा गरेको सन्दर्भ प्रष्ट पारेको छ । यस्ता ऋषिले मारिच, सुबाहु र ताडकालाई सद्गुणी बनाउन किन सकेनन् ? सुन्दलाई किन भष्म गरे ? आफ्ना सन्तानको पक्षमा बोल्ने बाउलाई मृत्युदण्ड नै दिनुपर्छ र ? सम्झाएको भए सुन्द पनि सद्गुणी बन्थे कि ? कतैबाट न्याय नपाएपछि रक्षसंस्कृतिको शरणमा पुगेकी ताडकाले रावणको प्रशंसा गरी भन्दैमा रावण पनि दोषी कसरी बन्यो ? अगस्त्य ऋषिले रावणलाई हतियार बिसाउने सद्गुणी बनाउन किन सकेनन् ? जिउँदै भष्म गर्न सक्ने अगस्त्य ऋषिले ताडका मार्न किन रामलाई लगाए ? आफै मार्न किन सकेनन् ? कथित स्वर्गका राजा इन्द्रले उनकै वरिपरि दुराचार गर्दा किन सदाचारी बनाउन सकेनन् ? गौतम ऋषिले दुराचारी इन्द्रलाई सराप नदिई किन श्रीमती अहिल्यालाई दिए ? राम उनको मुक्तिदाता कसरी बने ? आदिजस्ता प्रश्नहरू यसले स्वाभाविक रूपमा उब्जाउँछ । यी सबै शक्तिसत्तामा आधारित अत्याचारी, दमनकारी प्रवृत्ति मात्र रहेको कुरा यसले

स्पष्ट पार्छ । यसले आर्य संस्कृतिमा कतिपय ऋषिका खराब प्रवृत्ति, संस्कारहरू छोपछाप पारिएका, कतिपयलाई अलौकिक शक्ति प्राप्त बनाएर सोझा, निमुखामाथि शोषण र दमन गर्न उपयोग गरिएका रहस्यको नजिक पुऱ्याउँछ । अगस्त्य ऋषिमा श्राप दिएर जिउँदो मान्छे तत्काल भष्म गर्न सक्ने शक्ति थियो भने उनले नरुचाएका पात्र रावणलगायत सबैलाई श्राप दिएर तत्काल भष्म गर्थे होलान् नि त ! अनि त्यही नै विवाद टुङ्गिन्थ्यो होला । यसर्थ आर्य कला, संस्कृतिले सामान्य मान्छेलाई देवत्वकरण गर्दा चुकेका छिद्रबाट पनि आर्य संस्कृतिका खराब प्रवृत्तिहरू पहिचान गर्न सकिन्छ । यसबाट आर्यसंस्कृतिले विश्वामित्र, अगस्त्य ऋषिजस्ताको शक्ति चढाइबढाइ गरी अलौकिक पारिएको रहस्य स्पष्ट हुन्छ । यसले ब्रह्मा, विष्णु, शिव, राम र इन्द्रजस्ता सामान्य पात्रलाई देवत्वकरण गर्ने काम पनि ऋषिहरूले नै गरेको रहस्य उद्घाटन गरेको छ । उपन्यासमा देवाशुर सङ्ग्राममा पराजित भएका आर्यहरूले रावणको बढ्दो प्रभाव देखेर उसको तेजोबध गर्ने अनेक उपाय लगाएका छन् । यसै सन्दर्भमा कथित देवता, ऋषिहरूको कचहरी बस्दा तिनीहरूले गरेका अत्याचार तिनीहरूकै बिचमा शिवका अभिव्यक्तिमार्फत यसरी प्रस्तुत गरिएको छ :

> नीलकण्ठ बोले, "गुरुदेव ! तपाईं पनि आफ्नो पाठशालामा अध्यापन गराउने समयमा भेदभाव गर्नुहुन्छ । आफ्नो पुत्र कचलाई संयमको पाठ पढाउनुभयो जसको कारण कचले राक्षस गुरु शुक्राचार्यसँग सञ्जीवनी विद्या अर्थात् जीवनदायिनी शिक्षा लिँदाको बखत गुरु पुत्री देव्यानीले गरेको प्रणय निवेदन ठुकुराएको थियो । तपाईंले अरू देवतालाई यस्तो शिक्षा किन दिनुभएन ? त्रिलोकको अधिपति भइसकेको प्रह्लाद पौत्र दयालु असुर राजा बलिलाई विश्वको भरण-पोषण गर्ने भनी विश्वम्भर कहलाइनुभएका विष्णुदेव जो यहीँ हुनुहुन्छ, उहाँले किन वामन रूप धारण गरेर रसातलमा पुऱ्याउनुभयो । के यो दोष थियो राक्षसराज बलिको ?
>
> इन्द्रले महर्षी परम्पराको पालना गर्ने आफ्नै सखा विप्रचिति दानव पुत्र, दानवहरूको राजा नमुचिलाई अकारण वध गरेका थिए किन ? इन्द्र नै एक त्यस्ता देवता हुन् जसले कुनै पनि राजालाई आफूभन्दा शक्तिशाली बन्न दिएनन् । कुनै राजाले अश्वमेध यज्ञ गर्न लाग्दा घोडा चोर्नेदेखि महान् तपस्वी ऋषिमुनिहरू कहाँ अप्सराहरू पठाएर नाना हाउभाउ, कटाक्ष गर्न लगाई तपभङ्ग गराएर मोहित तुल्याई पथभ्रष्ट गराइदिने काम इन्द्रले गर्दथे । यी सबै आफू मात्र शक्तिशाली बन्ने तृष्णा र इन्द्रिय भोगको लिप्सा अर्थात् वासनाको परिणति न हो । कि हैन ? तपाईंसँग मेरो प्रश्नको के उत्तर छ आचार्य ? (पृ. १०८-१०९)

उपन्यासमा आएको प्रस्तुत दृष्टांशले आफूले आफैँलाई देवत्वकरण गर्ने आर्य ऋषिहरूका सांस्कृतिक कुरूपता र खराब व्यवहार उद्घाटन गरेको छ । कचहरीमा उपस्थित सबै कथित देवता, ऋषिका बदमासी तथा कमजोरीहरू उपन्यासमा प्रतिबिम्बन गरिएको छ । तर उनीहरू आफ्ना बदमाशी, कमजोरी स्वीकार गर्दैनन् र अर्काको तेजोबध गर्नका निम्ति जस्तासुकै दुष्ट, भ्रष्ट हर्कत गर्न पनि तयार रहेको देखिन्छ । यसले सेनाकाको "धर्मलाई सामान्य मानिसले पत्याउँछ, शिक्षितले बहिष्कार गर्छ राजनीतिज्ञले उपयोग गर्छ" भन्ने भनाइलाई प्रमाणित गरेको छ । मानिसले अज्ञानतावश डर, त्रास हटाउनका निम्ति ईश्वर मानेका हुन् । यसर्थ यस उपन्यासले मानवताहीन अधर्मीहरू कसरी देवता हुन सक्छन् भन्ने आशङ्का सिर्जना गरेको छ ? राक्षस भनिएका रक्षसंस्कृतिका मानिसहरूमा भन्दा पनि निचभाव आर्य संस्कृतिले देवत्वकरण गरेका सँग भएको रहस्य यसले उद्घाटन गरेको छ । उपन्यासमा रक्षसंस्कृतिको अधिष्ठाता रावणको प्रभाव, दबाब र रवाफ कम गर्नका निम्ति ऋषि, ब्राह्मणहरूले सांस्कृतिक द्वन्द्व चर्काएर युद्धका निम्ति रामलाई शारीरिक तथा मानसिक रूपमा तयार गरेका छन् । यसर्थ रावणको रक्षसंस्कृतिका बारे सुनेर प्रशंसा गर्ने रामलाई रावणसँग एउटै समारोहमा रहँदा पनि विश्वामित्र चिनाउन खोज्दैनन् । अर्कातर्फ रावणका आफ्नै परिजनले पनि रक्षसंस्कृतिको विकासमा असहयोग गरेका कारण रावणको पतन भएको देखिन्छ । राम र रावण एकअर्काका प्रशंसक हुँदाहुँदै पनि राम, लक्ष्मणले शूर्पणखाको नाक कान काट्नु तथा रावणले सीता अपहरण गर्नु नै उनीहरूका बिचको द्वन्द्वको मुख्य कारण बनेको छ । यही मौकाको सदुपयोग गर्दै सम्पूर्ण आर्य ऋषि, ब्राह्मण कथित देवताहरू समेटिएर रावणका विरुद्धमा खनिएका कारण श्रीलङ्का नै ध्वस्त भएको रहस्य उपन्यासमा स्पष्ट आएको छ ।

यसर्थ यी सबै अधर्मी हुन् । धारण गर्नयोग्य नै धर्म हो, मानवतावादी धर्मभन्दा अर्को ठूलो धर्म केही छैन । प्राणी हत्या सबभन्दा ठूलो अधर्म हो । तर आर्य संस्कृतिमा निर्मित धार्मिक ग्रन्थहरू प्राणी हत्यालगायत सामाजिक, वर्गीय, लैङ्गिक, जातीय विभेद, दमन, शोषणमा आधारित रहेका छन् । आर्य संस्स्कृति सत्तालिप्सामा आधरित हुँदा सबै प्राणिका हित हुने धार्मिक गतिविधिहरू यसमा नरहेको दृष्टिकोण उपन्यासमा आएको निष्कर्ष यस लेखमा निकालिएको छ। धार्मिक ग्रन्थहरू र धर्मभिरुहरू समग्र प्राणीहरूका निम्ति हितकर हुन्छन्, मानवतावादी हुन्छन् भन्ने भ्रम चिर्न उपन्यास सफल बनेको छ। सबै धर्म, संस्कृति शक्तिशाली सत्तासँग जोडिएका र तिनले सत्ताधारी वर्गलाई शक्तिशाली बनाएर अर्को वर्गमाथि दमन गर्ने रहस्य यस उपन्यासले उद्घाटन गरेको निष्कर्ष यस लेखमा निकालिएको छ।

**'रावणायन' उपन्यासमा प्रतिबिम्बित रक्षसंस्कृति र सत्तासम्बन्ध**

*रावणायन* उपन्यासमा रावणलाई केन्द्रीय पात्र तथा नायकको भूमिका दिइएको छ। रावणकै विभिन्न क्रियाकलाप र चरित्र वर्णन गर्ने क्रममा अन्य पात्रहरू आवश्यकताअनुसार उपन्यासमा तानिएर आएका छन् र बिचमा नै हराएका छन् । त्यस्तैगरी सहायक पात्र वा खलपात्रका रूपमा रामलगायत ऋषिहरू, आर्यसंस्कार र आदर्शलाई प्रतिबिम्बन गरिएको छ । ऋषि संस्कृतिले स्थापित गरेका अन्याय, शोषण, दमन, वर्गविभाजन तथा नियन्त्रणमुखी संस्थाका धार्मिक नियम, अनुशासन, नैतिकताका विरुद्धमा रावणले रक्षसंस्कृतिको आरम्भ गरेको वर्णन उपन्यासमा आएको छ। ऋषिकुलमा जन्मिएको रावणले त्यस समाज र संस्कारमा अनेक किसिमका दुर्व्यवहार, अन्याय खेप्नु परेपछि ध्यान, तपस्याबाट शक्ति र सत्ता प्राप्त गर्दै रक्षसंस्कृतिको विकास गरेका घटनामार्फत उपन्यासमा समाजमा सामन्ती संस्कृतिसँगै प्रतिसंस्कृति जन्मिएर हुर्किएको रहस्य उद्घाटन गरिएको छ। प्रत्येक सत्तासंस्कृतिसँगै प्रतिसंस्कृति पनि हुर्किरहेको हुन्छ र त्यसले मानव सभ्यता निर्माणको उपकरण बनेर मानवता, देशभक्ति, विश्वबन्धुत्व प्रवर्धनमा महत्वपूर्ण भूमिका खेल्छ (उपाध्याय, सन् २०२२, पृ. १८५) । यसर्थ उपन्यासमा असमानता, अन्यायको विजारोपण गर्ने आर्य संस्कृतिका विरुद्धमा रक्षसंस्कृतिको उदय भएको छ। राक्षसकुलकी आमा कैकसी र ऋषिकुलका बाबु विश्रवा भएका कारण रावणमा ती दुवै संस्कृतिका राम्रा, नराम्रा संस्कारहरू समन्वय भएको देखिन्छ। उपन्यासमा सामान्य, सरल, प्राकृतिक जीवनशैलीमा बाँचेका आदिम समाजका मानिसलाई विभाजित गरेर नियन्त्रणमुखी बनाउने काम ऋषिहरूबाट निर्मित आर्यसंस्कृतिले गरेका रहस्य रावणमार्फत यसरी प्रस्तुत गरिएको छ ः

> ... यक्ष संस्कृतिका अनुयायी मेरा अग्रज कुवेर सबैसँग कर असुल गरेर आफ्नो र देवताहरूको भोग-विलासमा खर्च गर्छन् । रावणको रक्ष संस्कृतिमा त्यस्तो हुँदैन । जसले रक्ष संस्कृति स्वीकार गर्छ । उसले तिरेको तिरो तथा करले राज्यले आम नागरिकको रक्षाको प्रबन्ध गर्नुका साथै शिक्षा, स्वास्थ्य एवं सर्वाङ्गीण विकासमा खर्च गर्छ। सेवाभाव यो संस्कृतिको मूल उद्देश्य हो। (पृ. ६३)

उपन्यासको प्रस्तुत दृष्टांशबाट कुलीन वर्गकै हितअनुकूल नैतिकता, अनुशासन, आदर्शका मान्यता निर्माण गरी विधिको शासन व्यवस्था चलाउने नाममा असमानता र अत्याचारको सुरुवात आर्य संस्कृतिले गरेको यथार्थ स्पष्ट हुन्छ । यसले रक्ष संस्कृतिका आचरण पनि स्पष्ट पारेको छ। नीतिप्रधान व्यवस्थित धर्मसंस्कार निर्माण गरेर साधारण जनतामाथि अत्याचार गरेका कारण ऋषि संस्कृति लोप हुँदै गएको रहस्यसमेत यसले उद्घाटन गरेको छ । आफ्नै अनुभव र ज्ञानमा आधारित विश्वासमा बाँचेका जनतामाथि कथित धर्मका नाममा अनेक धार्मिक तन्त्रमन्त्र, शास्त्र निर्माण गरी एकअर्काका बिचमा भिडन्त गराएर आतङ्कित बनाउने र शक्तिसत्तामा आधारित धर्मसंस्कारले उपन्यासमा सामाजिक विद्रोह उत्पन्न गराएको छ। यही कारण आर्य समाजीहरूलाई रावणका न्यायमूलक तथा समतामूलक व्यवहारमा आधारित रक्ष संस्कृति मन नपरेको देखिन्छ। यही नै तत्कालीन सांस्कृतिक अन्तर्द्वन्द्वको जड बनेको देखिन्छ। रावणसँग पराजित हुनेहरूले एकजुट भएर रावणका विरुद्धमा षड्यन्त्र गरेका छन् । षड्यन्त्रको सफल प्रयोगका निम्ति रामलाई प्रतिद्वन्द्वीका रूपमा उपस्थित गराइएको छ। रक्षसंस्कृतिलाई समुन्नत बनाउन नपाउँदै शूपर्णखाका दुश्चरित्रका कारण रावणले सीतालाई अपहरण गरेको छ। यही नै

रक्ष संस्कृतिको अन्त्यको कारण बनेको छ। समग्रमा भन्दा आर्य संस्कृतिभन्दा आदिम उपभोक्तावादी संस्कृतिमा सामाजिक समानता थियो। मानिसले प्राकृतिक सहज जीवन बाँचेका थिए। धर्मका नाममा राजनीति गरेर राज्य र राजा स्थापना गर्ने ऋषिकालीन संस्कृतिले स्थापित गरेका समाजिक विभेद, बलिप्रथा, अन्याय हटाउन रावणले गरेका प्रयास उपन्यासमा यसरी प्रतिबिम्बन भएको छ :

> "रावणले समाजमा व्याप्त यस किसिमका प्रतिबन्ध तथा विभेदकारी नीतिको अन्त्य गरी समानता, स्वतन्त्रता, भाइचारा र न्यायको आधारमा सबै नागरिकलाई समान हक दिलाई सर्वाङ्गीण विकासको अवसर प्रदान गरेको थियो।" (पृ. ८४)

> रावण यस किसिमको बलिप्रथाको घोर विरोधी थियो। उसले आफूद्वारा प्रतिपादित व्यवस्था रक्ष संस्कृति वेदसम्मत भएको र वेदमा यस किसिमको बलिप्रथा कतै उल्लेख नभएको जिकिर गर्दै बलिप्रथा निषेध गरेको थियो। बलिप्रथा विरुद्ध समाजमा चेतना फैलाएर पशुपक्षी पनि समाजकै अङ्ग भएको र प्राकृतिक सन्तुलन राख्न मानिसहरूको अहम् भूमिका हुन्छ भन्ने कुरा जनमानसमा व्यापक प्रचार गराएको थियो। (पृ. ८५)

प्रस्तुत दृष्टान्तबाट आफ्नै वर्ग वा जातको हक, हितअनुकूल हुने गरी वेद, धर्मशास्त्र, नीतिसूत्र आदि लेखेर वर्गीय समाज र शासनव्यवस्था स्थापित गर्ने ऋषिहरूभन्दा रावण उदार रहेको स्पष्ट हुन्छ। स्वर्गको सुख वा नरकको डर, त्रास देखाएर धर्मका नाममा समाज नियन्त्रण गरी चर्को दमन, शोषण गरेर भोगीविलासी जीवन जिउने प्रवृत्ति ऋषिकालीन संस्कृतिले आर्य राजाका प्रवृत्ति स्थापित गरेको देखिन्छ। आदिम संस्कृतिमा प्राकृतिक स्वतन्त्रतामा रमाएका मानिसहरूलाई व्यवस्थित तर अन्यायपूर्ण शोषण, दमन गरेर सामाजिकीकरण गरेका, धर्मयुद्धका नाममा अनैतिक, अधार्मिक गतिविधि गरिएका रहस्य यस उपन्यासले खोतलेर बाहिर ल्याएको छ। तन्त्रमन्त्र विद्याका आडमा तपस्या गरी शक्तिआर्जन गर्ने, रूढिवादी तथा अन्धविश्वासी कुतर्कहरूबाट भ्रम फैलाएर जसरी हुन्छ शक्ति सत्तामा बस्ने वा पुग्ने, भोगीविलासी जीवन जिउने प्रवृत्तिको विकास गर्ने शृङ्खला आर्यसंस्कार र सभ्यताले स्थापित गरेको देखिन्छ। त्यसका विरुद्धमा विद्रोह गर्नेहरू राक्षसीकरण गरिएका छन्। त्यसको रक्षामा लाग्नेहरूलाई देवत्वकरण गरिएको छ। यसर्थ उपन्यासमा वेद, पुराण, संहिता निर्माण गरेर सर्वसाधारण जनतामाथि धार्मिक नियन्त्रण गरी शक्ति र सत्ताका निम्ति राजनीति गर्ने, दमन, शोषण गर्ने कुसंस्कृतिको भण्डाफोर गरिएको छ। सर्वसाधारण जनता सधैँ शोषण, दमन र अन्याय सहेर बाँच्न सक्दैनन्। कुनै न कुनै दिन विद्रोह हुन्छ भन्ने यथार्थ यसले उद्घाटन गरेको छ। विद्रोह नै परिवर्तनको सूचक रहेको विचार उपन्यासमा रावणमाफर्त व्यक्त गरिएको छ।

उपन्यासमा राम र रावणबारेमा भएका विरोधाभासपूर्ण विभिन्न भूमिका र किंबदन्तीहरूलाई चिरफार गरी यथार्थका नजिक हुने गरी घटनासन्दर्भहरू वर्णन गरिएको छ। यसबाट आर्यसंस्कृति तथा रक्षसंस्कृति दुवै शक्तिसत्ताको चलखेलमा आधारित रहेको यथार्थको नजिक पुग्न सकिन्छ। विभिन्न पुराकथामा वर्णित राम, रावणका भूमिकाहरूका आधारमा रावणका चरित्रलाई आदर्शीकरण गरिएको छ। विभिन्न पुराण वा पुराकथामा रहेका यी पात्रहरूका चरित्र स्पष्ट पारी रामका तुलनामा रावण मानवीय गुणसहितको सभ्य, आदर्श चरित्र रहेको दृष्टिकोण आएको छ। यसर्थ भविष्यमा हुने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनहरू सँगसँगै त्यसको समसामयिकता पनि अहिलेको भन्दा फरक हुँदै जानेछ वा अहिले अनुभव गरेको समसामयिकता हराएर अर्कै पूर्ण रूपले नौलो समसामयिकता आउँछ भन्ने चाहिँ होइन (उप्रेती, २०६८, पृ. ९-२७)। तर पुराना संस्कृति अध्ययन गर्दा त्यसभित्रका विकृतिले विद्रोह जन्माएको रहस्य उद्घाटन गर्न भने यसले सहयोग गर्छ। यही यथार्थ रावणायन उपन्यासमा आएको छ। उपन्यासले मानव सभ्यता विकासका क्रममा शक्ति र सत्ताका आडमा हार्नेलाई राक्षसीकरण गर्ने र जित्नेलाई देवत्वकरण गर्ने गरेका आदिम कुसंस्कारका यथार्थ उद्घाटन गरेको छ। उपन्यासमा रावणलाई समग्र हार्ने राजाहरूको प्रतिनिधिका रूपमा उभ्याइएको छ भने रामलाई समग्र जित्ने राजाहरूका प्रतिनिधिका रूपमा उभ्याइएको छ। युद्ध हार्नेहरूले हार्नुभन्दा अगाडि पटकपटक जितेका वा राम्रा काम गरेका पनि हुन

सक्छन् । युद्धका नियमविपरीत छलकपटकपट गरेर हारे कि नगरी हारे भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ । त्यस्तै गरी जित्नेले युद्धका नियम विपरीत छलकपट, षड्यन्त्र गर्यो कि गरेन, जित्नुभन्दा अगाडि पटकपटक नराम्रा काम गरे कि गरेनन् भन्ने पनि महत्वपूर्ण हुन्छ । तर जित्नेका कुकर्महरू कसरी छोपिन्छ र हार्नेका असफतालाई कुकर्ममा जोडेर कसरी उचालिन्छ भन्ने रहस्य राम र रावणलगायत मिथकीय पात्रहरूमार्फत उपन्यासमा स्पष्ट आएको छ । यसर्थ उपन्यासमा शक्ति, सत्ताका आडमा शक्तिहीनहरूलाई शोषण, दमन गर्ने आर्यका प्रवृत्तिले संस्कारको रूप प्राप्त गरेको रहस्य खोतलिएको छ । मानव सभ्यता विकासका क्रममा आदिकालमा भएका वर्गीय द्वन्द्वका यथार्थ नजिक उपन्यास पुगेको छ । यसमा राम र रावणका बारेमा विभिन्न ग्रन्थमा गरिएका भ्रमात्मक वर्णनहरूबाट भएका सांस्कृतिक भ्रमलाई चिर्ने प्रयास गरिएको छ। राम, रावणका वास्तविक चरित्र, गुण, अपगुण सबैलाई चिरफार गरी घटनाहरूलाई यथार्थ नजिक पुग्ने गरी संश्लेषण गरिएको छ। यही यस उपन्यासको सबल पक्ष हो ।

**निष्कर्ष**

*रावणायन* उपन्यासले आर्य संस्कृतिले शक्तिसत्ताकै चलखेलका लागि मान्छेलाई देवता, मानव, दानव वा राक्षसका रूपमा विभाजन गर्ने कुसंस्कार बसालेको रहस्य उद्‌घाटन गरेको छ । उपन्यासका आधारमा सत्ताका आडमा शक्तिशाली व्यक्ति वा वर्गले शक्तिहीन वर्गमाथि गरेका विभिन्न दमन, शोषण, अत्याचार र प्रतिरोधका शृङ्खलाहरू हुँदै मानव सभ्यताको सांस्कृतिक विकास भएको निष्कर्ष निकालिएको छ । उपन्यासमा रावणका भूमिकामार्फत अत्याचारका विरुद्ध विद्रोह र प्रतिरोध गर्नुपर्छ भन्ने विचारको पक्षपोषण गरिएको छ। आदिकालमा धर्मका नाममा गरिने दमन, शोषण कुटील राजनीतिमा आधाीरत रहेको रहस्य यसले स्पष्ट पारेको छ । शक्तिसत्तामा रहनेले गरेका अन्यायपूर्ण व्यवहारका समर्थन गर्नेलाई दास बनाउने र विद्रोह गरे भित्ता लगाएर खेदी जिउँदो लास बनाउन खोज्ने प्रवृत्ति आदिम सभ्यता र संस्कृतिमा रहेको तथा यसले वर्तमानसम्म पनि नरन्तरता पाएको यथार्थ उपन्यासबाट स्पष्ट भएको छ। पौराणिक ग्रन्थमा अभिजात वर्गीय अन्याय, शोषण, दमनलाई आर्शिवाद, पुन्य, पाप र श्रापसँग जोडेर गरिएका व्याख्यामाथि प्रश्न गरिएको छ । समाजमा चतुर ऋषि नै राजा बन्दै भोगीविलासी जीवन जिउने र राजाले गरेका अत्याचार सहेर बाँच्न विवश पार्ने प्रवृत्तिको विरोध गरिएको छ। जनताले समग्र उत्पीडन विरुद्ध विद्रोह गरेपर्ने विचार सम्प्रेषण गरिएको छ । राम र रावणका चरित्र र प्रवृत्ति उत्खनन् गरी यी पात्रका पुराना स्थापित भाष्य उल्टाउने प्रयास गरिएको छ। रावणलाई पराजित तथा उत्पीडित समुदायको प्रतिनिधि नायकका रूपमा प्रस्तुत गरी उपन्यासमा समतामूलक, न्यायमूलक समाजको खोजी गरिएको छ। संस्कृतिका नाममा स्थापित विकृतिले उच्च, निचको अवधारणा जन्माएको रहस्यमय यथार्थ प्रस्तुत गर्दै त्यसको विरोध गरिएको छ। उपन्यासमा आएका ऋषि, ब्राह्मण, राजा आादिले सत्तामा एकाधिकार जमाएर शक्तिका आडमा सर्वसाधारण जनतामाथि गरेका नियन्त्रणका विरुद्धमा विद्रोह गर्नेहरूलाई राक्षसीकरण गर्ने गरेका परिवेश चिरफारबाट नेपाली समाजका उत्पीडित वर्गीय जायज माग र मुद्दाको सम्बोधन हुनुपर्ने यथार्थको पक्षपोषण गरिएको छ। अहिल्या, तारा, ताडका, सुन्दजस्ता गरिब, श्रमजीवी, महिला, किसानहरूलाई दोस्रो दर्जामा राखेर दुर्व्यवहार गरेको परिवेशबाट दलित, उत्पीडित भुइँमान्छेलाई समाजका वर्तमान यथार्थ र पहिचानका मुद्दामा सचेत बनाएको देखिन्छ। यसले समतामूलक तथा न्यायमूलक समाज निर्माणमा आधारित लेखकका वैचारिक दृष्टिकोणसमेत स्पष्ट पारेको छ। उपन्यासमा आफ्नो भाषा, संस्कृतिलाई देवत्वकरण गर्ने ऋषि तथा ब्राह्मणहरूले श्राप वा आशीर्वाद दिए लाग्ने, तत्कालै भष्म गर्न सक्नेजस्ता डर, त्रासमा पारेर अन्य जातजातिलाई नियन्त्रणमा लिई धर्म, संस्कृतिका नाममा शक्तिसत्तामा रही शोषण, दमन गरेका र त्यसको अवशेष वर्तमानसम्म रहेको स्पष्ट दृष्टिकोण आएको निष्कर्ष यस लेखमा निकालिएको छ। उपन्यासमा प्रतिबिम्बित सामाजिक तथा सांस्कृतिक अन्तरद्वन्द्वयुक्त परिवेशहरूले राम र रावणबिचको युद्ध अन्याय, अधर्म विरुद्ध नभई आर्यसंस्कृति र रक्षसंस्कृति बिचको सत्ताशक्तिको चलखेलमा आधारित युद्ध रहेको रहस्य स्पष्ट पारेका छन् । यसले आर्यसंस्कृतिले शत्रुहरूको राक्षसीकरण गर्ने र आर्य ऋषि वा शासकहरूको देवत्वकरण गर्ने कुसंस्कारको

विकास गरेको रहस्यमय यथार्थ खोतलेर त्यसैको अवशेष वर्तमान सत्तासंस्कृतिमा समेत रहेको तर्कपूर्ण पुष्टिसहित पाठकसामु ल्याएको निष्कर्ष यस लेखमा निकालिएको छ। मानिसलाई सत्ताधारीबाट निर्मित धार्मिक कुसंस्कार अनुसरण गरी धार्मिक बन्न लगाउनु, मान्नु अलौकिक मिथ्या, काल्पनिक वा मनोगणन्ते तर्कको सहारा लिई प्रगति पथको निषेध गर्नु हो। यसले उच्च-नीच, अछुत जात, गरिब-धनी, भागी-अभागीजस्ता विभेद जन्माउँछ र सत्ताधारीलाई सत्तामा रहिरहन सहयोग गर्छ। धार्मिक मिथकको लक्ष्य यही रहेको कुरा यस उपन्यासले पुष्टि गरेको छ। यसर्थ यस उपन्यासले समाजलाई धर्मान्दा बनाएर राज गर्नेले नै धर्मको पक्षपोषण र संरक्षण गरेका यथार्थसमेत उद्घाटन गरेको निष्कर्ष निकालिएको छ।

## सन्दर्भग्रन्थसूची


उपाध्याय, विष्णुप्रसाद (२०२२), 'सांस्कृतिक आलोकमा अविरल बग्दछ इन्द्रावती उपन्यासको विवेचना', *नुटा जर्नल,* वर्ष : ९, अङ्क : १-२, पृ.१८३-१९१।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रिएसन नेपाल।

खनाल, रेवतीरमण (२०७८), *रावणायन,* भुँडीपुराण प्रकाशन।

गैरे, शङ्करप्रसाद (सन् २०२४), 'द्रौपदी अवशेष उपन्यासमा सांस्कृतिकता', *भरतपुर प्रज्ञा,* वर्ष : २, अङ्क : २, पृ.१३९-१५०।

गौतम, लक्षणप्रसाद (२०७१), 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पर्याधार', *जुगल सैद्धान्तिक नेपाली समालोचना,* (सम्पा.) राजेन्द्र सुवेदी, जुगल पब्लिकेसन, पृ. ३२९-३५७।

चापागाईं, निनु (२०७३), *पूर्ववाद र सइदेली विचार,* साझा प्रकाशन।

जीवन, जीवन्त (२०७९), 'निर्मित भाष्यको विनिर्मिति', *नागरिक दैनिक,* https://nagariknews. nagariknetwork. com/arts/980231-1667011455.html. कार्तिक १२।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन।

पाण्डेय, मैनेजर (२०६७), 'सर्वहारा र साहित्य', *मार्क्सवादी साहित्य चिन्तन,* सम्पा. निनु चापागाईं, साझा प्रकाशन, पृ. १४७-१६२।

प्रभात, विष्णु (सम्पा.) (२०७४), *प्रज्ञा संस्कृति कोष,* नेपाल प्रज्ञाप्रतिष्ठान।

बराल, ऋषिराज (२०६७), *मार्क्सवाद र उत्तराधुनिकतावाद,* साझा प्रकाशन।

बानियाँ, कर्णबहादुर (सन् २०२४), 'नूतन शैली र अवधारणाको उपन्यास रावणायन', *समकालीन साहित्य,* https://www. samakalinsahitya.com/sahitya/details/8135, अप्रिल १७।

भट्टराई, धनेश्वर (२०७८), 'अनुद्घाटित रहस्यहरूको प्रक्षेपण रावणायन', *रावणायन,* लेखक रेवतीरवण खनाल, भुँडीपुराण प्रकाशन।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक, वर्गीय, लैङ्गिक र जातीय अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुराण प्रकाशन।

श्रेष्ठ, जीवन (२०२५), 'रावणायन उपन्यासमा युवा चेतना', https://doi.org/10.3126/cognition.v7i1.74794

सापकोटा, कृष्णप्रसाद (२०८०), 'फरक उपन्यासको सांस्कृतिक अध्ययन', *प्रज्ञाश्री,* वर्ष : १२, अङ्क : ४, पृ.३४-४८।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# *सेतो धरती* उपन्यासमा वैराग्यचिन्तन

**रत्नलाल कण्डेल**
*ज्योति मा.वि., हेटौंडा, मकवानपुर*

***Article History :*** *Received : 14, Feb. 2026; Reviewed : 16th May, 2026; Accepted : 6th June 2026*
***Corresponding Author :*** *Ratna Lal Kandel* ***E-mail :*** *emalaeducationcenter1@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95918*

**सारसङ्क्षेप**

*'सेतो धरती' उपन्यासका रचयिता उपन्यासकार अमर न्यौपाने हुन् । जो आधुनिक नेपाली आख्यान क्षेत्रका सशक्त आख्यानकार हुन् । न्यौपानेका 'सेतो धरती' उपन्यास लगायत अन्य उपन्यासहरू, कथा संग्रह र फुटकर रचनाहरू पनि प्रकाशित रहेका छन् । देवघाट आधारभूमि रहेको सेतो धरती उपन्यासमा पौरस्त्य दर्शनअन्तर्गत वेदान्त दर्शनको प्रधानता पाइन्छ । वेदान्त दर्शनमा पनि ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः अर्थात् जगत् असत्य हो र ब्रह्म नै सत्य हो भन्ने आद्यजगत्गुरु शंकरवचनलाई मूल मन्त्र मान्ने यस उपन्यासका पात्रमा वैराग्यको भाव परिपाक भएको छ । वैराग्य चिन्तन अन्य पौरस्त्य दर्शनहरूमा भेटिने भएतापनि वेदान्त दर्शनमा वैराग्य एउटा महत्त्वपूर्ण र सशक्त पक्ष हो ।वैराग्यले सांसारिक वस्तुहरूमा आसक्ति रहित हुनुको आवश्यकता र आत्मज्ञान प्राप्तिको मार्गमा प्रवृत्त गराउँछ । यस आलेखमा पौरस्त्य दर्शन र विशेष गरेर वेदान्त दर्शनलाई आधार बनाएर विश्लेषणात्मक शैलीमा वैराग्यका सूचकहरू संसारिक वस्तुहरूप्रति कम ध्यान, आत्मिक शान्ति र सन्तोष, मोह र ममता कम, साधना र ध्यानमा लगाव, सामाजिक र भौतिक इच्छाहरूबाट मुक्ति, संसारिक चिन्ता र तनावबाट मुक्ति, शरीर र मनको नियन्त्रण, अन्तरात्मा र परमात्मासँगको सम्बन्ध, सत्य र नैतिकताको पालन, संसारिक भोगहरूको अस्थिरताका आधारमा सेतो धरती उपन्यासमा प्रयुक्त वैराग्यको विश्लेषण गरिएको छ ।*

**शब्दकुञ्जी:** अन्तःकरण, आर्षपरम्परा, दृष्टिगोचर, प्रतिषेध, विराग, सच्चिदानन्दस्वरूप, सौत्रान्तिक ।

**विषयपरिचय**

*सेतो धरती* उपन्यासकार अमर न्यौपानेको दोस्रो उपन्यास हो । वि.सं. २०३४ मा चितवन जिल्लामा पिता एकनाथ न्यौपाने र माता हरिमाया न्यौपानेका दोस्रो सन्तानका रूपमा जन्मेका न्यौपानेको पहिलो कृति *पानीको घाम* नामक उपन्यास वि.सं. २०६६ मा प्रकाशित भएको हो । यस कृतिले २०६६ सालको पद्मश्री साहित्य सम्मान प्राप्त गरेपछि उनी नेपाली साहित्य जगत्मा चिनिएका हुन् । उनको अर्को उपन्यास *सेतो धरती*ले वि.सं. २०६८ सालको मदन पुरस्कार प्राप्त गरेको छ। *करोडौं कस्तूरी* (वि.सं. २०७२) *गुलाबी उमेर* (वि.सं. २०७६) यिनका अन्य उपन्यास हुन् । उपन्यासकार न्यौपानले बालसाहित्यमा समेत कलम चालाएका छन् । उनको सर्वाधिक सफल कृतिका रूपमा *सेतो धरती* उपन्यास देखिएको छ । प्रस्तुत उपन्यासमा नारीविरोधी परिस्थितिप्रति पीडितहरूमा मुखर हुँदै आएको तीव्र असन्तोष, बेचैनी र विद्रोही स्वर प्रकट गर्दै वैयक्तिक स्वतन्त्रतासहितको स्वअस्तित्वपूर्ण, जीवनवादी, मानवतावादी र उन्मुक्त नारीवादी स्वरलाई नै उपन्यासको जीवनदृष्टिका रूपमा प्रस्तुत गरिएको पाइन्छ । गहन विषयलाई सरल र साहित्यिक शैलीमा प्रस्तुत गर्नु न्यौपानेको औपन्यासिक वैशिष्ट्य हो ।

*Copyright 2026© the Author(s)*

बालविधवाको कहालीलाग्दो जीवन, पितृसत्तात्मक समाज र जीवनप्रति प्रवृत्ति र निवृत्तिको तुलनात्मक परिवेशले सेतो धरती उपन्यास लोकप्रिय बन्न पुगेको छ। 'आमाको आकाशबाट धरतीमा झरेको तारा' शीर्षकबाट सुरुभएको उपन्यासमा उपन्यासकी प्रमुख पात्र ताराको जीवन बताइएको छ। आमाको आकाशबाट धरतीमा झरेको तारा, ठूलो संसारमा निर्गत उडान, आदि जम्मा ६८ वटा उपशीर्षक रहेका छन्। एउटा नारीले तत्कालीन समयमा भोग्नु परेको पीडालाई यस उपन्यासमा ताराको माध्यमबाट कथानक अघि बढेको छ। सात वर्षका उमेरमा विवाह हुन्छ। विवाहपछि पढ्न बनारस गएको ताराको पति औलोको ज्वरो सहन नसकी तारालाई विधवा बनाउँछ। सात वर्षका उमेरमा विवाह र नौ वर्षका उमेरमा विधवा भएकी एक नारीको जीवन यस उपन्यासले देखाएको छ। विवाह भनेको के हो र विधवा भनेको के हो राम्ररी थाहा नपाए पनि सामाजिक परिबन्धका कारण ताराले उक्त जीवन व्यहोर्नु परेको छ। लोग्ने मरेपछि शोक भन्दा जन्मघर फर्किन पाइने, बालसखा गोविन्दसँग फेरि भेट हुने र फेरि पुरानै जीवन व्यतीत गर्न पाइने आशा लागेको छ। विधवा भएको एक वर्षसम्म जन्मघर जान नहुने सामाजिक रीतले उसको अवस्था जटिल बनेको छ। सासूको अनपेक्षित यातनाका कारण कलिलो उमेरमै आहत बन्न परेको छ। जन्मघर गए पनि पहिले जस्तो नभएको र फेरि सुत्केरी सासूको सेवामा आउनु परेको छ। सासूको उत्पीडनबाट मुक्त हुन जन्मघर आउँदा आमाको मृत्यु भएको र नौ महिने र सात वर्षे भाइहरूलाई हुर्काउनु परेको छ। आमा मरेको तीन वर्ष नहुदै ४४ वर्षका बाबुले ११ वर्षे बालिका बिहे गरेका छन्। बालिका आमाबाबुसँग भन्दा आफ्नो उमेरको सौतेनी छोरोसँग नजिक हुन थालेको देखेर ताराले भाइको बिहे अरूसँग गराइदिन्छे। दोस्री आमाबाट जन्मेको छोरो अरूले बाबुकै ठाने पनि ताराले भाइको सम्बन्ध ठानेको देखिन्छ। सौतेनी आमासँग बस्न नसक्ने अवस्था सिर्जना भएपछि ताराको यात्रा देवघाटको लागि तय हुन्छ। ३३ वर्षको उमेरमा देवघाट हिँडेकी तारा ७८ वर्षसम्म त्यहीँ रहेको पाइन्छ भूकम्प जाँदाको वर्ष अर्थात् १९९० देखि २०६८ साल सम्मको अवधि यस उपन्यासमा रहेको पाइन्छ। प्रस्तुत कृतिमा केही अनुसन्धानात्मक कार्य भएको देखिए पनि वैराग्य चिन्तन गरिएको भने पाइदैँन। यसअघि सेतो धरती उपान्यासमा सेतो धरती उपन्यासमा नारी जीवनको यथार्थ' ढकाल, घनश्याम (२०७१), 'सेतो धरती उपन्यासमा नारीवादी चेतनाझ, न्यौपाने, शोभा (२०७२) , सेतो धरती : सामाजिक यथार्थको प्रतिविम्बझ समालोचना, अधिकारी, केशवप्रसाद (२०७३), 'नेपाली उपन्यासमा वैराग्य चेतना , गौतम, कृष्ण (२०७४) विषयशीर्षकमा अध्ययनमा भए पनि सेतो धरती उपन्यासलाई विषयवस्तु बनाएर वैराग्यचिन्तनका आधारमा अध्ययन नभएकाले सेतो धरती उपन्यासमा वैराग्य चिन्तन अनुसन्धान आवश्यक छ। प्रस्तुत कृतिका पात्र वा आलम्बन वितरागी देवघाटका माईआमाहरू तारा आमा शीतलाआमा, जमुना आमा , रेग्मीआमा ,दाहालआमा, गङ्गाआमा, सरस्वतीआमा, सीताआमा र सेतीआमालगायतका आमालाई आलम्बन बनाई लेखिएको उपन्यासका यिनै पात्रका माध्यममबाट यस आलेखमा वैराग्यको खोजी गरिएको छ।

### शोधविधि

प्रस्तुत आलेख *सेतो धरती* उपन्यासमा वेदान्तको दर्शनको वैराग्य चिन्तन अध्ययनमा केन्द्रित रहेको हुनाले यसमा सङ्कलित सामग्रीका अध्ययनमा विशेषतः विश्लेषणात्मक र वर्णनात्मक विधिको उपयोग गरिएको छ। यस आलेखको प्रतिवेदन लेखनमा एपिए (सम्पादन शैली)पद्धतिको अनुशरण गरी उपलब्ध सामग्रीको व्याख्या र विश्लेषण गरिएको छ।

### दर्शनको परिचय

'दर्शन' शब्द संस्कृतको मूल 'दृश्'बाट आएको हो, जसको अर्थ 'देख्नु' हुन्छ। त्यसैले 'दर्शन' को अर्थ 'जसद्वारा देख्न सकिन्छ' भन्ने हुन्छ। यहाँ हेर्नु भनेको आँखाले हेर्नु होइन। यसलाई तार्किक र अन्तरदृष्टिपूर्वक हेर्नुपर्छ। व्यापक अर्थमा "दृश्यते यथार्थ तत्त्वमनेन" अर्थात् जसद्वारा यथार्थको अनुभूति हुन्छ, त्यही दर्शन हो। उपनिषद्मा भनिएको छ "दृश्यते

हि अनेन इति दर्शनम्" अर्थात् अवास्तविक र यथार्थको ज्ञान नै दर्शन हो । भारतीय दर्शन (१९९०) । पौरस्त्य परम्परामा व्युत्पत्तिपरक अर्थलाई नियाल्दा जेद्वारा देखिन्छ या जसद्वारा देख्नका लागि दिव्य दृष्टि प्राप्त हुन्छ; त्यो नै दर्शन हो अर्थात् कुनै पनि वस्तुको सारभूत तात्त्विक स्वरूप के हो ? म को हुँ ? कहाँबाट आएको हुँ ? ईश्वर छ या छैन ? छ भने कस्तो छ? के गर्दछ ? संसारको मूल स्वरूप के हो ? संसारको उत्पत्ति, स्थिति र विनाशको कारण के हो ? चेतना भनेको के हो? अचेतना भनेको के हो ? ज्ञान के हो ? अज्ञान के हो ? दुःख के हो ? वास्तविक सुख के हो र कहाँ छ ? जन्म र मृत्यु भनेको के हो ? जसरी हामीले बाह्य पदार्थलाई जानेका छौं, त्यसरी नै स्वात्मालाई किन जान्दैनौं ? आदि अनेक प्रश्नहरूको समाधान दर्शनले गर्छ। (सुभाव चैतन्य, तत्त्वबोध,२०८० पृ.७) । मानव जीवनसँग सम्बन्धित सम्पूर्ण प्रश्नहरूको साङ्गोपाङ्ग उत्तर दिनु नै दर्शनको प्रमुख काम हो । चक्षु आदि इन्द्रियहरूद्वारा बाह्य विषयवस्तुहरूको परिचय प्राप्त गर्नु दर्शन होइन; त्यो त केवल दृश्यावलोकन हो । दर्शन दृश्यावलोकन होइन; त्यो तत्त्वावलोकन हो । यसबाट के निष्कर्ष निस्कन्छ भने दर्शन विषयहरूको स्वरूप ज्ञान हो न कि उसको परिचय । श्रीकृष्णका शब्दमा भन्नुपर्दा दर्शन एक दिव्य दृष्टि हो । (गीता, २०७०, पृ.६५) (दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम्) यो दिव्यदृष्टि जब प्राप्त हुन्छ; तब स्वतः स्वात्मानुभव हुन थाल्छ। अन्तःकरणमा कुनै नयाँ या अपरिचित ऊर्जाको आविर्भाव हुन थाल्छ। जब अन्तःकरणमा सद्विचारको शक्ति जागृत हुन्छ अनि हाम्रो हृदय आलोकले परिपूर्ण हुन्छ। दर्शन शक्तिको जब उद्भव हुन्छ अनि मात्रै जीवनले नयाँ स्वरूप प्राप्त गर्छ। त्यही नै जीवनको असली सुख हो; जसले गर्दा जीवन निष्कण्टक बन्छ। जुन जीवन आत्मचिन्तनका अभावमा दुःख या भार हुन्छ त्यही जीवन नै दर्शनको आलोकले आलोकित बन्यो भने दिव्य जीवन बन्छ। पाश्चात्य जगत्मा भने दर्शन शब्दका लागि अथवा विचार या चिन्तनशास्त्रका लागि फिलोसोफी शब्दको प्रयोग गरिन्छ। दुई ग्रिक फिलास र सोफिया शब्दको योगमा फिलोसोफी शब्द बन्दछ। फिलास शब्दको अर्थ प्रेम या अनुराग भन्ने हुन्छ भने सोफिया शब्दको अर्थ ज्ञान, प्रज्ञा या विद्या भन्ने हुन्छ। अतः फिलोसोफी शब्दको शब्दगत अर्थ ज्ञान, प्रज्ञा अथवा विद्याप्रति अनुराग या प्रेम भन्ने हुन्छ (मिश्र, सन् २०१२ : ७)। पौरस्त्य दर्शनहरूको प्रमुख लक्ष्य भनेको आत्मदर्शन हो । जीवन जगत्बाट माथि उठेर यसैको अनुसन्धान गर्नु नै दर्शनको मुख्य ध्येय हो। दर्शन एउटा तथ्यपरक खोज हो। सामान्यतः मानवको मन प्रतिक्षण अनेक विचारहरू, अनेक विषयको चिन्तन आदिद्वारा निरन्तर आच्छन्न भइरहने हुनाले मानिसको अन्तःकरण सधैं अशान्त हुन्छ। यो नै मानिसको आत्मानुसन्धानमा बाधक बनेको हुन्छ। यसैलाई हटाउनु या आत्ममन्थन गर्नु नै दर्शनको लक्ष्य हो।

**दर्शनहरूको विभाजन**

पौरस्त्य दर्शनहरूको प्रतिपाद्य विषय एउटै भए पनि दर्शनहरूको सङ्ख्या अनि स्वरूपमा भने अनेक भेदहरू छन् । मूलतः प्रतिपाद्य विषय अनि सिद्धान्तहरूका आधारमा हाम्रा दर्शनहरूलाई दुई भागमा विभाजन गरिन्छ। एउटा नास्तिक दर्शन अनि अर्को आस्तिक दर्शन । ईश्वरीय सत्तालाई विश्वास गर्ने दर्शनहरूलाई आस्तिक दर्शन भनिन्छ भने ईश्वरीय सत्ताको प्रतिषेध गर्ने दर्शनहरूलाई नास्तिक दर्शन भनिन्छ तर नास्तिकता र आस्तिकताको परिभाषा यतिमा मात्रै सीमित राख्नु उपयुक्त हुँदैन । किनकि आस्तिक शब्दको निषेधात्मक रूप नास्तिक हो । मीमांसा दर्शन आस्तिक भए तापनि कर्ममा विश्वास गर्ने दर्शन हो, फलका लागि अपूर्वको कल्पना गर्ने दर्शन हो। त्यसैले ईश्वरीय सत्तालाई मीमांसा दर्शनले स्वीकार गर्दैन। यस्तै गरी साङ्ख्य दर्शनको गणना पनि आस्तिक दर्शनमा हुन्छ। यस दर्शनले पनि स्त्री-पुरुषको पारस्परिक संसर्ग नै सृष्टि सञ्चालनको मूल कारण हो भन्दै ईश्वरीय सत्तालाई अस्वीकृत गर्छ । जैन, बौद्ध एवम् चार्वाक दर्शनहरूलाई ईश्वरीय सत्ताको स्वीकार नगरेकै कारण नास्तिक दर्शनको रूपमा विवेचना गरिन्छ। शब्दशास्त्रानुसार भने 'अस्ति परलोक इति मतिर्यस्य आस्तिकः' अनि 'नास्ति परलोक इति मतिर्यस्य नास्तिकः' विग्रहबाट आस्तिक र नास्तिक शब्दको सिद्धि (पाणिनि अष्टाध्यायी सूत्र ४.४.६० अस्ति नास्ति दिष्टं मतिः इति ठक्प्रत्ययः) । यसको अर्थ यही हुन्छ- जसले परलोक अर्थात् स्वर्ग, नरक आदिको

सत्ता एवम् पुनर्जन्ममा विश्वास गर्छ, त्यो आस्तिक हो भने जसले विश्वास गर्दैन त्यो नास्तिक हो। यस अर्थलाई स्वीकार गर्दै गर्दा हामीमा नयाँ जिज्ञासाको सञ्चार हुने गर्छ। जैन र बौद्ध दर्शनले पुनर्जन्मलाई स्वीकार गर्दा पनि किन नास्तिक भए ? अनि मीमांसाले कर्ममा विश्वास गर्छ भने साङ्ख्यले ईश्वरमा कुनै पनि आस्था राख्दैन र पनि आस्तिक कसरी भयो ? वस्तुतः एउटा चार्वाक दर्शन मात्रै नास्तिक दर्शनको घेरामा अटाउँछ। त्यसैले शब्दगत व्युत्पत्ति अनि परम्परागत अर्थलाई स्वीकार गरेर आस्तिक र नास्तिक शब्दको परिभाषा गर्नुपर्छ। यस सन्दर्भमा धेरै चिन्तकहरू, विचारकहरू र विज्ञहरूले अनेक प्रकारका चर्चा-परिचर्चाहरू गरेका छन्। दार्शनिक दृष्टिले हेर्दा आस्तिक र नास्तिक यी दुवै शब्द लाक्षणिक हुन् त्यसैले यी दुवै शब्दका कुनै पारिभाषिक अर्थलाई ग्रहण गर्नुपर्ने हुन्छ। पौरस्त्य आर्षपरम्परामा वेद हाम्रो धर्म, संस्कृति, सभ्यता अनि आध्यात्मिक जीवनको स्तम्भ हो। वेद अपौरुषेय मात्रै नभएर अलौकिक अनि अनन्त ज्ञानको अक्षुण्ण भण्डार पनि हो। वैदिक वाक्यहरू मन्त्र हुन् भने मन्त्रद्रष्टाहरू ऋषि हुन्। वेद आफैमा स्वतः प्रमाण हो। यसलाई प्रमाणित गर्न अर्को प्रमाणको आवश्यकता पर्दैन। त्यसैले जसले वैदिक मान्यताहरूलाई स्वीकार गर्छ, त्यसलाई आस्तिक भनिन्छ। जसले वेदवाक्यहरूलाई निराकरण, निषेध अनि निन्दा गर्छ, त्यो नास्तिक हो। मनुले पनि भनेका छन्- नास्तिको वेदनिन्दकः (मनुस्मृति- २.११)। यसैले जैन र बौद्ध दर्शनलाई पनि नास्तिक दर्शन भनिन्छ। यद्यपि जैन र बौद्धले चार्वाकहरू जस्तै वेदको प्रामाणिकतालाई खुले आम अस्वीकार र खण्डन गर्दैनन् र पनि प्रामाणिक रूपमा वेदलाई स्वीकार नगर्ने भएका हुनाले यिनलाई नास्तिक दर्शनको कोटिमा नै राखिन्छ। कट्टर नास्तिकका रूपमा भने चार्वाक देखिन्छ। चार्वाक दर्शन वैदिक आचारहरूको विरोध मात्रै गर्दैन अपितु व्यापक निन्दासमेत गर्छ। उनीहरूका अनुसार वेद ठग र निशाचरहरूको गन्थन हो। वेदले असत्य पदार्थहरूको निरूपण गर्छ। वेदका सबै विचार र चिन्तनहरू कपोलकल्पित हुन्। यसरी विभिन्न प्रकारले चार्वाकहरूले वेदको निन्दा गर्ने भएकाले उग्र नास्तिकका रूपमा चार्वाकहरू देखिन्छन्। (जगदीशचन्द्र मिश्र, सन् २०१२, भारतीय दर्शन)यद्यपि स्पष्ट रूपमा वेदको प्रामाणिकता स्वीकार गर्ने न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांसा अनि वेदान्त प्रधान रूपमा आस्तिक दर्शन हुन् भने वेदको प्रामाणिकता स्वीकार नगर्ने भएकाले चार्वाक, जैन र बौद्ध नास्तिक दर्शन हुन्। बौद्धअन्तर्गत पनि माध्यमिक, योगाचार, सौत्रान्तिक अनि वैभाषिक गरी चार भेदहरू रहेका छन्। (योगराज कण्डेल २०७८)

### पौरस्त्य दर्शनमा वैराग्य

पौरस्त्य दर्शनमा वैराग्य एउटा महत्त्वपूर्ण चिन्तन हो। यसले सांसारिक वस्तुहरूमा आसक्ति रहित हुनुको आवश्यकता र आत्मज्ञान प्राप्तिको मार्गमा वैराग्यको भूमिका बताउँछ। विभिन्न पौरस्त्य दर्शनमा वैराग्यको चिन्तन देखिएता पनि वेदान्तमा विशेष परिचर्चा गरिएको छ।

### वेदान्त दर्शन

वैराग्यलाई मोक्ष प्राप्तिको अनिवार्य साधन मानिन्छ। संसारका भोग, धन, प्रतिष्ठा आदि अनित्य भएकाले तिनप्रति आसक्ति त्याग्नु वैराग्य हो। 'इहामुत्रफलभोगविरागःझ (शंकराचार्य, तत्वबोधः) अर्थात्यस लोक र परलोकका फलभोगप्रति अनासक्ति। यस्तै गरेर यसका विभिन्न श्लोकहरू महत्त्वपूर्ण छन् जसले वैराग्यको महिमा र आवश्यकता प्रकट गर्छन्।

**वासांसि जीर्णानि यथा विहाय**
**नवानि गृह्णाति नरोऽपराणि।**
**तथा शरीराणि विहाय जीर्णा**
**न्यन्यानि संयाति नवानि देही।।** ( गीता २।२२ )

अर्थात्, आत्मा शाश्वत, अविनाशी र अमर हुन्छ। यो न कहिल्यै जन्मन्छ, न कहिल्यै मर्छ। भगवान् कृष्णले यो

श्लोकमा जीवन र मृत्युलाई कपडा जस्तै बताएका छन् । जस्तै मानिसले पुराना कपडा फालेर नयाँ कपडा लाउँछ, आत्माले पनि पुरानो शरीर छोडेर नयाँ शरीर धारण गर्छ । शरीर नाशवान् छ, तर आत्मा सधैं जीवित र अनन्त छ । मृत्यु केवल शरीरको परिवर्तन हो, आत्माको अन्त्य होइन । आत्मा शाश्वत सत्य हो, जसको कुनै अन्त्य छैन । त्यसैले जन्म र मृत्युबाट छुटकारा पाउन ज्ञान आवश्यक पर्छ र उक्त ज्ञानका लागि वैराग्य चाहिन्छ ।

**प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।**

**आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते** । (गीता.२.५५)

अर्थात्, जब मानिस आफ्नो मनमा आएका सम्पूर्ण कामनाहरू त्याग्छ र आत्मामा मात्रै तुष्ट हुन्छ, तब त्यो व्यक्तिलाई स्थितप्रज्ञ (स्थिर बुद्धि भएको) भनिन्छ । वैराग्य यहाँ स्थितप्रज्ञताको लागि आवश्यक योग्यता हो । वेदान्त दर्शनको महत्त्वपूर्ण स्रोतहरू मध्ये उपनिषदहरू प्रमुख हुन्, जसले आत्मा, ब्रह्म, मोक्ष, र वैराग्य जस्ता विषयहरूमा गहन ज्ञान प्रदान गर्छन् ।

**ईशा वास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।**

**तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् ।।** (ईशावास्योपनिषद्.१.१)

अर्थ : यस संसारको सम्पूर्ण वस्तुहरूमा ईश्वरको वास छ । त्यसैले तिनको त्याग गरी (वैराग्यपूर्वक) उपभोग गर । कसैको धनको लोभ नगर ।

**उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत ।**

**क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत्कवयो वदन्ति ।।** (कठोपनिषद्.१.३.१४)

अर्थात्, उठ, जाग, र श्रेष्ठ ज्ञानको प्राप्ति गर । यो मार्ग तिखो धार भएको छुराको जस्तै कठिन छ, जसलाई महात्माहरूले दुर्गम पथ भनेका छन् । यस मार्गमा वैराग्यले विशेष महत्त्व राख्छ ।

**भिद्यते हृदयग्रन्थिः छिद्यन्ते सर्वसंशयाः ।**

**क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ।।** (मुण्डकोपनिष्द्..२.२.९)

अर्थात्, जब व्यक्ति परा (आध्यात्मिक) र अपरा (सांसारिक) ज्ञानको अनुभव गर्छ, तब उसको हृदयको गाँठो भाँचिन्छ, सम्पूर्ण संशयहरू समाप्त हुन्छन्, र सबै कर्म समाप्त हुन्छन् । वैराग्यले यस मार्गमा महत्त्वपूर्ण स्थान लिन्छ । यी श्लोकहरूले उपनिषद्मा वैराग्यको महत्त्व, संसारिकता त्याग्ने आवश्यकताको महिमा र आत्मज्ञानको गहिरो रहस्य उजागर गर्छन् ।

**सांख्य दर्शन**

**दृष्टवानुश्रविकविषयवितृष्णास्य वशीकारसंज्ञा वैराग्यम्** । (साङ्ख्यकारिका, कारिका २३)अर्थात् देखिएका(दृष्ट) र सुनेका (अनुश्रविक) सबै विषयप्रति तृष्णा नभएको अवस्था नै वैराग्य हो । प्रकृति र पुरुषको विवेक ज्ञान भएपछि वैराग्य उत्पन्न हुन्छ । दुःखको मूल कारण प्रकृतिप्रतिको आसक्ति भएकाले वैराग्यद्वारा कैवल्य (मुक्ति) प्राप्त हुन्छ । **तत्त्वज्ञानान् निःश्रेयसम् ।** (साङ्ख्यसूत्र १।२६)अर्थात् तत्त्वज्ञान (पुरुष-प्रकृति विवेक) बाट नै परम कल्याण (मोक्ष) प्राप्त हुन्छ तर यो तत्त्वज्ञान वैराग्य बिना सम्भव हुँदैन । "न भोगाद् अमृतत्वम् । "(साङ्ख्यसूत्र १।२) अर्थात् भोगबाट अमरत्व (मोक्ष) प्राप्त हुँदैन । यस सूत्रले स्पष्ट गर्छ कि इन्द्रियसुखप्रति अनासक्ति (वैराग्य) आवश्यक छ ।

**योग दर्शन**

**दृष्टानुश्रविकविषयवितृष्णस्य वशीकारसंज्ञा वैराग्यम् ।।** (योगसूत्र १.१५)अर्थात् दृष्ट (यस जन्ममा देखिने) तथा अनुश्रविक (श्रुति-स्मृतिबाट सुन्न पाइने, स्वर्गादि) विषयहरूप्रति तृष्णा (आसक्ति) नहुनु नै वैराग्य हो । योग दर्शनअनुसार

वैराग्य भनेको संसार त्याग्नु मात्र होइन। इन्द्रियजन्य सुख-दुःखप्रति आसक्तिरहित चेतना विकास गर्नु हो। अभ्यास (अभ्यास) र वैराग्य (वैराग्य) मिलेर नै चित्तवृत्तिनिरोध सम्भव हुन्छ। पतञ्जलिले योगको साधनामा वैराग्यलाई अत्यन्त अनिवार्य मानेका छन्।

**जैन दर्शनमा**

जैन दर्शनमा वैराग्यलाई संयम, अपरिग्रह र आत्मशुद्धिको आधार मानिन्छ। कर्मबन्धनको मूल कारण राग(आसक्ति) र द्वेष भएकाले तीबाट मुक्त हुन वैराग्य अनिवार्य ठानिन्छ। **रागद्वेषौ कर्मबन्धहेतू** (तत्त्वार्थसूत्र ८.१) अर्थात् राग र द्वेष नै कर्म बन्धनका कारण हुन्। त्यसैले यीबाट मुक्त हुनु नै वैराग्यको मूल लक्ष्य हो। जैन दर्शनमा वैराग्य भन्नु नै राग र द्वेषको त्याग हो। **परिग्गहं परिजाणे, लोभं पिच्छं विवज्जए** (उत्तराध्ययन सूत्र,जैन आगम) अर्थात्परिग्रह (सञ्चय) लाई चिन्नुपर्छ र लोभलाई त्याग्नुपर्छ। वैराग्य यहाँ अपरिग्रह (असञ्चय) को रूपमा प्रकट हुन्छ। **नत्थि मम, नत्थि मे, एसा सम्मं दंसणं**। (दशवैकालिक सूत्र) अर्थात् 'मेरो' भन्ने भाव छैन, 'मलाई चाहियो' भन्ने भावना छैन। यही नै सम्यक् दर्शन हो। जैन दर्शनमा वैराग्य भन्नु नै ममताको विसर्जन हो।

**बौद्ध दर्शन**

वैराग्यलाई तृष्णात्यागको रूपमा बुझिन्छ। दुःखको कारण तृष्णा भएकाले त्यसको निरोध नै निर्वाण हो। यहाँ वैराग्य करुणासहितको त्याग हो। बौद्ध दर्शनमा वैराग्य शब्दभन्दा बढी विराग, निब्बिदा र अनुपादान प्रयोग हुन्छ। दुःखको मूल कारण तृष्णा भएकाले त्यसको क्षय नै वैराग्यको सार हो।

**तण्हाया जायते सोको, तण्हाया जायते भयं।**
**तण्हाया विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं।।**

(धम्मपद, २१६) अर्थात् , तृष्णाबाट शोक उत्पन्न हुन्छ, तृष्णाबाट भय उत्पन्न हुन्छ। जो तृष्णाबाट मुक्त हुन्छ, उसलाई न शोक हुन्छ न भय। त्यही तृण्णाबाट मुक्त हुनु नै वैराग्य हो। **विरागा निरोधो, निरोधा उपसमो** (संयुक्त निकाय) अर्थात्  विरागबाट निरोध (दुःखको अन्त) हुन्छ। निरोधबाट शान्ति प्राप्त हुन्छ। त्यसैले वैराग्य नै निर्वाणको द्वार हो।

**सेतो धरती उपन्यासमा वैराग्यचिन्तन**

वैराग्य भनेको रागको विपरीत अवस्था हो, जहाँ व्यक्तिमा कुनै वस्तु, व्यक्ति, वा परिस्थितिप्रति आसक्ति वा तीव्र चाहना समाप्त हुन्छ। यो मानसिक शान्तिको अवस्था हो, जहाँ व्यक्ति संसारिक मोह-माया र सुख-दुःखको प्रभावबाट मुक्त हुन्छ। भारतीय दर्शनमा विरागलाई आध्यात्मिक उन्नतिको महत्त्वपूर्ण साधन मानिन्छ, जहाँ इच्छाहरूको नियन्त्रण वा अन्त्यले व्यक्ति ज्ञान, शान्ति, र मुक्तिको मार्गतिर अग्रसर हुन्छ। वैराग्यले आत्म-साक्षात्कार र निर्वाणको प्राप्तिमा सहयोग पुर्याउँछ, जसले व्यक्ति संसारिक बन्धनहरूबाट मुक्त हुन्छ।  सेतो धरती उपन्यासमा निम्नलिखित दृष्किोणबाट वैराग्यचिन्तन प्रस्तुत गरिएको छ।

**विषय वासनाप्रति अनासक्ति**

उपन्यासको 'जे भएपनि भगवान्, जहाँ गएपनि म' उपशीर्षकमा ताराले गङ्गा किनारमा बसेर गरेको चिन्तनमा विषय वासनाप्रति अनासत्ति  भएको पाइन्छ। वेदान्त दर्शनमा **इहामुत्रफलभोगविरागः** (शंकराचार्य, तत्वबोधः) यस लोक र परलोकको फलभोग (वासनाप्रति अनासत्ति हुनु नै वैराग्यको लक्षणका रूपमा बताइएको छ। यसमा वैराग्यको प्राप्ति,

आत्मिक विकास, र मानसिक स्वास्थ्यलाई प्रोत्साहित गर्दछ। यो अभ्यासले व्यक्तिलाई जीवनका महत्त्वपूर्ण पक्षहरूमा ध्यान केन्द्रित गर्न, आत्मिक शान्ति र सन्तोष प्राप्त गर्न, र बाह्य वस्तुहरूको चाप र अस्थिरताबाट मुक्त हुन मद्दत गर्दछ। उपन्यासमा यसलाई यसरी प्रस्तुत गरिएको छ ः-

सधै सँगै कोही हुँदो रहेनछ। आमा पनि।

हाम्रो घरअगाडिका डाँडाहरू, घरपछाडिका हिमालहरू, फाँटहरू, खोल्साहरू, चौताराहरू जो मेरो मनमा मात्र छन्, उस्तै। तर, ती यहाँ छैनन्। मादी त्रिशूलीमा मिसिएर कहाँ हराइन् कहाँ चौतारो, ती आफन्त, छिमेकी कोही भेटिन्नन् यहाँ। (न्यैपाने २०६८, पृ.२८४)

माथिको अंशमा संसारिक वस्तुहरू र सम्बन्धहरूको क्षणिक स्वभावको गहिरो अनुभूति व्यक्त गरिएको छ। **नत्थि मम, नत्थि मे, एसा सम्मं दंसणं**। (दशवैकालिक सूत्र) जैन दर्शनमा व्यक्त 'मेरो' भन्ने भाव छैन, 'मलाई चाहियो' भन्ने भावना छैन, भन्ने ममत्व बुद्धिप्रति र वासनाप्रति उपन्यासका पात्र मुक्त छन्। उपन्यासको'सधै सँगै कोही हुँदैन' भन्ने वाक्यले समय र परिस्थिति अनुसार मानिसको जीवनमा परिवर्तनहरू अवश्यम्भावी छन् भन्ने कुरालाई उजागर गर्छ। डाँडाहरू, हिमालहरू, फाँटहरू, खोल्साहरू, चौताराहरू जस्ता प्राकृतिक दृश्य र आफन्त, छिमेकी जस्ता सम्बन्धहरू केही पनि स्थायी हुँदैनन्। यथार्थमा, ती सबै वस्तुहरू र सम्बन्धहरू समयको प्रवाहसँगै हराएर जान्छन्, जसरी मादी त्रिशूलीमा मिसिएर हराउँछ। आफ्नो मनमा मात्र ती वस्तुहरूलाई उस्तै देखिन्छन् किनभने भनेर, मानिसको स्मृतिमा ती वस्तुहरू सजीव रहन्छन् तर वास्तविकतामा ती सबै हराइसकेका हुन्छन् भन्ने तथ्यलाई प्रकट गर्छन्। जीवनको अस्थिरता र भौतिक वस्तुहरू तथा सम्बन्धहरूको क्षणभंगुरतालाई स्वीकार्नुपर्ने सत्यलाई दर्शाउँछ। यसको अर्थ, संसारिक वस्तुहरूमा अत्यधिक आसक्ति राख्नुको सट्टा, जीवनको वास्तविकताहरू र क्षणभंगुरतालाई बुझ्नुपर्छ। सबै वस्तुहरू र सम्बन्धहरू जुन एक समय निकै महत्त्वपूर्ण लाग्थे, समयसँगै हराएर जान्छन्, र मानिसले त्यसलाई स्वीकार्दै जीवनको यात्रा अगाडि बढाउनुपर्छ। मानव सम्बन्ध, प्रकृति र जीवनका भौतिक वस्तुहरू सबै अस्थायी छन्, र यी सबै हराउँछन् भन्ने कुरा व्याख्या गरिएको छ। यो संसारिक वस्तु , विषयहरू सबै अनित्य छन् , असत्य छन् भन्ने ठान्ने यस उपन्यासका पात्रमा विषय र वासनाप्रतिको आशक्ति हटेको छ। पतिले पहिले नै संसार छोडेर नगएको भए म देवघाट आउन पाउने थिइन। उनी स्वर्ग गएकै भएर म देवघाट आउन पाएको भन्ने यमुनाको वचनबाट उनको विषयप्रतिको अनासत्ति भावना स्पष्ट हुन्छ। (अझै उनी बाँचेका भए म मोहजालबाट उम्किन सक्ने थिइनँ। डुबिरहने थिएँ मोहको कुवामा भ्यागुतोँ। ठीकै भयो उनी स्वर्ग गएर मलाई तीर्थ पठाए। उनैले पठाएकोजस्तो त भयो। किनभने, उनी बाँचेका भए म देवस्थलीमा आउन पाउने थिइनँ। हेर तारा! अलिअलि वैराग्य त मभित्र मैले नै थाहा नपाउने गरी जमेर बसेको रहेछ उहिल्यै देखि मेरो मनको समुद्रको पिँधमा। ) पृ. २९६

**त्याग र समर्पणको प्रवृत्ति**

पूर्वीय दर्शनमा त्याग (वैराग्य/संन्यास) लाई आत्मिक उन्नति, मोक्ष र सत्यबोधतर्फ पुग्ने अनिवार्य साधनका रूपमा लिइन्छ। उपनिषद् अनुसार संसारिक आसक्ति त्यागेर ब्रह्मज्ञान प्राप्त गर्नु नै परम लक्ष्य हो। "तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम्। "ईशोपनिषद् (मन्त्र १) अर्थात् त्यागभावले उपभोग गर; कसैको धनप्रति लोभ नगर। उपन्यासमा ' भगवानसँग रिस'को उपशीर्षकमा यमुनाको मनोभावमा संसारिक मोहको त्याग र आत्मसंयमको चिन्तन देखिन्छ। त्याग र संयमको भनेको यस्तो स्थिति हो जब व्यक्ति संसारिक वस्तुहरू, सम्पत्ति, र सम्बन्धहरूको अस्थिरता र असारत्वलाई स्वीकार गर्छ र ती वस्तुहरूप्रति अनावश्यक भावनात्मक संलग्नता घटाउँछ। यसले गर्दा व्यक्ति आन्तरिक शान्ति र आत्म-सन्तोषको अनुभव गर्न सक्षम हुन्छ। यस प्रक्रियाले व्यक्ति विश्वसनीयता र स्थायीत्वको खोजी गर्नुको सट्टा आन्तरिक सन्तोष र शान्तिमा ध्यान केन्द्रित गर्न अनुमति दिन्छ। यस्तै, व्यक्ति जीवनका चुनौतीहरूलाई एक नयाँ दृष्टिकोणबाट हेर्न र मानसिक शान्ति प्राप्त

गर्न सहयोग पुऱ्याउँछ। 'सेतो धरती' उपन्यासमा यसलाई यसरी प्रस्तुत गरिएको छ -

> ओहो। म त फलामको जन्जिरभित्र परेछु। यो तोडेर बाहिर जानुपर्छ। छोराछोरी अब हुर्किइसकेका छन्। नातिनातिना छोराछोरीले हुर्काइहाल्छन्। अब म यहाँ टाँसिएर बस्नुहुँदैन। अलग हुनुपर्छ। पानीमा तेल झैं तटस्थ हुनुपर्छ भन्ने लाग्यो। संसार केही हुँदै होइन रहेछ। छोराछोरी, नातिनातिना, आफन्त कोही आफ्ना रहेनछन्। नत्र ती किन दुई दिन मात्र आफन्त हुन्छन् त ? किन छुटेर जान्छन् त ? जसरी छुटेर गए मेरा पति। आफू पनि कसैको होइन। हुँदै होइन। नत्र किन आफै पनि छुटेर गइन्छ अरूबाट। र, अन्तिममा आफैबाट ? यही भावमा डुबे। उत्रिनै नसक्ने गरी डुबे। ........(पृ.२९८)

यो अंशमा यमुनाले जीवनका बिभिन्न पक्षहरूको निरर्थकता र अप्रियता अनुभव गर्दै आत्मविश्लेषण गरिरहेकी छिन्। यिनका अनुसार, घर, परिवार, सम्पत्ति, र सम्पूर्ण संसार एक अस्थायी र परिवर्तनशील वास्तविकता जस्तो देखिन्छ। छोराछोरी, नातिनातिना, र सम्पत्ति जुन समयसँगै परिवर्तनशील र अस्थायी हुन्छन्, यी सबैको प्रेम र ममता पनि अस्थायी हुन्छन्। यमुनाले आफ्ना भावनात्मक र मनोवैज्ञानिक स्थिति व्यक्त गर्दै, जीवनको भौतिक पक्ष र सम्पत्ति पछि छुट्टिने, परिवर्तनशीलता र अन्तिम रूपमा मृत्युको अनिवार्यता स्वीकार गर्दै एक निष्कर्षमा पुगेकिछिन्। उनी भगवत् गीताको वासासिं जीर्णानि यथा विहाय... को ब्रह्ममय चिन्तनमा पुगीसकेकी छिन्। मोह त्याग नै वैराग्य प्राप्तिको प्रथम सोपान हो। उपनिषद् अनुसार बन्धनको मुख्य कारण नै ममत्व बुद्धिको त्याग गर्न नसक्नु हो।

**अहं ब्रह्मेति नियतं मोक्षहेतुर्महात्मनाम्।**
**द्वे पदे बन्धमोक्षाय निर्ममेति ममेति च।**
**ममेति बध्यते जन्तुर्निर्ममेति विमुच्यते।।** ( महोपनिषद् ४/७२ )

यहाँ मोह र बन्धनलाई यसरी व्याख्या गर्न सकिन्छ ः-

क) मोहः यमुनाले जीवनका भौतिक र पारिवारिक कुरामा मोह राख्ने देखिन्छिन्, तर एक बिन्दुमा पुगेर ती सबै कुरा अस्थायी र परिवर्तनीय लाग्छन्। यो मोह पछि, उनको संवेदनशीलता र आत्मीयता नष्ट हुन्छ र त्यस्तो मोहले तिनलाई आफ्नो अस्तित्वमा असंतुष्ट बनाउँछ।

ख) बन्धनः छोराछोरी र नातिनातिनासँगको ममता यमुनामाथि सँगै छ, तर समयसँगै यो ममता पनि निस्तेज र परिवर्तनीय देखिन्छ। यमुनाले सन्तान र सम्पत्ति माथि ममता राख्नुको साथै, जीवनको भौतिक पक्षसँगको असंतुष्टता र यसको अस्थायीपन स्वीकृति दिएकी छन्।

अन्ततः, यमुनाको दृष्टिकोणले जीवनको अनिश्चितता र परिवर्तनीयता स्वीकार्दै आत्मविश्लेषण र समर्पणको स्थिति ल्याउँछ। यो भावनात्मक यात्राले यमुनालाई आफू र संसारका बारेमा गहिरो सोचमा पुर्याएको छ र पारिवारिक बन्धन र मोहबाट टाढा राखेको प्रसङ्गले उपन्यासमा वैराग्य प्रस्तुत गरिएको छ।

**आत्मचिन्तन र मोक्षको कामना**

उपन्यासको 'टाढाका पाहुना' उपशीर्षकमा यमुना र ताराको संवादमा यमुनाले आफूलाई सामाजिक र भौतिक इच्छाहरूबाट टाढा राखी मुक्तिको भावना व्यक्त भएको पाइन्छ। यो मुक्ति व्यक्ति आफ्नो आत्मा र परमात्मामा केन्द्रित हुँदै, सांसारिक लालसा र प्रतिस्पर्धाबाट टाढा रहँदा प्राप्त हुन्छ। ध्यान, वैराग्य, र आत्मचिन्तनले यस अवस्थालाई सुदृढ पार्छ, जसले व्यक्तिलाई सत्य र शाश्वत सुखको अनुभूति दिलाउँछ। उपन्यासमा यसलाई यसरी प्रस्तुत गरिएको छ ः-

> पति बाँचिरहेका भए अहिले ती पचहत्तर वर्षका हुन्थे। तिनलाई छोडेर तीर्थ आउन सक्थिनँ। भगवान्ले कृपा गरेर बेलैमा बन्धन तोडिदिए र यो पुण्यभूमिमा आउन पाएँ। संसारमुखीबाट परमात्मामुखी हुन पाएकी छु। (पृ.२९५)

यस उद्धरणमा यमुनाले आफ्ना पतिको मृत्युको सन्दर्भमा बोल्दै छिन् । उनी के भन्छिन् भने पति अझै जीवित हुन्थे भने, उनी अहिले ७५ वर्षका हुन्थे र उनलाई छोडेर तीर्थ आउन सक्थिनँ । यसबाट उनी के संकेत गर्छिन् भने पतिसँगको बन्धनले उनलाई संसारिक जीवनमा बाँधेको थियो, जसले गर्दा उनले आध्यात्मिक मार्गमा अगाडि बढ्न पाइनन् । उनले भगवान्प्रति आभार प्रकट गर्दै भनेकी छिन् कि "बेलैमा बन्धन तोडिदिए" अर्थात् पतिको मृत्युले उनलाई संसारिक बन्धनबाट मुक्त गरिदियो । पतिको मृत्युको माध्यमबाट उनले भौतिक र सामाजिक बन्धनहरूबाट मुक्ति पाएको अनुभव गरेकी छन् । अब उनी "संसारमुखी" अर्थात् संसारसँग सम्बन्धित इच्छाहरू र अपेक्षाहरूबाट टाढा हुँदै "परमात्मामुखी" अर्थात् ईश्वरप्रति केन्द्रित जीवन बिताउन थालेकी छन् । वैरात्य प्राप्त गर्न मानिसले जीवनमा भौतिक वस्तुहरू, सामाजिक मान्यता र सम्बन्धहरूमा आफूलाई बाँधेर नराखी यी सबै बन्धनहरूबाट मुक्त भई परमात्मासँग एकाकार हुने प्रयास गर्नु पर्छ । यसले जीवनमा सच्चा शान्ति र आनन्द प्राप्त गर्न मद्दत पुऱ्याउँछ । भौतिक संसारको मोहले मानिसलाई आध्यात्मिक उचाइमा पुग्न बाधा पुऱ्याउँछ, र यसबाट मुक्ति पाउँदा मात्र मानिस वास्तविक अर्थमा स्वतन्त्र हुन सक्छ भन्ने वैराग्य चिन्तन यस उपन्यासकी पात्र यमुनामा प्राप्त गर्न सकिन्छ ।

**पारिवारिक बन्धनमाथि नियन्त्रण**

वैराग्यका लागि बन्धनमाथि  नियन्त्रण गर्नु महत्त्वपूर्ण हुन्छ । उपन्यासमा 'भगवान्सँग रिस'को उपशीर्षकमा यमुना र ताराको संवादमा यमुनामा शरीर र मनको नियन्त्रण प्रष्ट देख्न सकिन्छ । ध्यान, योग, र आत्मचिन्तनजस्ता अभ्यासहरू मार्फत यो नियन्त्रण अझ सुदृढ हुन्छ । उपन्यासमा आत्मनियन्त्रणलाई यसरी प्रस्तुत गरिएको छ :-

> छोराछोरीहरूले रूँदै मेरो बाटो छेके । तर, तिनका आँसुले मलाई छुँदै छोएन । ती सब पानी जस्ता लागे । ठूलो छोराले जुक्ति लगायो । नातिनातिनाले बाटो छेके त सानासाना नानीहरूलाई पन्छाएर, रूवाएर जान सक्तिनन् आमा भनेर ती सानासाना नातिनातिनालाई मेरा अगाडि ल्याएर राखिदियो तर मलाई ती नातिनातिनाले पनि रोक्न सकेनन् । (पृ.२९९)

प्रस्तुत अंशमा, यमुनाले आफ्नो अडान र दृढ निश्चयलाई व्यक्त गर्छिन् । छोराछोरी र नातिनातिनाहरूले उनको भावनालाई प्रभावित गर्न खोज्छन्, तिनले रूँदै र मार्ग अवरुद्ध गरेर आफ्नो प्रेम, अनुराग, वा कुनै भावनात्मक सम्बन्धलाई देखाउन खोज्छन् तर यमुनाको मन र शरीर यति दृढ छ कि तिनको आँसु र आग्रह उनको निर्णयमा कुनै असर पार्दैन । उनले मायाबाट आफूलाई नियन्त्रण राख्ने जस्ता प्रवृत्ति उनमा वैराग्य रहेको संकेत पाइन्छ । यद्यपि बाह्य रूपमा प्रेम, स्नेह, वा माया देखाउन प्रयास गरिन्छ, यमुना आफ्नो लक्ष्यमा दृढ भएर उभिएकि छिन् । उनको शरीर र मनमा कुनै प्रकारको भावनात्मक उतारचढाव हुँदैन । यमुनाले नातिनातिनाहरूको भावना बुझ्दछिन्, तर उनले आफ्नो निर्णय र मार्गलाई कुनै पनि प्रकारले बदल्न दिन्नन् । यो अंशले देखाउँछ कि कसरी एक व्यक्तिले आफ्नो मन र शरीरको नियन्त्रण गर्न सक्छ, विशेष गरी जब आफ्नो लक्ष्यप्रति उसको प्रतिबद्धता गहिरो हुन्छ । अर्थात्, यो मानसिक अवस्था हो जहाँ कुनै पनि बाह्य प्रभावले उनको निर्णयलाई परिवर्तन गर्न सक्दैन । यो नियन्त्रणको स्थिति नै उनको शक्ति हो, जसले उनलाई आफ्नो निर्णयमा दृढ बनाइराख्छ :-

> आँगन कटेर बाटोमा पुग्दा ठूला नातिले पिँढीको डिलबाट रुँदै भनेको सुनें- "ए भगमान् । हाम्री आमालाई तिम्रोमा नराख है । छिट्टै फर्काइदेऊ तर मलाई भगवान्ले फर्काएनन् । सायद सबै जना भगवान्सँग पनि रिसाए होलान् । (पृ.३०१)

उक्त अंशमा पनि पारिवारिक बन्धन र मायामाथि नियन्त्रण देखिन्छ अतः उक्त मायाशक्तिमाथिको नियन्त्रण नै वैराग्यको  मूल आधार हो ।

**परमात्मासँग एकाकारित सम्बन्ध**

अन्तरात्मा र परमात्मासँगको सम्बन्ध नभए मोक्ष प्राप्ति सम्भव छैन । उपन्यासमा मोड र मोक्षको उपशीर्षकमा पवित्राले आफ्नो विगत तारालाई सुनाउँदै गर्दा उक्त भाव व्यक्त भएको पाइन्छ । अन्तरात्मा र परमात्माको सम्बन्ध भनेको आत्मा परमात्माको अंश हो, र आत्मज्ञान मार्फत आत्मा परमात्मासँग एकाकार हुन सक्छ भन्ने आध्यात्मिक मान्यता हो । उपन्यासमा अन्तर आत्मा र परमात्मासँगको सम्बन्ध यसरी प्रस्तुत गरिएको छ :-

मैले यसरी जीवनलाई भोग्न नपाएको भए, यसरी तृप्त हुन नपाएको भए, मोक्ष प्राप्त गर्ने थिइनँ । (पृ.३५८)

यो उद्धरणले जीवनको अनुभव र तृप्तिलाई मोक्ष प्राप्तिको एक आवश्यक प्रक्रिया भनेर देखाउँछ । यहाँ 'जीवनलाई भोग्न' भन्नाले व्यक्ति आफ्ना अनुभव, सुख-दुख, र अनुभूतिहरूलाई पूर्णतया स्वीकार गरेर जीउनु भन्ने जनाइन्छ । यसरी जीवनको सम्पूर्णता बुझ्न र अनुभव गर्नाले व्यक्तिलाई आत्मिक रूपमा सन्तुलित र परिपक्व बनाउँछ । जब व्यक्तिले जीवनका विभिन्न अनुभवहरूलाई पूरा गर्न र तृप्त हुन सक्छ, तब उनी परमात्मा वा उच्च चेतनासँगको गहिरो सम्बन्ध स्थापित गर्न सक्षम हुन्छ । यस अर्थमा, जीवनको अनुभव र तृप्ति आत्मा र परमात्माबीचको सम्बन्धलाई स्पष्ट पार्न मद्दत गर्दछ । यसरी, जीवनको वास्तविकता, आत्मा र परमात्माको सम्बन्धलाई बुझ्न र अनुभव गर्न पाउँदा मोक्ष प्राप्ति सम्भव हुन्छ । जब व्यक्तिले जीवनका सबै पाटोहरूलाई आत्मसात् गर्छ र तिनीहरूको सम्पूर्णता बुझ्न प्रयास गर्छ, तब उ आफ्नो आन्तरिक अनुभवलाई बुझ्न र गहिरो तृप्ति प्राप्त गर्न सक्षम हुन्छ । यो प्रक्रिया आत्मा र परमात्माबीचको सम्बन्धलाई स्पष्ट पार्न महत्त्वपूर्ण छ । यो सम्बन्ध आत्मा र परमात्माको एकता र अन्तरदृष्टि प्राप्त गर्ने मार्ग हो । यो नै वैराग्य भाव हो ।

**वास्तविक सत्यको खोजी**

वास्तविक सत्यको खोजी विना मोक्ष अथवा तत्त्वज्ञानको असम्भव देखिन्छ । 'भगवान्सँग रिसको' उपशीर्षकमा यमुनाले तारालाई आफ्नो विगत सुनाउँदै गर्दा वास्तविक सत्यलाई उजागर गरिएको देखिन्छ । पाठ्यांशबाट हेर्दा :-

आफू पनि कसैको होइन । हुँदै होइन । नत्र किन आफै पनि छुटेर गइन्छ अरूबाट । र, अन्तिममा आफैबाट ? यही भावमा डुबें । उत्रिनै नसक्ने गरी डुबें । (पृ.२९८)

प्रस्तुत अंशमा पात्र यमुनाको माध्यमबाट वास्तविक सत्यको उजागर गरिएको छ । यसमा उनी जीवनको अस्थायीता र सम्बन्धहरूको भंगुरतालाई मुख्य बिन्दुमा राख्छिन् । विचारले मानव जीवनको नश्वरता र एक्लोपनको अनुभूतिलाई चित्रण गर्दछ, जसले गर्दा पाठकलाई जीवनको सार्थकता र उद्देश्यबारे गहिरो सोच्न बाध्य बनाउँछ । जीवनमा हामीले अनेकौं सम्बन्धहरू बनाउँछौं, तर ती सम्बन्धहरू स्थायी हुँदैनन् । यो भावमा, यमुनाले मानिसको जीवनलाई एउटा नदीको रूपमा चित्रण गरेकी छिन्, जहाँ हरेक मोडमा हामी कसैसँग जोडिन्छौं र केही समय पछि छुट्टिन्छौं । जीवनको अन्त्यमा हामी केवल एक्लै रहन्छौं, र यो एक्लोपन नै जीवनको कठोर सत्य हो । यमुनाले यस विचारमा गहिरो आत्मनिरीक्षणको माध्यमबाट हामीलाई यो सन्देश दिन खोजेकी छिन् कि सम्बन्धहरू, चाहे जति नै घनिष्ठ किन नहोस्, अन्ततः अस्थायी हुन्छन् । हामीले जसलाई आफ्नो ठान्छौं, जसलाई जीवनभर साथ दिन्छौं भन्ने विश्वास गर्छौं, त्यो सबै क्षणिक मात्र हो । समयको प्रवाहसँगै हामी उनीहरूसँग छुट्टिन बाध्य हुन्छौं । जीवनको अन्तिम सत्य भनेको हाम्रो आफ्नै अस्तित्वबाट छुट्टिने अवस्था हो, जसलाई मृत्यु भनिन्छ । यो विचारले पाठकलाई जीवनको नश्वरता र एक्लोपनको सत्यलाई स्वीकार्न र त्यसको सामना गर्न तयार रहन प्रेरित गर्दछ ।

**नैतिक जिम्मेवारी र आत्मसंयम**

'समयको गति र मनको खेल' उपशीर्षकमा ताराले व्यक्त गरेको मनोभावमा नैतिकता देखिन्छ । नैतिकता भनेको

मानिसको सही र गलतको भिन्नता बुझ्न र त्यसअनुसार आचरण गर्ने गुण हो। यसले व्यक्तिको व्यवहारलाई मार्गदर्शन गर्दछ र समाजमा सुसंस्कृत, इमानदार, र जिम्मेवार बन्न प्रेरित गर्दछ। नैतिकता समाजको समृद्धि र शान्तिका लागि आवश्यक आधार हो। उपन्यासमा पनि नैतिकताको अवस्था देखिन्छ। जस्तै :-

> जीवनभरि सधैं मुडिइरहें। अविराम भगवान्को नाम जप गरिरहें। कहिल्यै कुनै एक पुरूष रोजेर घरजम गर्ने आँट गर्न सकिनँ। यत्रो हिमालजत्रो गहुङ्गो संस्कार र लामो परम्परा तोडेर त्यसो गर्न सकिनँ। त्यस्तो परिस्थिति पनि आएन। (पृ.३६१)

उपर्युक्त उद्धरणमा लेखकले समाजमा विद्यमान गहिरो सांस्कृतिक र परम्परागत बाध्यताहरूको चर्चा गरेका छन्। विशेष गरी महिला पात्र ताराले आफ्नो जीवनभरि भगवानको नाम जपेर, एकल जीवन बिताउने निर्णयलाई केन्द्रमा राख्दै, समाजले निर्माण गरेको नैतिकता र परम्पराहरूको भारलाई चित्रण गरिएको छ।

नैतिकताको दृष्टिकोणबाट हेर्दा, यस उद्धरणमा दुईवटा मुख्य पक्ष देख्न सकिन्छ :

क) नैतिक जिम्मेवारी र परम्परा पालन : उपन्यासमा ताराले आफ्नो व्यक्तिगत इच्छालाई दबाएर, समाजले निर्धारित गरेको परम्परागत भूमिका निभाउनुपर्ने बाध्यताको सामना गरेकी छिन्। समाजमा स्थापित संस्कार र परम्पराले नैतिकताको नाममा महिलाहरूलाई एक निश्चित सीमाभित्र बाँधेर राख्ने प्रयास गर्छ। यस्तो अवस्थामा, समाजको नैतिकता महिलाको व्यक्तिगत स्वतन्त्रता र इच्छाप्रति संवेदनशील हुँदैन।

ख) आत्मसंयम र आत्मत्याग : पात्र ताराले आफ्नो व्यक्तिगत जीवनलाई समाजको व्यापक हितका लागि बलिदान गर्ने निर्णय गरेकी छिन्। उनले जीवनभरि भगवानको नाम जप्दै, आत्मसंयमको उदाहरण प्रस्तुत गरेकी छिन्। यो नैतिकताको अर्को पाटो हो, जहाँ व्यक्तिगत सुखसयलभन्दा समाजिक दायित्वलाई प्राथमिकता दिने आदर्श देख्न सकिन्छ।

सारमा, यस उद्धरणले परम्परा र नैतिकताले कसरी एक व्यक्तिको जीवनलाई ढाँचाबद्ध गर्न सक्छ भन्ने देखाउँछ। ताराले नैतिकता पालन गर्दै परम्परागत संस्कारहरूको सम्मान गरेकी छिन्। अतः यस अंशमा सत्य र नैतिकताको आधारमा विराग भाव प्रस्तुत भएको छ।

**संसारको क्षणभङ्गुरताको बोध**

संसारिक पदार्थको अस्थिरता नबुझेसम्म सत्यता स्थिरता आनन्द बुझ्न सकिन्न। 'मोड र मोक्ष' उपशीर्षकमा पवित्राले तारालाई आफ्नो विगत सुनाउने अवस्थामा संसार एक भोगहरूको अस्थिरता हो भन्ने भाव व्यक्त भएको देखिन्छ। उक्त भावलाई पाठ्यांशमा यसरी प्रस्तुत गरिएको छ। जस्तै :-

> अहिले म जीवनसँग सन्तुष्ट छु। अहिले आफू रित्तो छु। उमेरले दिएर आफूसँग भएका सबै कुरालाई रित्याएँ। रित्याएँ पनि के भनूँ, रित्तियो। भोगेर रित्तियो। त्यसैले म तृप्त छु। मेरो मन सेतो कागज जस्तो भएको छ अहिले। काम, क्रोध, लोभ, मोह केहीले पनि हुँदैन। लाग्छ, यही नै मेरो मोक्ष हो। (पृ.३५८)

उपन्यासमा पवित्राको अनुभवलाई आधार बनाएर व्याख्या गर्दा, हामीले उनको जीवनको गहिरो अन्तरदृष्टि पाउन सक्छौं। पवित्रा एक त्यस्तो पात्र हुन् जसले आफ्नो जीवनभर संसारिक सुख-सुविधा, सम्पत्ति, र भोगहरूको अनुभव गरेकी छन्। उनले जीवनका हरेक चरणमा इच्छा, आकांक्षा, र मोहलाई प्राथमिकता दिएकी थिइन्। उमेरको साथमा, यी सबै भोगहरू उनको लागि केवल एक अस्थायी र क्षणिक सन्तुष्टि मात्र बने। कालान्तरमा पवित्रा उमेरले परिपक्व भइसकेकी छिन्। उनले आफ्नो जीवनका सबै महत्त्वपूर्ण अनुभवहरू भोगिसकेकी छन्, र अहिले उनी आफूलाई खाली महसुस गरिरहेकी छन्। यो खालीपन भनेको कुनै प्रकारको नकारात्मकता होइन, बरु एक प्रकारको तृप्ति हो, जुन संसारिक मोहबाट मुक्त भएको संकेत हो। पवित्रा भन्छिन्, "अहिले म जीवनसँग सन्तुष्ट छु। अहिले आफू रित्तो छु। उमेरले दिएर आफूसँग भएका सबै कुरालाई

रित्याएँ। " यसबाट उनले संसारिक भोगहरूलाई पुरा रूपमा अनुभव गरेको र अहिले तिनको मोहबाट मुक्त भएको देखाउँछ। उनको "रित्तोपन" वास्तवमा एक गहिरो मानसिक स्थिति हो, जहाँ उनको मन सेतो कागज जस्तो भएको छ। सेतो कागजले शुद्धता र नवीनताको संकेत गर्छ, जहाँ कुनै प्रकारको आशक्ति, क्रोध, लोभ, मोहले स्थान पाउन सक्दैन। पवित्रा अहिले एक यस्तो अवस्थामा पुगेकी छन्, जहाँ बाह्य संसारका कुनै पनि कुराले उनको मानसिक शान्तिलाई प्रभावित गर्न सक्दैन। यो शान्ति नै उनको लागि मोक्षको स्थिति हो। पवित्राको अनुभवले संसारिक भोगहरूको अस्थिरतालाई स्पष्ट रूपमा देखाउँछ। संसारिक सुख-सुविधाहरू प्रारम्भमा आकर्षक र मनोहर लाग्छन्, तर तिनीहरूको प्रकृति अस्थायी हुन्छ। ती भोगहरू समाप्त भएपछि मात्र मानिसले वास्तविक तृप्तिको अनुभव गर्न सक्छ। पवित्राले पनि यही कुरा अनुभूत गरेकी छिन्। उनी अहिले संसारिक मोहबाट मुक्त भएर वास्तविक शान्ति र तृप्तिको अवस्थामा पुगेकी छन्। यही तृप्ति र शान्ति नै मोक्षको संकेत हो, जहाँ संसारिक भोगहरूको अस्थिरता स्पष्ट रूपमा प्रकट हुन्छ। यसरीपवित्राको जीवनले हामीलाई संसारिक भोगहरूको अस्थिरता, तिनको क्षणिक प्रकृति, र तिनबाट मुक्त भएपछि प्राप्त हुने वास्तविक तृप्तिको बारेमा गहिरो सन्देश दिन्छ। यो नै यस अंशमा प्रयुक्त वैराग्य हो।

**निष्कर्ष**

*सेतो धरती* (२०६८)उपन्यासकार अमर न्यौपानेको दोस्रो उपन्यास हो। यो उपन्यास नेपाली समाजमा विशेष गरी पहाडी ग्रामीण परिवेशका महिलाहरूको जीवन, बालविवाह, विधवा जीवन, सामाजिक विभेद, गरिबी र पितृसत्तात्मक संस्कारको मार्मिक चित्रण गर्ने कृति हो। उपन्यासको मुख्य केन्द्र पात्र तारा हो, जसले सानै उमेरमा विवाह हुन्छ। त्यसपछि विधवा जीवन, सामाजिक बन्धन र पीडाको सामना गर्छिन्। "सेतो धरती" शीर्षकले नै विधवाले लगाउने सेतो वस्त्र तथा उनीहरूको नीरस, पीडादायी जीवनलाई प्रतीकात्मक रूपमा देखाउँछ। सेतो धरतीमा गहिरो रूपमा जीवन दर्शन पाइन्छ। यो केवल सामाजिक यथार्थ चित्रण गर्ने उपन्यास मात्र होइन, मानव जीवनका पीडा, संघर्ष, आशा, वैराग्य, सहनशीलता र अस्तित्वसम्बन्धी प्रश्नलाई पनि प्रस्तुत गर्ने दार्शनिक कृति हो। सामाजिक पीडा र निराशाले पात्रहरूमा संसारप्रति विरक्ति देखिन्छ। विशेषतः विधवा जीवनको बन्धनले सांसारिक इच्छामाथि नियन्त्रण र त्यागको भावना विकास गरेको देखिन्छ। हिन्दू दर्शनमा पाइने त्याग, संयम र वैराग्यको प्रभाव पनि देखिन्छ। विधवा जीवनमा सेतो वस्त्र, इच्छादमन, सामाजिक संयम आदिले वैराग्यमूलक संस्कारलाई संकेत गर्छ। सांसारिक सुखबाट टाढा रहन बाध्य पात्रहरूमा विरक्ति चेतना विकसित भएको देखिन्छ। सेतो धरतीमा प्रत्यक्ष रूपमा वेदान्त दर्शनको व्याख्या नभए पनि यसको भावभूमिमा वेदान्त दर्शन का केही तत्त्वहरूको प्रभाव देख्न सकिन्छ। विशेषतः वैराग्य, संसारको नश्वरता, दुःखबोध र आत्मिक सहनशीलतामा वेदान्तीय चेतनाको झल्को पाइन्छ। संसारको नश्वरता, वैराग्य चेतना,माया र मोहको अनुभूति,सहनशीलता र आत्मसंयम जस्ता प्रश्नहरूले दार्शनिक चेतना उत्पन्न गर्छन्। सेतो धरती मा वेदान्त दर्शनको प्रत्यक्ष सैद्धान्तिक प्रस्तुति नभए पनि यसको जीवनबोध, वैराग्य, नश्वरता र मोह-त्यागसम्बन्धी चेतनामा वेदान्तीय प्रभावको उपस्थिति रहेको छ। पूर्वीय दर्शन पुरूषार्थ प्रधान, दुःखबाट मुक्तिको खोजी, आशावाद र निराशावाद, नैतिकता, सत्य र अविनासी सत्तावादी, अपूर्ववादी, अदृश्य वा निरञ्जन-निराकारवादी, कर्मवादी, योगवादी, ज्ञानवादी, तत्वज्ञानवादी, मोक्षवादी, पुनर्जन्म, व्यवहारिकता, अज्ञान बन्धनको मूल कारण, ज्ञानको महत्त्व, अनवरत चिन्तन, अभ्यास र योगलाई महत्त्व दिने, संसारलाई एक रंगमञ्चको रूपमा लिने, आत्मसंयम, कर्म र दर्शनको समन्वयवादी, प्रमाण-विज्ञान, जगतविचार, भूतप्रतिको दृष्टिकोण, आदि विचारप्रधान तथा विशेषता भएको दर्शन हो। यस उपन्यासका पात्रहरू संसारिक वस्तुहरूप्रति कम ध्यान दिएका छन्। उनीहरूको प्रवृत्ति आत्मिक शान्ति र सन्तोष, मोह र ममता कम, साधना र ध्यानमा लगाव, सामाजिक र भौतिक इच्छाहरूबाट मुक्ति, संसारिक चिन्ता र तनावबाट मुक्ति, शरीर र मनको नियन्त्रण, अन्तरात्मा र परमात्मासँगको सम्बन्ध, सत्य र नैतिकताको पालन,

संसारिक भोगहरूको अस्थिरता आदि रहेका छन् । यिनै प्रवृत्तिका आधारमा सेतो धरती उपन्यासमा वैराग्य चिन्तन प्रस्तुत गरिएको छ ।

**सन्दर्भग्रन्थसूची**


अधिकारी, केशवप्रसाद (२०७३), *सेतो धरती : सामाजिक यथार्थको प्रतिविम्बझ समालोचना,* वार्षिक साहित्यिक जर्नल ।

उपाध्याय बलदेव (२०१६), *भारतीय दर्शन की रूपरेखा,* मोतीलाल वनारसीदास ।

कुमार, सुरेन्द्र, (सन् २००८), *मनुस्मृति,* आर्ष साहित्य प्रचार ट्रस्ट ।

ढकाल, घनश्याम (२०७१), *सेतो धरती उपन्यासमा नारी जीवनको यथार्थ* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

न्यौपाने, अमर (२०६८), *सेतो धरती,* फाइनप्रिन्ट ।

न्यौपाने, शोभा (२०७२), *सेतो धरती उपन्यासमा नारीवादी चेतना, प्रज्ञा* साहित्यिक पत्रिका, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाणिनि (सन् २०२३),*अष्टाध्यायी,* सुरभारती प्रकाशन ।

मिश्र, उमेश (सन् २०१४), भारतीय दर्शन, उत्तर प्रदेश हिन्दी संस्थान ।

कण्डेल, योगराज (२०७८*),दर्शनावली-८,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

वेदव्यास (२०७९), श्रीमद्भागवद्गीता, दूई सय चौबीस पुनर्मुद्रण, २०७८ गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२१), *ईशावास्योपनिषद्,* गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२३), *ऐतरेयोपनिषद्* गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२०), *कठोपनिषद्* गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२३), *छान्दोग्योपनिषद्,* नवमः संस्करण, गीताप्रेस ।

शङ्कराचार्य (सन् २०२१), *मण्डुकोपनिषद्* गीताप्रेस ।

शर्मा, उमाशङ्कर, (२०१४), सर्वदर्शनसङ्ग्रह, चौखम्बा सुरभारती प्रकाशन ।

शर्मा, कृष्णादेवी (२०७०), समकालीन साहित्य प्रतिष्ठान ।

शर्मा, चन्द्रधर (१९९०), भारतीय दर्शन, मोतीलाल वनारसीदास ।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# The Role of Head Teacher Leadership in School Management

**Sita Kumari Shrestha[1*], Kusum Raj Subedi, PhD[2]**
[1]*Chaturmukhi Secondary School, Chitwan, Nepal.*
[2]*Vice President, Bagmati Provience University, Nepal.*

***Article History :*** *Received : 19, Feb. 2026; Reviewed : 20th May, 2026; Accepted : 7th June 2026*
***Corresponding Author :*** *Sita Kumari Shrestha* ***E-mail :*** *grishmshrestha22@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95947*

**Abstract**

*This research paper examines The Role of Head Teacher leadership in School management, focusing on identifying the current status of school management and solutions to challenges faced by head teachers. The study employed a mixed-methods approach (qualitative and quantitative) and was conducted in 15 secondary community schools within Ratnanagar Municipality, Chitwan District. Participants included 60 purposively selected teachers and 15 school management committee chairpersons, totaling 108 respondents. Data were gathered from both primary and secondary sources using questionnaires, focus group discussions, direct observations, and interviews, and analyzed in relation to established theories and literature. Findings revealed that all schools prepared annual work calendars, but annual work plans, unit plans, and daily lesson plans were only partially implemented. Daily schedules often failed to balance workload and teaching responsibilities, indicating weak planning practices. Head teachers faced difficulties in managing educational activities due to issues such as lack of discipline, political interference, strikes, financial constraints, inadequate training, and poor stakeholder coordination.In terms of physical resources, half of the head teachers had successfully mobilized resources to improve facilities, one-quarter were in the process of improvement, and one-quarter showed little interest. Academically, two-thirds of head teachers made significant efforts to improve educational quality, some made minimal efforts, and a few showed little concern. Organizationally, three-fourths contributed notably to institutional strengthening. Financially, three-fourths supplemented government grants with funds from organizations, donors, and agencies, while some relied solely on state funding. The study concludes that head teachers play a vital role in effective school management and should be skilled administrators, approachable, and community-oriented. Recommendations include preparing and implementing annual work plans, encouraging teachers to create and follow academic plans, maintaining stakeholder coordination, and promoting extracurricular activities to enhance overall school performance..*

***Keywords:*** Head teacher leadership, School leadership, School management, Educational administration, School improvement.

## Introduction

A head teacher is the principal responsible officer who provides academic, administrative, managerial, and ethical leadership in a school. The head teacher is entrusted with

*Copyright 2026© the Author(s)*

overall responsibility for school operations, the teaching learning process, human resource management, student development, enhancement of educational quality, and the effective implementation of educational policies.

According to the Education Act 2028 and the Education Regulations 2059, the head teacher is the chief administrator of the school, responsible for ensuring smooth school operation, management of teachers and staff, maintenance of discipline, creation of a conducive academic environment, and implementation of government policies. Similarly, the Education Act 2074 recognizes the head teacher as the central leadership figure of the school and establishes the position as a decisive authority in school improvement, quality education, accountability, and institutional development. On this basis, a head teacher can be succinctly defined as a legally recognized principal officer who provides academic, administrative, and managerial leadership to a school and ensures its overall development, delivery of quality education, and institutional good governance.

Based on the Education Acts, Education Regulations, head teacher training curricula, and educational policies, the role of the head teacher can be viewed in two major dimensions: as a leader and as a manager. As a leader, the head teacher functions as an instructional leader by formulating and clarifying the school's vision, goals, and objectives; motivating teachers, students, and parents toward shared goals; fostering a positive school culture and learning environment; promoting innovation and quality education; ensuring inclusive, equitable, and child-friendly practices; and exercising ethical and value-based leadership. In this sense, the head teacher bears responsibility for developing the school not merely as an administrative institution but as a learning community. As a manager, the head teacher's role is structural, administrative, and technical in nature. This includes managing school administration; overseeing teachers and staff through appointment, task allocation, evaluation, and motivation; managing financial and physical resources; ensuring effective curriculum implementation and educational planning; implementing the School Improvement Plan; operating monitoring, evaluation, and reporting systems; and ensuring the effective enforcement of laws, regulations, and government policies.

Education is the foundation for the all-round development of a person. It is essential for basic literacy and for managing the daily affairs of life. On the basis of theoretical and knowledge-based education, people determine paths toward self-employment or employment according to their needs. Philosophical education fosters intellectual reasoning and the capacity to analyze knowledge, while technical and vocational education provides the professional skills and expertise required to handle practical life tasks. Therefore, to meet the needs of the majority, the state assumes responsibility for running various streams of education. However, the knowledge

gained in general schools forms the fundamental basis of all education.

Educational management is a concept that combines "education" and "management." Education is the process of bringing out or manifesting an individual's inherent qualities. To do this, formal, informal, and non-formal methods are applied. In ancient times, education was primarily acquired through formal means. From the 19th century onwards, formal systems of education began to develop, and with them emerged the process of planned and systematic educational management (Paudel, 2012).

In Nepal, the National Education System Plan of 1971 and its subsequent amendments have attempted to strengthen the school inspection system to improve educational quality. Effective inspection is considered vital for making school education effective, which is directly linked to the roles of head teachers and subject teachers (Law and Order Management Committee, 2009).

Educational management refers to the process of operating educational services effectively and successfully. It involves developing goals and policies based on teaching and learning, creating appropriate programs, managing staff and resources, and ensuring that investments in education are implemented efficiently. Without strong management, investments alone cannot yield results resources must be mobilized in an organized way. In schools, the head teacher plays the leading role in ensuring such management (Adhikari, 2010).

For education to be effective and meaningful, coordination among teachers is essential, with the head teacher facilitating cooperation and collaboration with teachers, social workers, and education supporters. The Seventh Amendment to the Education Act (2001) also highlights the role of head teachers in improving quality in community schools (Bhattarai, 2004).

Management, in essence, is about enabling individuals and groups to work collectively toward set goals, creating an environment for achieving objectives, and effectively mobilizing human, physical, and financial resources. In schools, educational management covers the administration of human resources (teachers, students, staff), physical infrastructure (classrooms, facilities), and overall educational activities to achieve predetermined goals.

Efficient management is essential for any institution to achieve its objectives, and in schools, the head teacher plays a critical role in providing dynamic leadership, enhancing teaching-learning activities, and strengthening overall management (Budhathoki, 2007). Educational management involves planning, organizing, staffing, executing, evaluating, motivating, coordinating, and innovating to maximize results and satisfy both providers and recipients (Paudel, 2012).

The head teacher must secure staff cooperation, delegate responsibilities

according to capabilities, and coordinate annual plans, resource management, classroom observation, evaluation, and examinations. Educational management harmonizes efforts and utilizes resources to develop human qualities and promote growth among students and staff (Adhikari, 2010). Historically, educational management evolved from religious, community-based, and head teacher-led systems to scientific, human relations, and behavioral approaches, and later incorporated modern concepts like change management, gender-sensitive management, and management by objectives (Paudel, 2012).

As the central leader, the head teacher must design effective plans, mobilize resources, manage diversity, inspire teachers, and act as manager, facilitator, and educator. They must continuously update their leadership and management skills and serve as a role model for teachers and other stakeholders (Educational Manpower Development Center, 2009).

**Objectives of the Study**

The study has the following objectives:

a. to assess the current state of educational management practices in schools.
b. to analyze the role and challenges of principals in the effective management of school education.

**Research Questions**

- What is the current status of educational management in the school?
- What are the challenges observed in the school's educational management?
- What roles are being performed by the headteacher in educational management?
- Has the headteacher been able to deploy teachers and staff appropriately?
- How can educational management be made more effective?
- How can the problems faced by the headteacher in educational management be resolved?

**Rationale of the Study**

A school is a social institution, and the principal plays a crucial role in its effective educational management. This study assesses the capacity, qualifications, and responsibilities of principals, examining their leadership and its impact on overall school management. It identifies strengths and areas for improvement, encouraging principals to enhance teaching–learning processes and guiding stakeholders in further research. The study provides practical insights for principals, teachers, school management committees, students, and education professionals, supporting effective use of resources, problem-solving, innovation, cooperation, and coordination. Additionally,

by examining principals' relationships with teachers, staff, SMC chairpersons, and the wider community, the study aims to promote uniformity and quality in school leadership nationwide, offering valuable data for future researchers, policymakers, and educational planners, while motivating teachers and benefiting all stakeholders involved in education.

**Study Area**

Although this study broadly addresses the role of principals in educational management, due to time, budget, and resource limitations, it is confined to 15 schools in Ratnanagar Municipality, Chitwan District. The research focuses on evaluating the role of principals in educational management and providing appropriate recommendations.

**Research Methodology**

'बन्ध्' धातुमा 'घञ्' प्रत्यय र 'नि' उपसर्ग थपिँदा बन्ने 'निबन्ध' शब्दको अर्थ बाँध्नु, सङ्ग्रह गर्नु र सङ्कलन गर्नु हुन्छ। कृष्णचन्द्र मिश्रका अनुसार निबन्धको अर्थ"भावनाका कणहरूलाई अभिव्यक्तिका शिल्पमा सिलसिलाबद्ध ढङ्गले सङ्ग्रहीत गर्नु वा व्यवस्थित ढङ्गले व्यक्त गर्नु" (मिश्र, २०५५, पृ.३८२) भन्ने हुन्छ। उनकै अनुसार "निबन्ध शब्द पूर्वीय साहित्यमा श्रीमद्भगवदगीतामा र श्रीमद्भागवत महापुराणमूमा आत्मालाई सांसारिक मायाजालमा बाँधेर राख्ने अर्थमा र वाणभट्टलिखित 'कादम्बरी' मा व्याख्या, टीका, भाष्य आदि अर्थ बुझाउने शब्दका रूपमा प्रयोग गरिएको छ। निबन्ध बन्धन हुँदाहुँदै पनि सुमधुर आवाज निकालेर शोभाबर्द्धक युवतीका चरणमा बाँधिएको मणिनुपूर जस्तो बन्धन हो।" (मिश्र, २०५५, पृ.३८२)

*Copyright 2026© the Author(s)*

भनेका छन् । यस परिभाषाअनुसार कुनै विषय वा विशृङ्खलित विचारलाई कल्पनाको सहारा वा वस्तुगत ढङ्गले शृङ्खलाबद्ध र विचारबद्ध गराएर लेखिने गद्यरचनालाई निबन्ध भनिन्छ । यसरी पूर्वीय वाङ्मयमा निबन्धको शाब्दिक अर्थ र अभिप्राय यस्तो पाइए पनि निबन्धको वर्तमान साहित्यिक अर्थ पाश्चात्यवाङ्मयअनुसार लगााउने गरिन्छ । पाश्चात्य वाङ्मयमा सर्वप्रथम फ्रान्सेली विद्वान् मोन्तेनले फ्रेन्च भाषामा ई. १५८० मा प्रकाशन गरेका *एसाइज* नामक पुस्तकमा "मेरो इच्छा हुन्छ निबन्धमा बिनाआडम्बर सहज र साधारण तरिकाले म स्वयं रूपायित होऊँ । ... मेरो निबन्धको विषय म नै हुँ" (शर्मा, २०४८, पृ.७) भनका छन् भने बेलायती फ्रान्सिस बेकनले ई. सन् १५९७ मा *एस्सेज* (Essays) को पहिलो भोलम र *रिलिजियस मेडिटेसन* (Religious Meditation) नामक निबन्धको पुस्तकमा "निबन्ध विकीर्ण चिन्तन हो" ... "पढाइले मानिसमा पूर्णता प्राप्त हुन्छ, वार्तालापले प्रत्युत्पन्नमति र लेखाइले निश्चितता आउँछ" (शर्मा, २०४८, पृ.८) भनेका छन् । यसरी मोन्तेनले आफ्नै मनोभावलाई स्वतन्त्र रूपमा व्यक्त गर्ने निजात्मक र आत्मपरक गद्यलाई निबन्ध माने अनि बेकनले चिन्तनयुक्त र आख्यानहीन वस्तुपरक लेखनलाई निबन्ध माने । यसरी यी दुवैबाट निजात्मक वा आत्मपरक तथा वस्तुपरक तर आफैँमा पूर्ण गद्यशैलीयुक्त निबन्धलेखनको आरम्भ भयो । यही गद्यशैलीयुक्त लेखनलाई आधुनिक कालमा विश्वका सबैजसो भाषाका साहित्यमा निबन्ध भनेर चिनिन्छ ।

त्यस्तै धार्मिक वा अन्य कुनै उद्देश्यले टाढा वा नजिकका, परिचित वा अपरिचित तथा नवीन ठाउँमा जाने, घुम्ने, पर्यटन वा भ्रमण गर्ने कार्यलाई 'यात्रा' भनिन्छ । यसै 'यात्रा' शब्दमा 'नि' थप्दा 'नियात्रा' बन्दछ । 'नियात्रा' लाई ' यात्रासाहित्य' वा 'नियात्रा-साहित्य' पनि भनिन्छ। 'नेपाली बृहत् शब्दकोश' मा 'नियात्रा' लाई "यात्रानिबन्धको औपन्यासिक वा उपाख्यानात्मक रूप अथवा यात्रावर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्ध" (उप्रेती, २०७५, पृ. ६९१) भनिएको छ । यस आधारमा 'नियात्रा' भनेको कुनै पनि यात्राका घटना उपघटनाहरूलाई आख्यानात्मक वा कथात्मक शैलीमा लेखिएको निबन्धात्मक रचना भन्ने बुझिन्छ । नेपालीमा राजा *गगनिराजको यात्रा* (१५५० तिर लिखित र २०३९ मा प्रकाशित) पहिलो यात्राविषयक निबन्धात्मक कृति मानिन्छ ता पनि साँच्चिकै नियात्रा लेखन भने जङ्गबहादुरको बेलाइत यात्रा (२०१४) मा प्रकाशितबाट मात्रै सुरु भयो । प्रकाशनका आधारमा प्रथम मानिएको जङ्गबहादुरको बेलाइत यात्रा, राजा गगनिराजको यात्रा (२०३९) को प्रकाशनपछि दोस्रो मानिँदै आएको छ । चिरञ्जीवी शर्मा (पौडयाल) को आफ्नू कथा (१९५५), अज्ञातको *बत्तीस सालको रोजनाम्चा* (१९३२) तथा डिल्लीशमशेरको *श्री युरोप यात्रा* (?) र शेरमान राणाको *मेरो लन्डन राजनैतिक यात्रा* (?) निर्मोही व्यासका-*नौ पाइला* (नियात्रा -सङ्ग्रह) २०४६, ठोरीको एलबम (नियात्रा) २०४८, झलझली आँखामा (नियात्रा-सङ्ग्रह) २०५१, *सम्भवामि युगेयुगे* (संस्मरण-सङ्ग्रह) २०५३, *सेरोफेरो सबै मेरो* २०५३, (नियात्रा -सङ्ग्रह) २०६१, *साँचेको सम्झना* (संस्मरण-सङ्ग्रह) २०६८, *मायामहल* (संस्मरण-सङ्ग्रह) २०७७, *आवारा बादल* (नियात्रा -सङ्ग्रह) २०७८, सम्झूँ कि बिर्सूँ (संस्मरण-सङ्ग्रह) २०८१ आदि सबै कृति र रमेशमोहन अधिकारीको *संयात्राको संयोग* (२०८१) पनि यसै नियात्रा-निबन्ध विधाका कृति हुन् ।

जङ्गबहादुर राणा (ई. सन् १८१७ - १८७७), ई.सन् १८४६ सेप्टेम्बर १२ अथवा वि.सं. १९०३ देखि १९३३ सम्म नेपालका प्रधानमन्त्री भएका बेला वि.सं. १९०६ देखि १९०७ सम्म ऐतिहासिक बेलायत यात्रा गरेका थिए । यात्राका क्रममा देखेका दृश्य, स्थान, उद्योग, बाटाघाटा, विकास आदि कामका हरेक घटनाको विवरण दैनिकीका रूपमा लेखिएको यस *जङ्गबहादुरको बेलाइत यात्रा*को लेखन वि.सं. १९१० तिर भएको मानिन्छ । यस कृतिलाई पहिले निबन्ध विधाभित्र राखिए पनि पछि नियात्रा-निबन्ध भनिँदै आएको छ । नियात्रामा बाह्यवर्णन मात्र नभई लेखकको र यात्रुको अनुभव पनि मिश्रित हुन्छ। यसमा यात्रास्थलको रीतिरिवाज, इतिहास र परिवेश छ। त्यसैले यो संस्मरणसित पनि नजिक छ ; जीवनी र शब्दचित्र जस्तो पनि छ । *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिका आधारमा जङ्गबहादुरले बेलायत यात्रा गर्नुको उद्देश्य, यात्रा गर्दाको नेपाल र बेलायतको अवस्था, यात्राको अवस्था, जङ्गबहादुरले बेलायतीलाई पारेको प्रभाव, जङ्गबहादुरमा परेको बेलायतको

छाप तथा बेलायत वा विश्वले नेपाल चिन्न पाएको र नेपालले पनि बेलायत र विश्व चिन्न पाएको विषय वर्णन गरिएको छ। जङ्गबहादुरको बेलायत र फ्रान्समा जाँदा, रहँदा, फर्कँदा र पछि उनको मृत्यु हुँदासमेत त्यहाँका पत्रपत्रिकाले व्यक्त गरेका विचार कृतिका परिशिष्ट खण्डमा समेटिएका छन्। कतिपय कुरा सम्पादकले विभिन्न सम्पादकीयमा पनि चर्चा गरेका छन्। यस लेखमा भने *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिको नियात्रा-निबन्धात्मक पक्षलाई अध्ययनको विषय बनाइएको छ।

**समस्याकथन**

(क) *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिका आधिकारिक लेखक को हुन् र आधिकारिक पुस्तक कुन् हो भनी पहिल्याउनु,

(ख) *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिअनुसार जङ्गबहादुरको बेलायत यात्राको उद्देश्य के थियो ? यात्राको प्रभाव कस्तो पऱ्यो ? कृतिको विधा, साहित्यिक उपलब्धि र प्राप्ति केके हुन् ?

**उद्देश्य**

(क) *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिका आधिकारिक लेखक को हुन् ? र आधिकारिक पुस्तक कुन् हो ? भन्ने कुराको निष्कर्ष पहिल्याउनु,

(ख) *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिअनुसार जङ्गबहादुरको बेलायत यात्राको उद्देश्य, यात्राको प्रभाव, कृतिको विधा, साहित्यिक उपलब्धि र प्राप्ति ठम्याउनु,

**पूर्वकार्यको विवरण**

जङ्गबहादुरको बेलायत यात्रासम्बन्धी कृति विभिन्न लेखकका विभिन्न प्रकृतिका पाइन्छन्। यस कृतिका लेखकको निरूपण अझै हुन सकेको छैन। जङ्गबहादुरको बेलायत यात्रा कृतिको अध्ययन गर्नेहरू सम्पादक कमल दीक्षितका अनुसार चारजना र अरू पनि छन्, जुन निम्नानुसार छन् :

(१) सुब्बा सिद्धिमान र लेप्टेन लालसिंह खत्री (दुवै वा एकबाट लिखित र जगदम्बा प्रकाशनबाट कमलमणि दीक्षितको सम्पादमा प्रकाशित) को *जङ्गबहादुको बेलाइत यात्रा* (२०१४) (दीक्षित, २०६८, पृ. पहिलो पानाको पछाडिको पृष्ठ)।

(२) प्रतीमान थापा (बेलायत नगएका) को *श्री ३ महाराजा सर जङ्गबहादुर राणजीको जीवन चरित्र* (कतै जङ्गबहादुरको जीवनी र कतै *जङ्गबहादुरको जीवन चरित्र* पनि भनिएको पाइन्छ) (ई. १९०८) (दीक्षित, २०६८, पृ. १०१, १०८)।

(३) बुद्धिमानसिंह (बेलायत नगएका) द्वारा लिखित *बेलाइत-यात्राको डायरी* (१९३५) हो। इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार "उनीसँग पनि भएको पत्रादार पाको कागजमा रहेको त्यो एउटा ठूलो वंशावलीको अंश भएर पत्रा नं.२३५ (ख) मा शुरु भै पत्रा नं. (२७५) (क) सम्ममा लेखिसकिएको छ। उनले आफैंले लेखेको होइन। कसैको डायरी कतै फेला पारेर लेखे। मूल लेखक सुब्बा शिवनरसिंह हुन्।" भनिएको छ (दीक्षित, २०६८, पृ. १० ९)।

(४) सम्पादक दीक्षितका अनुसार "मदन पुस्तकालयमा प्राप्त एउटा 'मूल' हरिताल लगाएको पाको कागजमा लेखिएको कापीको ढाँचाको ४९ पृष्ठको छ। यो प्रधानमन्त्री चन्द्रकी कान्छी रानीको श्रीदरबारको घुरानमा प्राप्त भएर मदनपुरस्कार पुस्तकालयमा आएको हो" भनी दीक्षितले उल्लेख गरेका छन्। कृतिको नाम एउटा 'मूल' मात्रै भनेका छन्। लिखित मिति पनि उल्लेख गरेका छैनन् (दीक्षित, २०६८, पृ.१०८, १०९)।

(५) ईश्वर बरालले *लेखकको नाम अज्ञातनामा* अन्तर्गत बेलायतको पार्लियामेन्ट् (१९०६-७ तिर) शीर्षकमा कमल

दीक्षित, सं.*जङ्गबहादुरको बेलाइत यात्रा* (पुल्चोक पाटन, २०१४) पृ.२६-२७ र २९ स्रोत दिएर करिब डेढ पृष्ठको सामग्री प्रस्तुत गरेका छन् (बराल, २०५५, पृ. ८९, ९०) । यसमा उनले उल्लेख गरेअनुसारकै उक्त तीनपृष्ठको पाठ छ। अरू टिप्पणी, समीक्षा केही गरेका छैनन् ।

(६) घटराज भट्टराईले *जङ्गबहादुरको बेलायत यात्रा*का लेखक लालसिंह खत्री, सुब्बा सिद्धिमान राजभण्डारी र सुब्बा शिवनरसिंहमध्ये कुनै एकजनालाई मान्नुपर्ने अनुमान गरिएको कुरा उल्लेख गरेका छन्।" (भट्टराई, २०५५, पृ.५३)।

जङ्गबहादुरको बेलाइत यात्राका सम्पादक कमल दीक्षितका अनुसार "*जङ्गबहादुरको बेलाइत यात्रा* नामक कृतिका आधारमा त्यस यात्रामा सहभागी र कलम चलाउन जान्ने व्यक्ति (क) लेप्टेन लालसिंह खत्री, (ख) सुब्बा सिद्धिमान राजभण्डारी र (ग) सुब्बा शिवनरसिंह थिए।" तीमध्ये यस कृतिका लेखक सुब्बा सिद्धिमान राजभण्डारी र लेप्टेन लालसिंह खत्रीमध्ये एक वा सिद्धिमान.राजभण्डारी हुन् ।" बाबुराम आचार्यका अनुसार "सुब्बा शिवनरसिंह हुन् । ... सिद्धिमान त्यस स्तरका लेखक थिएनन् " भनिएको छ (दीक्षित, २०६८, पृ. १०८,९) ।

यी कथनका आधारमा *जङ्गबहादुरको बेलाइत यात्रा* (२०१४) का मूल लेखक बाबुराम आचार्यका अनुसार सुब्बा शिवनरसिंह हुन् । कमलमणि दीक्षितका अनुसार सुब्बा सिद्धिमान राजभण्डारी र लेप्टेन लालसिंह खत्रीमध्ये कुनै एक वा सिद्धिमान राजभण्डारी हुन् । भट्टराईका अनुसार उक्त तीनैजनामध्ये कुनै एक हुन् । बरालका अनुसार लेखक अज्ञात छन् । अतः एउटै आधिकारिक लेखक नपाइएसम्म कमल दीक्षितले पनि उक्त तीनैजना- "सुब्बा सिद्धिमान राजभण्डारी, सुब्बा शिवनरसिंह र लेप्टेन लालसिंह खत्रीलाई मान्नुपर्ने अवस्था छ भनेका छन् (दीक्षित, २०६८,पृ.११०) । कृति सम्पादकको यो कथन उचित नै देखिन्छ । जङ्गबहादुरले आफ्नो यात्राको प्रचार गर्न र वर्चस्व कायम गर्न धेरैलाई लेखाएको र बढी लेखिएको हुनसक्छ । उनले लेखाए वा कसैले आआफैँ लेखे / लेखिए भन्न सकिने अवस्था रहको छैन । जति लेखाए पनि र लेखिए पनि विषय बेलायत यात्राको नै छ । तसर्थ जगदम्बा प्रकाशनबाट प्रकाशित *जङ्गबहादुरको बेलाइत यात्रा* (२०१४) नै आधिकारिक कृति मानिन्छ ।

अतः हालसम्मका उपर्युक्त अध्येताहरूले *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिको सामान्य अध्ययन मात्रै गरेका छन् । कृतिको प्रकाशन, विषय, लेखक र समयका बारेमा अध्ययन र चर्चा गरेका छन् । दीक्षितले नेपाली भाषामा भ्रमण वृत्तान्त लेखिएकै थिएन भन्ने धारणालाई त चिरञ्जीवीपौडयालको 'आफ्नू कथा'ले काटिदिइसकेको छ ।" (दीक्षित, २०६८, पृ. ८९) भनेबाट उनले भने 'भ्रमण वृत्तान्त' मानेको पाइन्छ । अरूले त्यससम्बन्धी केही चर्चा गरेका छैनन् । इतिहासकारहरूले त प्रधानमन्त्री जङ्गबहादुरको अध्ययन गरेका छन्, जङ्गबहादुरको बेलाइत यात्राको साहित्यिक अध्ययनको क्षेत्र नै परेन । यसरी नियात्रा-निबन्धका बारेमा अहिले सम्म नै कसैले विशेष अध्ययन नगरेकाले यस लेखमा *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिलाई *नेपाली नियात्रा-निबन्धको आधार : जङ्गबहादुरको बेलाइत यात्रा* शीर्षक राखेर नियात्रा-निबन्धका रूपमा अध्ययन गरिएको छ।

**अध्ययनको सीमाङ्कन**

*जङ्गबहादुरको बेलाइत यात्रा* कृतिलाई नियात्रा-निबन्धका रूपमा निरूपण गर्नु, मूल लेखक र मूल कृति पहिल्याउनु, जङ्गबहादुरले बेलायत यात्रा गर्नुको उद्देश्य, यात्राको प्रभाव र कृतिको साहित्यिक उपलब्धि र प्राप्तिलाई ठम्याउनु यस अध्ययनको सीमा हो ।

**अध्ययनको विधि**

प्रस्तुत लेख तयार गर्नका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। प्राथमिक स्रोतअन्तर्गत

*जङ्गबहादुरको बेलाइत यात्रा* नामक कृतिलाई लिइएको छ भने द्वितीयक स्रोतअन्तर्गत त्यस कृतिका विभिन्न संस्करणका प्रकाशकीय, सम्पादकीय, भूमिका र परिशिष्ट खण्डमा दिइएका विभिन्न सामग्री र कृतिका बारेमा अन्य विभिन्न लेखक/समालोचक वा समीक्षकहरूले लेखेका पुस्तक र पत्रपत्रिकामा प्रकाशित लेखरचनालाई आधार बनाइएको छ। विवेच्य नियात्रा -निबन्धात्मक कृति*जङ्गबहादुको बेलाइत यात्रा* का मूल लेखक पहिल्याउन, जङ्गबहादुको बेलायत यात्राको उद्देश्य, प्रभाव, उपलब्धि वा प्राप्तिको विश्लेषण गर्न पुस्तकालय कार्य, निगमनात्मक तथा ऐतिहासिक र निर्णयात्मक पद्धति वा विधिलाई अपनाइएको छ।

**सैद्धान्तिक पर्याधार**

'नियात्रा' लाई यात्रासाहित्य वा नियात्रासाहित्य पनि भनिन्छ। यो आख्यानेतर गद्यसाहित्य हो। को, कहाँ, किन, कसरी, कहिले, कुन उद्देश्यले, केका लागि यात्रा गरेको हो भन्ने प्रश्नसँग नियात्रा वा यात्रासाहित्य सन्निकट हुन्छ। यसमा लेखकले यात्रुले यात्रा गर्दाका अनुभूतिलाई निबन्धात्मक शैलीमा प्रस्तुत गर्दछ। लेखक स्वयं यात्रु वा यात्रु स्वयं लेखक हुन्छ। यात्रु स्वयं लेखक बन्दा आत्मपरक वा निजात्मक शैलीको नियात्रा लेखिन्छ। यात्रुहरू मध्ये कुनैले आफ्ना अनुभूतिसहित यात्राको विषयवस्तु प्रस्तुत गर्दा वर्णनात्मक वा निजात्मकताको मिश्रण पनि हुनसक्दछ र कसैलाई नायक बनाएर वा नबनाईकन यात्राको विषयवस्तु प्रस्तुत गर्दा वस्तुपरक र वर्णनात्मक किसिमको नियात्रा लेखिन्छ। जुन शैलीको नियात्रा भए पनि लेखक यात्रु नै हुन्छ र नियात्रा मूलतः वर्णनात्मक प्रकृतिकै हुन्छ। लेखकले पहिले देखेभोगेका अनुभूतिलाई संस्मरणात्मक शैलीमा लेखेका निबन्धलाई संस्मरणात्मक यात्रा निबन्ध वा संस्मरणात्मक नियात्रा निबन्ध भनिन्छ। यो प्रायः भूकालीन क्रिया प्रयोग गरेर लेखिन्छ, स्मृतिप्रधान हुन्छ र विगतलाई अभिव्यक्त गर्दछ। उल्लिखित विचारबाट नियात्रामा विशेषतः तथ्यलाई वर्णनात्मक किसिमले प्रस्तुत गरिन्छ भन्ने कुरा स्पष्ट हुन्छ।

गोविन्दराज भट्टराईले *नयाँ वाङ्मयिक केन्द्रहरूको विस्तार* शीर्षकमा नेपालीहरूले एसिया महादेशभन्दा टाढाटाढाका महादेशमा पुगेर काम गर्दा अँगालेका सुखदुःखका अनुभवलाई यात्रासाहित्य वा नियात्राविधामा अभिव्यक्त गरेका छन्। ती धेरैजसो निजात्मक, आत्मपरक र संस्मरणात्मक शैलीका छन्। कतिले नेपाललाई सम्झेर लेखेका छन्, कतिले आफू बसेका ठाउँको वस्तुतथ्यलाई लेखेका छन्। सातवटै महादेशका भ्रमणसम्मका कृतिहरू लेखिसकेका छन्। यसरी उत्तरवर्ती चरणमा नेपालबाहिरबाट झन् बढी नियात्रा वा यात्रासाहित्य तीव्र गतिमा सिर्जना भई नेपाली साहित्यलाई हराभरा तुल्याएको उल्लेख गरेका छन् (भट्टराई, २०६२, पृ.२५१-२५५)। उल्लिखित विचारबाट नियात्रामा विशेषतः तथ्यलाई वर्णनात्मक किसिमले प्रस्तुत गरिन्छ भन्ने कुरा स्पष्ट हुन्छ। रजनी ढकालका अनुसार "यात्रासाहित्यको आरम्भ विशेषतः पाश्चात्य जगत्‌बाटै भएको हो। पाश्चात्य साहित्यमा यसलाई 'ट्राभल एस्से', 'ट्राभल लिटरेचर', 'ट्राभलग', 'ट्राभल राइटिङ' जस्ता नाम दिइएको पाइन्छ" (ढकाल, २०७८, पृ.१४१)। यसबाट नियात्रामा गुह्य रूपमा तथ्यलाई नै अङ्गीकार गरिने कुरा बुझिन्छ। यसबाट नियात्रामा शैली वर्णनात्मक वा आत्मपरक आदि जे भए पनि विषयमा वस्तुतथ्य नै बढी हुन्छ भन्ने बुझिन्छ। अनमोलमणिका अनुसार : ''नियात्रा कोरा टिपोट र विवरण मात्रै होइन, भाषाको चातुर्य र कलात्मक प्रस्तुति पनि हो, जो शब्दको रङ पोतेर यात्राको क्यानभास बनाउन खप्पिस हुन्छ।'' (अनमोलमणि, २०८१, बाहिरी पृष्ठ पछाडिपट्टि)। खगराज बरालले नियात्राका बारेमा चर्चा गर्दै ''नियात्रात्मक कृतिमा यात्राका क्रममा बाटामा देखेका, वहाँ बस्दा र डुल्दा भोगेका कुरा समेटिन्छन् भनेका छन्'' (बराल, २०८१, मङ्सिर १, गोरखापत्र)। यस कथनबाट नियात्रामा तथ्यको वर्णनात्मक प्रस्तुति हुन्छ भन्ने कुरा पुष्टि हुन्छ। सुधन पौडेलले "यसमा डायरी शैली, स्प्रिडबोर्ड ढाँचा, संस्मरण र नियात्रा शैलीको समेत मिश्रित रूप पाइन्छ" ... डायरीमा जे लेखिन्छ, त्यसले व्यक्तिलाई आत्म अनुशाासन र स्वव्यवस्थापनका लागि प्रेरित गर्दछ। यसमा जुन व्यक्ति, स्थान, अनुभव र घटनाहरूको वर्णन गरिन्छ, ती आगामी दिनमा निकै महत्त्वपूर्ण हुन पुग्छन्" (पौडेल, २०८१, पृ.१३) भनेका छन्। यस

भनाइबाट नियात्रा र डायरी उस्तैउस्तै हुन् र दुवैमा सत्य-तथ्य र अनुभवको वर्णन हुन्छ भन्ने कुरा बुझिन्छ। नगेन्द्रराज रेग्मीले "एक ठाउँको कला, साहित्य, संस्कृति र गतिविधिहरू दोस्रो स्थानका लागि अपरिचित तथा नौलो लाग्छ। यस्ता विविधता र भिन्नभिन्न रीतिस्थिति, परम्पराहरूको वर्णन गर्दै लिखित रूपमा यात्रामा घटित घटनाक्रम र आफ्ना भोगाइका अनुभूतिहरूलाई पाठकसमक्ष कलात्मक रूपमा पस्कने क्रियाकलाप नै यात्रासाहित्य हो।" (रेग्मी, २०८१, पृ. १८१) भनेका छन्। उनका अनुसार नियात्राका विषय भिन्नभिन्न रीतिस्थिति, परम्परा, संस्कृति, ठाउँ, समय र घटना हुन्छन् भन्ने बुझिन्छ।

अतः उल्लिखित सबै कथनहरूका आधारमा 'नियात्रा-साहित्य' मा शैली आत्मपरक, संस्मरणात्मक र वर्णनात्मक वा विशेषतः वर्णनात्मक हुने भए पनि विषय चाहिँ यात्रास्थलका भिन्नभिन्न रीतिस्थिति, परम्परा, संस्कृति, ठाउँ, यात्रुका यात्रा गर्दाको समय र घटना नै प्रमुख रूपमा आएका हुन्छन्। यात्रुले यात्रा गर्दा देखेजानेका र भोगेका घटना, अनुभव र अनुभूति गरेका विषय तथा सत्यतथ्य प्रसङ्गहरू कलात्मक रूपमा गद्यशैलीमा प्रस्तुत गरिएका हुन्छन्। यसरी हेर्दा निबन्धात्मक शैलीमा यात्राको वर्णन गरिएको गद्य रचना नै नियात्रा-निबन्ध हो। यहाँ यिनै निबन्ध, यात्रासाहित्य वा नियात्रा-साहित्य र नियात्रा-निबन्धका सैद्धान्तिक विषयकथनका आधारमा *जङ्गबहादुरको बेलाइत यात्रा* कृतिका समग्र पक्षलाई नियात्रा निबन्धात्मक कृतिका रूपमा अध्ययन-विश्लेषण गरिएको छ।

**जङ्गबहादुरको बेलायत यात्रा कृतिको विषयवस्तु**

जङ्गबहादुर राणा (सन् १८१७ - १८७७) ई.सन् १८४६ सेप्टेम्बर १२ मा नेपालका प्रधानमन्त्री (महामात्य) भएका थिए (शर्मा, २०३३, पृ.२३,२६) अथवा वि.सं. १९०३ देखि १९३३ सम्मनेपालका प्रधानमन्त्री भएका थिए। वि. सं. १९०६ देखि १९०७ सम्म उनले प्रधानमन्त्रीका रूपमा ऐतिहासिक बेलायत यात्रा गरेका थिए। कतैकतै १९०६-१९०८ सम्म दुईपटक र कतैकतै १९०६ माघ ४ देखि यात्रा सुरु गरेर १९०७ भाद्र ६ गते लण्डनबाट फर्केका थिए भनेको पनि पाइन्छ ता पनि वि. सं. १९०६ माघ ४ देखि १९०७ मङ्सिरसम्मको यात्रामिति नै आधिकारिक मानिन्छ (दीक्षित, २०६८, पृ.२,४५)। त्यस यात्राका यात्रुमध्ये कसैले यात्राका क्रममा देखेका दृश्य, स्थान, उद्योग, बाटाघाटा, विकास आदि कामका हरेक घटनाको विवरण दैनिकीका रूपमा वि.सं. १९१० तिर लेखिएको सामग्रीलाई सम्पादन गरेर कमल दीक्षितले *जङ्गबहादुरको बेलाइत यात्रा* नाम दिएर वि.सं.२०१४ मा जगदम्बा प्रकाशनबाट प्रकाशन गरे। यो नियात्रा विषयक कृति हो।

प्रधानमन्त्री जङ्गबहादुरले बंबहादुरलाई राजकाज दिएर धीरशमशेर र जगतशमशेर २ भाइ, अरू भारदार र भान्सेसहित २६ जनालाई लिई वि. सं. १९०६ माघ ४ मा बेलायत यात्रा सुरु गरे। काठमाडौँबाट हिँडेपछि यात्रामा फौज, पल्टन, भाइहरू र भारदारसहित पटना, कलकत्ता, लङ्का अङडन (अडेन) टापु, इजिप्ट, माल्टा सहर, जिब्राल्ट हुँदै बिचबिचका देश, ठाउँ र सहरहरू हेर्दै र डुल्दै-घुम्दै र बस्दै १९०६ जेठ १५ मा बेलायत पुगेर तीन महिना बसे। बेलायतको लण्डनमा प्रधानमन्त्रीसँग तीनतीन पटक भेटघाट गरी १९०७ भदौ ६ मा त्यहाँबाट विदा भई फ्रान्स गए। त्यहाँ पनि स्वागत-सम्मान पाए। त्यहाँको भार्साइ र अन्य विभिन्न सहरमा ४० दिन बसे। फ्रान्सको प्यारिसबाट फर्केपछि बम्बईको मर्स्याघाट आएर केही दिन बसेपछि रामनाथको दर्शन गरी कलम्बु टापु भएर पुनः कलकत्ता गई अङ्ग्रेज लाठसाहेबहरूसित भेट गरी १० ÷ १२ वटा अर्बी घोडामा सामान लिएर बनारस गए। त्यहाँ कुटुक महाराजाकी मैयाँ विवाह गरी वि. सं .१९०७ मङ्सिरमा नेपाल फिर्ता भए। कृतिमा प्रधानमन्त्री जङ्गबहादुर आफ्नो दलबलसहित बेलायत प्रवेश गरेपछि त्यहाँ उलाई गरिएको स्वागत, अतिथि सत्कार, त्यहाँको रीतिथिति, संस्कृति, बादशाहको वर्णन, संसदको (पार्लियामेन्ट) वर्णन, भाइभारदसहित महारानी भिक्टोरियासँगको भेटघाट र वर्णन तथा नेपालबाट राजाले पठाएको चिठीको बारेमा वर्णन छ। उनी बेलायतमा भएको विकास, उद्योग, बाटाघाटा, कलकारखाना, यातायात, सवारीसाधन, इन्धन, शिक्षा, स्वास्थ्य आदिको अवस्था देखेको, हेरेको, बुझेको र प्रभावित भएको कुराको वर्णन छ। बेलायती संसदमा रानी र प्रधानमन्त्रीका बिच भएको छलफल र जङ्गबहादुरले त्यहाँको

विकासको अवस्था सबै देखेको कुराको वर्णन छ। त्यहाँ पानीका पाइपहरूको निर्माण, जहाज निर्माणका दृश्य, भव्य महल, बैठक कोठा, समुद्रको किनार, ठूलाठूला सहर, उद्योग, स्कुल, कलकारखाना कोइलाबाट इन्धनको काम, बिजुलीबत्तीको निर्माण, घर, बगैँचा, तिनको सजावट, भारी नबोक्ने चलन, सबैले नयाँ लुगा लगाउने, सबैका हँसिला मुहार, फेसनमा एकरूपता, नम्र, शिष्ट बोलीचाली, सबैमा समानताको भाव र सानाठुला नछुट्टिने कुराको विस्तृत वर्णन गरिएको छ।

**जङ्गबहादुरले बेलायत यात्रा गर्नुको उद्देश्य**

जङ्गबहादुर राणा नेपालबाट मात्रै होइन, भारतीय भूभागबाटै सबैभन्दा पहिले बेलायत यात्रा गर्ने व्यक्ति हुन् । उनी राजा श्री ५ सुरेन्द्रका विशेष दूत भएर बेलायत गएका थिए। उनीपूर्व नेपालमा भीमसेन थापा र माथबरसिंह थापा प्रधानमन्त्री हुँदा अङ्ग्रेजले चाहँदा-चाहँदै पनि उनीहरूसँग सम्झौता गरेका थिएनन् । जङ्गबहादुर वि.सं.१९०३ मा कोतपर्वमार्फत सत्तामा पुगेका थिए । उनी विश्वको सर्वोच्च शक्ति बेलायत वा अङ्ग्रेजसँग सम्बन्ध गाँस्न चाहन्थे र बेलायतीहरू पनि नेपालसँग सम्बन्ध गाँस्न चाहन्थे । यसै उद्देश्यले जङ्गबहादुर आफ्ना २ जना भाइ र भारदारहरू लिएर बेलायतको यात्रामा गएका थिए। बेलायती पत्रिकाहरूले महत्त्व दिएर उनको भ्रमणको चर्चा गरेका थिए । जङ्गबहादुर महत्त्वाकाङ्क्षी, कूटनीतिज्ञ र सफल राजनीतिज्ञ थिए। सुगौली-सन्धिमा गुमेका भूभाग लिन चाहन्थे। शत्रुसँग विग्रह ÷ विरोध गर्नुअघि शत्रुको शक्ति जाँच गर्न चाहन्थे। त्यहाँको भौतिक प्रगति र सभ्यताको जानकारी लिन चाहन्थे। युद्ध गर्न नसकिने बलशाली देखेर उनले बेलायतसँग मित्रताको हात बढाए। फलस्वरूप गुमेका मुलुक -कैलाली, कञ्चनपुर, बाँके र बर्दिया फिर्ता गराए।

**जङ्गबहादुरको बेलायत यात्राको प्रभाव**

जङ्गबहादुरको बेलायतमा भव्य स्वागत भयो । नेपालीहरू अशिक्षित, अपठित र असभ्य हुन्छन् भन्ने बेलायती र अरूहरूको धारणा परिवर्तन भयो । उनीहरूले आफ्नै आँखाले जङ्गबहादुर र अरू मानिसलाई देखेर छुट्टै धारणा बनाए । जङ्गबहादुर बेलायतबाहेक जहाँजहाँ पुगे त्यहाँत्यहाँ उनको भव्य स्वागत भयो। त्यो स्वागत नेपाल र नेपालीको हुन गयो। विश्वभरी नेपालको चर्चा भयो । बेलायतका विभिन्न पत्रिकाहरूमा नेपाल र नेपालीका बरेमा समाचार छापिए। बाहिरी राष्ट्रसँग नेपालको परिचय भयो, नेपाल चिनियो। यात्राको प्रभाव जङ्गबहादुलाई मात्रै परेन, नेपाल र नेपालीलाई पनि पर्‍यो। जङ्गबहादुले त्यहाँका उद्योग, बाटाघाटा, कलकारखाना, यातायात, सवारी साधन, इन्धन, शिक्षा र स्वास्थ्यको अवस्था देखेर प्रभावित भई देशमा शिक्षालय खोल्ने र उद्योगहरू सुरु गर्ने अनुभव सँगाले। बेलायती महारानी भिक्टोरिया र प्रधानमन्त्रीको भूमिकाले मुलुकमा देखिएका समस्या समाधान गर्ने तरिका सिके । बेलायती संसदमा देखेको महारानी भिक्टोरिया र प्रधानमन्त्रीको भूमिका/सम्वाद/छलफलले जङ्गबहादुरलाई त्यसरी नै देशका समस्या समाधान गर्ने ज्ञान प्राप्त भयो। अतिथि सत्कारमा रानी भिक्टोरिया आफैँ उपस्थित भइन्, नाचिन् र स्वागत गरिन्। त्यस कार्यबाट त्यहाँको सभ्यता र संस्कृतिको प्रभाव ग्रहण गरे। त्यसै प्रभावले जङ्गबहादुरले नेपाल आएपछि स्ववंशकै निम्ति भए पनि स्कुल (पछि दरबार स्कुल) खोले। यसरी नेपाल, नेपाली र उनी आफैँलाई देशविकासको अनुभव प्राप्त भयो। ई.१८५७ मा भएको लखनउको सिपाही विद्रोहमा (वि.सं. १९१४) सहयोगस्वरूप सेना पठाएर गुमेको भूभाग (कैलाली, कञ्चनपुर, बाँके र बर्दिया) फिर्ता गरे। बेलायत भ्रमणको २७ वर्षपछि जङ्गबहादुरको मृत्यु हुँदा पनि बेलायतका पत्रिकाहरूले पुरानो सम्झना गर्दै जङ्गबहादुरको मृत्युको समाचार छापे।

**भाषा प्रयोगका नमुना**

(१) "फापानि (?) भन्या नदीका पानी तांबाका ढुंग्राबाट तलाउमा/खैचियाको छ। ... चाहियामा टुटी घुसाइदियो, पानी

लियो, फेरि बन्द गर्दियो।" ..."गोलले भात पकाउँछन्। ...नाना तरहको कल चलाउन्या त्यही गोल छ।" (दीक्षित, २०४७, .पृ.१५)।

(२) "छोटाबडा कसैले ठूलो स्वर गरी नबोल्न्या, ठट्टा, अर्काको उतारनी निन्दा कोही गर्दैनन्, झगडा गर्दैनन्।" (दीक्षित, २०४७, पृ.१६)।

(३) "प्यारिस नगरी देख्दा कैलाशमा रह्याका जस्तो, कैलास हो कि भन्या जस्तो लाग्न्या।" (दीक्षित, २०४७, पृ.४०)।

(४) अङ्ग्रेजी शब्द प्रयोग- प्राइम मिनिस्टर, कुइन, गुडमाने, लेडीहरू, लेफ्टेन्, प्राइममिनिस्टर, पेस्तवल (दीक्षित, २०४७, पृ.२८,३७)।

(५) "बरु नआयाको भया हुन्थ्यो, अब जान्छौ भन्दा हामीलाई मुटुमा तीर हान्या जस्तो लाग्छ।"(दीक्षित, २०४७, पृ.३१)।

(६) "हिन्दुस्थानबाट तपाईंजस्ता ठूला मानिस याहाँ कोही आयाको छैनन्। तपाईंको रवाफ देखता याहाका छोटा-बडा सबैलाई गोर्खा भन्याको ठूलो रह्याछ भन्या धाक पनि भयो। याहाका भारदार, सर्कारसित पनि प्रीति रह्यो। अब उप्रान्त दोस्तीमा खलबल कैल्हे हवैन भनी बडो खातिरबाद गऱ्या।" (दीक्षित, २०४७, पृ.१८)।

(७) "दाहिन्या बाहुँ अघिपछि राखिदिन्या। तिनका रूप जोभन, भारी गहना-पोसाक, तिनका सफाई, मुखको श्री देख्दा दशौ इन्दिय जिती रहन्या, सुकदेव स्वामीलाई पनि मोह गराउन्या, अति सुन्दरी, अति चंचली, तिनका रूपको वर्णन गर्न सकिँदैन।" (दीक्षित, २०४७, पृ.१८-१९)।

(८) "कुइन रानी पनि सबैका मुखमुखमा हेरी दाहिना बाउँ झ्याल-झ्यालमा बस्न्या सबैलाई नजर दी सिर सबैलाई झुकाइदिन्या। हस्याइंला मुख गरी बडा शिलाामा रह्याकी लक्ष्मीको औतार लियाकी जस्ती राम्री सब दुनियाँ दर्शन पाउँदा खुशी भै धन्य हाम्रा बादसाहाको शील भन्या। यस्तै तह्रसित बिस्तारै पारमिन्ट कचहरीमा पुगिन् र गादीमा बसिन्।" (दीक्षित, २०४७, पृ.२५-२६)।

(९) 'जङ्गबहादुरको बेलाइत यात्रा' शीर्षकमा 'बेलाइत' लेखिएको छ। तदनुसार कृतिको नाम लेख्दा 'बेलाइत' र अन्यत्र 'बेलायत' लेखिएको छ।

**बेलायत र फ्रान्सका पत्रपत्रिकाका टिप्पणीको विश्लेषण**

'ब्लागामोर-जङ्गबहादुर' शीर्षकमा सम्पादक कमल दीक्षित लेख्छन्। जङ्गबहादुर फ्रान्स पुगेपछि त्यहाँ उनले पाएका सम्मान र तिनका बारेमा फ्रान्सेलीहरूले बनाएको अवधारणा तत्कालीन फ्रान्सेली पत्रिकाहरूले छापे। तीनवटा ('लाप्रेस', 'ल कंस्तित्युशियोनेल' र 'एभेन्मँ (दीक्षित, २०४७, पृ.८३) पत्रिकाबाट ती सामग्री खोजी गरेर कमल दीक्षितलाई जानकारी पठाउने काम गर्ने श्रीमती बुलुनुवाले त्यहाँ जङ्गबहादुरलाई 'काला' भनिएको कुरा उल्लेख गरेकी छन्। "प्यारिसका त्यस ताकाका अखबारले जङ्गबहादुरलाई 'काला' भनेका र अरू केही अपमानयुक्त शब्द व्यवहार गरेका छन् भन्ने लागेर, उहाँले खोजिदिएका उद्‌घृतांश धेरैसम्म छापिन पाएनन्" (दीक्षित, २०४७, पृ.८३)। पछिल्लो 'लिल्युस्त्राशियों' मा पाइएको "जङ्गबहादुरको तस्बिर, जङ्गी पोसाक, राजसी ठाँटबाटसहितको जङ्गबहादुरको रेखाचित्र" (दीक्षित, २०४७, पृ.८३) तथा उनको पोसाक र ठाँटबाटयुक्त रेखाचित्रसमेत पठाएको उल्लेख गरेका छन्। दीक्षितले बेलायतका चार्ल्स ब्रायल्टले बनाएको रङ्गीन चित्र र 'लिल्यूस्त्राशियों' को रेखाचित्रले जङ्गबहादुरका दुई व्यक्तित्वको चित्रण गरेको कुरा पनि उल्लेख गरेका छन्। ब्रायल्टले जङ्गबहादुरलाई सुकसुकाउँदा र ज्यादै राम्रा बनाई तत्कालीन महान् व्यक्तित्व वेलिङ्टन ज्यूकसँगै उभ्याएका छन् तर फ्रान्सेली कलाकारले सेनापतिजस्तो नबनाई धसिङ्गरे योद्धा वा लडाकू राजाका रूपमा देखाएका छन्। यस्तो जानीबुझिकन वा अनायास बनाइएको हो त्यो भने बुझिन्न। जङ्गबहादुरलाई बेलायतीहरूले केही 'सभ्य' र फ्रान्सेलीहरूले

केही 'रोमान्टिक' रूपमा चिनेको/देखेको हो कि ? पनि भनेका छन् (दीक्षित, २०४७, पृ.८३) ।

बेलायती तस्बिरमा कम गहना (धीरशमशेरले लगाएको टोपी पनि उस्तै देखिनु) लगाएका र फ्रान्सेलीमा बढी लगाएका देखिएका छन् । बेलायतीमा जुँगा स्पष्ट छन् तर फ्रान्सेलीमा कम स्पष्ट छन् । बेलायती तस्बिरमा 'स्यास' (त्यो फोटो बेलायतकी महारानीले दिएको आभूषण पाउनुभन्दा पहिल्यै खिचिसकेको बुझिन्छ) छैन, फ्रान्सेलीमा छ । नेपालमा फर्केपछि बनाएको चित्रमा कानमा निकै ठूलो कुण्डल हुनाले फ्रान्समा पनि लगाएकै हुनुपर्ने अड्कल गरिन्छ । बेलायती चित्रमा हातमा रुमाल छ, फ्रान्सेलीमा कम्मरमा छ । जङ्गबहादुरले लगाएका गहना कहाँबाट आए भन्ने चर्चा दीक्षितले यसरी गरेका छन्- "नेपालमा राम्रा मणि-माणिक्य केही थिएनन् ; राणाहरूले जम्मा पारेका असलअसल चीज जङ्गबहादुरको 'लखनौ लूट'बाट आएको हो र अलिकति बहुमूल्य गहना नाना साहेब, बालाजी रावका पत्नीहरूका...पसेको हो । 'लखनौ-लूट' र 'नाना साहेब काण्ड' यस तस्बिरभन्दा सात वर्षले कान्छा छन् । त्यसैले यो तस्बिरबाट नेपालमा राम्रा जवाहिरात सन्ताउन्न सालको गदरपछि मात्रै पसेका हुन् भन्ने कल्पित कथालाई समाप्त गर्न सकिने बाटो खुलेको छ"(दीक्षित, २०४७, पृ.८६) । यसबाट 'लखानौ लूंट' अघि पनि राणाहरूसँग गहनाहरू आइसकेका थिए भन्ने बुझिन्छ ।

अगाडि भन्छन् : "यी थिए ; तस्बिरसम्बन्धी कुरा । यीबाहेक पनि श्रीमती बुलुनुवाले खोजिदिएका 'लिल्यूस्त्राशियों' का नयाँ हरफहरूले पनि धेरै कुरा बताउँदछन् । फ्रान्सकै 'एभेनाँ' र 'लाप्रेस' आदिले भनिसकेकै (नेपाली, पूर्णाङ्क ४३, पृष्ठ २५) भए पनि 'कँस्तित्यूशियोंनेल'ले त ब्याले नर्तकी फ्यानी शेरितो जङ्गबहादुरसँग भर्साइ पनि पुगेकी थिइन् (नेपाली पृ.२७) भनेकाले उनीहरू दुवै एकअर्कासँग लहसिएको सङ्केत गर्छन् । 'लिल्युस्त्राशियों' पत्रिकाले उनको सौम्य रूपको वर्णन गर्दै उनले चाहेका भए फ्रान्समा संभ्रान्त परिवार वा राजघरानाका ठूलाठूला महिला उनलाई आतिथ्य दिन तयार थिए तर उनी बहाना बनाउँदै जोगिँदै हिँडे । उनको पूर्वस्वाभावका बारेमा पत्रिकाले आश्चर्य मान्दै भन्यो -"यी पूर्वीया/पूर्विया आगन्तुकहरू कस्ता सभ्य" (दीक्षित, २०४७, पृ. ८७) । फ्रान्सेली अखबारले नबोले पनि रेखाचित्र 'लिल्यूस्त्राशियों' ले भनेको यस कुराले जङ्गलाई सभ्य भने पनि उनको पूर्वइतिहास त्यस्तो नमानिने तर प्यारिसमा यस्ता कसरी देखिए ? मादाम शेरितोप्रति उनी मुग्ध भएर हीराको बाजु पहिराइदिए (दीक्षित, २०४७, पृ.८७) । उनी जङ्गबहादुर ...भनिएनन्-भनिए जङ्गबहादुर कस्ता कलाप्रेमी ! (दीक्षित, २०४७, पृ. ८७) । उनको यो व्यवहार "जङ्गली र असभ्य" भनिने नपरोस् भनेर नाटकीय रूपमा विकसित भएको देखिन्छ । 'लिल्यूस्त्राशियों'का अनुसार-"जङ्गबहादुर अकाडेमी प्रवेश गर्दै थिए । ढोकाबाट भित्र पस्नासाथ कोठाभरिका सबै मान्छेले "भाग तामूर...ब्लाकामूर" आदि भनी एकैसाथ कराउँदा उनी फर्केछन् । उनलाई उनकै स्वागतमा त्यसो गरिएको हो भन्ने कुरा थाहा भएनछ ; सम्झनै भएनछ । अप्रत्यासित भएछ । के हो ? र के भएको हो ? भन्ने कुरा उनलाई सम्झनै भएनछ । शायद उनले कोतपर्व पो सम्झे कि ?" (दीक्षित, २०४७, पृ.८७) । आफैले त्यहाँ जाँदा भन्नुपर्ने घोकेको पाठ पनि बिर्सेर भाग्न खोजे । पछि कुरो बुझेपछि सन्तुलित भए र भद्र जङ्गबहादुरका रूपमा प्रकट भए (दीक्षित, २०४७, पृ.८७) ।

मादाम बुलुनुवा नेपालीहरू सबैलाई वरदान बनिन् । जङ्गबहादुर प्यारिसमा अलिक बढी रसिक र स्वतन्त्र भए कि ? भनिएकामा मानवीय पक्षलाई राजकीय पक्षले जितेको देखिन्छ । यी सबै कुरा श्रीमती बुलुनुवाले खोजिदिएर फ्रान्सेली भाषामा दिनुभएको र त्यस फ्रान्सेली भाषाबाट श्री ब्वायड भिरवालोभ्स्कीले अङ्ग्रेजीमा अनुवाद गरिदिएका थिए । अङ्ग्रेजीबाट नेपालीमा अनुवाद कमलमणि दीक्षितले गरेछन् । यी सबै कुरा त्यहाँ उल्लेख गरिएको छ ।

'लिल्यूस्त्राशियों' (प्यारिस) भो. १६ सं. ३९२ । १३० अगस्त १८५० पृ.१३१ मा भनिएअनुसार भन्दै अगाडि भनिएको छ । कुनै महापुरुषहरूको नाम शुद्ध उच्चारण गर्न नसकेझैँ त्यो अकादमीमा घटेको घटनामा जङ्गबहादुरका बारेमा पनि त्यस्तै भएछ । त्यहाँका विद्वान्हरूले जङ्गबहादुरको नाम उच्चारण गर्न नजानेर कसैले तातारको जस्तो र कसैले चिनिया जस्तो पारे । प्रतिष्ठानका एक मात्र फार्सी विद्वान् चाहिँ कान खाने गरी कुर्लिन थाले 'बहाग थेमोर' भनेर । त्यो सुनेर अरू विद्वान्हरूले 'ब्राकमोर', 'ब्लागमोर' भनेछन् । यस्तो स्वागत नबाब (महाराज) लाई परेनछ र फर्कन लागेछन् ।

त्यो देखेर त्यहाँका स्थायी सचिवमार्फत दोभाषियाले कुरा बुझाउन थालेछन् । यसरी कराएको उनको जयकार गरेको मात्रै हो अकादमीले आफ्ना पाहुनाहरूप्रति । उनीहरूको पाहुनालाई स्वागत गर्ने तरिका नै यही हो भनेर सम्झाएछन् । त्यसपछि ती विदेशी राजपुरुषसँग "उनी एउटा बाछो काटेर काँचै खान्छन् भनेर 'कंस्तित्युशियोन'ले लेखेको कुरा सत्य हो भनी प्रश्न सोधिएछ ।" तब ती बर्बर (राजदूत) ले 'अल्लाह' (राम राम) भनी कराएछन् । "म त खालि फलफूल र दूधका परिकार मात्र खान्छु ।" (दीक्षित, २०४७, पृ.८९) भनेछन् । एकजना पौराणिक विचारका प्राज्ञले जङ्गबहादुरको उपस्थिति (आगमन) लाई मिलाएर एउटा नीतिकथा तयार पार्ने अठोट गरेछन् । राष्ट्रपतिको अनुपस्थितिमा राजदूतले राष्ट्रपतिको निवास हेर्न जाने इच्छा प्रकट गरेछन् । ती प्राज्ञ पथप्रदर्शक भई साथमा जान मञ्जुर भएछन् । "तातारलाई 'एलिजे' देखाउन पाउँदा मलाई खुसी नै हुनेछ ।" (दीक्षित, २०४७, पृ.८९) भनेछन् र जङ्गबहादुरलाई 'एलिजे' (फ्रान्सका राष्ट्रपतिको निवासस्थान) देखाउन लगेछन् । त्यहाँ उनलाई यी खुइले आँखा र कालो छाला भएका तथा गहनाको भारी बोक्ने खालको नवाव  होइनन् । यिनलाई हाम्रा जनता (फ्रान्सेली जनता)ले बेवास्ता गरेका छन् । यी वास्ता गर्नुपर्ने खालका हुन् (दीक्षित, २०४७, पृ.८९) । यी कुनै बेलाका क्रान्तिकारी हुन् । यिनी पूर्वका चिन्चिनातुस (लुशियस क्विन्तियस चिन्तिनानुस, ई.पू.४५८का प्राचीन रोमका पौराणिक वीर) हुन् (दीक्षित, २०४७, पृ. ९०) । यिनले राजालाई सत्ताच्युत गराए तर क्रेमबैलझैँ आफै राजा भएनन् (दीक्षित, २०४७, पृ.९०) । यिनले बेलायतमा छँदा निकै दानशीलता र शूरता देखाए । त्यो फ्रान्समा पनि प्रचारप्रसार गराए । फ्रान्समा धेरै महिलाले यिनलाई परिचित गराउन चाहे । एकजना राजकुमारीले समेत उनलाई त्यस्ता रहरलाग्दा प्रस्तावहरू पनि अस्वीकार गरेको उल्लेख छ । अझै पूर्वेली यात्रुहरू त कति साधु भने प्यारिसमा आएर उनीहरूले अकादमी हेर्ने, दूध दुहुने, चिट्ठा खेल्ने मात्रै गरेका पाइन्छन् । जङ्गबहादुरले असी लाख फ्रयाङ्कको चिट्ठामा जम्मा १०हजार मात्रै राखेका थिए (दीक्षित, २०४७, पृ.९०) भनिएको छ ।

उही भोलम १६ सं. ३९५, ३० सेप्टेम्बर १८५०को सार यस्तो उल्लेख गरिएको छ । यिनी अर्को दिन (पछिल्लो दिन) शाँप्लाको दरबारमा उपस्थित हुनेछन् । अहिले सबैका आँखाको तारो भएका छन्, प्यारिसवासीहरूले पहिले उनीप्रति चाख देखाएनन् तर अहिले (पछि) भने उनीप्रति एक्कासि चाख बढेको छ । यी परदेशी (जङ्गबहादुर) राजपुरुषले पनि पहिलेदेखि नै आफ्ना प्रशंसक महिलाहरूलाई माया नगरेर वा उनीहरूका प्रति सङ्कोच  देखाएर पीडा दिए । उनीहरूको आतिथ्य सत्कारमा सङ्कोच देखाए । त्यो सङ्कोच विस्तारै मेट्दैछन् । निम्ताहरूबाट भाग्न चाहने यिनलाई 'ब्याले नृत्य'का आकर्षणले निकट ल्याउँदै छ । कपाल दुखेको बहाना बनाउने उनले त्यसो भन्न त्यही नृत्यमोहले छाडेका छन् । प्यारिसवासीहरूले उनी धनी छन् भन्ने कुरा पनि उनले 'ला शेरितो'लाई दिएका दुई बालाका प्रमाणले स्वीकार्न थालेका छन् । त्यतिमात्रै नभई यी शाह (महाराज) आफ्नो राज्य नेपालमा जाँदा यहाँका धेरै किसिमका मीठा सम्झनाहरू पनि लिएर जानेछन् । विभिन्न गहनाहरू जुहावरात, कल्की, दोसल्ला र प्वाँखहरू त बाँडेका छन् तर आफ्नो कुसुमे रुमाल जोगाइराखेका छन् (दीक्षित, २०४७, पृ.९१)भनिएको छ । सम्पादकले कुसुमे रुमाल भनेर हाते रुमाललाई भनेका छन्, जुन प्यासिका राम्राराम्रा आइमाईहरूले जङ्गबहादुरलाई सम्झनास्वरूप दिएका थिए वा धनदौलत बाँडे पनि प्रेम वा रोमान्स चाहिँ बाँडेनन् ; जोगाएर लगे भन्ने अर्थ पनि हुन सक्छ (दीक्षित, २०४७,  पृ.९१) भनिएकोछ ।

यस्तै उही, पृ.१८७ को सङ्गीन प्रतिवेदनअनुसार गत हप्ता पुनः कुमारी फ्यानी शेरितो र श्री साँलियोलाई लिई ब्याले नृत्य सुरु भयो । त्यस दिन साँझ ब्यालेरिना (नर्तकी) ले राम्रो नृत्य देखाएकी हुनाले प्रशंसापत्र पनि पाइन् । नृत्य निकै सुन्दर भएको बुझिन्छ । नृत्य हुँदाहुँदै नेपालका राजदूतलाई स्टेजमा लगियो । उनले फ्यानी शेरितोका नृत्यबाट आनन्द प्राप्त गरेको प्रमाण पनि दिए । हप्तादिनसम्म नै प्यारिसमा उनको उदार दानशीलताको चर्चा भयो । उनले दुईवटा हीराका बाजु प्रमुख नर्तकीलाई लगाइदिएको कुरा चर्चा भइरहनेछ भनेर उल्लेख गरिएको छ । ... यो कुरा काल्पनिक नभएर सत्य नै भएको पाइन्छ (दीक्षित, २०४७,  पृ.९१)।

'जङ्गबहादुरको बेलाइत यात्रा'को 'दोस्रो संस्करणबारे' भन्ने शीर्षकबाट भिकिएका सामग्रीमा पहिलो संस्करणमा भन्दा बढी सामग्री पाइएको टिप्पणी कतै छैन । आवश्यकतानुसार निक्षेप चिन्हले काम गरिएको छ । प्रथम संस्करणमा एउटै मूल ग्रन्थ रहेको र दोस्रो संस्करणसम्ममा चारचारवटा मूल ग्रन्थ आइसकाले लेखोटलाई महत्त्व नदिई (उही लेखोटझैँ नछापेको) 'ट' 'त' लाई सुधारिएको र 'ए' लाई पुरानै 'या' रहन दिइएको कुरा उल्लेख छ । परिशिष्टमा भएका पुराना अङ्ग्रेजी अखबारका सामग्री बेलायतबाट डा. हेमाङ्ग दीक्षितले पठाएका कुरा, जङ्गबहादुर बेलायतमा छँदा बसेको डेरा 'रिचमण्ड टेरेस' टमस सेफर्डले बनाएको र ए.एस ब्यारिङ्गर भन्नेले 'इनग्रभ' गरेका तस्बिर पनि छन् । डा. हेमाङ्ग दीक्षितले पुस्तक, पत्रिका, तस्बिर बेच्ने ठाउँ सबै चहारी बटुलेका यी सामग्रीले गर्दा कृति पहिलेभन्दा ठूलो र विषयवस्तु पनि गहकिलो बनेको उन्लेख छ (दीक्षित,२०४७, पृ.११८-११९) ।

'तेस्रो संस्करणको प्रकाशकीय'मा यसबारे धेरै कुरा फेला परेको उल्लेख छ । पेरिसबाट मादाम बुलुनुवा र अरूहरूले खोजी पठाएका सामग्रीहरू समावेश गरी परिशिष्टमा लगभग ५० पृष्ठ बढेको कुरा उल्लेख छ । यसको विषयवस्तुको वर्णनभन्दा यसका पात्रका/नायकका बारेमा बेलायत र फ्रान्समा भएका टीकाटिप्पणीसहितका सामग्रीले कृतिको आकार बढेको उल्लेख गरिएको छ ।

यसका थप सामग्रीमा फ्रान्समा जङ्गबहादुरले पारेको प्रभाव र छोडेको छाप करिब सत्ताइस वर्षपछि उनको मृत्युको संवाद छापिनाले कत्तिको गहिरो रहेछ भन्ने कुरा बुझिन्छ । यसको अर्को उपलब्धि रेखाचित्र हो । त्यसले फ्रान्सेलीले उनलाई कस्तो माने भन्ने बुझिन्छ । बेलायती र फ्रान्सेली तस्बिरका तुलनाले यही प्रस्ट्याउँछ । प्रथम संस्करण मदन पुरस्कार पुस्तकालयले २०१४ मा, दोस्रो संस्करण जगदम्बा प्रकाशन मालाको ३७औँ ग्रन्थका रूपमा २०२१मा र तदुप्रान्त २०३० मा साझा प्रकाशनले प्रकाशन गरेको कुरा पनि यसमा उल्लेख छ ।

पहिलो संस्करणको भूमिकाअनुसारः नेपाली भाषामा लेखिएको प्रथम भ्रमण वृत्तान्त चिरञ्जीवी पौड्यालको 'आफ्नू कथा' (वि.सं.१९५५) हो भने दोस्रो 'जङ्गबहादुरको बेलायत यात्रा' (२०१४) (दीक्षित, २०४७, पृ.९४) हो । यसबाट जङ्गबहादुरको व्यक्तित्वको जानकारी पनि पाइन्छ । 'जङ्गबहादुरको बेलायत यात्रा'को उद्देश्य अङ्ग्रेजको बल जाँच्नु र मित्रता बढाउनु रहेको देखिन्छ । उनले बेलायतमा पाएको सम्मान, त्यहाँका स्वास्नी मानिसहरू जङ्गबहादुरप्रति आशक्त भएको कुरा बुझ्न पाइन्छ (दीक्षित, २०४७, पृ.४१) । "बरु नआयाको भया हुन्थ्यो, अब जान्छौ भन्दा हामीलाई मुटुमा तीर हान्या जस्तो लाग्छ" (दीक्षित, २०४७, पृ.३१) जङ्गबहादुर आशक्त भएनभएको कुरा भने खुल्दैन । जङ्गबहादुरको आशक्ति देखा पर्दैन तर शिष्टाचार भने राम्रै व्यक्त गरे होलान् । ती रमणीहरू ठूलै ओहदाका भएको अड्कल गरिन्छ किनभने सामान्य स्तरका महिलाको त्यहाँ पहुँच हुने कुरै भएन कि ! यसमा बेलायतको पार्लियामेन्टबाट जङ्गबहादुरको प्रतिनिधि मण्डलको प्रभावको जानकारी हुन्छ । हुकुमीशासन मात्रै देखेका नेपालीले त्यहाँको संसदीय प्रणाली देख्दा भने एउटै संस्थालाई कसैले जानीजानी ऐन या किताब बनाउँदैन् (पृ.९७) भन्नेजस्ता केही गलत धारणा पनि एकदुई ठाउँमा भेटिन्छन् । अन्य धेरै ठाउँमा भने राम्रा धारणा नै देखिन्छन् । जस्तै : जङ्गबहादुर फ्रान्स पुगेपछिको यस्तो कथन पाइन्छ -"पृथ्वीका पीठमा कालिगढ अकलबन्द फ्रान्सिसको बरोबरको नै मुलुकमा छैनन्" (दीक्षित, २०४७, पृ.५२) । त्यसबेला वैज्ञानिक र कलात्मक विषयमा सर्वाधिक विकसित फ्रान्स नै थियो भन्ने कुरामा दुई मत रहँदैन तर एकपटक हेर्दैमा सबै बुझिदैन । अनेक हेराइ र सूक्ष्म दृष्टि चाहिन्छ ।" (दीक्षित, २०४७, पृ.५२) । जस्तै :

लङ्का टापुको सङ्क्षिप्त तर सुन्दर वर्णन गरिएको छ । त्यहाँका जहाज बनाउने ठाउँ (पिला) को बयान, त्यत्रो ठूलो जहाज बनाउन लाग्ने समय र ज्यामीको हिसाब, त्यस्तै लण्डन सहरको वर्णन, बेलायत (बेलाइत) र फ्रान्सका विविध क्यासलहरूको बयान, निम्ताका पार्टीको वर्णन चाख लाग्दा छन् । यी वर्णनले लेखकले वरपरका सबै कुरामा ध्यान दिँदा रहेछन् भन्ने बुझिन्छ । लेखक रसिक रहेछन् । आइमाईको बयानमा पनि मन फुकाएका छन् । मेडिटरेनियन सुन्दरी, माल्टाका

रमणी र गोरा छाला भएका मीमहरू देखेपछि तिनीहरूको चन्द्रबिम्बजस्तो मुख, कमलपत्र जस्ता आँखा, तेलका धाराजस्तो (लाम्चीलो ?) नाकको बयान, अत्यधिक सुन्दर किसिमले गरेका छन् । बेलायत पुगेपछि झन् "जो देख्यो राम्रो, ज्या देख्यो राम्रै" हुँदा इन्द्रासन या स्वर्ग नै यही हो कि जस्तो लागेको कुरा रसिलोसँगै वर्णन गरिएको छ । जङ्गबहादुरका तीन भाइ अङ्ग्रेजका सभामा जाँदा जरासन्धका सभामा श्रीकृष्ण, भीमसेन र अर्जुन गएजस्तै देखियो भनेका छन् (दीक्षित, २०४७, पृ.२५) । यस्ता कतिपय वर्णनले लेखक संस्कृत पढेलेखेका वा संस्कृतको ज्ञान भएका थिए भन्ने दीक्षितको कथनलाई उक्त कथनले पुष्टि गर्दछन् ।

बेलायतका ठूला घरानाका आइमाईहरूको वर्णनमा भन्छन् -"तीनका रूप, जोभन, भारी गहना-पोशाक तिनको सफाई मुखको श्री देख्ता/दा दशै इन्द्रिय जिती रहन्या सुकदेव स्वामीलाई पनि मोह गराउन्या अति सुन्दरी, अति चञ्चली, तिनका रूपको वर्णन गर्न सकिँदैन !" (दीक्षित, २०४७, पृ.१९) । यस कथनले दश इन्द्रिय विजेता सुकदेव त पग्लन्थे होलान् भने जङ्गबहादुर र उनको टोलीका मानिस के गरी बसेहोलान् भन्ने लेखकको धारणा देखिन्छ । दीक्षितले बेलायतपुगेका प्रतिनिधिहरू आइमाईबारे छाडा थिए कि भनेझैँ गरेर फेरि होइन कि भनेजस्तै गर्ने लेखक वकालत पढेजस्ता पनि देखिन्छन् पनि भनेका छन् (दीक्षित, २०४७, पृ.१९) ।

बेलायत पुगेर त्यहाँको समाज, त्यहाँ निर्मित सबै वस्तु नेपालीहरूले कहिल्यै नदेखेका रेल आदि कुरा पनि निकै राम्ररी चित्रण गरेका छन् । जस्तै :"४० कोस बाटो रेलगाडामा चढी (डी) जाँदा ५ घडी (२ घण्टा) मा पुग्या छन्"(दीक्षित, २०४७, पृ. १६) । ठूला-ठूला फ्याक्ट्री, मिल मेसिनरी नदेखेका नेपालीहरूले फ्याक्ट्रीहरूमा राम्ररी काम भएको देख्ता भने होलान्-"कलले काम गर्दा राम्रो पनि, बलियो पनि, चाँडो पनि हुँदो रहेछ" (दीक्षित, २०४७, पृ.४३) । यी सबै कुरा केही तलमाथि नपारी लेखिएको देख्दा लेखकको वर्णन गराइमा सत्यता र इमान्दारिता देखिन्छ ।

'नेपाली भाषामै किन लेखे' भन्ने शीर्षकमा दीक्षित भन्छन्-"नेपालीका लागि लेखिएको यो किताब फारसी आदि नाम दिएर पहिल्यै किन छापेनन् । कोइला-नबुझ्नेलाई "पत्थरको गोल" र 'टाइल' नबुझ्नेलाई पत्थरको "झिँङ्गटी" बुझ्न सजिलो हुन्थ्यो कि ? बेलायती कर्पोरेशन र सरसफाइको वर्णनभन्दा काठमाडौँका गल्ली र नालले बेरिएका मानिसलाई लण्डन सहरमा नाल नै नभएका ठाउँमा, हिलो, धुलो, नर्क कसिङ्गर देख्नु केही छैन" (दीक्षित, २०४७, पृ.१८) भन्दा प्रभावित हुने नेपालीहरूलाई बेलायतमा सबै काम विज्ञानको मद्दतबाट हुन्छ- "आगो पानी बतास अङ्ग्रेजले कमारो तुल्याइराख्याको छ" (दीक्षित, २०४७, (पृ.१९) भनेको निकै अर्थपूर्ण देखिएको छ । "पार्लियामेन्ट"लाई "कौसल","कचहरी" भनेका भए नेपालीले केही बुझ्थे कि ?, बेलायतका राजकाजमा रैती दुनियाँलाई पीरपिराउ केही हुँदैन; त्यहाँ 'कोतपर्व' सधैँ मच्चिरहँदैन भनी लामो व्याख्या नगरी रामराज्य चाहने नेपालीलाई राज्य त्यही मुलुकमा रहेछ (दीक्षित, २०४७,पृ.२१) भनी थोरैमा धेरै अटाइदिने काम लेखकको निकै राम्रो छ । कतै अङ्ग्रेजी रीतिरिवाज नबुझ्ने र परपुरुषसँग बोल्न नहुने नेपाली जनानाको अवस्था वा बानी जानेका लेखकले त्यहाँ मीमहरू आई बोलेको देख्दा आशक्त नै भएछन् (दीक्षित, २०४७,पृ.२४) भने जस्तो गर्नु लेखकको अबुझपनजस्तो लाग्छ भनेका छन् । जस्तै : "भारी गहना पोसाक लायाका भारादारका स्वास्नी, छोरी, बुहारी सबै आउँछन्, उनी मिनिष्टर साहेबलाई हात समाती गुड्मानी सलाम गर्छन् । सारा आँग सिर झुकाई बोल्छन् । लोग्न्याहरू वरपर लागी बस्न्या; स्वास्नीहरू अगि सरी खयमीज्याद पुछन्या, गहना कपडा हेर्न्या बडो खातिर गरी बोल्न्या । लाठ, डुक साहेबानहरू पनि आफ्ना छोरी-बुहारी राम्रा-राम्रा तरुणी-तरुणी अघि राखी इनलाई तपाईंले प्रसन्द गऱ्यौ गरेनौ भनी श्री मिनिष्टर साहेबलाई सोधन्या । दाहिना बाहुँ अघिपछि राखि दिन्या ।" "यस लेखाइबाट त अङ्ग्रेजहरूले छोरी ...जुन कुरा यथार्थ होइन" (दीक्षित, २०४७, पृ. १०१) ।लेखकले देखेको र लागेको लेखे । लेखकको लेखन प्रशंसनीय छ । उनले लालसिंह खत्री (अङ्ग्रेजी पढेका) र सिद्धिमान सिँह राजभण्डारी (निजामती कर्मचारी, लेख्ने काम पनि गर्ने) मध्ये सिद्धिमानलाई लेखक मानेका छन् । उनले राजा (जङ्गबहादुरको) को अज्ञानुसार नै लेखे ता पनि अङ्ग्रेजी मात्रै

पढेकाले लेख्न सम्भव थिएन । भौगोलिक प्रस्तुतिको अज्ञानताले संस्कृत पनि पढेलेखेकालाई सम्भव भएको ठान्छन् (दीक्षित, २०४७,पृ. १०२) । 'कमलपत्रजस्ता आँखा' 'प्रहर' आदिको प्रयोग र लण्डनबाट ५०० कोश पश्चिमको स्थलमार्ग (दीक्षित, २०४७,पृ.४२) र लण्डनबाट प्यारिसलाई २०० कोस (४०० माइल) भनी भौगोलिक अज्ञानता प्रस्तुत गरेका छन् । (परिशिष्ट (ख) प्र. संस्क.भू., (दीक्षित, २०४७,पृ.९९) । यसै आधारमा सुब्बा सिद्धिमान नै यसका लेखक हुनुपर्छ भन्छन् ।

पृ.१६ र ५० मा पङ्क्तिहरूअक्षरशः दोहोरिनु मूल पुस्तक प्राप्त नहुनुका प्रमाण हुन् भन्दै"'ट', 'त' र अन्य लबजहरू पनि नबुझिने हुनु लेखकको गल्ती नभई सार्नेको गल्ती ठान्छन्" (दीक्षित, २०४७,पृ.१०२) । मूल कापीबिना लेखकको नाम पत्ता लाग्न नसकेको, प्राप्त प्रति रुद्रविक्रम राणाको घरमा पाइएको र यो अभ्यास पुस्तक (रुल भएको) को दुवैपट्टी गरी ५७ पृष्ठमा लेखिएको छ । अनुच्छेद छुट्याएको छैन । कहीँकहीँ चार धर्का दिई विषय छुट्टयाएको छ । विराम चिह्न छैन । कतै २-३ शब्दसम्म थोप्ला दिइएको छ । अक्षर पनि एकनास छैनन् । पाको मसीमा बाँसको टाँकाले लेखिएको छ । अक्षर फरकपरक लेखिएका छन् भन्दै जङ्गबहादुरको यस यात्राले पहिलो पटक गोर्खा राज्यलाई नेपाल भन्न थालिएको उल्लेख गर्छन् (दीक्षित, २०४७,पृ.२०३) । जङ्गबहादुरलाई भेट्न आएका त्यहाँका प्रधानमन्त्री र अरूले गरेका कुरा तथा उनलाई विदाई गर्दा महारानी भिक्टोरियाले भनेका कुराहरू- "तपाईं याहाँ आउनाले बढिया भयो । ...क्या अर्थले भन्या हिन्दुस्थानबाट तपाईंजस्ता ठूला मानिस याहाँ कोही आयाको छैनन् । तपाईंको रवाफ देख्ता याहाका छोटाबडा सबैलाई गोर्षा भन्याको ठूलो रह्याछ भन्या धाक पनि भयो"(दीक्षित, २०४७,पृ.२३) । यो उक्त यात्राले नेपालीका लागि दिएको गर्वको कुरा हो भन्दै यी इतिहाससम्बन्धी विषयका अतिरिक्त  भाषासम्बन्धी चर्चा गर्छन् । यसमा १९१० तिरको तर नेपाली गद्यको विकसित रूप छ । । गद्यमा साहित्यिकता छ । ठेट नेपाली प्रयोग छ । झर्रा शब्दको प्रयोग पनि छ ।'तेलको धाराझैँ नाक', 'आगो, पानी, बतास आदि झर्रा शब्दको प्रयोग र 'अङ्ग्रेजले कमारो तुल्याएको छ ।' जस्ता अर्थको चमत्कार भएका वाक्यको प्रयोगले लेखक सिद्धहस्त गद्य लेखक थिए भन्ने देखिन्छ । त्यसैबेलादेखि नेपाली साहित्यकारहरूले नेपालीपनको साहित्य लेख्न थालेको देखिन्छ भन्ने उनको कथन छ ।

'पहिलो संस्करणको छपाइबारे' शीर्षकमा भन्छन् : मूल लेखोटमा कृतिको नाम थिएन । 'जङ्गबहादुरको बेलाइत यात्रा' नाम क.दी.आफैँले राखेको उल्लेख गरेका छन् । 'बिलायत' उर्दू शब्द हो । समुद्रपारिका देशलाई बेलायत भन्ने चलन थियो । कितापमा भनिएका ११ टापु बेलाइत र १२ टोपी बेलाइतबाट उक्त कुरा बुझिन्छ (दीक्षित, २०४७,पृ. १०५-१०६)। त्यस्तै किताप मुद्रण गर्दा गुरुकापीलाई ज्यूँका त्यूँ नराखी, वाक्य, प्याराग्राफहरू छुट्याई विषयवस्तु अलग्गै छुट्टिने र बुझिने गरी शीर्षकउपशीर्षक दिइएको, पहिले नराखिएका विराम चिह्न पछि राखिएको उल्लेख छ । तथ्य र भाषा ज्यूँका त्यूँ उतार्ने प्रयत्न भएको छ । पदन्यास र विन्यासबाहेक यसमा अरू ह्रस्व, दीर्घ, 'ट', 'त' आदिको परिवर्तन छैन । शब्दहरूमा 'रेफ' र 'शिरबिन्दु' छुटेकामा थपिएको, गफलतले भएका कमजोरीहरू 'सुनिन्छ' हुनुपर्नेमा 'सुन्दि', 'बाहाढ' हुनुपर्नेमा 'बाहाङ' इत्यादिलाई सच्याइएको र नेपाली उच्चारणअनुसार वर्णित अङ्ग्रेजी नामहरू नोटेशनमा खुलाइएको उल्लेख छ । जस्तै : जिवपार-जिब्राल्टर ; प्रिनसालवट- प्रिन्स अलबर्ट आदि र कहीँ भने ज्यूँका त्यूँ छाडिएको छ । रिचमण्ड टेरेसलाई-रिजवन्त क्यारेज घर; फंतेब्लोलाई -फाटन पुल इत्यादि । सामान्य पाठकलाई सजिलो होस् भन्दै मूलप्रतिमा केही सुधार गरिएको र अध्येताहरूलाई चाहिएमा सम्पादक/प्रकाशकसँग गुरुकापी सुरक्षित रहेको कुरासमेत उल्लेख गरेका छन् (दीक्षित, २०४७,पृ. १०५-१०६) । यसरी कृतिको समग्रपक्षको सङ्क्षिप्तमा समीक्षात्मक निष्कर्ष प्रस्तुत गरेका छन् । त्यस्तै 'नेपाली राजदूतावास' उपशीर्षकमा बेलायतको 'इलस्ट्रेटेड लन्डन न्युज' भन्ने पत्रिकाले "नेपालीहरू बौद्धधर्मावलम्बी हुन् । उनीहरूले आफ्नो धर्मानुसार बेलायत यात्रा गर्दा जहाजमा र बेलायतमा बस्दा पनि स्नानादि कर्म गर्थे । आफैँ पकाएर खान्थे । आफ्ना भाडाँवर्तन क्रिश्चियनहरूलाई छुन दिँदैनथे" (दीक्षित, २०४७, पृ.४९) भन्ने कुरा पनि दीक्षितले उल्लेख गरेका छन् । यसबाट नेपालीहरूले कस्तै कठिन यात्रा र अवस्थामा पनि आफ्नो धर्मकर्मलाई त्याग्दैनन्, निर्बाह गरिरहन्छन् भन्ने कुरा संसारले

बुझ्न पायो। यसरी कृतिको समग्रपक्षको समीक्षा वा व्याख्या -विश्लेषण गरी कृति नियात्रा निबन्धकै रूपमा रहेको निष्कर्ष प्रस्तुत गरेका छन्। दयाराम श्रेष्ठको 'अज्ञातयात्रा-वृत्तान्तकार-२' शीर्षकमा यसबारे चर्चा गर्दै भनेका छन् -"समग्रमा यस कृतिभित्रको विषयवस्तुलाई हेर्दा जङ्गबहादुरको पश्चिम यात्राको विवरण नै मुख्य लक्ष्य रहेको पाइन्छ। ...यात्रा विवरणभित्र थुप्रै अन्तरङ्ग घटनाहरूलाई समायोजन गरिएको छ, जुन तथ्यात्मक छन्। ...यो कृति तात्कालिक भौगोलिक, शासकीय र राष्ट्रिय जीवनको अभिलेख जस्तो बनेको छ" (श्रेष्ठ, २०७६, पृ.६२३-२४) भन्ने कथनले पनि 'जङ्गबहादुरको बेलाइत यात्रा' यात्रा निबन्ध हो भन्ने कुरा पुष्टि हुन्छ।

**निष्कर्ष**

*जङ्गबहादुरको बेलाइत यात्रा*का मूल लेखक सुब्बा शिवनरसिंह, सुब्बा सिद्धिमान राजभण्डारी र लेप्टेन लालसिंह तीनैजना हुन्। सिद्धिमान राजभण्डारी हुन्। तीनैजनामध्ये एक हुन् अथवा अज्ञात छन् भन्ने अलगअलग विचार पाइए पनि एउटै आधिकारिक लेखक नपाइएसम्म उक्त तीनैजना- सुब्बा सिद्धिमान राजभण्डारी, सुब्बा शिवनरसिंह र लेप्टेन लालसिंह खत्रीलाई मान्नुपर्ने अवस्था छ भन्ने कृति सम्पादकको कथन मनासिब देखिन्छ। यही निष्कर्ष यस लेखको पनि रहेको छ। जङ्गबहादुरले आफ्नो बेलायत यात्राको प्रचार गर्न र वर्चस्व कायम गर्न धेरैलाई लेखाएका थिए। त्यसैकारण बढी लेखिएका थिए अथवा कसैले आआफैँ लेखेका थिए। यसबारे केही भन्न सकिने अवस्था रहेको पाइँदैन। जति लेखाएका भए पनि र लेखिएका भए पनि विषय बेलायत यात्राको नै रहेको छ। तसर्थ जगदम्बा प्रकाशनबाट प्रकाशित *जङ्गबहादुरको बेलाइत यात्रा* (२०१४) नै आधिकारिक कृति मानिन्छ।

*जङ्गबहादुरको बेलाइत यात्रा* कृतिमा बेलायत यात्राको सुरुदेखि अन्त्यसम्मका वा नेपालदेखि बेलायत पुग्दासम्मका र वहाँबाट फर्केर नेपाल आउँदासम्मका सबै घटना-विवरणहरू उल्लेख भएका गरिएका छन्। यो नेपाली भाषामा लिखित दोस्रो निबन्धात्मक कृति अर्थात् नियात्रा-निबन्ध विधाको मौलिक कृति हो। यसले नायक जङ्गबहादुरको बहुआयामिक तथा पारदर्शक व्यक्तित्वलाई देखाएको छ र नेपाली नियात्रा-निबन्ध निबन्धको पृष्ठभूमि तयार पारेको छ। जङ्गबहादुर विश्वको सर्वोच्च शक्ति बेलायत/अङ्ग्रेजसँग सम्बन्ध गाँस्न चाहन्थे। बेलायतीहरू पनि नेपालसँग निकट हुन चाहन्थे। यसै उद्देश्यले जङ्गबहादुर आफ्ना २ जना भाइ र भारदारहरू लिएर बेलायत गएका थिए। बेलायती पत्रिकाहरूले निकै महत्त्व दिएर उनको भ्रमणको चर्चा गरेका थिए। उनी महत्त्वाकाङ्क्षी, कूटनीतिज्ञ र सफल राजनीतिज्ञ थिए। सुगौली-सन्धिमा गुमेका भूभाग लिन चाहन्थे। शत्रुसँग विग्रह वा विरोध गर्नुअघि उनीहरूको शक्ति जाँच गर्न चाहन्थे। त्यहाँको भौतिक प्रगति र सभ्यताको जानकारी लिन चाहन्थे। उनले बेलायतलाई बलशाली र युद्ध गर्न नसकिने देखेर मित्रताको हात अघि बढाए। फलस्वरूप गुमेका मुलुक -कैलाली, कञ्चनपुर, बाँके र बर्दिया फिर्ता गराए। जङ्गबहादुरको बेलायत भ्रमणले नेपालको शैक्षिक, राजनैतिक, औद्योगिक उन्नतिका लागि प्रभाव प्राप्त भएको छ। बेलायती सभ्यतालाई जान्ने मौका प्राप्त भएको छ। भारतीय उपमहाद्वीपबाटै पहिलो बेलायती भ्रमणकर्ता भई नेपाललाई चिनाउने काम भएको छ। यसैकारण विश्वले नेपाललाई चिन्न पाएको छ भने नेपालले पनि लगभग विश्वलाई चिन्न पाएको छ। यस कृतिले युगानुसार नेपाली भाषा र गद्य-साहित्यको उत्थानमा पनि अभूतपूर्व योगदान पुऱ्याएको छ।

यसमा नियात्रा -निबन्धमा हुने दृश्यात्मकता पनि देखिन्छन्। नेपाली गद्य-साहित्यमा नयाँपनसहित योगदान पुऱ्याएको छ। भाषाशैली प्रशंसनीय छ। उर्दू-फारसी र अङ्ग्रेजीका शब्द प्रशस्त प्रयोग भएका छन्। बेलायती युवतीहरूको वर्णनमा त लेखकको आफ्नो आलङ्कारिक उपमायुक्त लेखन सिप ÷ साहित्यिक क्षमता पर्याप्त प्रकट भएको छ। त्यस युगमा पनि यस्तो कृति लेखिनु निकै उपलब्धिपूर्ण मानिएको छ। बेलायतको वर्णनमा पनि इन्द्रासन, लक्ष्मीको अवतार, पूजाकोठाको कल्पना, सहस्र जिभ्राको नाग आदि पूर्वीय सम्यता झल्काउने शब्दहरूलाई उपमाका रूपमा प्रयोग गरिएको छ। अतः यो

यात्रा-साहित्य, भ्रमण-साहित्य, नियात्रा-निबन्ध, नियात्रा-साहित्य जस्तै छ। त्यसैले यो जुन -जुन उपविधाका निकट देखिए पनि नियात्रा-साहित्यअन्तर्गतको नियात्रा-निबन्ध नै मानिँदै आइएको छ र मानिन्छ। जसरी जङ्गबहादुरले पनि बेलायत भ्रमणमार्फत नेपालीहरूको महान् दृष्टिलाई सार्थक तुल्याइदिए त्यसरी नै यस कृतिले पनि नेपाली गद्यसाहित्यलाई एउटा मौलिक विधा थपिदिएको छ। नेपाली गद्य लेखनअन्तर्गत *नियात्रा-निबन्ध* लेखनको बाटो तय गरिदिएको छ।

**सन्दर्भसूची**

अनमोलमणि (२०८१), बाहिरी पृष्ठ पछाडिपट्टि, *संयात्राको संयोग,* ले. रमेशमोहन अधिकारी, बुलबुल पब्लिकेशन।

उप्रेती, गङ्गाप्रसाद (संयोजक) र अरू (२०७५), *नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान।

ढकाल, रजनी (सम्पा.) (२०७८), *आधुनिक नेपाली निबन्ध, यात्रा साहित्य र अन्य साहित्य,* साझा प्रकाशन।

भट्टराई, घटराज (२०५५), *नेपाली साहित्यको ऐतिहासिक रूपरेखा,* सृष्टि प्रकाशन।

दीक्षित, कमल (सम्पा.) (२०४७), *जङ्गबहादुरको बेलाइत यात्रा,* पाँचौँ संस्क., साझा प्रकाशन।

दीक्षित, कमल (सम्पा.) (२०६८), *जङ्गबहादुरको बेलाइत यात्रा,* आठौँ संस्क., साझा प्रकाशन।

पौडेल, सुधन (२०८१), कलापूर्ण सिर्जनात्मक लेखनतर्फको बीजाधानः लण्डन डायरी, *लण्डन डायरी,* (लेखक नगेन्द्रराज रेग्मी), अनुसन्धान विमर्श नेपाल।

बराल, ईश्वर (२०५५), बेलायतको पार्लियामेन्ट्, *सयपत्री,* सम्पा. ईश्वर बराल, पाँचौँ संस्क. पृ.८९-९०।

बराल, खगराज (२०८१), पन्ध्र दिनको पठनीय यात्रा, *गोरखापत्र,* वर्ष १२४, अङ्क १८७, मङ्सिर १ गते शनिवार।

भट्टराई, गोविन्दराज (२०६२), *उत्तर आधुनिक ऐना,* रत्नपुस्तक भण्डार।

मिश्र, कृष्णचन्द्र (२०५५), सम्पा. ईश्वर बराल  र अरू, *नेपाली साहित्य कोश,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

रेग्मी, नगेन्द्रराज (२०८१), *लण्डन डायरी,* अनुसन्धान विमर्श नेपाल।

व्यास, निर्मोही (२०८१), *सम्झूँ कि बिर्सूँ,* शिखा बुक्स।

शर्मा, गोपीकृष्ण (२०४८), *नेपाली निबन्ध परिचय,* पाँचौँ संस्क., रत्न पुस्तक भण्डार।

शर्मा, बालचन्द्र (२०३३), *नेपालको ऐतिहासिक रूप-रेखा,* कृष्णकुमारी देवी २३।

श्रेष्ठ, दयाराम (२०७६), प्रारम्भिक कालको नेपाली साहित्यको पूर्वपीठिका, *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास लोक साहित्य, प्रारम्भिक काल, माध्यमिक काल र अनुवाद,* माधव प्रसाद पोखरेल, प्रधानसम्पा., कमलमणि प्रकाशन।

**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# माऊजङबाबुसाहेबको कोट कथामा एकल पात्रीय पात्रविधान

**त्रिभुवन बरई, विद्यावारिधि**
*नेपाली विभाग, भैरहवा बहुमुखी क्याम्पस*

***Article History :*** *Received : 14, Feb. 2026; Reviewed : 16th May, 2026; Accepted : 3rd June 2026*
***Corresponding Author :*** *Tribhuwan Barai* ***E-mail :*** *tribhuwanbarai455@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95949*

**सारसङ्क्षेप**

*प्रस्तुत लेखमा पात्रविधानको सैद्धान्तिक पर्याधारका केन्द्रीयतामा कथाकार भवानी भिक्षुद्वारा लिखित 'माऊजङबाबुसाहेबको कोट' कथाको मूल्याङ्कन गरिएको छ । उक्त कथामा प्रयुक्त एकल पात्रीय पात्रविधानगत पद्धतिहरूको खोजी गर्नाका निम्ति यो अध्ययन गरिएको हो । एकल पात्रीय पात्रविधानगत पद्धतिको सैद्धान्तिक पर्याधारलाई आधार मानी प्राथमिक एवम् द्वितीयक स्रोतका सामग्रीको उपयोग गरी गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषणात्मक शोधविधि अपनाई यस लेखलाई पूर्ण बनाइएको छ । कथागत संरचनामा एकल पात्रीय सर्वोपरिता, कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्रको संलग्नता, एकल पात्रको भूमिकागत केन्द्रीयता तथा प्रमुख पात्रको केन्द्रीयतामा अन्य पात्रहरूको भूमिका निर्धारण गरी चारओटा विश्लेषणीय प्रारूपका आधारमा उक्त कथाको अध्ययन यस लेखमा गरिएको छ । यस लेखका अन्त्यमा एकल पात्रका केन्द्रीयतामा निर्मित प्रस्तुत कथाको पात्रविधानगत पद्धतिको प्रयोगले उक्त कथालाई सुगठित, एकोन्मुख प्रभावयुक्त, लघु, बृहत् चारित्रिक विकासयुक्त र कलात्मक बनाएको एवम् यस्तो वैशिष्ट्ययुक्त पात्रविधानको व्यवस्थापन गर्ने विशिष्ट सिर्जनात्मक तागत भिक्षुमा रहेको कुरा पहिल्याउने तथा यस लेखले कथाकारलाई एकल पात्रको केन्द्रीयतामा कथाको रचना गर्ने एवम् समालोचक र अनुसन्धातालाई एकल पात्रीय पात्रविधानगत पद्धतिको उपयोग गरी समालोचना र अनुसन्धान गर्ने कार्यमा सघाउने सार प्राप्त हुनुलाई निष्कर्षात्मक प्राप्तिका रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी**: कथानक, केन्द्रीयता, दृष्टिविन्दु पात्र, पूरक पात्र ।

### विषयपरिचय

सत्तामा स्वर्ग हुँदा र नहुँदाका अवस्थाको अङ्कनमा आधारित 'माऊजङबाबुसाहेबको कोट' कथाकार भवानी भिक्षुको मनोविश्लेषणप्रधान कथा हो । राणाशासन हुँदाका अवस्थामा राजकीय सत्ता, सरकारी निकाय तथा समाजमा रहेको प्रभुत्व, पहुँच र प्रभाव सत्तापरिवर्तनसँगै समाप्त भएको तथा विगतको प्रभुत्वशाली हैसियतलाई स्मरण गर्दै र वर्तमानको प्रतिकूल परिस्थितिप्रति चिन्तित हुँदै नैराश्यपूर्ण जीवन व्यतीत गर्ने एक राणाको मानसिक आरोहअवरोह र गन्थनको यथार्थाङ्कनमा प्रस्तुत कथाको संरचना तयार पारिएको छ । नेपालगन्जमा राणाकालमा क्रूरताका पर्याय तथा प्रजातन्त्रकालमा निरीह बनेका माऊजङबाबुसाहेबको एकल केन्द्रीयतामा प्रस्तुत कथाका कथानक, पात्र, दृष्टिविन्दु र सारवस्तुको चयन, निर्माण र गठन गरिएको छ । अतः एकमात्र पात्र र उससँग सम्बद्ध पक्षको केन्द्रीयतामा रचित प्रस्तुत कथाका विषयमा शोधपरक अध्ययन गर्नु आवश्यक देखिन्छ ।

एकल पात्रका केन्द्रीयतामा कथाको पात्रविधानको निर्मिति गर्नुपर्ने तथा एकमात्र पात्रको प्रमुखतामा कथाको कथानक,

*Copyright 2026© the Author(s)*

सारवस्तु र दृष्टिविन्दुको निर्क्योल गर्नुपर्ने मान्यता राख्ने पात्रविधानगत सैद्धान्तिक पर्याधार नै एकल पात्रीय पात्रविधानगत पद्धति हो । यस पद्धतिले कथाको संरचनामा एकमात्र पात्रको सर्वोपरिता कायम गर्नुपर्ने, कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा एकमात्र पात्रलाई संलग्न गराउनुपर्ने, कथामा एकमात्र पात्रलाई सर्वोपरि भूमिकामा राख्नुपर्ने, एकमात्र पात्रको केन्द्रीयतामा कथाका अन्य पात्रहरूको भूमिका निर्धारण गर्नुपर्नेजस्ता मान्यता प्रस्तुत गर्दछ । गद्य भाषामा अभिलिखित एकल वा बहुल पात्रका केन्द्रीयतामा संरचित लघु आख्यानात्मक साहित्यिक कृति नै कथा हो । कथा लघु आयतनमा संरचित र पाठकमा एउटै प्रभाव उत्पन्न गर्न सक्ने विधा भएकाले एउटै पात्रका केन्द्रीयतामा रचित कथा प्रभावान्वितिपूर्ण र कलात्मक बन्न सक्ने भएकाले र सो पद्धतिमा आधारित रहेको भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथा महत्त्वपूर्ण ठहर्दछ । स्वतन्त्र लेखनपद्धतिमा आधारित केही अध्ययन भए पनि एकल पात्रविधानगत पद्धतिका आधारमा उक्त कथाको अध्ययन भएको पाइँदैन । अतः उक्त पद्धतिका केन्द्रीयतामा प्रस्तुत कथाको वस्तुपरक अध्ययन नगरिनु यस अध्ययनको शोधअन्तराल हो । यसै शोधअन्तरालको वस्तुपरक र शोधमूलक ढङ्गले विश्लेषण गर्नु नै यस लेखको प्रमुख प्राज्ञिक समस्या हो । तथापि एकल पात्रविधानगत पद्धतिका आधारमा भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथाको मूल्याङ्कन गर्नु नै प्रस्तुत लेखको मुख्य उद्देश्य हो ।

कथाकारलाई एकल पात्रीय पात्रविधानगत पद्धतिका केन्द्रीयतामा कथाको रचना, द्रष्टालाई कथाको मूल्यनिर्धारण तथा पाठकलाई एकमात्र पात्रका सेरोफेरोमा कथाको आस्वादन गर्ने कार्यमा सघाउने भएकाले प्रस्तुत अध्ययन पुस्तकालयीय प्रयोजनका दृष्टिले औचित्यपूर्ण रहेको कुरा प्रस्ट हुन्छ । भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथा तथा कथागत संरचनामा एकल पात्रीय सर्वोपरिता, कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्रको संलग्नता, एकल पात्रको भूमिकागत केन्द्रीयता र प्रमुख पात्रका केन्द्रीयतामा अन्य पात्रहरूको भूमिकानिर्धारण गरी एकल पात्रीय पात्रविधानका चारओटा पद्धतिहरूको मात्र उपयोग गर्नुलाई यस लेखको क्रमशः कृतिगत र सैद्धान्तिक क्षेत्रका रूपमा वरण गरिएको छ । उक्त कथा र एकल पात्रीय पात्रविधानका उपर्युक्त पक्षबाहेकका अन्य पक्षको अध्ययन नगरिनुलाई प्रस्तुत लेखको क्रमशः कृतिगत र सैद्धान्तिक सीमा मानिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा अवलम्बित सामग्रीसङ्कलन, सैद्धान्तिक पर्याधार एवम् विश्लेषणीय प्रारूपलाई निम्नअनुसार प्रस्तुतगरिएको छ :

### सामग्रीसङ्कलन

प्रस्तुत लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा आधारभूत सामग्रीका रूपमा भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथा तथा सहायक सामग्रीका रूपमा पात्रविधानको सैद्धान्तिक पर्याधार एवम् विश्लेषणीय प्रारूप र विधिको निर्धारण गर्नाका निम्ति विभिन्न लेखक एवम् अध्येताद्वारा गरिएका पूर्वकार्यलाई उपयोगमा ल्याइएको छ । यस लेखका निम्ति आवश्यक मुख्य सामग्रीको छनोट सोद्देश्य नमुना छनोट विधिका आधारमा गरिएको छ । कथागत संरचनामा एकल पात्रीय सर्वोपरिता, कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्रको संलग्नता, एकल पात्रको भूमिकागत केन्द्रीयता र प्रमुख पात्रको केन्द्रीयतामा अन्य पात्रहरूको भूमिका निर्धारण गरी चारओटा विश्लेषणीय प्रारूपका केन्द्रीयतामा भवानी भिक्षुका कथाहरूको सूक्ष्म पठन गरी प्रस्तुत कथामा उक्त सूचकहरूको प्रबलता रहेकाले उल्लिखित कथाको चयन गरिएको हो ।

**सैद्धान्तिक पर्याधार**

कथाका पात्रहरूको चरित्राङ्कनसम्बन्धी गरिने विधान नै पात्रविधान हो । कथामा भाग लिने मानवीय र मानवेतर प्राणी, कथाका घटना र कार्यव्यापारका संवाहक, कथाकारका दृष्टिकोण, अवधारणा र दर्शनलाई पाठकसमक्ष प्रेषित गर्ने तथा कथाको संरचनात्मक र विचारगत पक्षलाई कलात्मक परिपाकमा पुऱ्याउने महत्त्वपूर्ण तत्त्व नै पात्रविधान हो (बरई, २०८०, पृ.६६) । कथानकका लागि आवश्यक पर्ने क्रियाव्यापार र द्वन्द्वको सिर्जना गर्ने तत्त्वका रूपमा रहने पात्रको अभावमा कथाको कल्पना गर्न सकिँदैन (श्रेष्ठ, २०६०,पृ.१०) । पात्रलाई नै कथानकको क्रियाव्यापार र द्वन्द्वको संवाहक मानिन्छ । मानवेतर पात्रलाई पनि मानिसकै बोली, भावना, विचार र मानसिकतामा राखी अवलोकन गर्ने आख्यानकारको सहज वृत्तिले आख्यान विधाको बौद्धिक क्षेत्र व्यापक र विस्तृत बन्न गएको छ (शर्मा, २०५९, पृ.७०) । आख्यानमा पात्रहरूको अनुहार एउटाभन्दा अर्को जति भिन्न हुन सक्यो, उति नै उत्तम र उत्ति नै मौलिक मानिन्छ (नेपाल, सन् २०११, पृ.५६) । उल्लिखित तथ्यले कथासंरचनामा रहने पात्रको औचित्यलाई प्रस्ट्याएका छन् ।

लिङ्ग, कार्य वा भूमिका, प्रवृत्ति, स्वभाव, आसन्नता, आबद्धता, सन्देशवहकता र जीवनजगत्गत पक्षको प्रस्तुतिजस्ता कथाका पात्रवर्गीकरणका आधारहरू रहेका छन् । कथाका पात्रहरूलाई लिङ्गका आधारमा पुरुष र महिला, कार्य वा भूमिकाका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका दृष्टिले स्थिर र गतिशील, आसन्नताका कोणले मञ्चीय र नेपथ्यीय, आबद्धताका दृष्टिकोणले बद्ध र मुक्तजस्ता प्रकारमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०६३, पृ.२७७) । सन्देशवहकता र जीवनजगत्गत पक्षको प्रस्तुतिका कोणले पात्रलाई दृष्टिविन्दुपात्र र गैरदृष्टिविन्दुपात्रका रूपमा पनि विभाजन गर्न सकिन्छ (बरई, २०८०, पृ.६७) । पुलिङ्ग पात्रलाई पुरुष र स्त्रीलिङ्ग पात्रलाई महिला, कथामा बढी भूमिका वहन गर्ने नायकनायिका, खलनायकजस्ता पात्रलाई प्रमुख, प्रमुख पात्रभन्दा कम र गौण पात्रभन्दा बढी भूमिका निर्वाह गर्ने सहनायकसहनायिका वा अन्य पात्रलाई सहायक तथा एकदमै न्यून भूमिकामा संलग्न पात्रलाई गौण पात्र भनिन्छ । सत्मार्ग अपनाउने र सत्कर्म गर्ने पात्रलाई अनुकूल वा सत्, असत् कर्म गर्ने खलपात्रलाई प्रतिकूल, आफ्नो चरित्र वा स्वभाव परिवर्तन गर्ने पात्रलाई गतिशील तथा आफ्नो स्वभावलाई परिवर्तन नगरी स्थिर राख्ने पात्रलाई स्थिर वा गतिहीन पात्र भन्ने गरिन्छ ।

समाजको कुनै वर्ग वा समुदायको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गीय र नितान्त वैयक्तिक प्रवृत्तिको प्रतिनिधित्व गर्ने पात्रलाई व्यक्तिगत, कृतिमा प्रत्यक्ष उपस्थित भई काम गर्ने पात्रलाई मञ्चीय तथा परोक्ष वा अप्रत्यक्ष रूपमा रहने पात्रलाई नेपथ्यीय पात्र भनिन्छ भने कथाका लागि नभई नहुने अनिवार्यता भएका पात्रलाई बद्ध, कृतिमा संलग्न नभए पनि काम चल्ने प्रकृतिका पात्रलाई मुक्त, लेखकीय दृष्टिकोण, अवधारणा, दर्शन र सारवस्तुगत एवम् कथाका यावत् पक्षलाई पाठकसमक्ष सम्प्रेषित गर्ने तथा उक्त पक्षहरूको बुझाइमा पाठकलाई सघाउने पात्रलाई दृष्टिविन्दुपात्र तथा उपर्युक्त भूमिकामा नरहने पात्रलाई गैरदृष्टिविन्दुपात्र भनिन्छ (बरई, २०८०, पृ.६७) । उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा कथाको संरचनामा पात्रविधानको महत्त्वपूर्ण भूमिका रहने तथा पात्रविधानको कुशल संयोजन र व्यवस्थापनले मात्र कलात्मक र जीवन्त कथाको सिर्जना हुन सक्ने सार प्राप्त हुन्छ ।

एकल र बहुल पात्रीय गरी पात्रविधानका प्रमुख दुई पद्धति रहेका छन् । एकल पात्रका केन्द्रीयतामा कथाको पात्रविधानको निर्मिति गर्नुपर्ने तथा एकमात्र पात्रको प्रमुखतामा कथाका कथानक, सारवस्तु र दृष्टिविन्दुको निर्क्योल गर्नुपर्ने मान्यता राख्ने पात्रविधानगत पद्धतिका रूपमा एकल पात्रीय पात्रविधानगत पद्धति रहेको छ भने दुई वा सोभन्दा बढी पात्रहरूको केन्द्रीयतामा कथाको पात्रविधानको निर्मिति गर्नुपर्ने तथा दुई वा सोभन्दा बढी पात्रका प्रमुखतामा कथाका कथानक, सारवस्तु र दृष्टिविन्दुको निर्धारण गर्नुपर्ने मान्यता राख्ने पात्रविधानगत पद्धतिका रूपमा बहुल पात्रीय पात्रविधानगत पद्धति रहेको छ (बरई, २०८०, पृ.८७) । एकल पात्रीय पात्रविधानगत पद्धतिले कथाको संरचनामा एकमात्र पात्रको सर्वोपरिता कायम गर्नुपर्ने,

कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा एकमात्र पात्रलाई संलग्न गराउनुपर्ने, कथामा एकमात्र पात्रलाई सर्वोपरि भूमिकामा राख्नुपर्ने, एकमात्र पात्रका केन्द्रीयतामा कथाका अन्य पात्रहरूको भूमिका निर्धारण गर्नुपर्नेजस्ता मान्यता प्रस्तुत गर्दछ। यसै सिद्धान्तका आधारमा प्रस्तुत लेखलाई पूर्ण बनाइएको छ।

### विश्लेषणीय प्रारूप र विधि

प्रस्तुत लेखसँग सम्बद्ध मुख्य सामग्रीको विश्लेषणका निम्ति एकल पात्रीय पात्रविधानगत पद्धतिसँग सम्बद्ध कथागत संरचनामा एकल पात्रीय सर्वोपरिता, कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्रको संलग्नता, एकल पात्रको भूमिकागत केन्द्रीयता र प्रमुख पात्रका केन्द्रीयतामा अन्य पात्रहरूको भूमिका निर्धारण गरी चारओटा प्रारूपको निर्क्योल गरिएको छ। विश्लेषणका यिनै सूचकका केन्द्रीयतामा भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथाको सूक्ष्म पठन गरी आवश्यक तथ्य, साक्ष्य र उद्धरण सङ्कलन गरी तिनको वर्णन, व्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुगिएकाले प्रस्तुत लेखलाई गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषणात्मक शोधविधिका केन्द्रीयतामा पूर्णता प्रदान गरिएको कुरा छर्लङ्ग हुन्छ।

### विश्लेषण र नतिजा

कथाकार भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथामा प्रयुक्त एकल पात्रीय पात्रविधानको विश्लेषण र त्यस विश्लेषणबाट प्राप्त नतिजा निम्नअनुसार प्रस्तुत गरिएको छ ः

### कथागत संरचनामा एकल पात्रीय सर्वोपरिता

कथाको संरचना एकमात्र पात्रका केन्द्रीयतामा तयार पार्नुपर्ने मान्यता राख्ने पात्रविधानगत पद्धति नै कथागत संरचनामा एकल पात्रीय सर्वोपरितागत पद्धति हो । पात्रविधानको यस पद्धतिले कथाको संरचनालाई एकल पात्रका केन्द्रीयतामा कलात्मक परिपाकमा पुऱ्याउनुपर्ने अभिमत प्रस्तुत गर्दछ। कथाको समग्र रचनाविधानलाई संरचना र रूपविन्यास गरी प्रमुख दुई प्रकारमा वर्गीकरण गरिन्छ (श्रेष्ठ, २०७९, पृ.२२) । दयाराम श्रेष्ठ (२०७९) ले कथाको संरचनाअन्तर्गत कथानक, दृष्टिविन्दु, पात्र र सारवस्तु पर्ने विचार प्रस्तुत गरेका छन् (पृ.२२)। त्यसैगरी विवेक शंकर (सन् २०२२) ले कथामा एक वा दुई पात्र प्रमुख रहने र अन्य पात्रहरू सहायक भूमिकामा रहने मत प्रकट गरेका छन् (पृ.७६) भने गोपीन्द्र पौडेल (२०६५) ले कथामा पात्रको सम्बन्ध कथानक, विचार, परिवेश र संवादसँग रहेको हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् (पृ.१३)। यसरी नै ईश्वर बराल (२०५६) ले कथाको संरचनामा शीर्षकीकरणको अहम् भूमिका रहने तथा कथाको शीर्षकीकरण प्रमुख या आदर्श पात्रका नाउँमा र मुख्य वा आदर्श पात्रका गुणमा गर्न सकिने विचार पनि प्रस्तुत गरेका छन् (पृ.२३३)। त्यसरी नै आख्यानको आदि, मध्य र अन्त्यभागमध्ये कुनै एक भागमा मात्र संलग्न हुने पात्रका केन्द्रीयताका आधारमा नभई आख्यानका आद्यन्त भागमा संलग्न पात्रकै केन्द्रीयतामा आख्यानले पूर्णता प्राप्त गर्ने विचार ऋषिराज बराल (२०६३) ले प्रस्तुत गरेका छन् (पृ.३३)। उपर्युक्त तथ्यहरूलाई वरण गर्दा कथाका शीर्षकीकरण, आद्यन्त संरचना, कथानक, सारवस्तु र दृष्टिविन्दुको केन्द्रमा एकमात्र पात्र रहने पात्रविधानगत पद्धतिका रूपमा कथाका संरचनामा एकल पात्रीय सर्वोपरितागत पद्धति रहेको सार प्राप्त हुन्छ।

कथाकार भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथाको शीर्षकीकरण र आद्यन्त संरचनामा माऊजङबाबुसाहेबको सर्वोपरिता कायम गरिएको छ। यस कथाका प्रमुख पात्र माऊजङबाबुसाहेब र उनले लगाउने कोटका नामबाट प्रस्तुत कथाको शीर्षकीकरण गरिएको छ। यिनै माऊजङबाबुसाहेबको २००७ सालपूर्व र तत्पश्चात्को अवस्थाको

यथार्थाङ्कनमा प्रस्तुत कथा एकातिर केन्द्रित रहेको छ भने अर्कातिर राणा शासनकालमा माऊजङबाबुसाहेबले लगाउने कोट क्रूरता, दम्भ र परपीडकको परिचायक बनेको तथा प्रजातन्त्र कालमा पुरानो र जीर्ण भई च्यातिँदा बाबुसाहेबको ग्लानि र असह्य पीडाको प्रतीक बनेको एवम् बाबुसाहेबको प्रभुत्वशाली व्यक्तित्व ह्रासोन्मुख अवस्थामा पुगेको विषयवस्तुको अभिव्यक्ति यस कथामा गरिएको छ। यस कथाको आद्यन्त संरचनामा माऊजङबाबुसाहेबकै पूर्ण संलग्नता कायम गरिएको छ। प्रस्तुत कथामा कुल एक्काइसओटा अनुच्छेद रहेका र ती सबै अनुच्छेदको निर्मिति माऊजङबाबुसाहेबका केन्द्रीयतामा गरिएको छ। "साँच्ची नै भनूँ भने कोट र माऊजङबाबुसाहेब एकअर्काका पर्याय नै थिए" (पृ.१०२) भन्ने कथांशबाट आरम्भ भई "केही भएको छैन"- यत्तिको ठुलो दुर्घटनामा पनि आफ्नै घरमा समेत आवेगशान्त माऊजङबाबुसाहेबले भने- "केही भएको छैन, बस, मन्त्रीजीसित भेटेर आएँ, राणाज्यूहरूको राज गयो" (पृ.११२) भन्ने कथांशमा समापन भएको प्रस्तुत कथाको संरचनालाई माऊजङबाबुसाहेबको पूर्ण संलग्नतामा पूर्ण बनाइएको छ। उपर्युक्त विषयवस्तु र कथांशलाई दृष्टिगत गर्दा माऊजङबाबुसाहेब र उनको कोटका आधारमा प्रस्तुत कथाको नामकरण गरिएको, माऊजङबाबुसाहेब र तिनको कोटको विस्तृतीकरण कथाभरिमा भएको तथा कथाको आद्यन्त संरचनामा उनको पूर्ण र सबल उपस्थिति रहेका विषयवस्तुका माध्यमबाट उक्त कथाको संरचनामा एकल पात्रको सर्वोपरिता रहेको सार प्राप्त हुन्छ।

'माऊजङबाबुसाहेबको कोट' कथाको कथानक निर्मिति र विकासमा माऊजङबाबुसाहेबको एकल केन्द्रीयता कायम गरिएको छ। राणाशासनकालमा पूर्ण प्रभुत्वका साथ जीवनयापन गरे पनि प्रजातन्त्रको स्थापनासँगै प्रतिप्रभुत्वको अवस्था सिर्जित भई प्रभावहीन ढङ्गले नैराश्यपूर्ण जीवन व्यतीत गर्न विवश माऊजङबाबुसाहेबका सेरोफेरोमा प्रस्तुत कथाको कथानक केन्द्रित रहेको छ। यस कथाको कथानकनिर्मितिमा माऊजङबाबुसाहेबको वैयक्तिक जीवनको केन्द्रीयता, कथाको कार्यव्यापार र द्वन्द्व एवम् कथानकविकासमा उनीसँग सम्बद्ध पक्षकै प्रबलता पाइन्छ। राणाशासनकालमा प्रभुत्व, प्रभाव र आर्थिक सम्पन्नताका साथ जीवन व्यतीत गर्नु, प्रजातन्त्रप्राप्तिपश्चात् प्रभुत्व र प्रभाव पूर्ण रूपमा समाप्त हुनु, जीर्ण भइसकेको कोटको अतीतकै प्रभावपरकतामा आत्मसन्तुष्टि प्राप्त गर्नु, लखनऊमा गई कोटमा रफु भराई ड्राइक्लिनिङमा सफा गराई मन्त्रीको स्वागत कार्यक्रममा भाग लिनु, कार्यक्रमबाट फर्कने क्रममा एउटा काङ्ग्रेसी मदिसे कार्यकर्ताले गफ गर्दागर्दै संयोगबस तानिन गई माथिदेखि तलसम्म कोट च्यातिनु, आन्तरिक रूपमा आक्रोशित भए पनि त्यस कार्यकर्ताप्रति कुनै टिप्पणी गर्न नसक्नु, खिन्न मुद्रामा घर फर्की राणाहरूको शासन समाप्त भइसकेको कुरा पत्नीसमक्ष व्यक्त गर्नुजस्ता माऊजङबाबुसाहेबका जीवनसँग सम्बद्ध तथ्यहरूका समन्वय र विस्तृतीकरणमा यस कथाको कथानकले संरचनात्मक पूर्णता प्राप्त गरेको छ। जीर्ण कोटको अतीतावलोकनमा चरम सन्तुष्टि प्राप्त गर्ने बाबुसाहेबको कार्यले यस कथाको कथानकको प्रस्तावना र अभिमुखीकरण, सर्वसाधारण मानिसले उनको कोटप्रति उपेक्षाभाव प्रस्तुत गर्ने व्यवहारले सङ्घर्षविकास, उनले मन्त्रीको स्वागत कार्यक्रममा सहभागिताका निम्ति निमन्त्रणा प्राप्त र रानीसाहेबसहित सुसारेले नयाँ कोट किन्ने सल्लाह दिँदा अस्वीकार गर्ने, रफु भर्ने कालीगढले कोट जीर्ण भएको प्रतिक्रिया दिने, त्यही कोट लगाई कार्यक्रममा बाबुसाहेब सहभागी हुने एवम् एउटा मदिसे काङ्ग्रेसी कार्यकर्ताले उनको हातमा आफ्नो हात मिलाई कुराकानी गर्ने कार्यव्यापारले अन्य सङ्कटावस्था, काङ्ग्रेसी कार्यकर्ता पछाडि फर्कँदा कोट पूर्ण रूपमा च्यातिने कार्यव्यापारले चरमोत्कर्षता, टाउको निहुराई घरतर्फ प्रस्थान गर्ने माऊजङसाहेबको कार्यले सङ्घर्षह्रास तथा घरमा पुगी धुजाधुजा च्यातिएको कोटमा दृष्टि पुऱ्याउँदै राणाहरूको शासनको समाप्ति भएको कुरा उनले व्यक्त गर्ने कार्यव्यापारले फलप्राप्तिको विकासमा अहम् भूमिका वहन गरेका छन्। उपर्युक्त विषयवस्तुलाई आत्मसात् गर्दा प्रस्तुत कथाको कथानकनिर्मिति एकल पात्रको केन्द्रीयतामा भई उक्त कथा कलात्मक परिपाकमा पुगेको निष्कर्ष प्राप्त हुन्छ।

'माऊजङबाबुसाहेबको कोट' कथाको सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यमका भूमिकामा एकमात्र पात्र माऊजङबाबुसाहेबलाई आबद्ध गरिएको छ। सत्ता परिवर्तनसँगै राजनीतिक, सामाजिक र आर्थिक अवस्थामा हुने

परिवर्तन, समय र परिस्थितिअनुसारको आचरण र व्यवहार वरण गर्न नसक्दा बेहोर्नुपर्ने उपेक्षा र अपमान तथा समसामयिक परिस्थितिअनुकूल आचरण र व्यवहार गर्दा मात्र सामाजिक हैसियत र प्रतिष्ठा कायम रहन सक्ने विमर्शको प्रस्तुतीकरणमा यो कथा केन्द्रित छ। २००७ सालभन्दा पूर्व राणाहरूको राजनीतिक, सामाजिक, प्रशासनिक र आर्थिक क्षेत्रमा एकाधिकार र प्रभुत्व रहे पनि प्रजातन्त्रको स्थापना भएसँगै उल्लिखित सबै क्षेत्रगत हैसियत र शक्ति क्षीण भई दयनीय र उपेक्षापूर्ण ढङ्गले जीवनयापन गर्ने प्रतिकूल परिस्थितिको सिर्जना भएको अवस्थाको अङ्कन माऊजङबाबुसाहेबको चरित्राङ्कनको माध्यमबाट गरिएको छ। उनकै दृष्टिले शक्ति र हैसियत क्षीण हुँदा सामान्यभन्दा सामान्य व्यक्तिबाट पनि अपमानित र उपेक्षित हुनुपर्ने कुरालाई पाठकसमक्ष सम्प्रेषण गरिएको छ। माऊजङबाबुसाहेबको दृष्टिले प्रस्तुत कथाका रानीसाहेब, सुसारे, कामदार, गुरुदीन, बडाहाकिम, एउटा मदिसे काङ्ग्रेसी कार्यकर्ताजस्ता पात्रहरूको व्यवहार र अवस्थाको पर्यवलोकन पाठकलाई गराउन खोजिएको छ। उनकै दृष्टिले पतिलाई उचित सल्लाह दिँदासमेत अपमानित हुनुपर्ने रानीसाहेब, घरमालिकलाई उचित सल्लाह दिँदासमेत हप्कीदप्की सहन बाध्य हुने सुसारे र कामदार, राणाशासनकालमा माऊजङबाबुसाहेबको कोटबाटै त्रसित भए पनि सत्तापरिवर्तनसँगै उक्त कोट अन्य कपडाको थुप्रोमा जोडले फ्याकी माऊजङप्रतिको विगतको प्रतिशोध पूरा गर्ने गुरुदीन, उनको कोटको जीर्णता हेरी उनको आडम्बरयुक्त स्वभावप्रति व्यङ्ग्य गर्ने बडाहाकिम तथा गृहमन्त्रीको स्वागत कार्यक्रममा सहभागी भई माऊजङबाबुसाहेब घर फर्कने क्रममा उनको कोट च्यात्ने कारक बन्नुका साथै उनको प्रभुत्व र प्रभावको अवस्था क्षीण भइसकेको र परिस्थिति बदलिसकेको कुराको बोध गराई उनलाई चरम मानसिक सन्तापको अवस्थामा पुऱ्याउने एउटा मदिसे काङ्ग्रेसी कार्यकर्ताको व्यवहार र अवस्थाको पर्यवलोकन पाठकलाई गराइएको छ। अतः समय र परिस्थितिअनुकूलको सामाजिक मूल्यमान्यता, प्रेमभाव र लोककल्याणयुक्त आचरण र व्यवहार वरण गर्दा मात्र सामाजिक सम्मान प्राप्त हुने तथा समयनिरपेक्ष भई अहम्, आत्मरति र आडम्बरयुक्त आचरण र व्यवहार अपनाउँदा अपमान र उपेक्षामात्र प्राप्त हुने कुरालाई प्रस्तुत कथाको विमर्श बनाइएको र यस विमर्शको प्रस्तुति बाबुसाहेबकै चरित्रचित्रणका माध्यमबाट गर्न खोजिएको कुरा स्पष्ट हुन्छ।

'माऊजङबाबुसाहेबको कोट' कथाको दृष्टिविन्दुको चयन, निर्मिति र व्यवस्थापनमा एकमात्र पात्र माऊजङबाबुसाहेबको केन्द्रीयता कायम गरिएको छ। यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ। सीमितदर्शी असंलग्न समाख्याता, कथानकयोजना, पात्रविधान एवम् विचारको प्रस्तुतीकरण र बोधको माध्यममा एकल तृतीय पुरुष पात्रीय एवम् एकल पात्रको मनोविश्लेषण गर्ने दृष्टिविन्दुलाई बाह्य सीमित दृष्टिविन्दु भनिन्छ (बरई, २०८०, पृ.१४)। कथाबाहिर रही एकमात्र तृतीय पुरुष पात्रको केन्द्रीयतामा निर्मित कथा प्रस्तुत गर्ने र एकमात्र तृतीय पुरुषीय पात्रको मनोविश्लेषण गर्ने सीमितदर्शी असंलग्न समाख्याताको आबद्धतामा एकमात्र तृतीय पुरुषीय पात्र माऊजङबाबुसाहेबको केन्द्रीयतामा निर्मित कथानक, पात्र र सारवस्तुको प्रयोग प्रस्तुत कथामा गरिएकाले उक्त कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको कुरा स्पष्ट हुन्छ। यस कुरालाई प्रस्तुत कथाको निम्नलिखित कथांशद्वारा थप प्रस्ट्याइएको छ :

> माऊजङबाबुसाहेब एक जना घरानियाँ राणाज्यू, नेपालगन्ज इलाकामा बिर्तावाल। अत्यन्त क्रोधी, उद्दण्ड, दुर्निवार व्यक्तित्वका प्राणी ! बाबुसाहेबको गाउँको घरमा तीनचारवटा ठुलाठुला डरलाग्दा र केही सानासाना राम्रा रौँ भएका कुकुरहरूको फौज, जो कुनै पनि आगन्तुकको मुटु हल्लाएर नै आतिथेय क्रममा प्रथमोपचार गर्ने गर्दथे, नेपालगन्जका त्यस तराई प्रान्तको एउटा प्रमुख आतङ्कस्मृति हो। यो र अन्य सारा क्रममा कसैको घरखेत जफत गरी लिनु, कसैलाई कुटीलुछी छोड्नु र पसिनाले भिजेको रातो, तम्सिएको ठुलो अनुहारमा बाक्ला ओष्ठयुगलले थुकको फिँजफोहोरा छोड्दै, कसैलाई आमाचकारी गाली गरेर बेसरी बेइज्जत पारिदिनु इत्यादि सारा आतङ्कहरूमा प्रतिनिधित्व गरिआएको त्यसतर्फका रैतीदुनियाँका मानसचक्षुमा त्यही बेन्सनको ओभरकोट नै उदाउन आउँथ्यो। ....उनले सम्झे कि- 'प.क.ज. साहेबबाट बक्सिएको यही कोट जब पहिलो दिन उनको हातमा परेको थियो, कसरी

कोटबाट मगमग उड्ने मिठो बासले वातावरणलाई सुवासित पारिदिएको थियो ।' (पृ.१०२ र १०३)

उल्लिखित कथांशले सीमितदर्शी असंलग्न समाख्याताको आबद्धता रहेको, एकमात्र तृतीय पुरुषपात्र माऊजङबाबुसाहेबको केन्द्रीयतामा निर्मित कथानक, पात्र र सारवस्तुको प्रयोग तथा एकमात्र तृतीय पुरुषपात्र माऊजङबाबुसाहेबको मनोविश्लेषण गरिएकाले कथाकार भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरिएको कुरालाई छर्लङ्ग्याएको छ । उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा प्रस्तुत कथाको आद्यन्त संरचना र संरचनाअन्तर्गतका शीर्षकीकरण, कथानक, सारवस्तु र दृष्टिविन्दुको चयन र निर्मितिमा एकल पात्रीय पात्रविधानगत पद्धतिको अवलम्बन गरी उक्त कथालाई परिपाकमा पुऱ्याइएकाले कथा एकोन्मुख प्रभावयुक्त बनेको सार प्राप्त हुन्छ ।

**कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्रको संलग्नता**

कथाको कथानकीय चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा एकमात्र पात्रलाई संलग्न गराउनुपर्ने मान्यता अवलम्बन गर्ने पात्रविधानगत पद्धति नै कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्रको संलग्नतागत पद्धति हो । चरमोत्कर्षता कथाको कथानकको मध्यभागमा पर्दछ । सबभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक अवस्था, चरम द्विविधा समाप्त भएको अवस्था तथा सुखद वा दुःखद जुनसुकै हुन सक्ने कथानकको अवस्था नै चरमोत्कर्षता हो । तीव्र द्विविधा समाप्तिको अवस्थाले कथानकको चरमोत्कर्षताको विकास गर्दछ (गुप्त, सन् २००६, पृ.३०५) । यस अवस्थाले कथानक अपकर्षतर्फ लाग्ने कुराको पनि स्पष्ट सङ्केत गर्दछ । पात्रको द्वन्द्व जटिल बन्दै अन्तिम सीमामा पुगी निर्णयको क्षण पनि स्पष्ट हुन थालेको अवस्था नै कथानकको चरमोत्कर्षता हो (श्रेष्ठ, २०६६, पृ.२६) । कृष्णहरि बराल (२०६९) ले कथानकमा मोड ल्याउने माथिल्लो अवस्थाका रूपमा चरमोत्कर्षतालाई चिनाएका छन् (पृ.५८) । कथामा प्रमुख पात्रको भूमिका लामो हुनुका साथै कथाको चरमोत्कर्षतामा प्रमुख पात्रको उपस्थिति अनिवार्य तथा उक्त अवस्थाको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्र रहेको हुन्छ (क्रेस, सन् २०१३, पृ.१९५-१९६) । कथानकले पात्रका विशेषता, स्वभाव, प्रवृत्ति, रुचि, व्यवहारजस्ता विषयमा विस्तृतीकरण गर्दछ (घर्ती, २०६७, पृ.८३) । उपर्युक्त अभिमतहरूलाई वरण गर्दा कथाको सर्वाधिक महत्त्वपूर्ण, निर्णायक र चरम द्विविधा समाप्त भएको, सुखद र दुःखदमध्ये जुनसुकै किसिमको हुन सक्ने अवस्थाका रूपमा चरमोत्कर्षता रहेको तथा चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्रको आबद्धताको अनिवार्यता रहेको निष्कर्ष प्राप्त हुन्छ ।

कथाकार भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा माऊजङबाबुसाहेबलाई संलग्न गराइएको छ । राणाकालमा आततायी, क्रूर र प्रभुत्वको परिचायक बनेको एवम् प्रशासनिक, न्यायिक, राजनीतिक, सामाजिक, शैक्षिक आदि विविध क्षेत्रमा प्रभुत्व र प्रभाव बढाएको बाबुसाहेबको कोट लामो समय लगाएका कारण जीर्ण भइसकेको तथा घरका शुभचिन्तकले समेत नयाँ कोट किन्ने सल्लाह दिँदा पनि वास्तविकताको बोध नगरी विगतको त्यस कोटको प्रभावलाई स्मरण गर्दै आत्मरति र आडम्बरी प्रवृत्तिबाट प्रेरित भई लखनऊ समेत गई रफु भराई पुरानै प्रभाव र दम्भ देखाउने मानसिकताका साथ प्रजातन्त्रकालीन गृहमन्त्रीको स्वागत कार्यक्रममा भाग लिन जाँदा नेपाली काङ्ग्रेसको एउटा मधेसी कार्यकर्ताले उनको दाहिने पाखुरा र उनको जीउको माझबाट आफ्नो हात छिराई कुरा गर्दैगर्दाको अवस्थामा यस कथाको सर्वाधिक निर्णायक र गम्भीर तथा चरम द्विविधा समाप्त भएको अवस्थाको सिर्जना हुन्छ । सत्ता परिवर्तनसँगै एउटा सामान्य मधेसीले राणाकालीन अवस्थाका प्रभुत्वशाली व्यक्तिसँग हातमा हात मिलाएर कुरा गरिरहँदा भित्रबाट अत्यन्त क्रोधित भई राणाकाल भए त्यस व्यक्तिलाई कठोरभन्दा कठोर सजाय दिने कुरा सोच्दै कार्यक्रमबाट बाहिरिरहँदाकै अवस्थामा पछाडिबाट त्यस काङ्ग्रेसी कार्यकर्तालाई अर्को कार्यकर्ताले बोलाउँदा घटित घटनाले यस कथाको

चरमोत्कर्षताको विकास गरेको छ। यस कुरालाई तलको कथांशद्वारा थप प्रस्ट्याइएको छः

> बाबुसाहेबले पनि मन्त्रीजीलाई नमस्ते गरी निस्कँदा उनको दुवै हत्केला अभ्यस्त तवरले कोटको दुवैतर्फको दुवै तल्लो जेबमा थिए। यत्तिकैमा एक जना स्थानीय काङ्ग्रेसी पनि मन्त्रीज्यूसित बिदा भई निस्केर बाबुसाहेबनजिकै पुग्यो र हत्केला जेबमा रहेका बाबुसाहेबको दाहिने पाखुरा र उनको जीउको माऊबाट आफ्ना हात छिराई कुरा गर्दै बाबुसाहेबसँग ऊ अगाडि बढ्यो। अरु बखत भएको भए बाबुसाहेबले कदाचित् यस आत्मीयताजस्तो देखाउने मदिसेको धृष्टता सहन सक्तैनथे, तर आज बाबुसाहेब त्यो माऊजङ्बाबूसाहेब थिएनन्, बडो खुसीसाथ ऊसित कुरा गर्दै बढ्दै गए, तर दुर्भाग्य, पछिल्तिरबाट कुनै एउटाले त्यस काङ्ग्रेसीलाई बोलाउँदा, आफ्नो पाखुरा बाबुसाहेबको पाखुरामा अल्झाइरहेर ऊ पछिल्तिर के फर्केको थियो, हत्केला जेबमा भएको बाबुसाहेबको हातमा अलिक झट्का पर्नेबित्तिकै कोटको पकेटको कुनादेखि लिएर तलको अन्तिम छेउसम्म च्यार्र गरी त्यो जीर्ण कोट च्यातियो। (पृ.१११)

उपर्युक्त कथांशले राणाकालीन शासनकालमा पकज साहेबबाट उपहारस्वरूप दिइएको हवाइटवेल लेडला कम्पनीको कोट लगाई विगतमा आफ्नो सान, रवाफ, प्रभुत्व र प्रभाव बढाएको कोट प्रजातन्त्रकालमा समेत लगाई आफू प्रभुत्वशाली व्यक्ति भएको अवस्थाको द्योतन गर्न खोज्ने माऊजङ्बाबुसाहेब कार्यक्रमबाट बाहिरिँदै गर्दा सामान्य पात्र एउटा मदिसे कार्यकर्ताले उनीसित अत्यन्तै घुलमिल भएको ढङ्गमा कुरा गरिरहँदा भित्रबाट अत्यन्त रिसाए पनि बाह्य रूपमा रिसलाई बलजफ्ती नियन्त्रण गरिरहँदाकै अवस्थामा त्यस काङ्ग्रेसी कार्यकर्तालाई अर्को कार्यकताले बोलाउँदा र काङ्ग्रेसी कार्यकर्ता पछाडि फर्कँदा बाबुसाहबको कोट पकेटको कुनादेखि तलसम्म च्यातिने घटनाले 'माऊजङ्बाबुसाहेबको कोट' कथाको चरमोत्कर्षताको विकास गरेको कुरालाई छर्लङ्ग्याएको छ। यसैगरी उक्त कथांशले एक समयका प्रभुत्वशाली र तानाशाही व्यक्तिलाई अर्को समय (शासन समाप्ति) मा सामान्य र सीमान्त व्यक्तिले पनि चुनौती दिन सक्ने तथा विगतको प्रभुत्वशाली र आततायी व्यक्ति पनि सामान्य व्यक्ति बन्न विवश भएको अवस्थाको द्योतनसमेत गरेको छ। त्यसैगरी उल्लिखित कथांशले उक्त घटनाले प्रस्तुत कथाको प्रमुख पात्र माऊजङ्बाबुसाहेबलाई गहिरो मानसिक सन्तापमा पुऱ्याएको कुराको समेत पुस्ट्याइँ गरेको छ।

'माऊजङ्बाबुसाहेबको कोट' कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा माऊजङ्बाबुसाहेबलाई मात्र संलग्न गराइएको छ। उक्त कोट च्यातिँदा कार्यक्रममा सहभागी भएर फर्कँदै गरेका कुनै पनि पात्रको आन्तरिक वा बाह्य कुनै किसिमको प्रतिक्रियाको अङ्कन प्रस्तुत कथामा गरिएको छैन। च्यातिएको कोटसहित घर पुग्दा पत्नी रानीसाहेबले कोट च्यातिएको विषयमा जिज्ञासा बाबुसाहेबसित प्रकट गर्ने क्रममा प्रमुख पात्रबाहेक एकजना पात्रको मात्र सामान्य प्रतिक्रियाको अङ्कन उक्त कथामा गरिएको छ। उक्त घटनाले प्रस्तुत कथाका अन्य कुनै पनि पात्रहरूलाई प्रभाव नपारे पनि माऊजङ्बाबुसाहेबलाई चरम मानसिक सन्ताप र क्रोधित अवस्थामा पुऱ्याएको छ। उनले पत्नीभन्दा पनि बढी माया गर्ने, सर्वस्व ठान्ने तथा सामाजिक सम्मानको प्रमुख आधार मान्ने कोट च्यातिँदा उनका मानसपटलमा उत्पन्न मानसिक चिन्ता, पीडा र प्रभावको प्रस्तुति प्रस्तुत कथाको "कोट च्यातियो, सहस्रौँ भूकम्प गएको भयङ्कर सर्वनाशजस्तो आघातले बाबुसाहेबको मुटु हल्लायो। संसारै भत्केको जस्तो अनुभूति भयो, प्राणभित्रबाट सातैवटा समुद्ध उम्लेर आँखामा ओर्ले" (पृ.१११) भन्ने कथांशले गरेको छ। यसैगरी आफ्नो वर्चस्व रहेको शासनकाल समाप्त भई आफू कमजोर र प्रतिकूल अवस्थामा पुगेको तथा आफ्नो चरम मानमर्दन हुँदासमेत पीडकलाई सजाय दिन नसक्ने माऊजङ्बाबुसाहेबको विवशात्मक र कमजोर अवस्थागत अनुभूतिको अभिव्यक्ति प्रस्तुत कथामा यसरी गरिएको छ : "तर...तर प्रचण्ड माऊजङ्बाबुसाहेब त्यस जाबोमा अगाडि ' हाय' गर्न सक्तैनथे र ?....प्रलयको पीर कुन्नि कुन असीम तागतले थिचेर, अलिक अवाक्‌जस्तो पनि नभई, रिसको झल्को पर्यन्त आउन नदिई खाली 'के भो र ?' मात्रै भनी आफ्नो बेपर्वाईकै मुद्रा स्थिर राख्न बाबुसाहेब समर्थ नै रहे"(पृ.१११)।

त्यसैगरी आफ्नो प्रभुत्व कायम भएको परिस्थिति भए त्यस मदिसे काङ्ग्रेसी कार्यकर्तालाई कठोरतम र क्रूरतम ढङ्गले दण्ड दिने माऊजङबाबुसाहेबको मानसिक आवेग, क्रोध र रिसगत अवस्थाको अनुभूतिलाई प्रस्तुत कथाको "बरु चलेको भए त्यस मदिसे काङ्ग्रेसीलाई अल्सेसियनबाट चिथोर्न अवश्यमेव लगाइदिन्थे" (पृ.१११) भन्ने कथांशले स्पस्ट्याएको छ। यसरी नै च्यातिएको कोट आफ्नो कामदारलाई दिई दौरा सुरुवालमात्र लगाई गम्भीरतापूर्वक घर फर्किरहेको माऊजङबाबुको निरीह अवस्थाको अङ्कन पनि उक्त कथामा गरिएको छ। त्यसरी नै घर पुगी च्यातिएको कोटलाई हेर्दै चरम पीडाबोध गर्दैगर्दाको अवस्थामा पत्नी रानीसाहेबले उक्त घटनाका विषयमा जिज्ञासा राख्दा राणाहरूको शासनकाल समाप्त भएको अभिव्यक्तिका माध्यमबाट माऊजङबाबुसाहेबले आफ्नो वास्तविक अवस्थाको अनुभूति गरेको कुराको अभिव्यक्ति पनि उक्त कथामा गरिएको छ। उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा प्रस्तुत कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा एकमात्र पात्र माऊजङबाबुसाहेबलाई आबद्ध गरेको, रानीसाहेबको जिज्ञासाले बाबुसाहेबलाई उनको वर्तमान वास्तविक अवस्थाको अनुभूतिमा उत्प्रेरकको काम गरेको तथा यस्तो चरमोत्कर्षतागत पद्धतिको प्रयोगले प्रस्तुत कथाको पात्रविधान एकल पात्रको केन्द्रीयतामा कलात्मक परिपाकमा पुगेको सार प्राप्त हुन्छ।

**एकल पात्रको भूमिकागत केन्द्रीयता**

एकमात्र पात्रको सर्वोपरि भूमिकामा कथाको पात्रविधानको निर्क्योल गर्नुपर्ने मान्यता राख्ने पद्धति नै एकल पात्रको भूमिकागत केन्द्रीयतासम्बन्धी पात्रविधानगत पद्धति हो। यस पद्धतिले समग्र कथाको संरचनामा एकमात्र पात्रको सर्वोपरि भूमिका कायम गर्नुपर्ने मान्यता राख्दछ। यस पद्धतिले एकमात्र पात्रको बृहत् चारित्रिक निर्माणमा अन्य पात्रहरूलाई सहयोगी र उत्प्रेरकको भूमिकामा आबद्ध गर्नुपर्ने मान्यता पनि प्रस्तुत गर्दछ। यस पद्धतिले पात्रविधानमा एकमात्र पात्रलाई प्रमुख तथा अन्य सबै पात्रलाई सहायक र गौण वा पूरक पात्रको भूमिकामा आबद्ध गर्नुपर्ने मान्यता पनि प्रस्तुत गर्दछ। मोहनराज शर्मा (२०७८) ले लिङ्गका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशीलत र गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्यीय र मञ्चीय तथा आबद्धताका आधारमा बद्ध र मुक्तजस्ता पात्रका प्रकारहरूको उल्लेख गरेका छन् (पृ.२७७) भने दयाराम श्रेष्ठ (२०७९) ले पात्रले कथामा वहन गर्ने भूमिकाका आधारमा पात्रलाई दृष्टिविन्दुपात्र, प्रमुख पात्र, प्रतिपक्षी पात्र र पूरक पात्र गरी चार प्रकारमा विभाजन गरेका छन् (पृ.६१)। यसैगरी नेत्र एटम (२०७४) ले सामान्यतया कथाको संरचना १००० देखि ५००० शब्दसम्म विस्तारित लघु आयतनमा संरचित एउटै प्रभाव कायम गर्ने रचना भएकाले यसको संरचना प्रमुख पात्रका कार्य र प्रभावमा केन्द्रित रहने विचार प्रस्तुत गरेका छन् (पृ.६९) भने मोहनराज शर्मा (२०६६) ले कथामा कमभन्दा कम पात्रको प्रयोग र तिनको न्यूनतम चरित्रचित्रण गरिने अभिमत प्रस्तुत गरेका छन् (पृ.१८३)। त्यसैगरी कृष्णहरि बराल (२०७८) ले पात्रकै गराइ, भनाइ र सोचाइका आधारमा कथाको संरचना तयार पारिने भएकाले कथानकीय संरचनामा पात्रको अहम् भूमिका रहने विचारको अभिव्यक्ति गरेका छन् (पृ.१०९) भने रमा सिवाकोटी (२०६२) ले आख्यानभित्र व्यक्तिका रूपमा रहने पात्रले घटनालाई परिचालित गर्ने, कथानकलाई गति दिने तथा मानवजातिका यावत् रहस्य र जटिलता पाठकसमक्ष पुऱ्याउने काममा महत्त्वपूर्ण भूमिका वहन गर्ने विचार व्यक्त गरेकी छन् (पृ.५७)। यसरी नै खगेन्द्रप्रसाद लुइटेल (२०६०) ले कृतिको कथानक प्रमुख सहभागी (पात्र) मा घटित घटनावलीबाट घटित भई उसकै चरित्र र भूमिकाद्वारा निर्धारित हुने विचार प्रस्तुत गरेका छन् (पृ.८७)। उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा प्रमुख, दृष्टिविन्दु बद्ध, मञ्चीय र कथासंरचनामा आद्यन्त उपस्थित हुने पात्र नै कथाको सर्वाधिक महत्त्वपूर्ण पात्र हुने तथा एकल पात्रीय पात्रविधानगत पद्धतिप्रयुक्त कथाको केन्द्रीय पात्रको भूमिकामा एकजना पात्रलाई मात्र संलग्न गराइने सार प्राप्त हुन्छ।

कथाकार भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथाको पात्रविधानमा एकमात्र पात्र माऊजङबाबुसाहेबको

एकल भूमिकागत केन्द्रीयता कायम गरिएको छ। यस कथामा माऊजङबाबुसाहेब, रानीसाहेब, सुसारे, कामदार, क.प.ज.साहेब, बडा हाकिमहरू, अङ्ग्रेजहरू, हिन्दुस्तानीहरू, सुब्बा, लप्टन, मिस्टर कार्निस, गुरुदीन धोबी, बडा हाकिम, काङ्ग्रेसी मदिसे कार्यकर्ता, गृहमन्त्री, कालिगढ, म्यानेजर, एउटा अर्को कार्यकर्ताजस्ता पात्रहरूको संलग्नता रहेको छ। उल्लिखित पात्रहरूमध्ये माऊजङबाबुसाहेबलाई प्रस्तुत कथाको केन्द्रीय तथा अन्य पात्रहरूलाई परिधीय पात्रका भूमिकामा आबद्ध गरिएको छ। मूलतः चरित्रचित्रणका भूमिका, कथाको संरचनागत उपस्थिति, सन्देशवहकता, आबद्धता र आसन्नतालाई आधार मानी ती पात्रहरूको भूमिका पहिल्याउने काम यहाँ गरिएको छ। उपर्युक्त पात्रहरूको भूमिकालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिकाः माऊजङबाबुसाहेबको कोट कथाका पात्रहरूको भूमिकागत अवस्था

| क्र.सं. | पात्रहरूको नाम | पात्रवर्गीकरणका आधार | पात्रगत भूमिका |
|---|---|---|---|
| १. | माऊजङबाबुसाहेब | भूमिका | प्रमुख पात्र |
| | | कथाको संरचनागत उपस्थिति | पूर्ण उपस्थित पात्र |
| | | सन्देशवहकता | दृष्टिविन्दुपात्र |
| | | आबद्धता | बद्धपात्र |
| | | आसन्नता | मञ्चीय पात्र |
| २. | रानीसाहेब | भूमिका | सहायक पात्र |
| | | कथाको संरचनागत उपस्थिति | आद्यन्त भागका केही घटनामा संलग्न पात्र |
| | | सन्देशवहकता | गैरदृष्टिविन्दु पात्र |
| | | आबद्धता | बद्ध पात्र |
| | | आसन्नता | मञ्चीय पात्र |
| ३. | सुसारेहरू | भूमिका | गौण पात्र |
| | | कथाको संरचनागत उपस्थिति | आद्यन्त भागका केही घटनामा उपस्थित पात्र |
| | | आबद्धता | बद्ध पात्र |
| | | आसन्नता | मञ्चीय पात्र |
| | | सन्देशवहकता | गैरदृष्टिविन्दु पात्र |
| ४. | कामदार | भूमिका | गौण पात्र |
| | | कथाको संरचनागत उपस्थिति | न्यून घटनामा संलग्न पात्र |
| | | सन्देशवहकता | गैरदृष्टिविन्दु पात्र |
| | | आबद्धता | बद्ध पात्र |
| | | आसन्नता | मञ्चीय पात्र |
| ५. | प.क.ज. साहेब | भूमिका | गौण पात्र |
| | | कथाको संरचनागत उपस्थिति | मध्यभागको न्यून घटनावलीमा उपस्थित पात्र |

| क्र.सं. | पात्रहरूको नाम | पात्रवर्गीकरणका आधार | पात्रगत भूमिका |
|---|---|---|---|
| | | सन्देशवहकता | गैरदृष्टिविन्दु पात्र |
| | | आबद्धता | बद्ध पात्र |
| | | आसन्नता | नेपथ्यीय पात्र |
| ६. | बडा हाकिमहरू | भूमिका | गौण पात्र |
| | | कथाको संरचनागत उपस्थिति | कथाको मध्यभागको सीमित घटनामा संलग्न पात्र |
| | | सन्देशवहकता | गैरदृष्टिविन्दु पात्र |
| | | आबद्धता | मुक्त पात्र |
| | | आसन्नता | नेपथ्यीय पात्र |
| ७. | अङ्ग्रेजहरू | भूमिका | गौण पात्र |
| | | कथाको संरचनागत उपस्थिति | मध्यभागको सीमित घटनामा उपस्थित पात्र |
| | | सन्देशवहकता | गैरदृष्टिविन्दु पात्र |
| | | आबद्धता | मुक्त पात्र |
| | | आसन्नता | नेपथ्यीय पात्र |
| ८. | हिन्दुस्तानीहरू, सुब्बा, लप्टन, गृहमन्त्री, मिस्टर कर्निस | भूमिका | गौण पात्र |
| | | कथाको संरचनागत उपस्थिति | मध्यभागको सीमित घटनामा उपस्थित पात्र |
| | | सन्देशवहकता | गैरदृष्टिविन्दु पात्र |
| | | आबद्धता | मुक्त पात्र |
| ९. | काङ्ग्रेसी मदिसे कार्यकर्ता | भूमिका | सहायक पात्र |
| | | कथाको संरचनागत उपस्थिति | मध्य र अन्तभागका केही घटनामा उपस्थित पात्र |
| | | सन्देशवहकता | गैरदृष्टिविन्दु पात्र |
| | | आबद्धता | बद्ध पात्र |
| | | आसन्नता | मञ्चीय पात्र |
| १०. | एउटा अर्को कार्यकर्ता | भूमिका | गौण पात्र |
| | | कथाको संरचनागत उपस्थिति | मध्यभागको एकमात्र घटनामा उपस्थित पात्र |
| | | सन्देशवहकता | गैरदृष्टिविन्दुपात्र |
| | | आबद्धता | बद्ध पात्र |
| | | आसन्नता | मञ्चीय पात्र |

| क्र.सं. | पात्रहरूको नाम | पात्रवर्गीकरणका आधार | पात्रगत भूमिका |
|---|---|---|---|
| ११. | गुरुदीन धोबी, बडा हाकिम, कालिगढ, म्यानेजर | भूमिका | गौण पात्र |
| | | कथाको संरचनागत उपस्थिति | मध्यभागको सीमित घटनामा उपस्थित पात्र |
| | | सन्देशवहकता | गैरदृष्टिविन्दु पात्र |
| | | आबद्धता | मुक्त पात्र |
| | | आसन्नता | मञ्चीय पात्र |

उल्लिखित तालिकालाई दृष्टिगत गर्दा 'माऊजङबाबुसाहेबको कोट' कथाको पात्रविधानलाई एकल पात्रको भूमिकागत केन्द्रीयतामा परिपाकमा पुऱ्याइएको देखिन्छ । उक्त तालिकाअनुसार माऊजङबाबुसाहेब सर्वाधिक महत्त्वपूर्ण भूमिकामा आबद्ध रहेका छन् । उनलाई प्रस्तुत कथामा प्रमुख, पूर्ण उपस्थित, दृष्टिविन्दु, बद्ध र मञ्चीय पात्रको भूमिकामा आबद्ध गरिएको छ । उक्त कथाको आद्यन्त भागमा पूर्ण उपस्थित रहेका माऊजङबाबुसाहेबकै गराइ, भनाइ र सोचाइकै केन्द्रीयतामा प्रस्तुत कथाको संरचना तयार पारिएको, कथाका निम्ति उनको उपस्थिति अपरिहार्य रहेको, कथाका हरेक घटना र कार्यकलापमा उनको प्रत्यक्ष संलग्नता रहेको तथा उनकै माध्यमबाट मान्छे परिवर्तनशील भई समय र परिस्थितिअनुकूल आचरण र व्यवहार अवलम्बन गर्नुपर्ने विमर्शलाई पाठकसमक्ष पुऱ्याउन खोजिएको हुनाले उनी यस कथामा प्रमुख, पूर्ण उपस्थित, बद्ध, मञ्चीय र दृष्टिविन्दु पात्रका रूपमा देखापरेका छन् । यस कथामा आएका अन्य कुनै पनि पात्रको उपस्थिति कथाको समग्र भागमा नभएको, ती पात्रहरू प्रसङ्गवश कोही आदिभाग, कोही मध्यभाग र कोही अन्त्यभागमा आई सीमित घटनामा भाग लिई बाहिरिएको कुरालाई समेत उल्लिखित तालिकाले छर्लङ्ग्याएको छ । यसैगरी उल्लिखित तालिकाले प्रस्तुत कथाका माऊजङबाबुसाहेबबाहेकका अन्य कुनै पनि पात्रलाई भूमिकाका आधारमा प्रमुख तथा सन्देशवहकताका आधारमा दृष्टिविन्दु पात्रको भूमिकामा संलग्न नगराइएको कुरालाई पनि प्रस्ट्याएको छ । त्यसैगरी उल्लिखित तालिकाले माऊजङबाबुसाहेबको यथेष्ट चारित्रिक विकासका निम्ति उक्त कथामा अन्य पात्रहरूको प्रयोग गरिएको कुरालाई समेत स्पस्ट्याएको छ। उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा माऊजङबाबुसाहेबका केन्द्रीयतामा प्रस्तुत कथाको पात्रविधानलाई परिपाकमा पुऱ्याइएको, उनको बृहत् चारित्रिक विकासका निम्ति अन्य पात्रको संलग्नता गराइएको तथा उनको चारित्रिक पूर्णताका निम्ति पूरक पात्रका भूमिकामा अन्य पात्रलाई आबद्ध गरिएको निष्कर्ष प्राप्त हुन्छ ।

**प्रमुख पात्रका केन्द्रीयतामा अन्य पात्रहरूको भूमिका निर्धारण**

एकमात्र प्रमुख पात्रको प्रयोग गर्ने तथा सोही पात्रका केन्द्रीयतामा अन्य पात्रहरूको भूमिका र हैसियत निर्धारण गर्नुपर्ने मान्यता राख्ने पात्रविधानगत पद्धति नै प्रमुख पात्रका केन्द्रीयतामा अन्य पात्रहरूको भूमिका निर्धारणगत पद्धति हो । यस पद्धतिमा प्रमुख पात्रका सेरोफेरोमा अन्य पात्रहरूको भूमिका निधारण गरिन्छ । यो पद्धतिप्रयुक्त कथाको प्रमुख पात्रबाहेकका अन्य पात्रहरू त्यसै प्रमुख पात्रको बृहत् चारित्रिक विकासका निम्ति प्रयोग गरिन्छन् । कथामा प्रयुक्त उपर्युक्त सबै पात्रहरू कथाको प्रमुख पात्रसँग कुनै न कुनै रूपले जोडिएका हुन्छन् । प्रमुख पात्रसँग जोडिँदा ती पात्रहरू कथामा अस्तित्ववान् हुन्छन् भने कथाको प्रमुख पात्रसँग तिनीहरूलाई पृथक् गराउँदा ती पात्रहरू भूमिकाहीन बन्न जान्छन् । एउटा छातामा एउटा बलियो र मोटो डन्डी एवम् अन्य पातला डन्डीहरू (कामी वा पातला तारहरू) रहने, बलियो डन्डी केन्द्रमा र अन्य डन्डीहरू

परिधिमा रही बलियो डन्डीलाई सघाई छातालाई अस्तित्ववान् बनाएजस्तै छातारूपी कथाको संरचनामा प्रमुख पात्र बलियो डन्डीका रूपमा र अन्य पात्रहरू पातला डन्डीका रूपमा रही कथालाई अस्तित्ववान् बनाएको विचार प्रस्तुत गर्न सकिन्छ। यस विचारलाई सामान्यीकरण गर्दा बलियो डन्डी अस्तित्ववान् रहँदामात्र अन्य डन्डीहरू अस्तित्ववान् रहने एवम् बलियो डन्डी भिक्दा वा भाचिँदा अन्य पातला डन्डी (कामी-पातला डन्डीलाई भोजपुरी भाषामा कामी भनिन्छ।) हरू औचित्यहीन भएजस्तै कथामा पनि अन्य पात्रहरू प्रमुख पात्रसँग सम्बधित हुँदा अस्तित्ववान् रहने तथा त्यस पात्रसँगको सम्बन्धविच्छेद हुँदा अस्तितत्वहीन हुने निष्कर्ष प्राप्त हुन्छ। उपर्युक्त विचारलाई दृष्टिगत गर्दा एकल पात्रविधानको एकल पात्रीय पद्धतिमा एकमात्र पात्रका सेरोफेरोमा कथाका अन्य पात्रहरूको भूमिका निर्धारण गरिने सार प्राप्त हुन्छ।

कथाकार भवानी भिक्षुको 'माऊजङबाबुसाहेबको कोट' कथाको प्रमुख पात्र माऊजङबाबुसाहेबका केन्द्रीयतामा उक्त कथाका अन्य सबै पात्रहरूको भूमिका निर्धारण गरिएको छ। प्रस्तुत कथालाई एउटा छाता मान्दा छाताको बलियो डन्डीका रूपमा माऊजङबाबुसाहेब र सहयोगी डन्डी (कामी) का रूपमा अन्य पात्रहरूलाई उक्त कथामा संलग्न गराइएको छ। यस कथामा संलग्न रानीसाहेब, सुसारेहरू, कामदार, प.क.ज. साहेब, बडा हाकिमहरू, अङ्ग्रेजहरू, हिन्दुस्तानीहरू, सुब्बा, लप्टन, मिस्टर कर्निस, गुरुदीन धोबी, बडा हाकिम, काङ्ग्रेसी मदिसे कार्यकर्ता, गृहमन्त्री, कालिगढ, म्यानेजर, एउटा अर्को कार्यकर्ताजस्ता पात्रहरूको भूमिका माऊजङबाबुसाहेबका केन्द्रीयतामा निर्धारण गरिएको छ। उक्त कथामा रानीसाहेबलाई माऊजङबाबुसाहेबलाई पत्नीसुख प्रदान गर्ने, सुसारेहरूलाई उनका घरमा काम गर्ने, कामदारलाई उनका घरमा काम गर्ने तथा प.क.ज. साहेबलाई बाबुसाहेबलाई लेडला कम्पनीको कोट उपहार प्रदान गर्ने भूमिकामा आबद्ध गरिएको छ। यसैगरी राणाकालीन अवस्थामा माऊजङबाबुसाहेबलाई सम्मान दिने भूमिकामा बडा हाकिमहरू, सुब्बा र लप्टन, अङ्ग्रेजहरू भारतमा शासन गरिरहँदा बेलायतबाट ह्वाइटबेल लेडला यान्डको टेलरिङ यान्ड कम्पनी भारतमा ल्याई त्यसकै माध्यमबाट उनलाई प्रदान गरिएको कोटजस्ता गुणस्तरीय कपडाको व्यवस्थापन गर्ने र अङ्ग्रेजहरूको बहिर्गमनसँगै उक्त कम्पनी पनि बाहिरिएको तथा भारतीयहरूको शासन आगमनपश्चात् त्यस्ता कपडा भारतमा उपलब्ध हुन नसक्ने माऊजङबाबुसाहेबको मानसिक प्रतिक्रियामा अङ्ग्रेजहरू र हिन्दुस्तानीहरूको भूमिका निर्धारिण गरिएको छ। त्यसैगरी सिकार खेल्न आउँदा उनको कोट बडो ध्यानपूर्वक हेर्ने कार्यव्यापारमा मिस्टर कर्निस, बाबुसाहेबको कोटमा आइरन लगाउने कार्यमा गुरुदीन धोबी, प्रजातन्त्रको प्राप्तिपश्चात् कार्यालयमा पुगेका माऊजङबाबुसाहेबको जीर्ण कोटलाई हेरी व्यङ्ग्य गर्ने कार्यमा बडा हाकिम, गर्मीका बेलामा आयोजित गृहमन्त्रीको स्वागत कार्यक्रममा पनि कोट लगाएर सहभागी हुने भन्ने अभिव्यक्तिका माध्यमबाट माऊजङबाबुसाहेबको उपहास गर्ने तथा मन्त्रीको स्वागतपश्चात् कार्यक्रमबाट बाहिरिँदा माऊजङबाबुसाहेबको पाखुरामा पाखुरा मिलाई गफ गर्दै जाँदा पछाडिबाट एक अर्को कार्यकर्ताले त्यस काङ्ग्रेसी मदिसे कार्यकर्तालाई बोलाउँदा र ऊ पछाडि फर्कँदा बाबुसाहेबको कोट च्यातिई असाध्यै पीडा दिने र माऊजङबाबुसाहेबलाई वास्तविक परिस्थितिको आँकलन गर्ने मनस्थितिमा पुऱ्याउने कार्यव्यापारमा मदिसे काङ्ग्रेसी कार्यकर्ता र एउटा अर्को कार्यकर्ताको भूमिका निर्धारण गरिएको छ। उपर्युक्त तथ्यहरूलाई दृष्टिगत गर्दा माऊजङबाबुसाहेबका सेरोफेरोमा उल्लिखित पात्रहरूको भूमिका निर्धारण गरिएको निष्कर्ष प्राप्त हुन्छ।

'माऊजङबाबुसाहेबको कोट' कथाका पात्रहरू गृहमन्त्री, कालिगढ र म्यानेजरको भूमिका पनि माऊजङबाबुसाहेबकै केन्द्रीयतामा निर्धारण गरिएको छ। नेपालमा २००७ सालको आन्दोलनपश्चात् गठित प्रजातान्त्रिक शासनका गृहमन्त्रीको स्वागत कार्यक्रममा माऊजङबाबुसाहेबलाई निम्तो दिइएको तथा उक्त कार्यक्रममा सहभागी भई माऊजङबाबुसाहेब मन्त्रीसित भेटी स्वागत गरेको कार्यव्यापारमा गृहमन्त्रीको भूमिका निर्धारण गरिएको छ। यसैगरी माऊजङबाबुसाहेबको कोटमा रफु भर्ने कार्यमा कालिगढको भूमिका निर्धारण गरिएको छ। त्यसैगरी कोटलाई सावधानीसाथ सफा गराउने कार्यमा म्यानेजरको भूमिका निर्धारण गरिएको छ। उपर्युक्त विषयवस्तुबाट यस कथाका अन्य सबै पात्रहरूको भूमिका माऊजङबाबुसाहेबसित

जोडिएको तथा ती पात्रहरू कुनै न कुनै रूपले बाबुसाहेबसित सम्बन्धित रहेको कुरा प्रस्ट हुन्छ। माऊजडङबाबुसाहेबसितको सम्बन्ध टुटाउँदाका अवस्थामा ती पात्रहरू भूमिकाविहीन र निष्क्रिय हुन जाने कुराको पुष्टि पनि उक्त विषयवस्तुबाट हुन्छ। अतः उक्त कथाका अन्य सबै पात्रहरूको भूमिका माऊजडङबाबुसाहेबको केन्द्रीयतामा निर्धारण गरी एकल पात्रको बृहत् चारित्रिक विकास गर्ने तथा एकल पात्रको प्रमुखतामा कथाको पात्रविधानलाई कलात्मक परिपाकमा पुऱ्याउने पात्रविधानगत पद्धतिको प्रयोग यस कथामा गरिएको कुरा छर्लङ्ग हुन्छ।

### निष्कर्ष

कथाकार भवानी भिक्षुको 'माऊजडङबाबुसाहेबको कोट' कथामा प्रयुक्त कथागत संरचनामा एकल पात्रीय सर्वोपरिता, कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्रको संलग्नता, एकल पात्रको भूमिकागत केन्द्रीयता तथा प्रमुख पात्रका केन्द्रीयतामा अन्य पात्रहरूको भूमिका निर्धारणसम्बन्धी विषयवस्तुलाई सामान्यीकरण गर्दा प्रस्तुत कथालाई एकल पात्रको भूमिकागत केन्द्रीयतामा परिपाकमा पुऱ्याइएकाले प्रस्तुत कथा लघु, एकोन्मुख प्रभाव उत्पन्न गर्न सक्ने, सुगठित, प्रभावान्वितिपूर्ण, कलात्मक र एउटै पात्रको बृहत् चारित्रिक विकास गर्ने वैशिष्ट्ययुक्त बनेको निष्कर्ष प्राप्त हुन्छ। एकमात्र पात्रको केन्द्रीयतामा यस कथाको संरचनाअन्तर्गतका कथानक, सारवस्तु र दृष्टिविन्दुको निर्मिति गरिएकाले प्रस्तुत कथाको संरचना लघु, सुगठित, एकोन्मुख प्रभावयुक्त तथा कलात्मक बनेको छ। यसैगरी प्रस्तुत कथाको चरमोत्कर्षताको वास्तविक भोक्ताका रूपमा प्रमुख पात्रको संलग्नता गराई प्रमुख पात्रप्रति पाठकीय सहानुभूतिको अभिवृद्धि गरी प्रस्तुत कथाको पात्रविधानलाई एकल पात्रको चारित्रिक विकास गर्ने, एकोन्मुख प्रभाव छोड्ने पद्धतिको उपयोग गर्ने तथा कथालाई लघु संरचनायुक्त बनाउने वैशिष्ट्ययुक्त बनाइएको सार पनि प्राप्त हुन्छ। त्यसैगरी एकल पात्रको भूमिकागत केन्द्रीयताको प्रयोगले प्रस्तुत कथाको पात्रविधान सुगठित, एकोन्मुख प्रभावयुक्त र कलात्मक बनी प्रस्तुत कथाको कलात्मकतामा अभिवृद्धि गरेको छ भने प्रमुख पात्रको केन्द्रीयतामा अन्य पात्रहरूको भूमिका निर्धारण गर्ने पद्धतिको प्रयोगले एकल पात्रको बृहत् चारित्रिक विकास गर्ने र एकोन्मुख प्रभाव कायम गर्ने कार्यमा सघाएको छ। अतः एकल पात्रको केन्द्रीयतामा निर्मित प्रस्तुत कथाको पात्रविधानगत पद्धतिको प्रयोगले उक्त कथालाई सुगठित, एकोन्मुख प्रभावयुक्त, लघु, बृहत् चारित्रिक विकासयुक्त र कलात्मक बनाएको एवम् यस्तो वैशिष्ट्ययुक्त पात्रविधानको व्यवस्थापन गर्ने विशिष्ट सिर्जनात्मक तागत कथाकार भिक्षुमा रहेको कुरा तथा यस लेखले कथाकारलाई एकल पात्रका केन्द्रीयतामा कथाको रचना गर्ने एवम् समालोचक र अनुसन्धातालाई एकल पात्रीय पात्रविधानगत पद्धतिको उपयोग गरी समालोचना र अनुसन्धान गर्ने कार्यमा सघाउने सार प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो।

### सन्दर्भ सामग्रीसूची

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान।
गुप्त, शान्तिस्वरूप (सन् २००६), *पाश्चात्य काव्यशास्त्र के सिद्धान्त,* नवीन संस्क., अशोक प्रकाशन।
घर्ती, दुर्गाबहादुर (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* साझा प्रकाशन।
नेपाल, घनश्याम (सन् २०११), *आख्यानका कुरा,* पुनर्मुद्रित संस्क., एकता बुक हाउस प्रा.लि.।
पौडेल, गोपीन्द्र (२०६५), *कथाको सौन्दर्यशास्त्र,* साझा प्रकाशन।
बरई, त्रिभुवन (२०८०), 'आख्यानात्मक संरचना : सिद्धान्त र प्रयोग', *बर्दघाट प्रज्ञा दर्पण,* १(१), पृ. ८०-९९।
बरई, त्रिभुवन (२०८०), *भवानी भिक्षुका कथामा दृष्टिविन्दु,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय।
बराल, ईश्वर (२०५६), *छरिएका समीक्षा,* साझा प्रकाशन।

बराल, ऋषिराज (२०६३), *उपन्यासको सौन्दर्यशास्त्र,* दोस्रो संस्क., साझा प्रकाशन।
बराल, कृष्णहरि (२०६९), *कथासिद्धान्त,* एकता बुक्स डिस्ट्रिब्युटर्स।
बराल, कृष्णहरि (२०७८), *कथासिद्धान्त,* दोस्रो संस्क., एकता बुक्स डिस्ट्रिब्युटर्स।
भिक्षु, भवानी (२०६३), *मैयाँसाहेब,* पाँचौँ संस्क., साझा प्रकाशन।
लुइटेल, खगेन्द्रप्रसाद (२०६०), *कवितासिद्धान्त र नेपाली कविताको इतिहास,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।
शंकर, विवेक (सन् २०२०), *साहित्यशास्त्र,* तृतीय संस्क., हिन्दी ग्रन्थ अकादमी।
शर्मा, मोहनराज (२०५९), *शैलीविज्ञान,* दोस्रो संस्क., नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।
शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* दोस्रो संस्क., अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन।
शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* क्वेस्ट पब्लिकेसन।
शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ मोड,* ओरिएन्टल पब्लिकेसन हाउस।
श्रेष्ठ, दयाराम (२०३९), *पच्चीस वर्षका नेपाली कथा,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।
श्रेष्ठ, दयाराम (२०६०), 'दृष्टिविन्दु', *शोध र सिर्जना सिद्धान्त,* सम्पा. भूपहरि पौडेल, विद्यार्थी पुस्तक भण्डार, पृ.४३८-४४८।
श्रेष्ठ, दयाराम (२०६६), *अभिनव कथाशास्त्र,* पालुवा प्रकाशन प्रा.लि.।
श्रेष्ठ, दयाराम (२०७९), *कथा दर्शन,* नेपाल प्रज्ञा प्रतिष्ठान।
श्रेष्ठ, दयाराम (२०७९), *अभिनव कथाशास्त्र,* दोस्रो संस्क., साझा प्रकाशन।
सिवाकोटी, रमा (२०६२), *उपन्याससिद्धान्त र विजय मल्लको उपन्यासकारिता,* भृकुटी एकेडेमिक पब्लिकेसन्स।
Kress, N. (2013). *Write great fiction*. Writer's digest books.

# PEER REVIEW PROCESS



BHARATPUR PRAGYA : Journal of Multidisciplinary Studies